# काठमाडौं महानगरपालिका

## काठमाडौं, नेपाल



# सामाजिक परीक्षण प्रतिवेदन

## २०८१।८२

एल.आर. ढकाल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउण्टेण्ट्स

# बिषयसूची

बिषय | पेज नं.

## खण्ड १

## स्थानीय तह, सामाजिक परीक्षण र कार्यक्षेत्र


- सामाजिक परीक्षण (Social Audit) 1
- सामाजिक परीक्षणको कार्यक्षेत्र 1
- सामाजिक परीक्षण किन गरिन्छ ? 2


## खण्ड २

## स्थानीय तह स्रोत परिचालन र व्यवस्थापन


- पृष्ठभूमि 3
- वार्षिक विकास योजना तर्जुमा र स्रोत सङ्कलन 4
- जवाफदेहिता र उत्तरदायित्वको किटान 4
- स्थानीय तहमा स्रोतको परिचालन तथा व्यवस्थापन 4
- स्थानीय तहमा वित्तको योगदान 4
- समस्या तथा चुनौती 5
- निकायहरुमा सामाजिक परीक्षण किन गरिन्छ ? 5
- स्थानीय तहमा स्रोत नियन्त्रणका किसिमहरू 6
- स्थानीय तह र व्यवस्थापन 6
- परिस्थिति 6
- निष्कर्ष 6

**सामाजिक परीक्षणको आधारभूत सिद्धान्त**

२.१ पृष्ठभूमि 7

२.२ आधारभूत सिद्धान्त 7


## खण्ड ३

## सामाजिक परीक्षण र अभ्यास


३.१ परिचय 8

३.२ सामाजिक परीक्षण 8

३.३ अर्न्तराष्ट्रिय अभ्यास 8

३.४ सामाजिक लेखापरीक्षणको क्षेत्र 9

३.५ सामाजिक परीक्षण विधि र प्रतिवेदन 9

३.६ सामाजिक परीक्षणका सन्दर्भ सामग्रीहरु 10

३.७ प्रतिवेदन प्रस्तुति तथा छलफल 10

## खण्ड ४
## सामाजिक परीक्षणको उद्देश्य


४.१ उद्देश्य 11
४.२ सामाजिक परीक्षणको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित उपलव्धी 11


## खण्ड ५
## महानगर कार्यक्षेत्र परिचय


५.१ परिचय 12
५.२ परिकल्पना, अभियान र लक्ष्य 12
५.३ सामाजिक परीक्षण 12
५.४ समग्र नीति 12
५.५ महानगरिय विशेषता 13


## खण्ड ६


**महानगरको २०८१।८२ को कार्यक्रम समीक्षा र उपलव्धी मूल्याङ्कन** 15


## खण्ड ७
## काठमाण्डौं महानगरपालिकाको नीति तथा कार्यक्रम - २०८१।८२


- विषय क्षेत्रगत कार्यनीतिहरु - २०८१।८२ 21
- आर्थिक वर्ष २०८१।८२ को क्षेत्रगत एवं कार्यक्रमगत प्राथमिकताहरु 25

**खण्ड ७.१ महानगरपालिकाको कार्यक्रम र प्राथमिकताहरु** 26


## खण्ड ८


**महानगरीय नीति तथा कार्यक्रम उपलव्धीगत स्थिति २०८१।८२** 33


## खण्ड ९
## वित्तीय स्थिति/बजेट/खर्च/आय


९.१ बजेट तथा खर्च विश्लेषण 41
९.२ आन्तरिक स्रोत 42
९.३ शून्य खर्चको बजेट 42
९.४ संघ/संस्था सहायता 43

| | | |
|---|---|---|
| ९.५ | अनुदान | 43 |
| ९.६ | काठमाडौं महानगरपालिकाको वडागत बजेट तथा खर्च प्रगति स्थिति २०८१।८२ | 43 |
| ९.७ | महानगरपालिकाको राजस्व तथा आम्दानी स्थिति २०८१।८२ | 44 |
| ९.८ | बाँडफाँडबाट प्राप्त राजस्व २०८१।८२ | 45 |
| ९.९ | आन्तरिक अनुदान २०८१।८२ | 46 |
| ९.१० | पूँजीगत खर्च / वित्तीय प्रगति कम हुनुको अवस्था | 46 |
| ९.११ | बेरुजू फछ्र्यौटको स्थिति (२०८१।८२ सम्मको) | 46 |
| ९.१२ | सार्वजनिक निर्माणका चुनौतीहरु (बजेटको भारित प्रगति विश्लेषणमा) | 47 |
| ९.१३ | समपुरक अनुदान | 47 |
| ९.१४ | विभागगत कार्यक्रम स्थितिको परीक्षण | 47 |
| ९.१५ | आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणाली | 50 |
| ९.१६ | बेरुजू फछ्र्यौट | 50 |
| ९.१७ | वारुणयन्त्र | 51 |
| ९.१८ | बजेट तथा खर्चमा देखिएका चुनौतीगत पक्षहरु | 51 |


**खण्ड १०**

**महानगरको समष्टिगत कार्य सम्पादन स्थिति २०८१।८२**


| | | |
|---|---|---|
| १०.१ | समष्टिगत वित्तीय स्थिति | 52 |
| १०.२ | राजस्व लक्ष्य तथा असूली | 52 |
| १०.३ | प्रगति तथा कार्यसम्पादन स्थिति | 52 |
| १०.४ | दरवन्दी तथा पदपूर्ति | 54 |
| १०.५ | खरिद योजना | 54 |
| १०.६ | स्वास्थ्य सेवा | 54 |
| १०.७ | सामाजिक विकास कार्यक्रम | 54 |
| १०.८ | गुनासो सुनुवाई र फछ्र्यौट | 54 |
| १०.९ | विवाद फछ्र्यौट स्थिति | 54 |
| १०.१० | कानून तर्जुमा र कार्यान्वयनको अवस्था | 55 |
| १०.११ | संरचनात्मक रूपान्तरण | 55 |
| १०.१२ | क्षेत्रगत आन्तरिक क्रियाकलाप खर्च स्थिति | 55 |


**खण्ड ११**


**महानगरको कार्यसम्पादन लेखाजोखा/प्राथमिकता मूल्याङ्कन २०८१।८२** 57


**खण्ड १२**


**महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को न्यूनतम शर्त मापनको नतिजा** 69

## खण्ड १३
## सामाजिक सेवा प्रवाह उपलब्धी र मूल्याङ्कन


| | | |
|---|---|---|
| (क) | स्वास्थ्य क्षेत्र सेवा प्रवाह | 71 |
| (ख) | शिक्षा क्षेत्र सेवा प्रवाह | 74 |
| (ग) | सरोकारित विषयसंग सम्बन्धित क्षेत्रगत मूल्याङ्कन | 75 |
| (घ) | सामाजिक विकास | 75 |


## खण्ड १४
## सामाजिक परीक्षणको विधि र तरिका एवं कार्यादेश र नतिजा


| | | |
|---|---|---|
| (क) | परीक्षण | 79 |
| (ख) | सूचक | 79 |
| (ग) | दस्तावेज अध्ययन | 79 |
| (घ) | सवल, कमजोर, अवसर र चुनौति विश्लेषण | 79 |
| (ङ) | छलफल | 79 |
| (च) | सामाजिक परीक्षण कार्यविधि र अंकभार | 79 |


## खण्ड १५
## काठमाडौं महामहानगरपालिकाको चुनौति तथा समस्याहरु


| | | |
|---|---|---|
| (क) | समस्याहरु | 81 |
| (ख) | काठमाण्डौ महानगरपालीकाको प्रमुख चुनौतिहरू | 82 |
| (ग) | स्वास्थ्य क्षेत्रका चुनौतीहरु | 82 |
| (घ) | सामाजिक क्षेत्रका चूनौतीहरु | 83 |
| (ङ) | शिक्षा क्षेत्रका चूनौतीहरु | 83 |


## खण्ड १६
## सुझावहरु


| | | |
|---|---|---|
| १६.१ | क्रियाकलाप | 84 |
| १६.२ | नागरिकको क्रयशक्ति | 84 |
| १६.३ | सीप तथा रोजगारी | 84 |
| १६.४ | अभ्यास व्यवस्थापन | 84 |
| १६.५ | निरोगी महानगर | 84 |

| | | |
|---|---|---|
| १६.६ | सामाग्री उत्पादन | 84 |
| १६.७ | कार्यतालिकाको अनुशरण | 84 |
| १६.८ | विपद चेतना र अभ्यास | 84 |
| १६.९ | वार्षिक प्रगति विवरण | 84 |
| १६.१० | मूल्यमा उपभोग गर्ने हक सुनिश्चितता | 84 |
| १६.११ | सामुदायिक विद्यालय आर्कषणको केन्द्र | 84 |
| १६.१२ | बार्षिक कार्ययोजना | 84 |
| १६.१३ | असुली प्रक्षेपण | 84 |
| १६.१४ | भू-उपयोग योजना | 84 |
| १६.१५ | डाटाबैङ्क तथा ए-एक्स गुरुयोजना | 84 |
| १६.१६ | वित्तीय सुधार | 85 |
| १६.१७ | लेखाङ्कन प्रणाली | 85 |
| १६.१८ | कार्यसम्पादन सम्झौता | 85 |
| १६.१९ | मेशिन तथा सवारी साधन | 85 |
| १६.२० | ट्राफिक व्यवस्थापन | 85 |
| १६.२१ | सामाजिक उत्तरदायित्व | 85 |
| १६.२२. | महानगर गौरबका योजना | 85 |
| १६.२३ | नीति कार्यान्वयनको अनुपालना (Policy Compliance) | 85 |
| १६.२४ | कार्यसम्पादन दक्षता | 86 |
| १६.२५ | नागरिकको कोड अफ कन्डक्ट निर्धारण | 86 |
| १६.२६ | उपत्यका समन्वयकारी योजना | 86 |
| १६.२७ | जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन | 86 |
| १६.२८ | शिक्षा/स्वास्थ्यमा सवलीकरण सोच | 86 |
| १६.२९ | थप अन्य विशेष सुझावहरु | 86 |
| १६.३० | सम्पत्ति उपयोगको मापदण्ड | 86 |
| १६.३१ | स्थीर सम्पत्तिको खुलासा | 86 |
| १६.३२ | लिलाम बिक्री | 87 |
| १६.३३ | कर दाखिला | 87 |
| १६.३४ | अनुदान | 87 |
| १६.३५ | दिगो विकास लक्ष्य | 87 |
| १६.३६ | खेलकूद | 87 |
| १६.३७ | प्रदेश र महामहानगरपालिका बीचको आवद्धता | 87 |
| १६.३८ | जिम्मेवारीपन | 87 |
| १६.३९ | अधुरा आयोजना | 87 |
| १६.४० | लागत अनुमान | 87 |

| | | |
|---|---|---|
| १६.४१ | सेवा प्रवाह | 87 |
| १६.४२ | आन्तरिक नियन्त्रण प्रणाली | 88 |
| १६.४३ | मध्यमकालिन खर्च संरचना | 88 |
| १६.४४ | आयोजना सूचना प्रणाली | 88 |
| १६.४५ | समय लागत | 88 |
| १६.४६ | अध्ययन/अनुसन्धान | 88 |
| १६.४७ | खरिद सम्झौता तथा मोडिलिटि | 88 |
| १६.४८ | सामाजिक कार्यहरूको प्रवाहीकरण | 89 |
| १६.४९ | वडालाई केन्द्रविन्दू बनाउने | 89 |
| १६.५० | संस्थागत सामाजिक उत्तरदायित्व | 89 |
| १६.५१ | स्थानीय कोषमा आय संकलन | 89 |
| १६.५२ | मासु/अन्य ब्यवसायको मापदण्ड | 89 |
| १६.५३ | उपलब्धता | 89 |
| १६.५४ | मेलमिलाप केन्द्र | 89 |
| १६.५५ | शहरी यातायात | 89 |
| १६.५६ | प्रोत्साहन प्रणाली | 89 |
| १६.५७ | वित्तीय सुशासन तथा जोखिम मुल्याङ्कन | 89 |
| १६.५८ | फोहर विसर्जन | 89 |
| १६.५९ | सार्वजनिक जग्गाको लगत | 89 |
| १६.६० | प्लाष्टिक, गुट्खा, खैनी, सुर्तिका खोल | 90 |
| १६.६१ | संस्थागत क्षमता स्वमूल्याङ्कन | 90 |
| १६.६२ | प्रोफाईल | 90 |
| १६.६३ | वृहत आयोजना | 90 |
| १६.६४ | Accounting Manual को तालीम | 90 |
| १६.६५ | प्रतिवेदन | 90 |
| १६.६६ | गुरुयोजना | 90 |
| १६.६७ | माटो विनाको खेती प्रणाली | 90 |
| १६.६८ | खण्डीकृत तथ्याङ्क : | 90 |
| १६.६९ | सशक्तिकरणका आयमूलक कार्यक्रम | 90 |
| १६.७० | नमूना कार्यक्रम | 90 |
| १६.७१ | सामाजिक सुरक्षा | 90 |
| १६.७२ | शहरीकरणमा प्राथमिकता | 90 |
| १६.७३ | नीति तथा कार्यक्रम | 90 |
| १६.७४ | संरचनात्मक रुपान्तरण र शासकिय सुधार एवं सुशासन प्रवर्द्धन | 90 |
| १६.७५ | लैङ्गिक असमानता | 90 |

## खण्ड १७
## निष्कर्ष

| | | |
|---|---|---|
| १७.१ | निष्कर्ष | 91 |
| | **सन्दर्भ सामग्री तथा पुस्तकहरु** | 92 |
| | **अनुसूचीहरु** | |
| १ | सामाजिक क्षेत्र (कार्यविधि, २०६८ बमोजिम) | 93 |
| २ | सामाजिक परीक्षणबाट प्राप्त प्राप्ताङ्कहरुको प्रस्तुतीकरण | 110 |

# खण्ड १

## स्थानीय तह, सामाजिक परीक्षण र कार्यक्षेत्र

- **सामाजिक परीक्षण** (**Social Audit**) : कुनै संस्था, आयोजना वा निकायले गरेको काम कारवाही, आर्थिक खर्च र प्रभावकारीताको सार्वजनिक रुपमा समुदाय, सेवाग्राही र सरोकारावालाहरुसंग समीक्षा गर्ने प्रक्रिया हो । यसले निकायमा पारदर्शिता, जवाफदेहिता र सुशासन सुनिश्चित गर्न, भ्रष्टाचार न्यूनीकरण गर्न तथा सुधारका लागि सुझावहरु सङ्कलन गर्न मद्दत गर्दछ। यो निकायको एउटा ऐना हो। जसले संस्थाको सेवालाई अझ राम्रो र उत्तरदायी बनाउँछ ।

| पक्ष | टिप्पणी/सुझाव |
|---|---|
| पारदर्शिता | बजेट, योजना र खर्चको विवरण प्रति समीक्षात्मक टिप्पणी हुने, |
| जवाफदेहिता | कामको जिम्मेवारी वहन गर्ने र सरोकारवालालाई उत्तरदायी बनाउने, |
| सहभागिता | कार्यान्वयन पक्षको सहभागिता रहने, |
| सुधार/सुझाव | थप सुधारका लागि योजना बनाउन सहयोग पुग्ने, |
| जोखिम न्यूनीकरण | चुनौति पत्ता लाग्दा जोखिम न्यूनीकरणमा सहयोग पुग्ने । |

- स्थानीय तहले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धी तथा कार्य सम्पादनको लेखाजोखाका लागि वर्षमा १ पटक सामाजिक परीक्षण व्यवस्था गर्नुपर्ने हुन्छ। सामाजिक परीक्षणले देहायका विषयमा सहयोग पुऱ्याउँदछ :




- स्थानीय तहको कार्य प्रक्रिया र उपलब्धीको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न विकास तथा सुशासनमा रहेका कमी कमजोरीको जानकारी लिन, आवधिक समीक्षाको लागी आधार प्राप्त गर्न र पालिका बीच तुलनायोग्य सुचक तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० प्रयोजनका लागी नेपाल सरकारले स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्याविधि, २०७७ तर्जुमा गरी लागू गरेको छ । साथै स्थानीय तह आर्थिक प्रशासन नियमावली बमोजिम स्थानीय तहको नीति तथा कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कनका लागी सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था समेत छ ।
- **सामाजिक परीक्षणको कार्यक्षेत्र अन्तर्गत मूलतः, देहायका विषयहरू समावेश गर्ने गरिन्छ :**
    - ❖ ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमताको विश्लेषण गर्ने विषय,
    - ❖ सामाजिक विकासका सूचक तयार गर्ने र समीक्षा गर्ने विषय,

- ❖ समग्र कार्यक्रमको लेखाजोखा मूल्याङ्कन गर्ने विषय,
- ❖ उपलब्धीगत समीक्षा र सुधार तथा सुझावको विषय ।

- **सामाजिक परीक्षण किन गरिन्छ** ?
  - ❖ स्थानीय तहको कार्यसम्पादन नतिजा प्राप्त गर्न,
  - ❖ अन्य निकायसँगको क्षमता तुलना गर्न,
  - ❖ कार्य सम्पादनस्तरमा गर्नुपर्ने सुधारका कार्ययोजना बनाउन,
  - ❖ कार्यशैलीमा सुधार ल्याई क्षमता विकास गर्न ।

# खण्ड २

## स्थानीय तह स्रोत परिचालन र व्यवस्थापन

**पृष्ठभूमि** : स्रोतको सङ्कलन, परिचालन र व्यवस्थापन सम्बन्धी कार्यहरु स्थानीय प्रशासनका सरोकारका पक्षहरु हुन् । उद्देश्य प्राप्तिमा आइपर्ने जोखिमलाई न्यूनीकरण गर्न अपनाइने उपाय, कार्यविधि, प्रणाली र मूल्याङ्कनलाई सामाजिक परीक्षणको प्रारुपमा हेर्न सकिन्छ । स्रोत प्राप्ति कसरी गर्ने, त्यसको उपयोगलाई उच्चता कसरी कायम राख्ने र स्थानीय तहमा ती स्रोतबाट आर्थिक तथा सामाजिक स्थिरता कसरी कायम गर्ने भन्ने मूल प्रश्नसँग सम्बन्धित क्षेत्र नै सामाजिक परीक्षणका क्षेत्रहरु हुन् । हामीसँग स्रोतको मात्रा न्यून छ । वस्तीहरुमा आधारभूत विकासका प्रक्रियाहरु कमजोर छन् । रोजगारीको समस्याले युवाहरु विदेशिएका छन्। कृषि उपजको उत्पादनमा आधुनिक प्रविधिलाई समायोजन गर्न सकिएको छैन। उत्पादित वस्तुको बजारमूल्य प्राप्त गर्न नसकेको अवस्था छ । शहरी सडकहरु स्तरोन्नती र मर्मतको पर्खाइमा छन् । सामुहिक उत्तरदायित्विले मार्ग प्रशस्त गर्न सकिरहेको छैन। भइरहेका स्रोतलाई सिर्जनामा परिणत गर्न सीप छैन। आय न्यून भएको कारण बचत तथा लगानीलाई सार्थक बनाउन नसकेको अवस्था छ । यी हाम्रा यथार्थ सत्य विषय हुन् । यी विषयलाई निराकरण गर्दै क्षमताको प्रवर्द्धन गर्न के कस्ता उपाय अपनाउन सकिन्छ र स्रोतको अभावमा उल्लेखित समस्याबाट कसरी उन्मुक्ति प्राप्त गर्न सकिन्छ, यो नै हाम्रो सामयिक सवाल पनि हो ।

संविधान र कानूनको अधिनमा रही स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँपालिका र नगरपालिकाको हुने उल्लेख छ। संविधानको अधिनमा रही स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँसभा र नगरसभामा रहने र आफ्नो अधिकार क्षेत्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी, प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत एक स्थानीय संचित कोष रहनु, कोषमा प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा स्थानीय तहले लिएको अण रकम तथा अनय स्रोतबाट प्राप्त हुनॆ रकम जम्मा हुने व्यवस्था छ। कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने संवैधानिक व्यवस्था छ । स्थानीय तहले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम सभामा पेश गरी पारित गराउनुपर्ने उल्लेख छ।

गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार संविधानको अनुसूची ८ मा उल्लेख छ। नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीयब जार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी काम कर्तव्य र अधिकार स्थानीय तहलाई तोकेको छ । सो बाहेक स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई, गाउँसभा, नगरसभा सम्बन्धी मेलमिलाप र मध्यस्थाको व्यवस्थापन, अभिलेख व्यवस्थापन, जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, जेष्ठ नागरिक, अपागता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन समेत रहेका छन् । सोही अनुरुप खानेपानी, साना जलविदुत आयोजना र बैकल्पिक उर्जा, विपद् व्यवस्थापन, खानी तथा खनिज पदार्थ, भाषा, संस्कृति र विकास जस्ता काम कर्तव्य र अधिकार संविधानले निश्चित गरेको छ।

सो बाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसुची ९ मा मा समेत उल्लेख भएको छ । संघ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफनो अधिकार क्षेत्रभित्रको कुनै विषय गाउँपालिका वा नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्ने र काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागून गर्न सक्ने व्यवस्था छ । लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेश र न्यायोचित वितरणमा कानूनी राज्य्य र दीगो विकासको अवधारणा अनुरुप शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न ७५३ तह संरचना तयार गरी कार्यान्वयनमा आएको छ । स्थानीय तहको संख्या वा सीमाना जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक समक्षता, प्राकृतिक स्रोत

साधनको उपलब्धता र भाषिक साँस्कृतिक तथा सामुदायिक बनोटको आधारमा निर्धारण भएको छ । सो अनुरुप ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७५ नगरपालिका र ४६० गाउँपालिका रहेका छन् ।

### वार्षिक विकास योजना तर्जुमा र स्रोत सङ्कलन

संवैधानिक संरचना बमोजिम स्थानीय तहले आफनो अधिकार क्षेत्रभित्र रही आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउन, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ । आवधिक विकास योजना र मध्यकालिन खर्च संरचना अनुसार विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम हुने गरी नीति, लक्ष्य, उद्देश्य, समय, सीमा र प्रक्रियासँग अनुकल हुने गरी वार्षिक विकास योजना तर्जुमा गर्नुपर्ने व्यवस्था छ । बजेटको पूर्व तयारी, सीमा, विषयगत क्षेत्र, स्रोत अनुमान र आयोजना प्राथमिकीकरणका आधारमा बजेट तर्जूमा गर्दा प्राथमिकता अपनाउनु पर्ने, सरोकारवालाहरुको अधिकाधिक सहभागिता हुने गरी वडाको संयोजनमा उपस्थित भई योजना छनौटको सम्बन्धमा अर्न्तक्रिया गर्नुपर्ने, वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुगत विवरण तयार गर्नुपर्ने र सो विवरण वेभसाइटमार्फत सार्वजनकि गर्नुपर्ने व्यवस्था छ । योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र लाभको हिस्सेदारीमा स्थानीय समुदायको सहभागिता सुनिश्चित हुने गरी योजना तर्जूमा प्रणाली सुदृढ गर्नुपर्ने व्यवस्था समेत अंगिकार गरिएको छ ।

### जवाफदेहिता र उत्तरदायित्वको किटान

स्थानीय तहमा खर्चको पारदर्शिता अभिवृद्धि गर्न, उन्नतीबाट समाजमा घनात्मक प्रभाव पार्न वित्तीय जोखिम कम गर्न संलग्न पक्ष जवाफदेही रहनुपर्ने हुन्छ । बजेट अनुमान गर्दा कार्यक्रममा आधारित भएर गर्नुपर्ने, कानूनले निर्धारण गरेको समयभित्र कार्यक्रम स्वीकृत भएको हुनुपर्ने, वार्षिक खरिद योजना र गुरुयोजना तयार गर्नुपर्ने, बेरुजू नै नहुने गरी खर्च व्यवस्थापन हुनुपर्ने, खरिद कार्य ऐनले तोकेअनुसार प्रतिस्पर्धात्मक हुनुपर्ने, कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्नुपर्ने, समयमै ठेक्का बन्दोवस्त हुनुपर्ने, अवण्डा रकम विनियोजन गर्न नहुने, निर्माण कार्य अधुरो छोड्न नहुने, वितरणमूखी खर्चमा प्राथमिकता नअपनाउने, जटिल प्रकृतिको काम उपभोक्तासँग सम्झौता गर्न नहुने, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने लगायतका विषय स्थानीय तहको उत्तरदायित्वभित्र रहेका छन् । उल्लेखित आधारमा स्थानीय तहको वित्तीय जवाफदेहितालाई सोही अनुरुप जवाफदेही बनाउन आवश्यक देखिन गएको छ ।

### स्थानीय तहमा स्रोतको परिचालन तथा व्यवस्थापन

सङ्कलित स्रोतलाई कार्यक्रम, समय, लक्ष्य, अपेक्षित प्रगतिको माध्यमबाट परिचालन गर्नपर्ने व्यवस्था छ । स्रोतको व्यवस्थित परिचालनको लागि कुशल व्यवस्थापन महत्वपुर्ण पाटो हो । परिचालन यथोचित हुन नसकेमा स्थानीय तहको सम्पूर्ण प्रशासनिक प्रणाली गतिहिन हुने हुन्छ । विकासका अपेक्षा र संभावनालाई मध्यनजर राखी स्रोतको परिचालनमा ध्यान पु¥याउन सकिएन भने वित्तीय व्यवस्थापन सदृढ र सवलिकरण नभई लगानीले ठोस रुप लिन सक्दैन । मौद्रिक तथा गैरमौदिक उपयोगलाई कसरी नतिजामुखी बनाउने भन्ने नै आम सरोकारको प्रश्न हो । तसर्थ स्रोतको आर्दश परिचालनका क्षेत्रहरू स्थानीय तहमा निम्न देखिन्छन् :

१. गुणस्तरीय आधारभूत सेवा

२. स्थानीय पूर्वाधार निर्माण,

३. आर्थिक सामाजिक सशक्तिकरण,

४. सहभागितामूलक योजना तथा विकास र जीवकोपार्जन कार्यक्रम ।

**स्थानीय तहमा वित्तको योगदान** : स्थानीय तहमा वित्तको महत्वलाई मूल रुपमा हेर्नुपर्ने आवश्यक छ । स्थानीय तहको समग्र सञ्चालन गरी नागरिकलाई सेवा पु¥याउन तथा समष्टिगत रुपमा राज्यमा योगदान गर्न वित्तको महत्व धेरै छ । वित्तले खास गरी सामाजिक र आर्थिक रुपान्तरण गर्न सहयोग पु¥याई श्रोतलाई अवसरमा परिणत गर्न बल पु¥याउँछ ।

- स्थानीय तहको विकासको गति सुदृढ र सूचारु राख्न,
- स्थानीय तहको बजेटको प्रभावकारीतालाई बढाउन,
- स्थानीय आय र खर्चलाई वाञ्छित सीमामा कायम राख्न,
- आन्तरिक आयको परिचालनलाई सक्षम बनाउन.
- आय, खर्च र बजेटको सुनिश्चिततताको जवाफदेहिता बढाउन,

- स्थानीय तहको रोजगारी तथा आर्थिक वृद्धिमा भूमिका प्रदान गर्न,
- प्रत्येक वडा वडामा आय र बजेटको समान वितरण गर्न,
- सर्वसाधारण जनता वा लाभग्राही समुदायलाई सुविधा पुऱ्याउन,
- स्थानीय वस्तुको उत्पादन र वितरणमा सहयोग पुर्‍याउन,
- स्थानीय तहका आर्थिक लक्ष्य प्राप्त गरी वित्तीय प्रगतिलाई सुदृढ गराउन,
- भौतिक तथा पूर्वाधार क्षेत्रको विकासमा प्रभावकारीता ल्याउन र
- समग्रमा स्थानीय तहको आर्थिक, सामाजिक रुपान्तरणको लागि श्रोतको दीगो संकलन तथा परिचालनलाई अवसरमा स्थापित गर्न ।

**समस्या तथा चुनौती** : स्थानीय तहको वित्तीय प्रशासन पनि विभिन्न समस्या तथा चुनौतीबाट मुक्त छैन । स्थानीय तहमा वित्तीय प्रशासनको समस्या र चुनौतीहरूलाई निम्नबमोजिम औंल्याउन सकिन्छ :

- पूँजिगत खर्चभन्दा चालु खर्चको बढोत्तरी,
- आन्तरिक आयको साघुरो आधार, रोजगारीको अवसरहरूमा कमी,
- आर्थिक असमानता र गरिबी,
- केन्द्रीय सरकार निर्भर वित्तीय श्रोत,
- वृहत पूँजिगत लगानीको वातावरण नहुन्,
- संस्थागत क्षमताको समस्या,
- कर तथा शुल्कको ठोस आधार नबनाइन्,
- लक्षित समूह खर्चमा नियन्त्रण नहन्,
- सामाजिक परीक्षणको कमजोर स्थिति,
- बजेट अनुमान कार्यक्रममा आधारित नहुनु,
- कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार नगर्न,
- ठेक्का बन्दोबस्तमा ढिलाई, आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका नबनाइनु,
- बजेट सूचना प्रणाली संस्थागत नहुनु र
- लागत लाभको विश्लेषण वेगर योजना छनौट हुनु,
- प्राविधिक जनशक्ति पर्याप्त नहुनु,
- योजना छनौट र प्राथमिकीकरणमा ढिलाई,
- कार्यगत समन्वयको अभाव,
- निर्णय प्रक्रियामा ढिलाई,
- वर्षान्तमा खर्च गर्ने प्रवृत्ति,
- बजेट कार्यतालिका र समय बीच तादाम्यता नरहनु ।

स्थानीय तहको वित्तीय प्रशासनले यस्ता समस्या तथा चुनौतीलाई समयमै पहिचान गरी यथोचित तवरले सम्बोधन गर्न सकेमा मात्र वित्तीय प्रशासनको अपेक्षित परिणाम हासिल हुन सक्ने देखिन्छ ।

**निकायहरुमा सामाजिक परीक्षण किन गरिन्छ** ?

- कारोवारमा शुद्धता ल्याउन (Accurancy)
- कारोवारमा निश्पक्षता कायम राख्न (Unbaiseness)
- कानुनको पालना गराउन (Compliance of rule of law)
- श्रोत साधनको उच्चतम प्रयोग गर्न (Optimum use of available resources)

- समाजमा परेको प्रभावलाई खुलासा गर्न (Disclogureness)
- विश्वसनियता प्रदान गर्न (Integrity)

**स्थानीय तहमा स्रोत नियन्त्रणका किसिमहरू** : स्रोतको सङ्कलनमा देखापर्ने चनौती, श्रोत र साधनको कुशल परिचालन र समग्र स्थानीय व्यवस्थापनका कार्यहरूमा समस्याको समाधान गरी श्रोतको दीगो परिचालनबाट उत्पादित परिमाणलाई मद्राको सार्थक मूल्यमा मापन गर्न सामाजिक परीक्षणले औंल्याएको विषय माथि नियन्त्रणका किसिमहरूलाई विभिन्न प्रकारले प्रयोग गर्न सकिन्छ। जसले स्थानीय आर्थिक कारोवारलाई शुद्धताको सीमाभित्र राख्न प्रेरणा दिन्छ। कारोवारलाई पारदर्शि रुपमा खुलासा गर्न सघाउ पुऱ्याउँछ। कानूनको पालनाबाट हरेक क्रियाकलापमा नियन्त्रण कायम हुन पुग्छ र अन्तमा सत्य तथ्यगत कार्यविधिहरूको पालनाबाट कार्यदक्षतामा अभिवृद्धि हुन पुग्छ । नियन्त्रणका प्रारुपलाई देहाय बमोजिम ग्रहण गर्न सकिन्छ :

| १. | **कार्यसम्पादनमा नियन्त्रण** | ४. | **स्रोत साधनमा नियन्त्रण** |
|---|---|---|---|
| | • भौतिक नियन्त्रण<br>• मानविय नियन्त्रण<br>• कार्यविधिगत नियन्त्रण | | • सङ्कलनमा नियन्त्रण<br>• परिचालनमा नियन्त्रण<br>• कार्यदक्षतामा नियन्त्रण |
| २. | • **प्रविधि नियन्त्रण** | ५. | • **प्रशासकीय नियन्त्रण** |
| | • सूचनाको संयोजन<br>• प्रविधिको प्रयोग<br>• प्रवाहीकरण र परिणाम | | • कर्मचारी प्रशासन<br>• आयोजना व्यवस्थापन<br>• कर शुल्क व्यवस्थापन<br>• सेवा प्रवाह व्यवस्थापन |
| ३. | • **व्यवस्थापकीय नियन्त्रण** | ६. | • **कानूनी नियन्त्रण** |
| | • नेतृत्वदायी क्षमता<br>• कार्यक्रमको समन्वय<br>• कौशल सूचना प्रवाह | | • दण्ड/सजाय<br>• शर्त सम्झौताको कार्यान्वयन<br>• कानूनको प्रयोग |

**स्थानीय तह र व्यवस्थापन** : वित्तीय क्षेत्र बलियो हुनासाथ स्थानीय सरकारको निशर्त, सशर्त, समपरक र विशेष अनुदान अर्न्तगत सडक, ग्रामीण खानेपानी, सडक साना पूल, साना सिँचाई, नदी नियन्त्रण, वैकल्पिक उर्जा, सामाजिक पूर्वाधारलाई कार्यान्वयनमा ल्याउन पनि सकिन्छ । स्थानीय सरकारले लागत सहभागिताको आधारमा पार्क उद्यान, सार्वजनिक शौचालय, बसपार्क लगायतका आर्थिक क्रियाकलापलाई अगाडि बढाई सहरी सौन्दर्यमा वृद्धि गर्न सक्छ । वातावरण संरक्षण, मनोरञ्जनात्मक स्थलको विकास, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन, सम्पदाको संरक्षण, व्यवस्थित बस्ती विकास, सामुहिक आवास, जलवाय अनकल कार्यक्रम र उपभोग पद्धतिको विकासमा उत्तरदायी बन्न सक्छ । वित्तीय प्रशासनलाई जनताप्रति संवेदनशील र उत्तरदायी संस्थाको रुपमा कसरी विकास गर्ने भन्ने नै आजको मूलभूत प्रश्न हो । राष्ट्रिय सदाचार पद्धतिको विकासबाट उन्नतिलाई अग्ररुप दिन राज्य संघीय संरचनामा प्रवेश गरेको छ । संघीय संरचना अनुसार समून्नत विरासतलाई समृद्धितर्फ लैजान स्थानीय तह सशक्त माध्यम बन्न सक्छ । वित्त परिचालन प्रविधि र सामुहिक प्रयासको समिश्रणबाट उत्तरआधुनिक विकासको खाका कोर्ने र तदनुरुपका आधनिक पूर्वाधार एवम् संरचना तयार गरी देशलाई सुन्दर बनाउने मौका हामीलाई प्राप्त भएको छ। यस अवसरलाई सदुपयोग गर्न र स्वच्छ, निश्पक्ष, न्यायपूर्ण र प्रतिवद्ध नेतृत्वको काममा स्थानीय सरकार अगाडि बढ्न आवश्यक छ। संघीय संरचनामा जनतासँग प्रत्यक्ष सम्बन्ध स्थापित गरी सुधार गर्न एवम् स्रोत परिचालनलाई स्थानीय विकासको मेरुदण्ड बनाउन स्थानीय तह नेतृत्वको प्रतिक बन्न सक्छ।

**परिस्थिति** : जब नागरिक सम्पन्न हुन्छन् राज्य त्यतिनै बलियो हन्छ। सरकारका सबै प्रयोग र प्रयास जनताका लागि नै हुन् । यस परिस्थितिमा जनता अनुशासित र विश्वासयोग्य हुनै पर्दछ । आजको आवश्यकता अरुमा निर्भर नभई आत्मनिर्भरको बाटो समाउनु हो । राष्ट्रको रुप बदल्न स्रोत परिचालनले महत्वपूर्ण भूमिका खेल्न सक्छ । स्थानीय सरकारले आशातित वर्गमा उर्जा दिन पूँजी, प्रविधि र पूर्वाधारमा लगानी गर्न जरुरी छ। यी ३ कुरालाई समायोजन गर्न स्थानीय तह एउटा सशक्त माध्यम बन्न सक्दछ। हिजोको छट्टै परिस्थितिलाई विश्लेषण गरी राम्रा पक्षको पाठ सिक्नुपर्ने

र नराम्रा पक्षलाई निरस्कार गर्नु आवश्यक आजको हो अनि प्रतिफल र भूमिका भोलिको हो जुन स्वालम्बनको पारस्परिक हितमा आधारित होस् ।

**निष्कर्ष** : संविधानले परिकल्पना गरेको र संघीय संरचनाको प्रारुप कार्यान्वयनमा आइसकेको अवस्थामा स्थानीय तह महत्वपर्ण र नागरिकसँग नजिकको राज्यको संगठनात्मक तह हो । तसर्थ स्थानीय तहबाट भरमग्दुर रुपमा नागरिकलाई सेवा सविधा पुऱ्याउँदा स्रोतको संकलन, परिचालन, नियन्त्रण, प्रशासन र प्रतिफल महत्वपूर्ण क्षेत्रको रुपमा रहेको छ । नियन्त्रणमूलक तवरबाट श्रोतको परिचालन गरी अपेक्षापूर्ण फाईदा लिन यसको कार्यान्वयन पक्षको भूमिका अथक रहेको छ । तसर्थ नतिजामूलक कार्यान्वयन र कार्यदक्षतापूर्ण परिचालनको अनुगमन गर्ने माध्यम सामामजिक परीक्षण आजको मूल विषय हो ।

## सामाजिक परीक्षणको आधारभूत सिद्धान्त

२.१ **पृष्ठभूमि** : महानगरपालिका संगठनमा सुशासन, पारदर्शीता, चुस्त वित्तीय अनुशासन प्रवर्द्धन गर्न स्वच्छ आर्थिक प्रशासन हुनु आवश्यक छ । वित्तीय अनुशासन, पारदर्शीता र विधिको शासनको माध्यमबाट अनियमिततालाई न्यूनीकरण गर्न सकिन्छ । महानगरपालिकाभित्रको उपलब्ध श्रोत साधनको उच्चतम प्रयोग गर्न खर्चमा मितव्ययीता, प्रभावकारीता र दक्षता हुनु आवश्यक छ । विनियोजन दक्षताबाट नै महानगरपालिकाको उद्देश्यलाई विधिको माध्यमबाट जनता प्रति लिएको विश्वासको भावना प्राप्त गर्न सकिन्छ । महानगरपालिकाले गर्ने आर्थिक कारोवार पारदर्शीता, मितव्ययी र नियन्त्रित बनाउने सिलसिलामा सामाजिक परीक्षण आवश्यक छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, महानगरपालिकाबाट निर्माण भएका कानूनहरु र नगरपालिकाका अपेक्षागत नीति तथा कार्यक्रमहरुको आधारमा सामाजिक परीक्षण गर्ने गरिन्छ ।

- सामाजिक परीक्षणको उद्देश्य महानगरपालिकाबाट सम्पादन हुने हरेक क्रियाकलापमा प्रभावकारीता ल्याउन, नागरिक वीच वित्तीय श्रोतको परिचालनमा विश्वासको वातावरण सिर्जना गर्न, खर्चको उपलब्धीलाई मापनयोग्य बनाउन, कार्यान्वयनको प्रक्रियामा पालना गर्नुपर्ने सर्तकता र महानगपालिकाको कार्य एवं प्रतिवेदन तयारी आदिमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान हासिल गर्नुका साथै कार्यको सिलसिलामा व्यवहारिक रुपमा आइपर्ने समस्यालाई समाधान गर्न समेत सामाजिक परीक्षण महत्वपूर्ण हुन्छ ।
- श्रोतको परिचालनमा विश्वासपूर्ण स्थितिको निर्माण गर्न, सार्वजनिक श्रोत प्रयोगको मूल्याङ्कनद्वारा महानगरपालिकाको सार्वजनिक जवाफदेहिताको प्रवर्द्धन र सम्बर्द्धनलाई दीगो बनाउन, प्रचलित कानूनहरुले व्यवस्था गरेका कार्य प्रक्रिया तथा प्रणालीको अनुशरण गर्न, अभिलेखहरुलाई अद्यावधिक, र दुरुस्त राख्न सामाजिक परीक्षणले ठूलो भूमिका समेत खेल्ने हुन्छ ।

२.२ **आधारभूत सिद्धान्त** : संघीय शासन प्रणालीको प्रारुप बमोजिम जनचेतनामा आएको वृद्धिसंगै सार्वजनिक श्रोतहरुको व्यवस्थापन गर्ने व्यक्ति तथा निकायहरुको सार्वजनिक जवाफदेहिताको माग स्पष्ट रुपमा बढेको हनाले जवाफदेहिता प्रकृया स्थापित भएको र प्रभावकारी रुपमा सञ्चालन भएको विषयलाई नागरिक मैत्री बनाउन आवश्यक छ । महानगरपालिकामा पर्याप्त सूचनाको विकास, नियन्त्रण, मूल्याङ्कन तथा प्रतिवेदन तथा अन्य सूचनाको स्वरुप तथा विषयहरुको यथार्थता र प्रर्याप्तताको लागि सदैव व्यवस्थापन जवाफदेही हुन्छ । स्थानीय तह आफैमा स्वशासीत संगठन भएकोले महानगरपालिकाले आवश्यकतासंग सम्बन्धित वित्तीय कृयाकलाप तथा खुलासाको (Disclosure) लागि सम्बन्धित पदाधिकारी तथा अधिकारीहरुले वित्तीय मार्गदर्शनहरुलाई नियन्त्रणमूलक तथा उपलब्धीमूलक बनाउन नै पर्दछ । नियन्त्रण प्रणालीको सैद्धान्तिक आधारलाई अनुपालना गर्दा नै महानगरपालिकाले स्थापित गरेको निश्चित उद्देश्य पूरा हुन गई कार्य सम्पादनको मापनको विकास हन्छ । सोको लागि अनुपालना गर्ने पद्धतिले तथा नियन्त्रण प्रणालीको निरन्तर कार्यान्वयनले आर्थिक अवस्था तथा सञ्चालन नतिजाको सही प्रस्तुतीकरण हुन पुग्दछ । तसर्थ प्राप्त आन्तरिक नियन्त्रणको व्यवस्थाले गल्ती तथा अनियमितताको जोखिमलाई न्यूनीकरण गर्दछ । निकायमा उत्पन्न हने विरोधाभास ( Conflict of Interest) लाई निराकरण गर्न र लेखापरीक्षणलाई वित्तीय कारोवारमा विश्वास दिलाई सान्दर्भिक सूचना उपलब्ध गराउन सहज बनाउँछ । महानगरपालिका आफु स्वतन्त्र भएको तथा आफ्ना प्रवृति र विश्वासले स्वतन्त्र बन्न सहयोग गरे नगरेको कुरामा मात्र ध्यान नदिई आफुले सम्पादन गरेको निश्पक्षता र स्वतन्त्रता माथी अरुले प्रश्न उठाउने स्थिति सिर्जना भएको हुन सक्ने कुरामा सदैव ध्यान दिनु पर्दछ । तेस्रो पक्षले हेर्दा

महानगरपालिका स्वतन्त्र, पारदर्शी, जवाफदेहि तथा आर्थिक अनुशासनको जगमा रहेको अवश्य नै देखिनुपर्छ। यसको लागि सामाजिक परीक्षण प्रतिवेदनलाई संस्थाको सारथी बनाउन र अनुशासन प्रवर्द्न गर्न सहायक हुने कुरामा महानगरपालिका प्रतिवद्ध छ।

## खण्ड ३

## सामाजिक परीक्षण र अभ्यास

३.१ **परिचय** : स्थानीय तह (आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१(१) बमोजिम स्थानीय तहरुले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बनधमा लेखाजोखा गर्ने कार्य सामाजिक परीक्षण हो । सामाजिक परीक्षणलाई ब्यवस्थित र उद्देश्यमूलक बनाउन स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, २०६७ कार्यान्वयनमा रहेको छ । स्थानीय तहले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धी तथा कार्यसम्पादनको लेखाजोखाको लागी वर्षमा एक पटक सामाजिक परीक्षण गर्नुपर्ने अवस्था कार्यविधिले तय गरेको छ । सामाजिक परीक्षणका शैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै स्थानीय तहलाई ऐन तथा नियमावलीमा तोकेका सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएका सामाजिक उपलव्धी र सामाजिक जिम्मेवारी वहन गरेको सामाजिक विकासका सूचकहरुलाई आधार मानी लेखाजोखा गर्ने प्रणाली यस अन्तर्गत पर्दछ। सामाजिक परीक्षण मूलतः आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सम्पादन गरिसक्नुपर्ने  व्यवस्था कार्यविधिले उल्लेख गरेको छ। सामाजिक परीक्षणमा सामाजिक क्रियाकलापको अध्ययन तथा विश्लेषण मात्र नभई कुनै कार्यक्रम तथा आयोजनाको बारेमा समेत थप परीक्षण समेत गर्न सकिने कार्यविधिले उल्लेख गरेको छ।

३.२ सामाजिक परीक्षण स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्यलाई उल्लेख गरेको छ। यस अन्तर्गत सरोकारवालासंग स्थानीय तहले गरेको आय व्यय, प्राप्त नतिजा, उपलब्धीको मूल्याङ्कन गर्ने पक्ष समावेश हुन्छ । स्थानीय तहले गरेको प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामूलक विकासको लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने प्रक्रियामा लक्षित समूहलाई ध्यान दिई कार्य गरेको छ या छैन सोको सेवा प्रवाह प्रणाली विश्लेषण गर्ने पाटो यस विषय अन्तर्गत पर्दछ। कार्यविधि अन्तर्गत महानगरपालिकाको हकमा पालिका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत, महिला विकास अधिकृत, सामाजिक सेवा महाशाखा प्रमुख, विषयगत प्रमुख, सामाजिक विकास हेर्ने अधिकृत लगायतको समन्वय समिति गठन गर्ने व्यवस्था समेत छ। सामाजिक परीक्षणको अर्न्तराष्ट्रिय असल अभ्यासमा सामाजिक उपलव्धी, कार्यसम्पादन, परिणाम र प्रभावलाई मूल्याङ्कन गर्ने, समीक्षा गर्ने र विश्लेषण गर्ने कार्यप्रणालीलाई समावेश गरेको छ।

३.३ **अर्न्तराष्ट्रिय अभ्यास** : सामाजिक परीक्षणमा अवलम्बन गर्ने कार्यविधि र यसलाई कसरी कार्यान्वयनमा ल्याउने प्रक्रियालाई बढी जोड दिएको छ। यसमा मूलतः देहायका विषय समावश गरेको छ :

(१) Way of Measuring

(२) Way of understanding

(३) Reporting of Performance

(४) Ways of improving

(५) Reduction of gaps between vision/ goal and reality

| | | |
|---|---|---|
| (i) | Contributing of Social Audit | Improvement Performance |
| | | Improved Public Policy and Services |
| | | Improved Governance |
| (ii) | Objectives | Assessing the gaps between needs and resources |

| | | |
|---|---|---|
| | | Creating awareness among beneficiaries |
| (iii) | Advantage | Participatory Local Planning |
| | | Encourages the Local Democracy |
| | | Encourages Community Participation |
| | | Promotes Collective Decision |
| | | Develops Human resources and capital resources |

३.४ **सामाजिक लेखापरीक्षणको क्षेत्र** : सार्वजनिक निष्ठा, सदाचार, पारदर्शीता र जवाफदेहीतालाई परिणामुखी बनाउनु नै सामाजिक लेखापरीक्षणको मुख्य क्षेत्र रही आएको छ । कार्यविधिको मूल सारांश समेत यीनै विषय समाहित देखिन्छन् । तसर्थ निष्ठा, सदाचार, पारदर्शीता र जवाफदेहिता तथा उत्तरदायिपनको सूचकहरुको अध्ययन गर्न सोलाई पारेको प्रभाव विश्लेषण गर्न, मूल्याङ्कन गर्न र सुझाव सहितको प्रतिवेदन गर्न देहायका क्षेत्रहरुलाई समेट्ने प्रयास गरिएको छ :

(क) विषयगत शाखाहरुको कार्यसम्पादन स्थिति
(ख) वार्षिक लक्ष्य तथा प्रगति
(ग) विकास साझेदार
(घ) उपभोक्ता समिति
(ङ) गैर सरकारी संस्था
(च) सामुदायिक संस्था
(छ) योजना
(ज) कार्यक्रम
(झ) अनुदान
(ञ) सामाजिक जिम्मेवारी
(ट) लक्षित समूह
(ठ) ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड
(ड) आवधिक तथा वार्षिक कार्यक्रम
(ढ) सामाजिक उपलव्धी
(ण) अभिलेख तथा सूचना
(त) नागरिक वडापत्र
(थ) खरिद व्यवस्थापन
(द) निर्माण कार्यानवयन व्यवस्थापन
(ध) सार्वजनिक सुनुवाई प्रतिवेदन
(न) वार्षिक तथा चौमासिक प्रतिवेदन
(प) गत विगत सामाजिक परीक्षण प्रतिवेदन

मूलतः यस परीक्षणको क्षेत्रमा Financial मौद्रिक तथा गैरमौद्रिक (Non-Financial) Sector लाई सामाजिक लेखापरीक्षणको क्षेत्रमा समेट्न उल्लेखित विषयवस्तुलाई प्रमुख कार्यक्षेत्रमा अंगिकार गरिएको छ । माथि उल्लेख भएका क्षेत्रले नागरिक तथा समाजमा महानगरपालिकाले सञ्चालन गरेको मौद्रिक तथा गैरमौद्रिक दुवै तत्वबाट पारेको असर समग्र रुपमा सन्तुष्टि हुन सक्यो या सकेन उक्त विषयवस्तुलाई मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

३.५ **सामाजिक परीक्षण विधि र प्रतिवेदन**

सामाजिक परीक्षणलाई खोजमूलक, अनुसन्धानात्मक, उपलव्धीपूर्ण र उपयोगी बनाउन तथा प्रतिवेदनमा उल्लेखित अवस्था प्रभाव र सुझावलाई प्रक्रियागत कार्यान्वयनमा ल्याउन विभिन्न विधिहरु प्रयोगमा ल्याउने व्यवस्था छ । सामान्यतः क्यअर्ष्बा ब्यमष्त अन्तर्गत अपनाउनु पर्ने विधि मुख्यतः ५ किसिमले कार्यान्वयनमा ल्याइन्छ ।

Step 1 - Defining Boundaries of Social Audit,
Step 2 - Stakeholders Identification and consolation,
Step 3 - Identifying key issues and data collection
Step 4 - Social Audit findings and Verification
Step 5 - Public Meeting
Step 6 - Institutionalization of Social Audit Report.

सम्भवत यी नै Step को आधारमा महानगरपालिकाको Financial and Non-Financial Matters of Potential Significance को आधारमा सन्दर्भ सामग्री अध्ययन र समीक्षालाई यस प्रतिवेदनमा समावेश गरी अगाडी बढाउने प्रयास गरिएको छ । सामाजिक परीक्षण विधिमा मूलतः Result Oriented गतिविधिलाई मूल रुपमा अगाडी बढाउन जमर्को समेत अपनाइएको छ ।

## ३.६ सामाजिक परीक्षणका सन्दर्भ सामग्रीहरु

महानगरपालिकाको सामाजिक परीक्षणमा देहायको सन्दर्भ सामग्रीहरु प्रयोगमा ल्याइएको छ :

१. कानून - ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड
२. बजेट - लक्ष्य, उद्देश्य, कार्यक्रम, वार्षिक योजना
३. प्रगति - कार्यसम्पादन नतिजा, उपलव्धी, प्रगति
४. सूचना - अभिलेख, वडापत्र, विभिन्न प्रतिवेदनहरु
५. सुशासन - आर्थिक, नीति, रणनीति, निष्ठा, व्यवहार
६. सेवा प्रवाह - नियन्त्रण प्रणाली, प्रवाहको उपक्रम
७. अर्न्तवार्ता - प्रश्नावली, जवाफ, विश्लेषण
८. स्थलगत निरीक्षण - शाखा, महाशाखा, योजना
९. समूह छलफल - समिति र सरोकारवाला

**सामाजिक परीक्षणका सीमाहरु**

धेरै विभाग तथा वडाहरु रहेबाट सबै स्थानमा पुग्न र छलफल गर्न कठिनाई रहेको, कतिपय आवश्यक पर्ने तथ्याङ्क प्राप्त नहुँदा शैद्धान्तिक आधारमा तुलना गरिएको, सबै क्षेत्रमा रहेका तथ्य तथ्याङ्क केलाई प्रतिवेदन गर्न समय र लागत बढी पर्न जाने देखिएबाट सामाजिक परीक्षण आधारभूत अवयवहरुको अध्ययन गर्नु परेको कारणबाट केही सीमितता रहेको हुन सक्ने विषयलाई स्वीकार गरिएको छ ।

## ३.७ प्रतिवेदन प्रस्तुति तथा छलफल

समग्रमा स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, २०६७ बमोजिम महानगरपालिकाको विभिन्न शाखा, महाशाखा, विषयगत क्षेत्रसँग समबन्धित प्भथ भ्भिभलतक को अवलोकन, मूल्याङ्कन, विश्लेषण तथा अनुगमन गरी प्रतिवेदन प्रस्तुति गरिनेछ । सूचकहरुको सन्दर्भमा पदाधिकारीहरु, शाखा प्रमुख, आयोजना प्रमुख विषयगत प्रमुखसँग अर्धसंरचित (Semi - Structured) अर्न्तवार्ता लिइएको छ । आवश्यकतानुसार स्थलगत निरीक्षण र अवलोकन गरी सामाजिक कार्य सम्पादनको अवस्थालाई सुनिश्चित गर्न विभिन्न विषयहरुको समेतथप अध्ययन गरिएको छ । प्रतिवेदनमा जिम्मेवारी वहनमा देखिएका प्रमुख समस्या, चुनौती, कार्यान्वयनको अवस्था र भावी कार्यदिशाको बारेमा अध्ययन गरी विभिन्न परिच्छेदमा विभिन्न विवरणहरु दर्शाइएको छ । महत्वपूर्ण कार्यको लेखाजोखा, उपलव्धी र सुझाव समेत समावेश गरिएको छ । स्वास्थ्य, सामाजिक तथा शिक्षा क्षेत्रलाई संघीय सरकारको निर्देशिका बमोजिम परीक्षण गर्ने प्रयास गरिएको छ। नेपाल सरकारले जारी गरेको सामाजिक परीक्षण निर्देशिका मूलभूत रुपमा महानगरपालिकाका विविध क्रियाकलापसंग प्रत्यक्ष रुपमा सम्बन्धित नहुँदा सो समेत धेरै व्यहोरा छुतै विषयवस्तुसंग लेखाजोखा एवं मूल्याङ्कन गर्ने प्रयास भएको छ ।

# खण्ड ४

# सामाजिक परीक्षणको उद्देश्य

४.१ **उद्देश्य** : सार्वजनिक श्रोतको प्राप्ती र उपयोग तथा असल सेवा प्रवाहको सम्बन्धमा वित्तीय अनुशासन, पारदर्शीता र विधिको शासनको माध्यामबाट सवल, सक्षम तथा निष्ठापूर्ण रुपले दक्षता अविवृद्धि गरी स्थापित प्रणालीको अनुपालना र अनुशरण तथा जोखिम प्रति सर्तकता कायम राख्ने उद्देश्य नै यस निर्देशिकाको मूल अभिप्राय रहेको छ । जोखिमलाई न्यूनीकरण गर्न, नियन्त्रणको वातावरण सृजना गर्न, सूचना आदान प्रदानलाई वस्तुपरक बनाउन र कार्यालयले गर्ने अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी तुल्याउने विषय नै यस निर्देशिकाको प्रमुख उद्देश्य रहेका छन् । कार्यालयले सम्पादन गरेका तथा सम्पादन गर्नुपर्ने क्रियाकलापमा उचित, निश्कर्ष र सुझाव प्रदान गर्न तथा प्रतिवेदन उपर आश्वस्तता प्रदान गर्न यो परीक्षणले देहायको उद्देश्य लिएको छः

- सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा वित्तको परिचालन गरेको,
- सरकारी सम्पत्तीको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- श्रोतको हानी नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- प्रचलित ऐन कानूनको अनुपालना एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ट रहेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धी प्राप्त गरेको र
- जवाफदेहीता, उत्तरदायित्व र पारदर्शीता प्रवर्द्धन गरेको ।

४.२ **सामाजिक परीक्षणको कार्यान्वयनबाट प्राप्त हुने अपेक्षित उपलब्धी**

(क) कार्यालयको संरचना कार्य प्रणाली जनशक्तिको क्षमता विकास र समग्र आथिक र वित्तीय अनुशासन कायम रही संस्थागत पद्धतिमा सुधार हुने,

(ख) नीति, ऐन, नियमावलीमा भएको व्यवस्था कार्यान्वयन हन पगी संस्थाको स्वतन्त्रता कायम हुने,

(ग) विषयगत क्षेत्रमा सुझाव, सूचना र सहयोग आदान प्रदान भई वित्तीय प्रशासनको क्षेत्रमा सुधार हुने,

(घ) संचित कोषबाट हुने खर्चको दुरुपयोग नियन्त्रण हुन पुगी मुद्रा सार्थकताको मान्यता स्थापित हुने,

(ङ) विकास निर्माण, राजश्व संकलन तथा खर्च व्यावस्थापन र सेवा प्रवाहको क्षेत्रमा पारदर्शिता तथा कार्यदक्षता अभिवृद्धि भई उद्देश्य वमोजिमको उपेक्षित उपलब्धी हासिल हुने

(च) आन्तरिक लेखापरीक्षण र महालेखापरीक्षणको कार्यालयबाट हुने अन्तिम लेखापरीक्षणलाई सहयोग पुग्ने,

(छ) पालिकाको शासकिय प्रणालीमा अनियमितता तथा खराव प्रवृत्तिसँग जुध्न सक्ने प्रतिरोधात्मक क्षमता अभिवृद्धि भई शुसासनका सूचकाङ्कहरुमा सुधार आउने,

(ज) पालिकाका पदाधिकारीहरुमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि भई आर्थिक अनुशासन कायम हुने । आर्थिक कारोवारमा बेरुजू न्यूनीकरण हुने । रहेका बेरुजु फछ्यौट गरी स्वस्थ्य वित्तीय प्रशासन स्थापित हुने र

(झ) सरोकारवालासँगको सम्बन्ध पहुँच घटी रहने ।

# खण्ड ५
# महानगर कार्यक्षेत्र परिचय

५.१ **परिचय** : नेपालको केन्द्रीय राजधानी काठमाडौं शहर तथा मुलुककै पहिलो महानगर हो । अनुपम भौगोलिक अवस्था, जैविक विविधता, कचौरा आधारमा रहेको र समुन्द्रि सतहबाट १४०० मिटर उचाईमा रहेको यस महानगरपालिका धद्दैरै जनसंख्या, केन्द्रीय राजधानी, अर्न्तराष्ट्रिय सम्बन्ध कायम भएको र ५०.६७ वर्ग किलोमिटर क्षेत्रफलमा अवस्थित छ । महानगरको कार्य सञ्चालन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत सञ्चालित छ। महानगरबाट सामाजिक आर्थिक कार्यक्रम, भौतिक र साँस्कृति कार्यको लागि निम्न विभागहरुबाट सेवा प्रवाह हुँदै आएको छ ।

- प्रमुखको सचिवालय
- उपप्रमुखको सचिवालय
- प्रमुख प्रशासकिय अधिकृतको सचिवालय
- प्रशासन विभाग
- राजस्व विभाग
- शहरी योजना आयोग
- सार्वजनिक निर्माण विभाग
- सामाजिक विकास विभाग
- कानून, न्याय तथा मानवअधिकार विभाग
- वित्त विभाग
- सहकारी विभाग
- शिक्षा विभाग
- वातावरण विभाग
- स्वास्थ्य विभाग
- सूचना प्रविधि विभाग
- विपद् व्यवस्थापन विभाग
- सम्पदा सँस्कृति तथा पर्यटन विभाग
- खरिद विभाग
- योजना तथा अनुगमन विभाग
- मनोहरा जग्गा एकीकरण आयोजना
- चमती जग्गा एकीकरण आयोजना
- जुद्ध बारुणयन्त्र

इतिहासदेखिनै सम्पन्न र समृद्ध यस महानगर मुलुककै अर्थतन्त्रको केन्द्रविन्दूको रुपमा रहिआएको छ । नेपालीको आकर्षण केन्द्र, विश्वसम्पदा सूचीमा अंकित अनेकौं धरोहर, विशिष्ट शैलीको अनुपम निर्माण विभिन्न प्रकृतिका सँस्कृतिहरुको प्रचलन महानगरभित्र रहेको छ। महानगरबाट समग्र रुपमा आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक, पर्यटकीय, अर्न्तराष्ट्रिय सम्बन्ध, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, आन्तरिक रुपमा स्थानीय प्रशासन, सुरक्षा लगायतका कार्यहरु सम्पादन हुदैं आएको छ । ***"म तपाईलाई कसरी सहयोग गर्न सक्छु"*** भन्ने मूल उद्देश्यलाई महानगरपालिकाबाट आत्मसाथ भएको छ ।

५.२ **परिकल्पना, अभियान र लक्ष्य** : सहकारिता, सहअस्तित्व र समन्वयको उपयोग गर्दै, जनसहभागिता र उत्तरदायित्वको सुनिश्चितता गरी लोकतान्त्रीक गणतन्त्रका लाभहरु स्थानीयस्तरमा समानुपातिक, समावेशी र न्यायोचित वितरण गर्नु र गुणस्तरीय सेवा प्रदान गर्ने रहेको छ।

५.३ **सामाजिक परीक्षण** : आर्थिक वर्ष २०८१।८२ मा महानगरपालिकाले सम्पादन गरेका विभिन्न मौद्रिक तथा गैरमौद्रिक क्रियाकलापहरुलाई समेटी समेत सामाजिक लेखापरीक्षण गरिएको छ ।

५.४ **समग्र नीती** : आर्थिक वर्ष २०८१।८२ को महानगरको समग्र नीति निम्न रहेको छः

- समृद्ध, सुरक्षित, जीवन्त साँस्कृतिक शहर,
- सम्पदामा आधारित पर्यटन,
- नवप्रवर्तनमा आधारित उद्यमशिलता,
- आवद्धतामा आधारित शहरी योजना,
- विद्युतीय प्रविधि/खाद्य, हरित शहर,
- समुदायमा आधारित दिगो पूर्वाधार विकास र

- सुसंस्कृत समाज र सुरक्षित वास ।

## ५.५ महानगरिय विशेषता

| | |
|---|---|
| (क) **भौगोलिक** | • शिवपुरी - फूलचोकी, नागार्जुन र चन्द्रागिरी पहाडको विचमा रहेको उपत्यका |
| | • समुन्द्रि सतहबाट १४०० मिटर उचाई |
| | • ५०.६७ व.कि.मी राजधानी क्षेत्र - ३४७ स्क्वायर मिटर |
| | • २७' २३" उत्तरी अक्षांश र ८५' २०" 'पूर्वी देशान्तर |
| | • केन्द्रीय राजधानी |
| | • दक्षिणमा ललितपुर महानगर |
| | • पूर्वतर्फ भक्तपुर महानगर |
| | • उत्तर तथा पश्चिमतर्फ अन्य नगरपालीकाहरू |
| (ख) **धार्मिक तथा सांस्कृतिक** | • धार्मिक सहिष्णुता |
| | • पशुपतिनाथ, स्वयम्भू, बौद्ध, बुढानीलकण्ठ, बालाजु |
| | • २००० वर्ष पुरानो शहरको इतिहास |
| | • हजारौ प्रकृतिका चाडपर्व, रिति रिवाज, चालचलन, मान्यता |
| | • नेवारी संस्कृतिको बाहुल्यता |
| (ग) **कला** | • दरवार, शैलि, शिखर, स्वयम्भू, बौद्ध, पशुपतिनाथ, हनुमानढोका लगायतका विश्व सम्पदा सूची |
| | • पर्यटकको गन्तब्य क्षेत्र |
| | • मूर्त/अमूर्त सम्पदा |
| (घ) **जनसंख्या** | • ८६२४०० (२०२४), १७१०३ जनघनत्व प्रति कि.मी. |
| | • २९ लाख जनसंख्या बसोवास (काठमाडौं भ्याली) |
| | • महिला : ४ लाख २४ हजार (४९.२०%) |
| | • पुरुष : ४ लाख ३८ हजार (५०.८०%) |
| | • साक्षरता : ९०.४७% |
| (ङ) **संगठनात्मक संरचना** | • विभागीय प्रमुख - १८, स्वीकृत स्थायी दरवन्दी - २१४८ जना |
| | • महाशाखा प्रमुख - ४२, स्थानीय कर्मचारी - १६९६ जना |
| | • शाखा प्रमुख - १०२, अस्थायी दरवन्दी - ४९२ जना |
| | • कूल कर्मचारी - २६४० जना, २२३० जना (ज्यालादारी ५३४) |
| | • ३२ वडा कार्यालय |
| | • ५४१ स्वास्थ्य स्वयमसेविका |
| | • ८६ सामुदायिक विद्यालय, ५ धार्मिक विद्यालय, ५०४ संस्थागत विद्यालय |
| | • बजेट तथा कार्यक्रम तर्जुमा समिति - १६ संख्या |
| | • राजस्व परामर्श समिति - ७ संख्या |

| | |
|---|---|
| | • बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण समिति - ३ |
| | • अनुगमन तथा मुल्याङ्कन समिति - १ |
| | • वडा मेलमिलाप केन्द्र - प्रत्येक वडातहमा |
| | • १३१ वटा कानून निर्माण (ऐन ५२, नियम १२, निर्देशिका ११, कार्यविधि ५० र मापदण्ड ६ वटा) |
| | • १३ वटा विषयगत समिति |
| | • ३५ वटा स्वास्थ्य संस्था |
| | • १ सय ६० भन्दा माथी जनप्रतिनिधिको संख्या |
| | • वित्त, राजस्व, कानून, प्रशासन, शिक्षा, वातावरण, विपद्, सम्पदा, सामाजिक विकास, सूचना, सार्वजनिक निर्माण, स्वास्थ्य, खरिद, शहरी व्यवस्थापन, महानगर प्रहरी, सार्वजनिक निजी साझेदारी इकाई, परियोजना, हनुमानढोका, योजना अनुगमन तथा मुल्याङ्कन लगायतका विभाग महाशाखाको व्यवस्था |
| | • सचिवालयको व्यवस्था |
| | • अन्तराष्ट्रिय सम्बन्ध सचिवालय |
| | • वारुणयन्त्र |
| **(च) मुख्य कार्यक्रम/क्षेत्र** | • पूर्वाधार विकास |
| | • फोहरमैला व्यवस्थापन र सुन्य उत्सर्जन |
| | • सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन |
| | • शहरी हरियाली र विपद व्यवस्थापन |
| | • स्वास्थ्य/शिक्षा, स्मार्टसिटी, शैक्षिक सुधार |
| | • सम्पदा संरक्षण/भवन |
| **(च) लक्ष्य** | • आर्थिक वृद्धिदरमा उन्ययन, |
| | • कर सहभागितामा वृद्धि |
| | • सडक र मर्मत सुधार |
| | • सेवा प्रवाह र शहरी सुशासन |
| | • पूर्वाधार विकास र संस्कृति प्रवर्द्धन |
| | • वातावरण संरक्षण |
| **(ज) शहरी योजना** | • नियमित योजना/कार्यक्रम |
| | • स्वर्णीम योजना/कार्यक्रम |

# खण्ड ६

## महानगरको २०८१।८२ को कार्यक्रम समीक्षा र उपलव्धी मूल्याङ्कन

महानगरको आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम कार्यान्वयन उपलव्धीगत समीक्षा स्थिति निम्नानुसार उल्लेख गरिएको छ :

| सि.नं. | कार्यक्रम | उपलब्धी/कार्यान्वयन अवस्था |
|---|---|---|
| 1 | **शिक्षा** | • संस्थागत र सामुदायिक विद्यालयमा अध्ययनरत २९३२९ विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराएको ।<br>• कक्षा ५ सम्मका २६३९५ र कक्षा ६ देखी १० सम्मका २३५४६ विद्यार्थीलाई सरकारले दिएको प्रतिदिन खाजा खर्च रु.१५। मा सोही रकम थप गरी प्रतिदिन रु.३०। ले दिवा खाजा खर्च उपलब्ध गराएको ।<br>• प्रविधिको माध्यमबाट शिक्षामा गुणस्तर अभिवृद्धि गर्न १२७ वटा ल्यापटप वितरण भएको ।<br>• ३१३ थान स्मार्टबोर्ड, १२९९९ डेस्कबेञ्च र ३६ थान डेस्कटप कम्प्यूटर खरिद प्रक्रिया अगाडी बढाएको ।<br>• सामुदायिक विद्यालयका १९ हजार छात्राहरुको लागी निःशुल्क स्यानेटरी प्याड उपलब्ध गराएको ।<br>• ७ वटा सामुदायिक विद्यालयमा स्यानेटरी प्याड डिस्पोजल मेशिन जडान गरिएको ।<br>• शिक्षामा सीप अन्तर्गत गौरबको योजनामा कक्षा ९ र १० का २५२९ जना विद्यार्थीलाई १० वटा मोड्यूलको ९० घण्टा तालिम प्रदान गरेको ।<br>• सामुदायिक विद्यालयमा बाल सञ्जाल गरी कक्षा ३ देखी ८ सम्मका विद्यार्थीहरुलाई विभिन्न १५ विद्यामा पाठयक्रम सहितको १५ हफ्ते बुक फ्रि फ्राइडे कार्यक्रम सञ्चालन गरेको ।<br>• सुन्दर विद्यालय स्वर्णीम योजना अन्तर्गत १९९ स्वयमसेवक परिचालन गरेको ।<br>• सामुदायिक विद्यालयका स्टिम उपसमूह र बालबालिका तथा वातावरण, बाबा उपसमूहका पदाधिकारीहरुलाई ६ महिने तालिम प्रदान भएको ।<br>• **"गरिखाने शिक्षा - महानगरको इच्छा"** गौरबको योजना अन्तर्गत शिक्षाको गुणस्तर अभिवृद्धि गर्न काठमाण्डौ विश्वविद्यालयसंगको सहकार्यमा टिचर्स कलेज प्रोग्राम सञ्चालन गरेर सामुदायिक विद्यालयका २ हजार जना शिक्षकलाई तालिम गरेको ।<br>• शिक्षाका नियमित विभिन्न कार्यक्रम/संघीय एवम् प्रदेशबाट सञ्चालित कार्यक्रम कार्यान्वयनमा ल्याएको । |
| 2 | **स्वास्थ्य** | • सुलभ स्वास्थ्य सेवा - नागरिकलाई टेवा गौरबको योजना अन्तर्गत महानगरवासीलाई सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन शहरी स्वास्थ्य क्लिनिकहरुको स्तरोन्नती अन्तर्गत ५ स्वास्थ्य क्लिनिकहरु शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको रुपमा रुपान्तरण गरेको ।<br>• शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुलाई प्रथम सेवा विन्दुका रुपमा तोकेर स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनमा ल्याएको ।<br>• नागरिकहरुलाई निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यविधि, २०८० बमोजिम कामपाभित्रका ५२ अस्पतालसँग समन्वय र सहकार्य गरेको । |

| सि.नं. | कार्यक्रम | उपलब्धी/कार्यान्वयन अवस्था |
|---|---|---|
| | | • नेपालभरका स्थानीय तहबाट सिफारिस भई आएका विरामीलाई उपचार गराउन ५२ अस्पतालमा ३७४ शैया निःशुल्क उपचार गर्ने प्रवन्ध मिलाएको र यो सेवालाई सरल र सहज बनाउन वेभसाईट समेत सञ्चालनमा ल्याएको ।<br>• सुलभ र सुपथ मूल्यमा औषधी प्राप्तीको लागि फार्मेसी सञ्चालन तथा नियमन निर्देशिका, २०८१ कार्यान्वयनमा ल्याएको ।<br>• फार्मेसी निर्देशिका, २०८१ अर्न्तगत कामपाभित्रका २६१ फार्मेसीको अनुगमन गरेको ।<br>• कामपाको सहयोगमा निःशुल्क एम्वुलेन्स सेवा १०२ हटलाईनबाट ९८१८ जनालाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको ।<br>• सबै वडामा स्वास्थ्य शिविर सञ्चालन गरेर ७७७५ जना महिलाहरुको स्तन क्यान्सरको स्क्रिनिङ गरेको ।<br>• ६ हजार ३१६ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग गरेको ।<br>• महानगरवासीको आरोग्य जीवनको लागी ३०० जनालाई योग तथा जीम प्रशिक्षकको रूपमा कार्य गर्न सक्नेगरी क्षमता अभिवृद्धि तालिम प्रदान गरेको ।<br>• जनप्रतिनिधि तथा स्थानीयवासी समेत गरी २४० जनालाई मनोसामाजिक परामर्श उपलब्ध गराएको ।<br>• महानगरवासीलाई सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले क्षेत्रपाटी निःशुल्क चिकित्सालय, सामुदायिक स्वास्थ्य परिषद, डल्लु, डियर हेल्थ ट्रष्टलाई अनुदान उपलब्ध गराएको ।<br>• नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरेर १३५५ जनालाई रगत तथा रक्ततत्व उपलब्ध गराएको ।<br>• महानगरभित्र सञ्चालित क्षेत्रका २५५ वटा निजी स्वास्थ्य संस्थाहरुलाई जिल्ला स्वास्थ्य सूचना प्रणाली २ तालिम प्रदान गरेर अनलाईन प्रतिवेदन प्रणालीमा आवद्ध गरेको ।<br>• खोप/परिवार (नियोजन) निःशुल्क औषधी वितरण/ नियमित स्वास्थ्य सेवा प्रवाह गरेको ।<br>• ३१ शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र र रामघाट प्राथमिक स्वास्थ्य केन्द्रबाट फिजियोथेरापी तथा ल्याव सेवा संचालन भएको |
| 3 | भौतिक पूर्वाधार | • पूर्वाधार एम्वुलेन्स स्वर्णीम योजना मार्फत कामपा क्षेत्रभित्रका १९ हजार १०० ब.मी. सडकको मर्मत गरेको ।<br>• ने.वि.प्रा. संघको सहकार्यमा महानगर क्षेत्रभित्र २ हजार ८० वटा स्मार्ट सडक बत्ति जडान गरेको ।<br>• ४ वटा सामुदायिक भवन, २ वटा सहरी स्वास्थ्य क्लिनिक भवन, ४ वटा कलेज तथा स्कूल भवन, १ सार्वजनिक शौचालय, २ वटा फल्चा, वसस्टप, २ वटा पाटी र १० वटा पार्क निर्माण सम्पन्न गरेको ।<br>• धुलोरहित काठमाण्डौं गौरबको योजना अर्न्तगत ३९ किमी सडक कालोपत्रे गरेको ।<br>• २३ कि.मी फुटपाथ निर्माण गरेको ।<br>• ८ कि.मी. ढलान सडक निर्माण गरेको,<br>• १ हजार ३०० वर्गमिटर चोकमा ढुङ्गा छाप्ने कार्य सम्पन्न गरेको ।<br>• ८ कि.मि. ढल जडान भएको । |

| सि.नं. | कार्यक्रम | उपलब्धी/कार्यान्वयन अवस्था |
|---|---|---|
| | | • ३ कि.मी. रिटेनिङवाल निर्माण सम्पन्न गरेको ।<br>• दुर्घटना न्यूनिकरण गर्न र पैदल यात्री जनसंख्याको आवश्यकतालाई ध्यानमा राखी काठमाण्डौ जिल्ला अदालत नजिकै पेलिकन क्रसिङ स्थापना गरेको ।<br>• ३३ रोपनीभन्दा बढी सार्वजनिक जग्गालाई अतिक्रमणमुक्त गराएर सार्वजनिक उपयोगमा ल्याएको ।<br>• ३५१ वटा अवैध संरचना हटाई पार्क निर्माण गर्ने कार्य शुरु गरेको ।<br>• सडक अतिक्रमण गरेका, अव्यवस्थित र मापदण्ड विपरित सञ्चालनमा रहेका २६० वटा मोटरसाईकल वर्कसप हटाएको ।<br>• १ लाख ८० हजार ८७६ वर्गफिट कालापत्रे सडकबाट पार्किङ हटाएर सवारी आवागमनलाई सहज बनाएको ।<br>• सुन्दर महानगर स्वर्णीम योजना अन्तर्गत सुन्धारा स्थित नेपाल टेलीकम, प्रदर्शनी मार्गको वालमिकी विद्यापिठ, बबरमहलको नेपाल आर्ट काउन्सील, मिनभवनको यातायात व्यवस्था कार्यालय (बागमती), दशरथ रंगशाला लगायतका स्थानमा १ हजार ४ सय व.मि. सार्वजनिक पर्खालमा कलात्मक चित्रहरुको लेखन गरिएको ।<br>• सानो गौचरण रङ्गशाला निर्माण, बस विसौनीका फल्चा निर्माण समेत ६९ वटा परियोजनाहरु, सम्पदा पूर्णनिर्माणतर्फ भद्रकाली मन्दिर परिसर सुधार, मंहाकाल मन्दिर परिसर निर्माण, लखतिर्थ गुरुयोजना लगायतका ६१ वटा परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको ।<br>• २५ वटा सार्वजनिक शौचालयहरु र ९ वटा आकासे पुलहरुको स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गरेको । |
| 4 | सम्पदा/साँस्कृतिक | • ६ वटा मन्दिर, १ पाटी र २ सत्तल निर्माण ।<br>• १२ वहिवहाल र विहार, ११ गुठी घर तथा अन्य ८ सम्पदाको पुर्ननिर्माण गरेको ।<br>• अमूर्त सम्पदा संरक्षणको लागी विभिन्न स्थानीय जात्रा, पर्व, परम्परागत, गुठी, बाजा, भाषा, कला तथा संस्कृतिको जगेर्ना गर्न क्रियाशिल रहेका २ सय खलः पुच र विभिन्न संस्थाहरुलाई अनुदान तथा कार्यक्रम सहयोग उपलब्ध गराएको ।<br>• सांस्कृतिक महानगर स्वर्णिम योजना अन्तर्गत भित्री तथा सम्पदा क्षेत्र जोडिएका ७ वटा वडामा साप्ताहिक सांस्कृतिक कार्यक्रम सहित दबु पुनरोत्थान कार्यक्रम सञ्चालनमा ल्याएको ।<br>• महानगरीय बाँसुरी बाजाहरु बीच धा-बाजा प्रतियोगिता सम्पन्न गरिएको ।<br>• वडाहरुमा भएका डवली दबुहरुको प्रारम्भिक अभिलेख सङ्कलन गरी प्रतिवेदन तयार गरेको ।<br>• नेपाल भाषा संरक्षण र प्रवर्द्धनका लागी नेपाल भाषा सास्कृतिक ज्ञानकोष प्रकाशन गरिएको ।<br>• युनेस्को रचनात्मक शहर सञ्चालन अन्तर्गतका कार्यक्रममा चलचित्र नीति संवाद कार्यक्रम सम्पन्न गरिएको ।<br>• विभिन्न संस्थाहरुको सहकार्यमा काठमाण्डौ इन्टरनेशनल फिल्म फेस्टिवल लगायत कार्यक्रम सम्पन्न गरिएको ।<br>• वडा नं ५ हाँडीगाउँको रैथाने वस्तीलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न १ किमी सडकमा प्रत्येक शनिवार सवारी प्रवेश निषेध अभियान शुरु गरेको ।<br>• ग्रेटर ठमेल र ठमेल रिभाइटालाइजेशनका लागि सडक सूचिकरण तयार गरेको । |

| सि.नं. | कार्यक्रम | उपलब्धी/कार्यान्वयन अवस्था |
|---|---|---|
| | | • स्थानीय समुदायमा प्रचलनमा रहेका स्थानीय पेय पदार्थलाई निजी क्षेत्रसंगको सहकार्यतामा ब्राण्डिङ्ग गरेर राष्ट्रिय/अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरणका लागी अध्ययन गरेको । |
| 5 | वातावरण/फोहर व्यवस्थापन हरित कार्यक्रम | • वडा नं ५, १०, १२, २४, २५ र २७ मा फोहोरलाई स्रोतमा वर्गिकरण गर्ने कार्यको थालनी भएको ।<br>• नदी सरसफाई स्वर्णिम योजना अन्तर्गत महानगरपालिका क्षेत्र अर्न्तगत बग्ने विष्णुमती, रुद्रमती, चखुचा खुसी, भचाखुशी नदिको विशेष सरसफाई गरेर २९५३ मेट्रिक टन फोहोर विसर्जन गरेको ।<br>• डुवान समाधान स्वार्णिम योजना अन्तर्गत महानगर क्षेत्रभित्रका विभिन्न ठाउँका ढल, नाली सफा गरी करिब ४ हजार टन फोहोर सङ्कलन र विसर्जन गरेको ।<br>• उपत्यकाको फोहोरलाई अन्तिम व्यवस्थापन हुँदै आएको धादिङ, नुवाकोट जिल्लाको सीमानामा रहेको बंचरेडाँडा ल्याण्डफिल्ड साईटमा २४ वटा स्थानीय तहबाट आउने वार्षिक ५ लाख मेट्रिक टन फोहरमैला व्यवस्थापन भएको ।<br>• विगतमा फोहोर व्यवस्थापनका लागी प्रयोग भएको सिसडोल ल्याण्डफिल साईटमा हरियाली कायम गर्न माटो राखी क्यापिङ्ग गरेको ।<br>• १२ नं बडाको टेकुमा कुहिने फोहोरबाट सञ्चालित बायोग्याँस प्लाण्ट सञ्चालनमा आएको ।<br>• वर्गिकरणबाट टेकुबाट फोहरलाई जैविकमल बनाएको, उत्पादित ४० मेट्रिक टन मल उद्यान तथा आइल्याण्डमा हरियाली प्रवर्धनका लागि प्रयोग गरेको ।<br>• सरसफाईमा खटिने ३२० जना कर्मचारीहरुलाई स्वास्थ्य सुरक्षा सम्बन्धी तालिम प्रदान गरेको ।<br>• ८६ सामुदायिक विद्यालयका २४० जना विद्यार्थीहरुलाई फोहोरमैला व्यवस्थापन बारे सचेतना र प्राङ्गारिक मल बनाउने तालिम प्रदान गरेको ।<br>• ५० स्वास्थ्य संस्थाहरुको अस्पतालजन्य फोहोर व्यवस्थापन कार्यको अनुगमन गरी २० स्वास्थ्य संस्थाहरुलाई कारवाहीको दायरामा ल्याएको ।<br>• कुहिने फोहरलाई आवास परिसरमा व्यवस्थापन गरी फोहोरको परिमाण स्रोतमै न्यूनिकरण गर्न १९७२ थान कम्पोष्ट बिन सहुलियत दरमा उपलब्ध गराएको ।<br>• सामुदायिक विद्यालयबाट उत्पादन हुने जैविक फोहोरलाई श्रोतमा वर्गिकरण तथा व्यवस्थापन गर्न ३४३ थान र वडा कार्यालयहरुको लागी ४७० थान स्ट्याण्ड बिन उपलब्ध गराएको ।<br>• दैनिक रुपमा सङ्कलन हुने ४० मेट्रिक टन नकुहिने सुख्खा फोहोरको व्यवस्थापनका लागी फोहोर बिक्री प्रक्रिया प्रारम्भ गरिएको ।<br>• मेरो रहर - सुन्दर र हरित शहर - गौरबको योजना अर्न्तगत महानगरका १ सय स्थानमा ३५ हजार विरुवा रोपेको । |
| 6 | सेवा प्रवाह क्षमता विकास | • वडाहरुमा अधिकार निक्षेपण गरेको ।<br>• अनलाईन, अटोमेसन र ई-टिप्पणी जस्ता सेवा प्रवाहका लागी प्रविधि प्रयोगमा ल्याएको ।<br>• सेवाग्राही सहजताको लागी एकल सेवा केन्द्र सञ्चालनमा ल्याएको ।<br>• युवा जनशक्तिलाई श्रम बैङ्कमा आवद्ध गराई सीप तथा क्षमता विकास तालिम र ४४०० जनालाई रोजगारीको<br>• अवसर प्रदान गरेको । |

| सि.नं. | कार्यक्रम | उपलब्धी/कार्यान्वयन अवस्था |
|---|---|---|
| | | • जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास गर्न अध्ययन, अवलोकन, भ्रमण, तालिम तथा कृति विकासका कार्यक्रमहरु निरन्तर रुपका सञ्चालन गर्दै आएको ।<br>• २० वर्षे रणनीतिक विकास योजना सहितको मिसन २१०० स्वर्णिम योजना तर्जुमाको लागी अवधारणा पत्र तयार गरेको ।<br>• वैकल्पिक इन्धनबाट सवारी साधन सञ्चालन हुने गरी रुपान्तरण गर्ने कार्यको लागी अध्ययन गरिएको ।<br>• व्यवसायीको क्षमता अभिवृद्धिको लागी काठमाण्डौ मेट्रो आइडिया र भिडियो डकुमेन्ट्री तयार गरेको ।<br>• रानीपोखरीमा डाटा भण्डारण हुने गरी १३८ थान सिसिटिभी क्यामरा र १० फेस पहिचान FR CCTV क्यामरा जडान र सञ्चालनमा ल्याएको ।<br>• सुशासनका लागी अनलाईन सेवा गौरबको योजना अन्तर्गत डिजिटल महानगर फ्रेमवर्क तयार गरेर डाटा सेन्टर स्थापनाको काम शुरू गरेको ।<br>• ३२ प्रतिशत बेरुजू पछ्र्याट गरेको । |
| 7 | राजस्व व्यवस्थापन | • ६ वटा पेमेन्ट गेट वे मार्फत राजस्व अनलाईन भुक्तानी प्रणालीलाई थप प्रभावकारी बनाएको ।<br>• करको दायरा वृद्धि गर्न कर टोली गठन गरी स्थलगत रूपमा कर अनुगमन, निरीक्षण सचेतना कार्यक्रम मार्फत करिब ३६ हजार करदाता थप गरेको ।<br>• कर वृद्धिमा प्रचार प्रसार तथा सार्वजनिक सूचनालाई प्राथमिकीकरण गरको ।<br>• रत्नपार्क र बालाजुपार्क मार्फत शुल्क सङ्कलन, प्रिबुकिङ तथा शुल्क तिर्न स्क्यान सुविधा उपलब्ध गराएको ।<br>• सबैप्रकारका करदातालाई करको दायरामा ल्याउन इरेन्टल स्वर्णिम योजना कार्यान्वयनमा ल्याएको, सोको लागी मोबाईल एप्लिकेशन खरिदको प्रक्रिया अन्तिममा पुगेको ।<br>• कम्पनी रजिष्ट्रार र कार्यालय सहित साझेदारबाट करिब ३७ हजार दाताको विवरण प्राप्त गरेको ।<br>• कर शीर्षक पहिचान नभएका विभिन्न ११ वटा व्यवसायको पहिचान गरी व्यवसाय करको दायरामा ल्याएको ।<br>• आन्तरिक आयतर्फ गत वर्षभन्दा यो वर्ष १४ करोड थप राजस्व प्राप्त गरेको । |
| 8 | सहकारी व्यवस्थापन | • निश्क्रिय तथा संकटग्रस्त सहकारी व्यवस्थापनका लागी संस्थागत संयन्त्र तयार गरेको र कानुनी ब्यवस्था लागू गरेको । |
| 9 | यातायात तथा सवारी साधन र सूचना बोर्ड | • ईजाजत नलिई र मापदण्ड पूरा नगरी राखिएका २०४०४ वटा सूचना बोर्ड हराएको ।<br>• अनाधिकृत पार्किङ गरिएका करिब १६ हजार वटा सवारी साधनलाई नियन्त्रणमा लिएर चालकलाई कारवाही गरेको, सोबाट रु.१६ करोड राजस्व प्राप्त गरेको । |
| 10 | न्यायकानूनी सेवा विवाद निरुपण र कानून निर्माण | • निःशुल्क कानूनी सेवाको निरन्तरता ।<br>• २६ हजारले निःशुल्क कानूनी सेवा प्राप्त गरेको ।<br>• सबै ३२ वटा वडामा मेलमिलाप केन्द्र स्थापना गरी विवाद निरुपणको कार्यलाई निरन्तरता प्रदान गरेको ।<br>• प्रमुख न्यायीक समिति र प्रमुख प्रशासकिय अधिकृत तहमा सुनुवाई गरी न्याय सम्पादनको कार्यलाई प्राथामिकतामा राखेको ।<br>• ११७ वटा विवादमध्ये ५० निर्णय भएको, १८ कार्यान्वयनमा ३४ वटा पुनरावेदन गएका, ५ निरुपण भएका र ५७ मेलमिलाप प्रक्रियामा रहेका छन् । |

| सि.नं. | कार्यक्रम | उपलब्धी/कार्यान्वयन अवस्था |
|---|---|---|
| | | • १२ ऐन, २ नियमावली, ३ निर्देशिका, १७ कार्यविधि, २ मापदण्ड गरी ३६ कानून पारित भई लागु गरेको ।<br>• न्यायीक समितिको पहिलो राष्ट्रिय सम्मेलन संग्रह प्रकाशन अन्तिम चरणमा रहेको ।<br>• महिला सम्बन्धी प्रवर्द्धनात्मक कार्यहरू सम्पादन गरेको । |
| 11 | बजार/खरिद गुणस्तर | • ५४६४ सामुदायिक कुकुर र विरालोको बन्ध्याकरण गरेको ।<br>• १७४०० मात्रा खोप प्रदान भएको ।<br>• १८४० मृत जिवजन्तुको व्यवस्थापन गरेको ।<br>• एग्रो पुलिङ्ग कार्यविधि, २०८१ मस्यौदा तयार भएको ।<br>• पानी, डेरी, वधशाला, तरकारी, फलफूल, मासुबजार, मिठाई, किराना तथा अन्य पसलको अनुगमन भएको ।<br>• अस्वस्थकर खाद्य व्यवहार गर्ने व्यवसायको अनुमान गरी गलत काम गर्ने माथि कारवाही गरेको ।<br>• गरिब घरपरीवार पहिचान कार्यक्रम अन्तर्गत कामपाभित्र घरदैलो कार्य मार्फत तथ्याङ्क सङ्कलन गरेको । |
| 12 | सीप/उद्यम | • सिप मेला २०८१ आयोजना गरिएको ।<br>• ३००० जनालाई १० क्षेत्रका २९ विधामा तालिम प्रदान गरेको ।<br>• रोजगार मेला सञ्चालन गरेको ।<br>• एक वडा एक उद्यमशिलता नमूना कार्यक्रम अर्न्तगत १५ वटा वडामा उधमशिलता कार्यक्रम सञ्चालन गरेको । |
| 13 | लक्षित वर्ग कार्यक्रम/सामाजिक सेवा सुरक्षा | • बाल अधिकारको प्रवर्द्धन र कानूनी प्रवन्ध मिलाएको ।<br>• बालश्रम तथा हिंसामा परेका ४१ जना बालबालिकाको उद्धार गरेको ।<br>• लक्षित वर्ग कार्यक्रम अर्न्तगत ३ वटा सीपमुलक कार्यक्रम सञ्चालन भएको ।<br>• अपाङ्गताको खेलमा भारतोलन र बोसिया खेल आयोजना गरेको ।<br>• १०० जना अपाङ्गलाई आवश्यकतानुसार उपकरण वितरण गरेको ।<br>• जेष्ठ नागरिकलाई तिर्थाटन र भ्रमण गराएको ।<br>• जेष्ठ नागरिकलाई पोषण भत्ता प्रदान गरेको ।<br>• ३५ सहयोगीपेक्षी मानिसलाई सडकबाट उद्धार गरी मानव सेवा आश्रममा लगेको । |
| 14 | भगिनी सम्बन्ध | • जितपुर सिमरा र मनाङ्गको डिस्याङ्ग गापा बीच भगिनी सम्बन्ध कायम भएको ।<br>• ७ स्वदेशी एवम् विदेशी नगरपालिका प्रमुख सहितको प्रतिनिधि मण्डललाई इन्द्रजात्रा अवलोकन गराएको । |
| 15 | विविध | • ४२१ आगलागी नियन्त्रण गरेको ।<br>• समुदाय तालिम ।<br>• १ सय शौचालय सुविधा ।<br>• विद्युतिय भवन अनुमति प्रणाली ।<br>• वायोमेट्रिक प्रणाली कार्यान्वयन<br>• सामाखुसी खोलामा ५० मिटर तटवन्ध निर्माण । |

# खण्ड ७

# काठमाण्डौं महानगरपालिकाको नीति तथा कार्यक्रम - २०८१।८२

- सांस्कृतिक शहर - समृद्ध महानगर,
- सांस्कृतिक पहिचान र दिगोपना
- सुरक्षित, समावेशी, सम्पन्न तथा जीवन्त शहर,
- महानगरले देख्छ,
- रोगगारी र आय  वृद्धि, काठमाडौंको समृद्धि,
- मेरो रहर, सन्दर र हरित शहर,
- सुन्दर महानगर- धुलोरहित काठमाण्डौं,
- सुलभ स्वास्थ्य सेवा - नागरिकलाई टेवा,
- शिक्षामा सीप र सुन्दर विद्यालय,
- समृद्ध महानगर - दिगो पूर्वाधार

## काठमाण्डौ महानगरपालिकाका विषय क्षेत्रगत कार्यनीतिहरु - २०८१।८२

| सि.नं. | विषयगत क्षेत्र | कार्यनीतिहरु/कार्यक्रमहरु |
|---|---|---|
| १ | **आर्थिक क्षेत्र** | • २० जनालाई रोजगारी दिने नयाँ उद्यमलाई ३ वर्षसम्म पूर्णरूपले कर छुट दिने,<br>• निर्माण कार्यक्रममा कम्तीमा ३० प्रतिशत जनशक्ति मनपाको श्रम बैङ्क मार्फत आपूर्ति गरिने,<br>• सहकारी संस्थाहरुको कारोवारलाई विद्युतीय प्रणालीमा आवद्ध गराई नतिजामूलक बनाउने,<br>• महानगर सहकारी सूचना स्थापना केन्द्रको स्थापना गर्ने । |
| २ | **सामाजिक क्षेत्र (शिक्षा स्वास्थ्य लक्षित कार्यक्रम सामाजिक सुरक्षा)** | • विद्यार्थीको मानसिक तथा शारीरिक विकासको लागी खेलकूदलाई अनिवार्य गरिने,<br>• सबै स्रोत केन्द्रमा १।१ जना नर्स र मनोसामाजिक परामर्शदाता व्यवस्था गर्ने,<br>• सामुदायिक विद्यालयको भौतिक र शैक्षिक गुणस्तर सुधार गर्न,<br>• दिवा खाजामा डाइट प्लान मापदण्ड लागू गर्ने,<br>• २०० जनाभन्दा कम विद्यार्थीमा सेन्टरल किचन अवधारणा लागू गर्ने,<br>• सामुदायिक र संस्थागत विद्यालय छात्रवृतिलाई प्राथमिकतामा राख्ने,<br>• बौदिक अपाङ्गता अर्टिजमको लागी विशेष विद्यालय स्थापना गर्ने,<br>• अपाङ्गता विद्यार्थीलाई भेदभावरहित पठनपाठन कार्य गर्न अनिवार्य गरिने,<br>• पढ्दै कमाउदै अवधारणाको प्रबन्ध गर्ने,<br>• काठमाण्डौं सीप तथा तालिम परिषद गठन गर्ने,<br>• विद्यालय सुधार योजना कार्यान्वयन गर्ने,<br>• विद्यालयको चलअचल सम्पतिलाई शैक्षिक प्रयोजनमा मात्र उपयोग गर्ने,<br>• सामुदायिक सिकाई केन्द्रलाई पुस्तकालयको रुपमा विकास गर्ने,<br>• विद्यालयको लेखापरीक्षण मनपाबाट गर्ने ब्यवस्था मिलाइने,<br>• विद्यालयमा वडाको समन्वयमा स्पोर्टस एकेडेमी सञ्चालन गरिने, |

| सि.नं. | विषयगत क्षेत्र | कार्यनीतिहरु/कार्यक्रमहरु |
|---|---|---|
| | | • काठमाण्डौलाई शैक्षिक गन्तव्यको रुपमा विकास गरी विदेशी विद्यार्थी आकर्षित गर्ने,<br>• सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रलाई स्वास्थ्य विमा कार्यक्रमको प्रथम बिन्दुको रुपमा विकास गर्ने, अनकल डाक्टर सेवा उपलब्ध गराइने नागरिकलाई निदानात्मक सेवा उपलब्ध गराउन सेन्ट्रल ल्याब स्थापना गरिने<br>• महानगरपालीका सँग विशेष स्वास्थ्य सेवाको लागी सहकार्य गर्न इच्छुक सामुदायिक तथा सरकारी अस्पताललाई प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउने,<br>• महानगर न्यूनतम जीवनस्तर सम्बन्धी सूचक सहितको मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याईने,<br>• धुम्रपान, मध्यपान र लागु औषध प्रयोगलाई सार्वजनिकस्थलमा पूर्ण बन्देज गर्ने,<br>• जंगफुडलाई निरुत्साहीत गर्ने,<br>• खाद्य पदार्थमा स्वच्छता र गुणस्तर कायम राख्ने,<br>• स्वास्थ्य संस्थाको दर्ता प्रणालीलाई सूचना प्रणालीमा आवद्ध गरिने,<br>• वडा कार्यालयको सिफारिसमा लक्षित कार्यक्रम सञ्चालन गर्ने,<br>• अति गरिबको लागी एक घर एक रोजगारी वा उद्यमशिलताको सुनिश्चित गर्ने,<br>• जेष्ठ नागरिकमा रहेको, ज्ञान, सीप, अनुभव र क्षमतालाई पुस्तान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने,<br>• जेष्ठ नागरिक, अशक्त र अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षा स्वास्थ्य उपचार र पोषण सुविधालाई निरन्तरता दिईने,<br>• ७० वर्षभन्दा माथिका नागरिकलाई मागको आधारमा निवासमै औषधी उपचार तथा फलोअपको व्यवस्था मिलाइने,<br>• रैथाने सीप तथा कलाको राष्ट्रिय अन्तर्राष्ट्रियस्तरमा ब्राण्डिङ गर्ने,<br>• ख्याती प्राप्त व्यक्ति तथा शहिदको सम्मानमा सामाजिक विकास र खेलकूद कार्यक्रमहरु सञ्चालन गर्ने, |
| ३ | **पूर्वाधार क्षेत्र** | • करिडोर विस्तारको कार्यलाई निरन्तरता दिने,<br>• खोलालाई खुला गरी प्राकृतिक रुपमा बग्न दिने,<br>• खोला, खोल्सी, नदीको संरक्षण गर्ने,<br>• भू-सूचना शहरी पूर्वाधार सुचक तयार गर्ने,<br>• निर्माण सामग्रीको गुणस्तरको लागी पूर्वाधार प्रयोगशाला स्थापना गर्ने,<br>• सडकको लागी असफाल्ट प्लाान्ट स्थापनाको लागि अध्ययन गर्ने,<br>• पोटहोल प्याचिङ्ग भेहिकल प्रयोगमा ल्याउने,<br>• पूर्वाधार एम्बुलेन्स सञ्चालनमा ल्याउने,<br>• प्रमुख सडकहरुमा यूटिलिटी डक्ट निर्माण गर्ने,<br>• तारहरुको उचित व्यवस्थापन गर्ने,<br>• शेयर्ड इन्फास्ट्रक्चरको अवधारणा विकास गर्ने,<br>• अण्डरपास तथा ओभरहेड ब्रिज निर्माण गर्दै लग्ने,<br>• भौतिक संरचना निर्माण आचारसंहिता जारी गरी कार्यान्वयनमा ल्याउने,<br>• निजीमा पार्किङ गर्न प्रोत्साहन गरिने,<br>• पार्किङ्ग रूपको प्रयोग अनिवार्य गर्ने,<br>• सडकहरुको मौलिक नामाकरण गर्ने, |

| सि.नं. | विषयगत क्षेत्र | कार्यनीतिहरु/कार्यक्रमहरु |
|---|---|---|
| | | • घर नम्बर प्रणालीलाई व्यवस्थित गर्ने,<br>• कुरियर सेवामा मेट्रोपोष्ट सञ्चालन गर्ने,<br>• सेवा प्रवाहलाई होम डेलिभरीमा विकास गर्ने,<br>• सार्वजनिक/निजी परियोजना पहिचान गर्ने,<br>• मास पब्लिक ट्रान्सपोर्टको अवधारणा विकास गर्ने,<br>• ट्राफिक व्यवस्थापनमा सुधार ल्याउने,<br>• सवारीमा जिपिएस प्रणाली जडान गर्ने,<br>• Road Worthy Certificate जारी गर्ने,<br>• रात्रीकालीन सवारी साधनको व्यवस्थापन गर्ने, |
| ४ | **यातायात क्षेत्र** | • पार्किङ्ग एपको प्रयोग अनिवार्य गर्ने,<br>• भर्टिकल पार्किङ्ग व्यवस्था गर्ने,<br>• मास पब्लिक पासपोर्ट अवधारणा लागू गर्ने,<br>• ट्राफिक व्यवस्थापन र वन वे गर्ने,<br>• ठुला सवारीलाई अनुमती र नविकरण व्यवस्था मिलाइने,<br>• जि.पि.स. अनिवार्य गर्ने,<br>• सडकमा गुडाउन योग्य प्रमाणपत्र जारी गर्ने,<br>• रात्रीकालीन समय र सवारी ब्यवस्थापन गर्ने,<br>• Electronic भेहिकललाई बढावा दिने,<br>• चार्जिङ स्टेशनमा निजी क्षेत्रलाई प्रोत्सहान गर्ने, |
| ५ | **पर्यटन/सम्पदा** (मूर्त/अमूर्त) | • काठमाण्डौलाई ओपन एवं लाईभ म्यूजियम र क्रियटिभ सिटीको रुपमा विकास गरिने,<br>• सम्पदाहरुको डिजिटल अभिलेख राख्ने,<br>• सम्पदाहरुको मौलिक नामाकरण र नक्साङ्कन गर्ने,<br>• पर्यटकिय स्थल समेटी थिमवेष्ड टुरिज्मलाई प्रवर्द्धन गरिने,<br>• घरहरूको मोहडा लिच्छवी र मल्लकालीनशैलीमा प्रवर्द्धन गर्न प्रोत्सहान गरिने,<br>• बौद्धनाथ र स्वयम्भूलाई महानगरभित्र सञ्चालन गर्न कानूनी प्रवन्ध गर्ने,<br>• ऐतिहासिक सम्पदास्थलमा नो भेहिकल जोन बनाउने,<br>• नक्साललाई सम्पदा पदमार्गको रूपमा विकास गर्ने,<br>• न्यूरोड क्षेत्रमा राष्ट्रिय/अर्न्तराष्ट्रिय मापदण्ड अनुरुप फुटपाथ व्यवस्थापन गर्ने,<br>• वृहत हाडीगाउँ परियोजना तयार गर्ने,<br>• हाडीगाँउलाई विश्व सम्पदा सूचीमा नामङ्कन गर्न प्रोत्सहान गरिने,<br>• स्थानीय जात्रा/पर्व, परिकार, परम्पराको सरक्षण र सम्वर्दन गर्ने,<br>• कला, संस्कृति र सम्पदाहरुको यूनस्कोमा सूचिकरण गर्ने, प्रक्रिया शुरु गर्ने,<br>• कला, शिपको प्रवर्द्धन गर्न प्रत्येक दिन स्थान तोकेर मनोरञ्जन कार्यक्रम सञ्चालन गर्ने,<br>• चलचित्र, संगीत, कला, स्थानीय पेय पदार्थ परम्परागत खानालाई ब्राण्डिङ गर्ने,<br>• काठमाण्डौलाई फिल्म सिटीको रुपमा विकास गरी छायाङ्कनलाई उपयुक्त गन्तब्य बनाउने, |

| सि.नं. | विषयगत क्षेत्र | कार्यनीतिहरु/कार्यक्रमहरु |
|---|---|---|
| | | • वसन्तपुरदेखि स्वयम्भूलाई हेरिटेज वाल्कको रुपमा प्रवर्द्धन गर्ने,<br>• पर्यटकिय रुट पहिचान गर्ने, |
| ६ | **वातावरण/फोहर व्यवस्थापन सरसफाई** | • पोखरीहरुको निर्माण गर्न संभावित स्थानको पहिचान गर्ने,<br>• रिचार्ज काठमाण्डौ अभियान अन्तर्गत पानी सङ्कलन र पुर्नभरण गर्ने कार्यलाई प्राथमिकता दिने,<br>• ढुङ्गेधारा र परिसरको संरक्षण गर्ने,<br>• तिनकुनेको मुआब्जामा मनपा १/३ र नेपाल सरकार २/३ को रकम व्यर्होने गरी रकम व्यवस्थापन गर्ने,<br>• निजी र सार्वजनिक शौचालयको न्यूनतम मापदण्ड तय गरिने,<br>• निजी क्षेत्रले शौचालय निःशुल्क उपलव्ध गराएकोमा प्रोत्साहनको ब्यवस्था गर्ने,<br>• काठमाण्डौको खुला मंचलाई खुला गरिने,<br>• सार्वजनिक जग्गा अतिक्रमण रोक्ने,<br>• खुला क्षेत्रको विकास गर्ने, |
| ७ | **सुशासन तथा अर्न्तसम्बन्धित क्षेत्रहरु** | • खाद्य पदार्थको गुणस्तर सुनिश्चितता गर्दै एग्रोपुलिङ्ग मेट्रोमार्ट मार्फत विषादिरहित स्वच्छ फलफूल र तरकारी होम डेलीभरी हुने व्यवस्था मिलाउने,<br>• खाद्य पदार्थको गुणस्तरको नियमन कार्यलाई प्रभावकारी तुल्याउने,<br>• पशुपालनलाई अनुमती लिनुपर्ने ब्यवस्था गरिने,<br>• योजना तर्जुमा तथा कार्यान्वयनमा जनसहभागीताको सुनिश्चितताको लागी अनलाईन पोर्टल सञ्चालनमा ल्याउने,<br>• २० वर्षे रणनीतिक विकास मिसन, २१०० को अवधारणा विकास गरिने,<br>• काठमाण्डौलाई सूचना प्रविधि हबको रूपमा विकास गरिने,<br>• संभावित क्षेत्रलाई समेटी आईटी पार्कको रुपमा विकसित गर्न सभाव्यता अध्ययन गरिने,<br>• मेट्रो रिसर्च एण्ड इनोभेसन सेन्टर मार्फत उद्यमशिलता प्रवर्दन प्रविधि, भाषा, कला, संस्कृति, पर्यटन, स्याटेलाईट प्रविधि अध्ययन अनुसन्धान गर्ने कार्यलाई परिस्कृत गरिने,<br>• सिफारिसहरु र खरिद प्रक्रिया पूर्ण रुपमा सूचना प्रविधिमैत्री बनाइनेछ,<br>• सुरक्षण मुद्रण प्रविधि तथा सेक्यूरिटी सिलिङ्ग प्रयोगमा ल्याइनेछ,<br>• फोहोरलाई स्रोतमै वर्गिकरण गर्ने कानूनी व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ,<br>• फोहोरमैला शुल्क एकद्धार प्रणाली मार्फत सङ्कलन गर्ने व्यवस्था मिलाइने,<br>• फोहोरलाई फोर आर - Reduce Reuse, Reciele and Recover विधिबाट व्यवस्थापन गर्ने,<br>• ध्वनी प्रदुषण सम्बन्धी कानूनी व्यवस्था गरी कार्यान्वयन गरिने,<br>• प्रदुषण मापनमा स्याटेलाईट प्रविधि प्रयोगमा ल्याइने,<br>• प्लाष्टिकजन्य उत्पादन र प्रयोगलाई पूर्ण रुपमा प्रयोगमा निषेध गर्ने,<br>• सामुदायिक ढल प्रशोधन केन्द्रको विस्तार गरिने,<br>• ढल मिसावट नदीका ट्रिटमेन्ट प्लान्ट जडान गर्ने व्यवस्था अपनाउने,<br>• नदी किनारलाई चराचुरुङ्गी बासस्थानको रुपमा विकास गर्ने, |

| सि.नं. | विषयगत क्षेत्र | कार्यनीतिहरु/कार्यक्रमहरु |
|---|---|---|
| | | • ग्रीन रूफ प्रवर्द्धनका लागी घरधनीहरुलाई प्रात्साहित गरिने,<br>• विपद् व्यवस्थापन, विपद् जोखिम न्यूनिकरण, डुबान समस्यालाई दीर्घकालीन रुपमा समाधान गरिने,<br>• काठमाण्डौलाई विपद उत्थानशिल शहरको रुपमा रुपान्तरण गरिने,<br>• सामुदायिक आपतकालीन सञ्चालन केन्द्र सञ्चालनमा ल्याइनेछ,<br>• महानगरको भाषा, कला, संस्कृति तथा असल अभ्यासलाई विदेशमा रेप्लीकेट गर्न चाहेमा प्राविधिक सहयोग उपलब्ध गराईने,<br>• एकल सेवा केन्द्रलाई पूर्ण रुपमा सञ्चालनमा ल्याई वडा तहसम्म पुऱ्याइने । अत्यावस्यक सेवाको समय १६ घण्टा सम्म पुऱ्याउने,<br>• नतिजामा आधारित एकिकृत अनुगमनका लागि विद्युतीय प्रणालीको विकास गरिने, |

## काठमाण्डौ महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को क्षेत्रगत एवं कार्यक्रमगत प्राथमिकताहरु

(१) विकासको गतिलाई तिव्रता दिने,

(२) सोत र साधनको उच्चतम परिचालन गर्ने,

(३) समुन्नत अर्थतन्त्र निर्माणमा महानगरको गतिविधिहरु मार्फत योगदान गर्ने,

(४) लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई सेवा पुग्ने कार्यक्रम सञ्चालन गर्ने,

(५) सामाजिक सद्भाव तथा एकता अभिवा सघाउ पुरयाउने विषयहरु

(६) सीप र तालिमको अभिवृद्धिबाट रोजगारीको लागी विदेशिने दर घटाउने,

(७) खाद्य गुणस्तरलाई उच्च प्राथमिकता दिने,

(८) महानगरपालिकाको गौरबको योजना अन्तर्गत ढल रहित नदिनालालाई थप गरी ११ वटा गौरवका योजना कार्यान्वयनमा ल्याउने रहेको र यसको लागि रु.३ अर्ब ८० करोडको व्यवस्था गरेको,

(९) कपडा बैङ्क, थेमाटिक स्कूल, पोखरी मर्मत संरक्षण, फोहोरबाट मल, महानगर होमस्टेलाई थप गरी ३० वटा स्वर्णीम योजनाहरुको लागि रु.२ अर्वको बजेट व्यवस्था गरेको ।

# खण्ड ७.१

## महानगरपालिकाको कार्यक्रम र प्राथमिकताहरु

काठमाण्डौ महानगरपालिकालाई जनअपेक्षा अनुरूप विकासका चाहानालाई पुरा गर्न, स्थानीय सरकार र नागरिक बीच सुमधुर सम्बन्ध कायम गर्न, आधुनिक प्रविधि र मौलिक पहिचानबाट काठमाण्डौलाई समृद्ध, सुरक्षित एवं जीवन्त साँस्कृतिक शहर बनाउन देहाय बमोजिमको दिर्घकालीन सोच र प्राथमिकताहरु महानगरले लिएको छ ।

| सि.नं. | कार्यक्रम | प्राथमिकता |
|---|---|---|
| १. | **दीर्घकालीन सोच** | • "साँस्कृतिक शहर, समृद्ध महानगर" |
| २. | **रणनीतिहरू** | • काठमाण्डौको संस्कृति र सम्पदाको संरक्षण सम्बर्द्धन र प्रवर्द्धन गर्ने,<br>• आधुनिक सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गरी शहरलाई जिवन्त बनाउने,<br>• सांस्कृतिक पर्यटन, नव प्रवर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम सञ्चालन गर्ने,<br>• स्थानीय शासनमा जनसहभागीता अभिवृद्धि गर्दै उत्तरदायी र पारदशी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने<br>• काठमाण्डौलाई स्वच्छ, सफा, हरियाली तथा सुरक्षित र समुन्नत सहरकों रूपमा विकास गर्ने, |
| ३. | **प्राथमिकताहरु** | • सम्पदाको संरक्षण र सम्वर्द्धन<br>• वडा कार्यालयलाई सेवा प्रवाह कार्यालयको रुपमा विकास<br>• हरिभवनको प्रवलिकरण<br>• विद्युतिय सार्वजनिक सवारी यातायात<br>• पोखरी निर्माण/पानी पुर्नभरण<br>• महानगर उज्यालो कार्यक्रम<br>• डवलीहरुको पुर्नस्थापना र एमपी थियटर निर्माण<br>• सामूदायिक विद्यालयहरुको भौतिक पूर्वाधारमा गुणात्मक सुधार<br>• सि.सि.टि.भि फर डिजिटल अर्वान सेक्यूरिटी सिस्टम<br>• वसस्टपमा परम्परागत फल्चा निर्माण<br>• महानगरीय विपद् जोखिम नक्साङ्कन<br>• दमकल स्टेशनको विस्तार<br>• जेष्ठ नागरिक स्वास्थ्य परीक्षण र औषधी उपचार<br>• ई. गर्भनेन्स माष्टर प्लान<br>• आवधिक योजनाको अन्तिम रुप तयार गर्ने<br>• खेलकूद तथा पूर्वाधार विकास<br>• युवा केन्द्रीत महिला केन्द्रित सिप तथा स्वरोजगार कार्यक्रम<br>• लैससास सम्बन्धी कार्यक्रमहरु<br>• सार्वजनिक जग्गा संरक्षण |

| सि.नं. | कार्यक्रम | प्राथमिकता |
| --- | --- | --- |
| | | • शहरी यातायात कम्पनि स्थापना<br>• मेट्रो रेलको संभाब्यता अध्ययन<br>• शीत भण्डार निर्माण<br>• के.एम.सि मार्ट निर्माण तथा सञ्चालन<br>• नदि नियन्त्रण, हरियाली प्रवर्द्धन, विपद् व्यवस्थापन<br>• मृत जिव शवदाह निर्माण<br>• बडा वडामा मेलमिलाप केन्द्रको स्थापना<br>• वडा तहमा कानूनी परामर्श सहितको सहजता केन्द्र<br>• इन्द्रजात्रा विशेष कार्यक्रम<br>• वाजा संग्राहालय/कला सस्कृतिको संरक्षण न्यायीक समिति राष्ट्रिय सम्मेलन<br>• महानगर एप्लीकेशन<br>• एकिकृत सीप विकास कार्यक्रम शहरी स्वास्थ्य अवर्द्धन अविश्कार केन्द्र<br>• विद्यालय सीप कार्यक्रम |
| ४. | **क्षेत्रगत प्राथमिकताहरु** | |
| ४.१ | **सूचना तथा प्रविधि** | • ई. केएमसी गर्भनेन्स माण्टर प्लान तर्जुमा गरी कार्यान्वयनमा ल्याउने<br>• प्रवाहित सेवामा विद्युतिय सुशासन प्रवर्द्धन गरिने,<br>• महानगर डाटा बैङ्कको स्थापना गरिने,<br>• महानगर सञ्चार ऐन तर्जुमा गरिने,<br>• सार्वजनिक स्थलमा फ्रि वाईफाईको व्यवस्था मिलाउने,<br>• डिजिटल अर्वान सेक्यूरिटी सिष्टमका लागी सिसिटिभी जडान गरी प्रयोगमा ल्याउने<br>• साईवर सेल स्थापना गरी मानसिक, डिजिटल र सामाजिक दुरुत्सहान रोकथाम गर्ने, |
| ४.२ | **विपद व्यवस्थापन** | • दमकल जान नसक्ने स्थानमा प्रायर हाइड्रेष्ट/पोर्टेबल जडान गरिने,<br>• तालीम केन्द्रलाई स्तरोन्नती गर्ने,<br>• महानगरको विपद् जोखिम नक्साकन गरिने<br>• आगोबाट हुने जोखिम न्यूनिकरण गरिने,<br>• विद्यालयस्तरमा विपद् चेतना र अभ्यासलाई निरन्तरता दिने<br>• कल सेन्टरलाई स्तरोन्नती गरिने<br>• महानगर आपतकालिन सञ्चालन केन्द्रलाई थप प्रभावकारी बनाइने । |
| ४.३ | **सार्वजनिक निजी साझेदारी नीति** | • सार्वजनिक-निजी प्रारूपमा सञ्चालनमा रहेका परियोजनाहरुको अनुगमनको लागी एक अनुगमन संयन्त्रको गठन गर्ने,<br>• निजी - सार्वजनिक परियोजनाको पहिचान र कार्यान्वयन गरिने |
| ४.४ | **सहकारी सम्बन्धी नीति** | • सहकारीको दर्ता/नविकरणलाई विद्युतीय प्रणालीमा आवद्ध गरिने |

| सि.नं. | कार्यक्रम | प्राथमिकता |
|---|---|---|
| | | • वचत तथा ऋणको क्षेत्रमा जोखिम व्यवस्थापनको लागी अनुगमन संयन्त्र गठन र परिचालन गर्ने<br>• एकिकरण गर्ने कार्यलाई प्रोत्साहन गरिने,<br>• संकटग्रस्त सहकारीलाई सबैको समन्वयमा संस्थागत प्रवन्धको लागी सुधारका काय अगाडी बढाउने, |
| ४.५ | अन्तर्राष्ट्रीय सम्बन्ध | • भगिनी सम्बन्ध कार्यक्रमलाई निरन्तरता दिने<br>• स्वदेशी तथा विदेशी शहरसंग सम्बन्ध कायम गर्ने<br>• उपत्यकाका जात्रापर्वलाई अन्तर्राष्ट्रियकरण गर्ने<br>• साझा सवाल र सम्बन्धलाई सहकार्यको रुपमा अगाडी बढाउने । |
| ४.६ | शहरी विकास तथा भवन मापदण्ड सम्बन्धी नीति | • पुराना भवनको हाउसपुलिङ्ग प्रबन्ध गरिने,<br>• विद्युतीय भवन अनुमति प्रणाली प्रबन्ध गर्ने<br>• डिजिटल हस्ताक्षरलाई कार्यान्वयनमा ल्याउने<br>• भुमिगत तलालाई पार्किङ्गमा लागू गरिने<br>• निर्माणमा अनुगमन संयन्त्र प्रभावकारी बनाउनृ<br>• मेट्रिक ठेगाना प्रणाली र क्यूआर कोड आवद्ध गरिने<br>• भू-उपयोग योजना तयार गरी लागु गरिने<br>• नक्सापास नभएकालाई १ वर्षभित्र नक्सापासको लागि आव्हान गर्ने<br>• सार्वजनिक तथा निजी भवनको जोखिम न्यूनीकरण गर्न विमा गराउने गर्ने |
| ४.७ | कृषि सन्बन्धी नीति | • स्थानीय समुदायलाई करेसावारी, कौसी खेती, र भर्टिकल गार्डन तथा माटो विनाको खेतीलाई प्रोत्साहन गरिने<br>• अर्गानिक कृषि खेतीको लागी आवश्यक प्रवन्ध मिलाइने<br>• तरकारी र फलफूलको आपूर्तिको लागी शीतभण्डारको स्थापना गरिने,<br>• खाद्य वस्तुको गुणस्तर परीक्षण गरिने<br>• के.एम.सि. मार्ट संचालन गरी प्रयोगमा ल्याउने, |
| ४.८ | पशु स्वास्थ्य सम्वन्ध नीति | • पशुजन्य व्यवसायको अभिलेखीकरण र पशुपक्षी दर्ता<br>• कान्जीहाउस निर्माण गरी छाडा तथा सामुदायिक पशु व्यवस्थापन गर्ने<br>• मासुजन्य पदार्थको विक्री वितरणको मापदण्ड तयार गरी लागू गर्ने,<br>• मृत जिवजन्तु दाहसंस्कारको लागी शवदाह गृह बनाउने<br>• छाडा तथा सामुदायिक, घरपालुवा, रोगी, घाईते पशुपंक्षीहरुलाई उपचार गर्ने तथा वन्ध्याकरण गर्ने |
| ४.९ | सामाजिक विकासंग सम्बन्धित नीति | • गैरसरकारी संस्था मार्फत गरिने क्षेत्रगत सामाजिक कार्यलाई प्रतिस्पर्धाको माध्यमबाट सञ्चालन गरिने,<br>• महिलाले सञ्चालन गर्ने व्यवसायको लागी विउँपूजी र तालीम प्रदान गर्ने,<br>• महिला जागरण, वित्तीय तथा कानूनी साक्षरता सशक्तिकरणका कार्यक्रमहरु वडा तहबाट समेत संचालन गर्ने, |

| सि.नं. | कार्यक्रम | प्राथमिकता |
|---|---|---|
| | | • वाबुआमा विहिन वालवालिकाको संरक्षणको लागी विशेष कार्यक्रम सञ्चालन गरिने,<br>• विपन्न र दलित र आदिवासी अपागता भएका नागरिकलाई विशेष संरक्षणको कार्यक्रम सञ्चालन गरिने<br>• बाल संरक्षण गृहमा रहेका बालबालिकाहरुलाई परिवारमा पुर्नमिलन गराउने<br>• मानव आश्रमको ब्यवस्था, भिख माग्ने र माग्न लगाउन कार्यलाई पूर्णतः निषेध गर्ने,<br>• २०७५ आषाढमा ७५ वर्ष पुगेका जेष्ठ नागरिकलाई थप भत्ता रु.१२ हजार प्रोत्साहन गरिने ।<br>• ६८ वर्ष नाघेका नागरिकको घरमा गई उपचार गर्ने तथा स्वास्थ्य परीक्षण गर्ने<br>• जेष्ठ नागरिकको ज्ञान, सीप, अनुभव हस्तान्तरण/पुस्तान्तरण<br>• जेष्ठ नागरिकमा देखापर्ने विशेष रोगको उपचार गर्ने<br>• क वर्गका पूर्ण अशक्तको लागि थप वार्षिक रु.१२ हजार प्रदान<br>• अपाङ्गताको लागि सीप तथा कार्यक्रम<br>• मनमोहन जेष्ठ नागरिक सम्मान<br>• कोशेलीघर मार्फत खरिदबिक्री (स्थानीय उत्पादन)<br>• संघसंस्था अनुदान उपलब्ध गराइने |
| ४.१० | कानून तथा मानव अधिकार सम्बन्धी नीति | • वडाका मेलमिलाप केन्द्रलाई स्तरोन्नती र विवाह दर्ता गर्ने<br>• न्याय सम्पादनलाई सूचना प्रविधिमा आवद्धता गर्ने<br>• मानव अधिकार योजना कार्यान्वयन संस्थागत प्रवन्ध गर्ने<br>• कानून निर्माण, संशोधन, परिमार्जन र एकिकरण गरिने<br>• ऐन, कानून, कार्यविधि, निर्देशिका तर्जुमा गरी जारी गरिने<br>• न्यायीक समितिको राष्ट्रिय सम्मेलन गर्ने,<br>• कानूनी परामर्श सेवा प्रदान गर्ने |
| ४.११ | सिप विकास तथा उद्यमशिलता | • नविन सोच र प्रविधि प्रतिको आर्कषणमा राष्ट्रिय अविस्कार केन्द्रसंग सहकार्य गर्ने,<br>• सीप प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,<br>• उद्यमीलाई प्रोत्साहन र छूट सहूलियतको व्यवस्था<br>• क्यारियर परामर्श कक्षा<br>• रात्रीकालीन व्यवसाय र सुरक्षा<br>• स्थानीय उत्पादन र अर्गानिक खाद्य वस्तु व्यवस्था |
| ४.१२ | खेलकूद सम्बन्धी नीति | • खेलमैदान पूर्वाधार विकास गर्ने<br>• खेलकूद तथा अन्य कार्यक्रममा बैङ्कको CSR अवधारणा कार्यान्वयनमा ल्याउने |

| सि.नं. | कार्यक्रम | प्राथमिकता |
| --- | --- | --- |
| | | • क्लव संघसंस्था बीच खेलकूद प्रतियोगिता आयोजना गर्ने<br>• अन्तर नगर खेलकूद, सहासिक खेल आयोजना<br>• फ्लड लाइट व्यवस्थापन, प्रशिक्षण केन्द्र स्थापना गर्ने । |
| ४.१३ | राजस्व र वित्त सम्बन्धी नीति | • Integrated Taxpayer-Application बनाउने,<br>• राजस्व प्रशासनलाई न्यायोचित र पारदर्शी बनाउने,<br>• राजस्व प्रणालीलाई करदातामैत्री बनाउने,<br>• राजस्व अनुगमन टोली गठन गर्ने,<br>• करका दरको पुनरावलोकन गर्ने,<br>• कर छुटलाई पुनरावलोकन गर्ने,<br>• अग्रिम कर तिर्ने वातावरण मिलाउने,<br>• अनलाईन प्रणालीलाई थप ब्यवस्थित गर्ने,<br>• विगतमा रहेको मनपा ऋण तिरी सुन्य बनाउने,<br>• बहुतले भवनको सम्पत्तिकरणमा पुनरावलोकन गर्ने,<br>• विज्ञापन सामग्रीको आवश्यक प्रबन्ध मिलाउने,<br>• स्वदेशी/विदेशी चलचित्र नाटकलाई प्रोत्साहन गर्ने, |
| ४.१४ | शहरी यातायात सम्बन्धी नीति | • खुला प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक विधिबाट पार्किग व्यवस्थापन पर्ने,<br>• सार्वजनिक सवारी साधनमा GPS Tracking system CCTV जडान गर्ने<br>• Vertical parking निर्माणका लागि निजी क्षेत्रलाई सहुलियत प्रदान गर्ने<br>• भूमिगत पार्ङ्गिगमा जोड दिने<br>• उपत्यकामा चल्ने सार्वजनिक यातायात एउटै मूनी सञ्चालन गर्ने, |
| ४.१५ | संस्थागत विकास र सुशासन नीति | • पदाधिकारी तथा प्रशासनिक एकाईहरुको कार्य विवरण कार्यान्वयनमा प्रभावकारिता ल्याउने,<br>• मानव संसाधन नीति तथा कार्यान्वयन गरिने,<br>• मनपा वा सबै कार्यालयमा सि.सि.टि.भि जडान गरिने र निगरानी बढाउने, ठुला संरचना निर्माणमा संभाब्यता अध्ययन गरिने,<br>• सार्वजनिक सुनुवाई गर्ने (केन्द्र र वडा तह),<br>• क्षमता स्वमूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गर्ने,<br>• महानगर दिवस सम्मान/पुरस्कार प्रदान गरिने<br>• सेवालाई होम डेलीभरीमा रुपान्तरण गर्दै लगिने,<br>• खरिद प्रक्रियामा प्रतिस्पर्धा अपनाउने,<br>• महानगर ई.लाइब्रेरी स्थापना गर्ने<br>• वस्ती व्यवस्थित गर्ने, आवधिक योजना (७९-८४) तयार गर्ने । |
| ४.१६ | फोहोर ब्यवस्थापन तथा प्रदुषण नियन्त्रण नीति | • फोहरको स्रोतमानै वर्गिकरण गर्ने, ३ प्रकारका वेष्टविन उपलब्ध गराउने,<br>• Zero waste अवधारणा कार्यान्वयनमा ल्याउने |

| सि.नं. | कार्यक्रम | प्राथमिकता |
|---|---|---|
| | | • Waste to Energy plant स्थापना गर्ने,<br>• संकलन र ढुवानीमा प्रतिस्पर्धा अपनाउने,<br>• ४० माइक्रोनभन्दा कमीको प्लाष्टिक नियन्त्रण गर्ने,<br>• स्वच्छ वातावरणको लागी आवस्यक कार्यक्रम गर्ने,<br>• एकघर एकरुख अभियान सञ्चालन गरिने,<br>• सार्वजनिक जग्गाको लगत राखिने,<br>• बिद्युतिय सवारीलाई पार्किङ्गमा छुट दिने,<br>• फोहर विसर्जनको थप ५ स्थान पहिचान र प्रवन्ध गरिने |
| ४.१७ | **संस्कृति सम्पदा तथा पर्यटन सम्बन्धी नीति** | • सम्पदाको क्षेत्र संरक्षण गर्ने<br>• अमूर्त सम्पदाहरु UNESCO मा दर्ताको लागि अघी बढ्ने,<br>• काठमाडौंको सांस्कृतिक प्रोफाईल तयार गर्ने,<br>• विद्युतिय रिक्साबाट सेवा प्रवन्ध मिलाउने,<br>• सार्वजनिक सम्पत्तिको नाम र संकेत राख्ने,<br>• इन्द्रजात्रालाई विश्वमा चिनाउन निरन्तरता दिने,<br>• सम्पदा प्रहरीको अवधारण अगाडी बढाइने,<br>• सम्पदाको निर्माण, संरक्षण, पहिचान गर्ने गराउने |
| ४.१८ | **पूर्वाधार विकास** | • भौतिक पूर्वाधारको डिजिटल प्रोफाइल तयार गर्ने,<br>• पूर्वाधार एम्वुलेन्स सेवालाई विस्तार र निरन्तरता दिने,<br>• वडा भवन निर्माणलाई प्राथमिकता दिने<br>• फुटपाथलाई यात्रीमैत्री बनाउने,<br>• बसस्टपमा शौचालय सुविधा दिने,<br>• खाली जग्गाका पानी पूर्णभरण गर्ने,<br>• ढल प्रशोधन केन्द्र स्थापना गर्ने,<br>• महानगर उज्यालो कार्यक्रमलाई प्राथमिकता दिने,<br>• मेट्रो संभाव्यता अध्ययन, १६ खुट्टेका मण्डला निर्माण,<br>• पार्कको संरक्षण तथा निर्माण,<br>• जग्गा एकिकरण आयोजना,<br>• नमूना वस्ती विकास |
| ४.१९ | **शिक्षा सम्बन्धी नीति** | • महानगर शिक्षा सुधार योजना तर्जुमा गरिनेछ,<br>• एक विद्यार्थी एक सीपमा स्वरोजगार जनशक्ति तयार गर्ने,<br>• कक्षा १-८ नेपाल भाषाको अध्यापन गराउने<br>• बढी आय भएका विद्यालयको रकम ट्रान्सफर गरी कम आय भएका विद्यालयलाई वितरण<br>• १३ प्राविधिक विषयका कक्षा सञ्चालन गर्ने,<br>• अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरुसँग सहकार्य गरिने,<br>• अन्तर्राष्ट्रिय शैक्षिक संस्थाहरुसँग सहकार्य गरिने,<br>• असल अभ्यास शिक्षण सिकाई आदान प्रदान गरिने,<br>• नवप्रवर्तन विषयहरु कक्षा ८-१२ सम्मको पाठ्यक्रममा समावेश गरिने,<br>• विद्यालयमा स्वास्थ्य जाँच गरिने |

| सि.नं. | कार्यक्रम | प्राथमिकता |
|---|---|---|
| | | • शिक्षण सिकाई आदान प्रदान गर्ने<br>• दरबार हाईस्कूल र कन्या मन्दिर विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने |
| ४.२० | **स्वास्थ्य सम्बन्धी नीति** | • महानगर जनस्वास्थ्य ऐन जारी गरिने,( जनस्वास्थ्य ऐन २०८० जारी)<br>• शहरी स्वास्थ्य क्लिनिकलाई शहरी स्वास्थ्य केन्द्रमा रुपान्तरण गरिने,( २०८०।०८१ मा शहरी स्वास्थ्य केन्द्रमा रुपान्तरण<br>• करदातालाई स्वास्थ्य विमा गर्न प्रवन्ध मिलाइने,<br>• नागरिक आरोग्यता मार्फत निरोगी बन्न प्रोत्साहित गरिने<br>• क्यालोरीमा आधारित उपभोग प्रणाली लागू गर्ने,<br>• धूम्रपान तथा सुर्तिजन्य पदार्थ नियन्त्रण गर्ने,<br>• विशेषज्ञ चिकित्सक सेवाका सर्वसाधारण नागरिकको पहुंचमा वृद्धि गर्ने,<br>• अस्पतालमा निःशुल्क वेड सुविधाको प्रबन्ध मिलाउने,<br>• स्वास्थ्य संस्थाको अभिलेख व्यवस्थित गरिने,<br>• आर्युवेद उपचार पद्धतिलाई प्रवर्द्धन गने,<br>• निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने |

# खण्ड ८

## महानगरीय नीति तथा कार्यक्रम उपलव्धीगत स्थिति २०८१।८२

महानगरबाट कार्यान्वयनमा ल्याइएका नीति तथा कार्यक्रम बमोजिमको क्षेत्रगत रुपमा आन्तरिक स्रोत, क्रियाकलापको उपलव्धीगत समीक्षात्मक टिप्पणी २०८१।८२ निम्न रहेको छ :

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलव्धीगत समीक्षा |
|---|---|---|---|
| १ | शहरी योजना आयोग | • कूल ५८ वटा क्रियाकलाप वार्षिक रुपमा निर्धारण भएको,<br>• पदाधिकारी, विज्ञ, कर्मचारीको पारिश्रमिक, सुविधामा खर्च भएको,<br>• श्रम बैक मार्फत जनशक्ति व्यवस्थापनमा रु.२ करोड १६ लाख ९९ हजार खर्च गरेको,<br>• Internship कार्यक्रममा रु.१६ लाख ३६ हजार खर्च भएको,<br>• EBPS मापदण्ड र भवन आचारसंहिता गोष्ठी भएको,<br>• नीति सम्बन्धी कार्यक्रम सम्पन्न गरेको,<br>• क्यारियर क्याम्प, स्थलगत नापजाँच तथा सर्वे, बैठक सञ्चालन तथा आकस्मिक कार्यमा खर्च गरेको,<br>• फर्निचर खरिद गरेको । | • ५८ क्रियाकलापमध्ये १२ वटा क्रियाकलापमा मात्र बजेट व्यवस्था अनुरुप खर्च भएको बाँकी ४६ वटा क्रियाकलापमा बजेट खर्च सून्य देखिएको,<br>• अनुसन्धानात्मक क्रियाकलाप, ICI सामग्री, सेटेलाइट, रोवोटिक तालमि, डिजिटल लाइब्रेरी आदिमा खर्च नभई वित्तीय प्रगति नदेखिएको । |
| २. | हनुमानढोका दरवार क्षेत्र संरक्षण कार्यक्रम | • कुल ३३ वटा वार्षिक रुपमा खर्च लेखाङ्कन क्रियाकलाप निर्धारण भएकोमा ४ कार्यक्रम बाहेक सबै खर्च शीर्षकमा खर्च भएको,<br>• अन्य सार्वजनिक निर्माणमा रु.१० करोड १५ लाख बजेटमा रु.३ करोड ६० लाख मात्र खर्च भएको,<br>• पर्यटन सेवा शुल्क बाँडफाँड रु.३ करोड देखिएको,<br>• संघसंस्था कार्यक्रम सहयोग रु.२ करोड रहेको,<br>• धार्मिक साँस्कृतिक सहायता अन्तर्गत रु.१ करोड २० लाख खर्च भएको । | • बजेटको व्यवस्था अनुरुप वित्तीय प्रगति प्राप्त गर्न आवश्यक देखिएको,<br>• सूचना प्रणाली तथा सफ्टवेयर निर्माण तथा अन्य विकासका कार्यक्रम सञ्चालन गरिनुपर्ने,<br>• सार्वजनिक निर्माणमा वित्तीय खर्च प्रगति ५० प्रतिशतभन्दा न्यून देखिएकोले सुधार गर्नुपर्ने । |
| ३ | अन्तर्राष्ट्रिय सम्बन्ध सचिवालय | • क्रियाकलापको लागि व्यवस्था भएको बजेटममा २ क्रियाकलापमा खर्च नभएको स्थिति छ ।<br>• भगिनी शहर, कर तथा शुल्क, सदस्यता शुल्क भुक्तानी, अनुभव आदान प्रदान, भगिनी सम्बन्ध विस्तार तथा सहकार्य, इन्द्रजात्रा अवलोकन भ्रमण, स्वागत, उपहार, विदाई कार्यक्रम सम्पन्न भएको । | • सम्बन्ध विस्तारमा गर्नुपर्ने कार्यशाला गोष्ठी एवं मेयर उपमेयर र प्रमुख प्रशासकिय अधिकृत फोरम सञ्चालनमा व्यवस्था भएको रु.२० लाख बजेट खर्च नभई वित्तीय प्रगति सून्य देखिएको । |

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलब्धीगत समीक्षा |
|---|---|---|---|
| ४ | **कानून तथा मानव अधिकार** | • १७ क्रियाकलाप निर्धारण गरेकोमा ३ क्रियाकलाप सञ्चालन नगरेको, | • न्याय चौतारी कार्यक्रम कार्यान्वयनमा ५० प्रतिशत भन्दा कम खर्च भएको,<br>• सूचनाको हक प्रवर्द्धन कार्यक्रम सञ्चालन नभएको, |
| ५ | **खरिद व्यवस्थापन** | • खरिद व्यवस्थापनमा क्षमता अभिवृद्धिको लागि रु.१० लाख तथा खरिद सम्बन्धी सचेतना एवं अभिमुखीकरण कार्यक्रमको लागि रु.३५ लाख समेत रु.४५ लाखको बजेटमा खर्च नभई सून्य वित्तीय प्रगति देखिएको । | • खरिद सम्बन्धी जनशक्ति क्षमता विकास र सचेतना एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी खरिद व्यवस्थापनलाई स्तरिय अभ्यासीकरण गर्न आवश्यक देखिएको । |
| ६ | **प्रशासन विभाग** | • प्रशासन विभाग अन्तर्गत उपभोग, कार्य सञ्चालन, पूँजीगत, अनुदान लगायत ८५ वटा क्रियाकलापमध्ये २३ वटा क्रियाकलापमा खर्च भएको पाइएन,<br>• जग्गा अधिग्रहणको रु.३ करोड ५० लाखको कार्यमा प्रगति नदेखिएको<br>• सेक्यूरिटी प्रेसको व्यवस्था नभएको । | • स्वर्णीम अवकास कार्यक्रम, सेक्यूरिटी पेपर छपाई, जनप्रतिनिधि, अभिमुखीकरण, सूचना प्रणालीको स्थापना, सामाजिक परीक्षण, सार्वजनिक सम्पत्ति पहिचान र अभिलेख खर्च, सेक्यूरिटी मेशिन खरिद, जग्गा अधिग्रहण लगायतका क्रियाकलाप सञ्चालन भएको पाइएन, |
| ७ | **प्रहरी बल** | • वार्षिक रुपमा १८ वटा क्रियाकलाप निर्धारण भएकोमा ८ क्रियाकलापमा खर्च सून्य देखिएको, | • शहरी सुव्यवस्थापन, ट्राफिक व्यवस्थापन, पार्किङ्ग नियन्त्रण, QRT परिचालन, स्ट्याण्ड रंगरोगन लगायतका कार्यमा प्रभावकारीता ल्याउनुपर्ने । |
| ८ | **योजना अनुगमन तथा मूल्याङ्कन** | • कुल ६ क्रियाकलापमध्ये २ क्रियाकलापमा खर्च भएको पाइएन, | • अनुगमनका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता, विकास तथा मूल्याङ्कन पद्धतिको विकास गर्नुपर्ने<br>• एकिकृत अनुगमन प्रणालीलाई प्रभावकारी तुल्याउनुपर्ने,<br>• बजेट तर्जुमा तथा तयारी कार्यलाई लैंङ्गिक मैत्री बनाइनुपर्ने,<br>• प्रयोगशाला परीक्षणलाई विस्तार गर्नुपर्ने । |
| ९ | **राजस्व विभाग** | • विभागको लागि वार्षिक रुपमा १६ क्रियाकलाप निर्धारण भएकोमा १२ क्रियाकलापमा खर्च भएको पाइएन,<br>• ई रेन्टल मोबाईल एम, SUTRA तालिम, कर तथा गैरकर गोष्ठी, कर सचेतना, एजेन्सी सूचिकरण, ईरेन्टल अनुगमन, कर तथा गैर | • कर तथा गैरकर राजस्व असुलीको दायरा विस्तार गर्न अनुगमन खोज प्रणालीको विकास गर्नुपर्ने, राजस्व सम्बन्धी तथ्याक सकलन गर्नुपर्ने, इरेन्टल एप तथा अनुगमनलाई प्रभावकारी |

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलब्धीगत समीक्षा |
|---|---|---|---|
| | | कर सम्बन्धी तथ्याङ्क सङ्कलन लगायतका कार्यक्रम सञ्चालन नभई रु.१ करोड ९७ लाखको बजेट खर्च सून्य देखिएको । | तुल्याउनुपर्ने कर सचेतना र सङ्कलनलाई बढाइनुपर्ने स्थिति देखिएको छ । त्यस्तै करदाता शिक्षा प्रणालीको विकास गरी कर तिर्न प्रोत्साहन गरिनुपर्ने । |
| १० | **वातावरण विभाग** | • वार्षिक रुपमा १०९ वटा क्रियाकलाप निर्धारण भएकोमा ४५ वटा क्रियाकलाप सञ्चालन भएको पाइएन,<br>• फोहोर सम्बन्धी उपकरण तथा सवारी साधन वापत छुट्याइएको रु.३५ करोडमध्ये करिव रु.५ करोड मात्र खर्च भएको,<br>• मेशिनरी औजार खरिदमा समेत कार्य सम्पादन कमजोर देखिएको,<br>• पूर्वाधार निर्माणमा वित्तीय प्रगति न्यून रहेको,<br>• क्रमागत कार्यक्रमको प्रगतिमा सुधार नदेखिएको । | • कार्यक्रम सञ्चालनमा प्रभावकारीता ल्याउनुपर्ने,<br>• भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने,<br>• क्रमागत योजनाहरु समयमै सम्पन्न गर्नुपर्ने,<br>• औजार, उपकरण तथा आवश्यक ढुवानी र सवारीहरु व्यवस्थापन गर्नुपर्ने । |
| ११ | **वित्त विभाग** | • वार्षिक रुपमा ९ वटा कार्यक्रम क्रियाकलापमध्ये १ क्रियाकलाप सञ्चालन भएको पाइएन,<br>• केन्द्रीयस्तर क्रमागत योजना तथा कार्यक्रमहरु (पूर्वाधार बाहेक) मा ६३.६९ प्रतिशत मात्र भुक्तानी देखिएको,<br>• भुक्तानी बाँकी कार्यक्रममा ६६ प्रतिशत प्रगति देखिएको | • भुक्तानी हुन बाँकी हिसाव फछ्र्यौट गर्नुपर्ने,<br>• क्रमगत भुक्तानी स्थितिमा सुधार ल्याउनु पर्ने,<br>• ऋण तथा साँवा हिसावको समायोजन विवरण तयार गर्नुपर्ने,<br>• बेरुजू फछ्र्यौट सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्ने । |
| १२ | **विपद व्यवस्थापन** | • वार्षिक रुपमा कुल ३७ वटा क्रियाकलाप निर्धारण भएकोमा २० वटा कार्यक्रम सञ्चालन भई खर्च भएको पाइएन,<br>• वडा विपद प्रतिकार्य स्वयमसेवक तालिम सञ्चालन,<br>• अग्नि नियन्त्रण तालिम,<br>• खुला क्षेत्र मार्ग सङ्केत,<br>• विद्यालय स्तरिय विपद व्यवस्थापन तालिम सञ्चालन नभएको,<br>• विपद सम्बन्धी वारुणयन्त्र, ड्राइराइजर, सवारी साधन, भ्यान, आदि खरिद नभएको,<br>• आकाशे पानी सङ्कलन कार्य तथा बोरिङ्ग कार्य नभएको । | • विपद सम्बन्धी विभिन्न प्रकारका सहयोग सामग्रीहरु खरिद तथा व्यवस्थापन गरी सञ्चय गर्नुपर्ने,<br>• कार्यक्रम पूर्ण रुपले सञ्चालन गरी कार्यान्वयनमा ल्याउनुपर्ने,<br>• विपद सम्बन्धी विभिन्न तालिम कार्यक्रमलाई अगाडी बढाउनु पर्ने,<br>• विपद प्रतिकार्यमा प्रयोग हुने उपकरणहरु खरिद व्यवस्थापन हुनुपर्ने । |
| १३ | **शिक्षा विभाग** | • वार्षिक रुपमा शिक्षा सम्बन्धी कुल ११४ कार्यक्रम तथा क्रियाकलाप निर्धारण भएकोमा ६९ वटा क्रियाकलाप सञ्चालन भएको पाइएन, | • निर्धारण गरिएको क्रियाकलापबाट पूर्ण रुपमा वार्षिक प्रगतिमा सुधार ल्याउनुपर्ने, |

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलव्धीगत समीक्षा |
| --- | --- | --- | --- |
| | | • शिक्षा सम्बन्धी क्रमागत योजनामा रु.२१ करोड ५३ लाख बजेट व्यवस्था भएकोमारु.२ करोड ७ लाख अर्थात ९.६४ प्रतिशत मात्र खर्च भएको,<br>• दिवाखाजा सफ्टवेयर निर्माण, डिजिटल शिक्षण सिकाई सुचना प्रविधि मैत्री विद्यालय निर्माण, सुन्दर विद्यालय कार्यक्रम कार्यान्वयन, डिजिटल शिक्षण सिकाई प्रविधिमैत्री विद्यालय निर्माण, शिक्षामा सीप कार्यक्रमको लागि ल्याव निर्माण, ल्याव निर्माण विद्यालय अनुदान, नेटवर्किंग र सिसिटिभि अनुदान, शिक्षामा सीप कार्यक्रमको लागि अनुदान जस्ता कार्यक्रम सञ्चालन भई भुक्तानी भएको देखिएन ।<br>• विशेष शिक्षा अनुदान, प्रयोगशाला अनुदान, स्काउट तालिम तथा पोशाक अनुदान, धार्मिक विद्यालय सञ्चालन अनुदान, शिक्षक कर्मचारी क्षमता अभिवृद्धि तालिम, महानगरिय शैक्षिक खेल महोत्सव, पेडागोजी सिकाई कार्यक्रम, विशेष शिक्षामा शिक्षकहरुको क्षमता विकास कार्यक्रम सञ्चालन भएको पाइएन ।<br>• कलेज अफ एजुकेशन, जी.टु.जी. कार्यक्रम नभएको,<br>• विद्यालय स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, क्षिामा सीप सम्बन्धी शिक्षक क्षमता विकास तालिम कार्यक्रम, पुस्तकालय सुदृढीकरण कार्यक्रम, राष्टिय तथा अन्तर्राष्टिय शैक्षिक सम्मेलन, नतिजा सुधार विज्ञ व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन नभएको,<br>• ११ जना नर्स व्यवस्थापन, विद्यालय निर्माणमा गुरुयोजना निर्माण, मनोसामाजिक परामर्श, विद्यालय परीक्षण पाठ्यक्रम निर्देशिका छपाई, मा.वि.मा व्यवस्थापन अनुदान, आदि कार्यक्रमहरुमा प्रगति नदेखिएको । | • शिक्षक/विद्यालय, सम्बन्धी विभिन्न प्रकारका अनुदान भुक्तानीलाई सक्रिय तुल्याउनु पर्ने,<br>• विद्यालय भौतिक पूर्वाधार कार्यलाई थप सवलीकरण गर्नुपर्ने,<br>• सप्टवेयर, डिजिटाइजेशन, सूचना मैत्री, ल्याव, सीप सम्बन्धी कार्यक्रम सञ्चालन गरी शिक्षालाई सहज र सुढृदीकरणमा जोड दिनुपर्ने,<br>• शिक्षककर्मचारीको क्षमता विकासमा जोड दिनुपर्ने,<br>• विद्यालयको सबैप्रकारको क्षेत्रको परीक्षण गरी मूल्याङ्कन गर्ने परिपाटी बसाउनुपर्ने,<br>• अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने,<br>• बाहिरी स्रोत व्यवस्थापन, विज्ञ व्यवस्थापन लगायतका कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्ने । |
| १४ | **सम्पदा** | • १८२ वटा वार्षिक रुपमा कार्यक्रम/क्रियाकलाप निर्धारण गरेकोमा ७४ वटा क्रियाकलापमा वित्तीय प्रगति सून्य देखिई खर्च भएको पाइएन,<br>• सम्पदा सम्बन्धी विज्ञ तथा परामर्श सेवा नलिएको,<br>• बालबालिकामा नेपाल भाषाको गित प्रतियोगिता, पर्यटक सूचनापाटी खरिद तथा | • सम्पदा सम्बन्धी विज्ञ तथा परामर्श सेवा लिई सम्पदाको संरक्षण, जडान तथा मर्मत गर्नुपर्ने,<br>• पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने,<br>• अमूर्त सम्पदामा खर्च बढाउनु पर्ने, |

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलव्धीगत समीक्षा |
|---|---|---|---|
| | | जडान, संघसंस्थाको सहकार्यमा पर्यटन प्रवर्द्धन कार्यक्रम नभएको,<br>• Made in Kathmandu को ब्राण्डिङ्ग कार्य, पर्यटकियस्थलको म्यापीङ्ग कार्य, साँस्कृतिक कार्यक्रमको पात्रो निर्माण कार्य पुरा नभएको,<br>• विभिन्न अमूर्त सम्पदा संरक्षणमा न्यून खर्च देखिएको,<br>• सम्पदा निर्माण, मर्मत तथा संरक्षणमा विनियोजित बजेटको उपयोग कमजोर रहेको । | • सम्पदाको निर्माण, मर्मत तथा संरक्षणमा बाँडफाँड भएको बजेट पूर्ण रुपमा खर्च गरी प्रगति प्राप्त गर्नुपर्ने । |
| १५ | **सहकारी** | • वार्षिक रुपमा १६ वटा क्रियाकलाप निर्धारण भएकोमा ९ वटा क्रियाकलापमा सून्य वित्तीय प्रगति देखिएको,<br>• मेट्रोमार्ट ब्रोसर, मार्ट अभिमुखीकरण निश्क्रिय सहकारी व्यवस्थापन समिति खर्च, मेट्रोमार्ट सञ्चालनका कार्यक्रमहरु, मेट्रो पोष्ट कार्यक्रम, मेट्रोमार्ट योजना तथा एप प्रणाली तयारी लगायतका कार्यमा व्यवस्था गरेको बजेट खर्च गरेको नदेखिएको,<br>• कागजात डिजिटाईज गर्ने कार्यको वित्तीय प्रगति सून्य देखिएको । | • निर्धारित कार्यक्रम तथा क्रियाकलाप पूर्ण रुपले सञ्चालनमा ल्याउनुपर्ने,<br>• सहकारी व्यवस्थापनमा सुधार ल्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने,<br>• समस्याग्रस्त सहकारी व्यवस्थापनमा सहयोग पुऱ्याउनुपर्ने,<br>• मेट्रोमार्ट योजना तथा कार्यान्वयनलाई प्रवलीकरण गर्नुपर्ने । |
| १६ | **शहरी व्यवस्थापन** | • वार्षिक रुपमा कुल २६ वटा क्रियाकलाप निर्धारण भएकोमा १९ वटा क्रियाकलापमा खर्च भएको पाइएन,<br>• सेड नेटवर्क मोवाइल एप, भू-सूचनामा आधारित पूर्वाधार सूचक तयारी, श्रम बैङ्कबाट जनशक्ति परिचालन, सर्भेक्षक अभिमुखीकरण, टोल विकास संस्थाहरुको क्षमता विकास कार्यक्रमहरु सञ्चालन भएको पाइएन,<br>• सुरक्षित जीवन, सुरक्षित भवन कार्यक्रम, रोड सेफ्टि अडिट, सूचक उपलव्धी मापन, स्मार्ट टोल अभिमुखीकरण कार्यक्रम, ट्राफिक साइन व्यवस्थापन, कनभेक्स मिरर, रात्रिकालिन सवारी, टो टक व्यवस्थापन, रोड फर्निचर लगायतका कार्यक्रम सञ्चालनमा आएको पाइएन । | • कार्यक्रम कार्यान्वयनमा सवलता ल्याउनुपर्ने,<br>• रोट नेटवर्क मोवाइल एप प्रयोगमा ल्याउनु पर्ने,<br>• ट्राफिक साइ, रोड फर्निचर, पूर्वाधार सूचक जस्ता कार्यक्रम कार्यान्वयन गरिनुपर्ने,<br>• टोल विकास संस्थासंगको सहकार्य र क्षमता विकाससंग बढाउनुपर्ने,<br>• रोड सेफ्टी अडिट गरिनुपर्ने,<br>• सुरक्षित जीवन सुरक्षित भवन जस्ता कार्यक्रम कार्यान्वयनमा जोड दिनुपर्ने,<br>• यातायात व्यवस्थापनलाई सबै समय सरल र सुलभ बनाउन जोड दिनुपर्ने । |
| १७ | **सामाजिक विकास** | • आन्तरिकतर्फ कुल १२४ क्रियाकलाप निर्धारण गरेकोमा ७८ वटा क्रियाकलापमा खर्च नभई वित्तीय प्रगति सून्य देखिएको, | • निर्धारित क्रियाकलाप सञ्चालन र कार्यान्वयनमा जोड दिनुपर्ने,<br>• तालिम तथा क्षमता विकासमा जोड दिनुपर्ने, |

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलव्धीगत समीक्षा |
|---|---|---|---|
| | | • न्यूनतम जीवनस्तर मापदण्ड निर्धारण, सफ्टवेयर खरिद, तालिम तथा क्षमता विकास, तालिम पाठ्यक्रम निर्माण र विभिन्न विधाका तालिम सञ्चालनमा खर्च नभएको,<br>• सीप तथा तालिम परिषद गठन तथा सञ्चालन, महिला पुरुष वास्केटवल प्रतियोगिता, प्रविधि युगको विशेष कार्यक्रम कार्यक्रम, सहासकि खेलकुद कार्यक्रम सञ्चालनमा खर्च नदेखिएको,<br>• जोखिमपूर्ण श्रमबाट उद्धार बालबालिका बसोबास व्यवस्थापन, पेय पदार्थ ब्राण्डिङ्ग कार्य, उद्यम विउपूँजी सहयोग कार्यक्रम, स्वरोजगार नगरवासी कार्यक्रम कार्यान्वयनमा वित्तीय प्रगति नदेखिएको,<br>• एकघर एक रोजगारी उद्यमशिलता कार्यक्रम, पोषण सम्बन्धी अभिमुखीकरण कार्यक्रम, मानव बेचविखन वडा समिति तालिम, सबै किसिमका अपाङ्गता सम्बन्धी जनचेतनामूलक कार्यक्रम, कपडा बैङ्क परियोजना सञ्चालनमा खर्च भएको नदेखिएको,<br>• रोजगार मेला सञ्चालन, उद्यमशिलता विकास कोष, ख्याती प्राप्त व्यक्तिको नाममा कार्यक्रम सञ्चालन, जेष्ठ, विपन्न नागरिक र बालबालिकाका सहयोग कार्यक्रम, अपाङ्गता, विपन्न क्रियापुत्री सहयोग, विपनन्न गर्भवती सहयोग कार्यक्रम आदिमा खर्च भएको नदेखिएको । | • न्यूनतम जीवनस्तर मापदण्ड निर्धारण गर्नुपर्ने,<br>• सीप तथा तालिम परिषद गठन तथा सञ्चालन तथा व्यवस्थापन गरिनुपर्ने ।<br>• स्वरोजगार नगरवासी कार्यक्रम जोड दिनुपर्ने,<br>• विभिन्न प्रकार खेलकुद प्रतियोविता सञ्चालन गरिनुपर्ने,<br>• स्थानीय पेय पदार्थलाई गुणस्तर कायम रहने गरी ब्राण्डिङ्ग गर्नुपर्ने,<br>• उद्यमशिल कार्यक्रम तथा सामाजिक क्षेत्रसंग सम्बन्धित लैससास सम्बन्धी जनचेतना कार्यक्रममा प्रभावकारिता ल्याउनु पर्ने,<br>• उद्यमशिलता विकास कोष खडा गर्नुपर्ने<br>• अपाङ्ग तथा विपन्न वर्गको उत्थानको लागि निर्धारित सहयोग कार्यक्रम सञ्चालन गरी कार्यक्रमलाई प्रवलीकरण गर्नुपर्ने । |
| १८ | **सार्वजनिक निजी साझेदारी** | • वार्षिक रुपमा १३ वटा कार्यक्रम निर्धारण गरेकोमा ८ वटा कार्यक्रममा खर्च भएको पाइएन,<br>• परामर्श तथा विज्ञ नियुक्ति, शौचालय सम्बन्धी व्यवस्थापन र सञ्चालन, स्वच्छ पिउनेपानीको व्यवस्थामा भएको खर्च नभएको, | • कार्यक्रम पूर्ण रुपमा सञ्चालनमा ल्याउन जोड दिनुपर्ने,<br>• शौचालय प्रयोग र व्यवस्गाथापनमा सवलीकरण गर्नुपर्ने,<br>• सावैजनिक निजी साझेदारीमा थप वृद्धि गरी सार्वजनिक जीवनलाई सरलीकरण गर्नुपर्ने । |
| १९ | **सार्वजनिक निर्माण** | • वार्षिक रुपमा आन्तरिकतर्फ ७६ वटा क्रियाकलाप निर्धारण भएकोमा ४७ वटा क्रियाकलापमा खर्च नभई वित्तीय प्रगति सून्य देखिएको,<br>• पूर्वाधार एम्बुलेन्सतर्फको श्रम बैऽ जनशक्ति परिचालन, निर्माण व्यवसायीहरुको अभिमुखीकरण तालिम, पार्किङ्ग नियन्त्रणमा प्रिप्याव भवन निर्माणमा खर्च नभएको, | • सार्वजनिक निर्माणमा व्यवस्था भएको बजेट उपयोग क्षमतामा वृद्धि गरी कार्य सम्पादनस्तरमा सुधार गर्नुपर्ने<br>• पूर्वाधार एम्बुलेन्समा सुधार गर्नुपर्ने, |

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलब्धीगत समीक्षा |
|---|---|---|---|
| | | • भवन निर्माण, मर्मत, औजार उपकरण खरिद, भण्डारकेन्द्र निर्माण आदि अपेक्षा अनुरुप खर्च नभएको,<br>• फुटपाथ तथा गल्लीको मर्मत तथा निर्माणमा २४.८० प्रतिशत, पूर्वाधार सडकतर्फ उत्तर र पूर्व क्षेत्रमा सून्य प्रतिशत प्रगति देखिएको,<br>• ढल व्यवस्थापन र रिभर प्रोटेक्सन कार्यमा खर्च अपेक्षा अनुरुप हुन नसकेको,<br>• राजस्व बाँडफाँडतर्फको क्रमागत सार्वजनिक निर्माण योजनामा खर्च नभएको,<br>• स्टिट लाईट जडान, खेलकुद पूर्वाधार, सडक बत्ती मर्मत, सडक सान्दर्यकरण, वधशाला निर्माण।, महानगर उज्यालो कार्यक्रम, लगायतका पूर्वाधारहरुमा व्यवस्था भएको बजेट अनुरुप कार्य सम्पादन स्थिति कमजोर देखिएको । | • निर्माण व्यवसायीलाई अभिमुखीकरण तालिम दिनुपर्ने र पाकिङ्ग पूर्वाधारमा सुधार गर्नुपर्ने,<br>• भवन तथा भवन मर्मत र औजार खरिद जस्ता कार्यमा वृद्धि गरी निर्माणमा सुधार गर्नुपर्ने,<br>• सडक पूर्वाधार क्षेत्रमा तोकिएको कार्य लक्ष्य पूरा गरी वित्तीय प्रगतिमा सुधार गर्नुपर्ने । |
| २० | **सूचना प्रविधि** | • वार्षिक रुमा ५४ वटा क्रियाकलाप निर्धारण गरेकोमा २७ वटा क्रियाकलापमा खर्च नभई वित्तीय प्रगति सून्य देखिएको,<br>• प्रमुख सडकहरुमा फाइवर सञ्जाल विस्तार, पश्चिम, मध्य, पूर्व र उत्तरी क्षेत्रमा सिसिटिभि क्यामेरा जडान हुन नसकेको,<br>• सूचना भण्डारण र अभिलेख डाटा सेन्टरको स्थापना, पुरानो सर्भरहरु मर्मत, उपकरण खरिद, सफ्टवेयर विकास केन्द्रको स्थापना, रेडियो उपकरण खरिद, बस स्ट्याण्डहरुमा क्यामेरा जडान, मेट्रोकार्ड, होमडेलिभरी सरकार, सूचना प्रविधि सम्मेलन, रेडियो नविकरण तथा रोयल्टी, गी संगीत रोयल्टी लगायतका क्रियाकलापमा सून्य खर्च देखिई वित्तीय प्रगति नदेखिएको स। | • निर्धारित क्रियाकलापमा खर्चको स्थितिमा सुधार गरी बजेट उपयोग क्षमता बढाउनु पर्ने । |
| २१ | **स्वास्थ्य** | • वार्षिक रुपमा कार्य सम्पादन गर्न ९९ वटा क्रियाकलापमा बजेट व्यवस्था भएकोमा २५ क्रियाकलापमा खर्च नभई बजेट बाँकी रहेको,<br>• सेन्ट्रल ट्रिटमेण्ट सुविधा निर्माण अध्ययन, आरोग्य जीवनको म्यानुअल निर्माण, प्रयोगशालाको डिपिआर तयार, खाद्य निरीक्षकको क्षमता अभिवृद्धि तालिम, बेसिक लाइफ तालमि, स्वास्थ्य पर्यटन प्रवर्द्धन कार्यक्रम, खाद्य निरीक्षकको सूचीकरण र प्रमाणीकरण, ३५ वटा गाउँपालिकालाई मागका आधारमा एम्बुलेन्स अनुदान सहयोग, स्वास्थ्य संस्थालाई उपकरण अनुदान, | • वार्षिक कार्य लक्ष्य तथा क्रियाकलापमा व्यवस्था भएको बजेट खर्च गर्ने क्षमतामा वृद्धि गरी कार्य समपादनस्तरमा सुधार ल्याउनु पर्ने, |

| सि.नं | क्षेत्र | क्रियाकलाप स्थिति | उपलब्धीगत समीक्षा |
|---|---|---|---|
| | | अपागता बीमा प्रिमियम, निमोनिया भ्याक्सिन कार्यक्रम, सवारी खरिद, कान्ती बाल अस्पतालमा थियटर निर्माण, TU लाई EHIS निर्माण लगायतका क्रियाकलापमा खर्च भएको नदेखिएको, | |
| २२ | **हरियाली प्रवर्द्धन** | • वार्षिक रुपमा ६३ वटा क्रियाकलाप निर्धारण भएकोमा २९ वटा क्रियाकलापमा खर्च हुन नसकी वित्तीय प्रगति सून्य देखिएको,<br>• पार्क निर्माण, मर्मत, सौन्दर्यकरण अपेक्षा अनुरुप हुन नसकेको । | • वार्षिक रुपमा निर्धारण भएका कार्यलक्ष्य तथा क्रियाकलाप पूर्ण रुपले सञ्चालन गरी वित्तीय क्षमता अभिवृद्धि गर्नुपर्ने, |
| २३ | **कृषि पशुपंक्षी** | • वार्षिक रुपमा २८ वटा क्रियाकलापमा १८ वटा क्रियाकलापमा खर्च नभई वित्तीय प्रगति हुन नसकेको,<br>• अध्ययन, विज्ञ सेवा, प्राविधिक भर्ना, सचेतना तालिम, अर्न्तक्रिया, वाली संरक्षण, मौसमी विउ वितरण, परजिवी नियन्त्रण, कृषि औजार सामग्री वितरण, मृत जनावरको लागि इन्सीनेटर मेसिन खरिद लगायतका क्रियाकलाप सञ्चालन भएको पाइएन । | • वार्षिक रुपमा सम्पादन गर्नुपर्ने कार्य लक्ष्य तथा क्रियाकलापहरुको समयगत कार्यान्वयन तालिका बनाई वित्तीय क्षमता अभिवृद्धि गर्न खर्च गर्ने स्थितिमा सुधार गरी कार्यसम्पादन नतिजामा सुधार गर्नुपर्ने । |
| २४ | **नेपाल सरकार सशर्त अनुदान** | • रोजगार आयोजनाको अनुगमन, श्रमको सम्मान राष्टको अभियान कार्यक्रम, रोजगार रणनीति तर्जुमा, पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन, किसान सूचीकरण कार्यक्रम, सोधभर्ना हुने ऋण अनुदानमा खर्च नभएको । | • |

# खण्ड ९

# वित्तीय स्थिति/बजेट/खर्च/आय

## ९.१ बजेट तथा खर्च विश्लेषण

(रु.हजारमा)

| विवरण | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| नेपाल सरकार समानीकरण अनुदान | 674,800 | 306,662 | 45.44 |
| नेपाल सरकार सर्शत अनुदान चालु | 1,553,587 | 1,442,980 | 92.88 |
| नेपाल सरकार सर्शत अनुदान पूँजीगत | 91,200 | 25,486 | 27.95 |
| प्रदेश सरकार समानीकरण अनुदान | 95,232 | 93,391 | 98.07 |
| प्रदेश सरकार सर्शत अनुदान चालु | 31,720 | 30,163 | 95.09 |
| राजस्व बाँडफाँड प्रदेश | 15,660 | 2,402 | 15.34 |
| राजस्व बाँडफाँड स्थानीय | 398,437 | - | - |
| राजस्व बाँडफाँड संघीय | 105,000 | - | - |
| आन्तरिक स्रोत नगद | 1,999,225 | 1,644,145 | 82.23 |
| जनसहभागिता | 80,00 | 0 | 0 |
| जम्माः | **25,008,652** | **13,036,913** | **71.29** |

(क) समानीकरण अनुदान (नेपाल सरकार) रु.६७ करोड ४८ लाख अन्तर्गत महानगरपालिकाले सडक तथा पूल निर्माणमा रु.१३ करोड ८४ लाख ६० हजार र अन्य सार्वजनिक निर्माणमा रु.४६ करोड १९ लाख ४० हजार, पूँजीगत सुधार तथा संरचना (सफाई) निर्माणमा रु.५ करोड ६८ लाख बाँडफाँड गरेकोमा क्रमशः ६ करोड १९ लाख ६२ हजार, रु.२३ करोड ४७ लाख ४४ हजार र रु.४१ लाख ९९ हजार खर्च गरेको छ । गैर आवासिय भवन निर्माणमा रु.१ करोड १५ लाख छुट्याएकोमा यो वर्ष खर्च भएको देखिएन । समग्रमा प्राप्त बजेटमध्ये खर्च हुन नसकी रु.३६ करोड ८१ लाख ३७ हजार बजेट बाँकी देखिन्छ। समानीकरण खर्चको क्षमता ४५.४४ प्रतिशत देखिएको छ।

(ख) **प्रदेश सरकार अनुदान** : बागमती प्रदेश सरकारबाट समानीकरण अनुदान रु.९ करोड ५२ लाख ३२ हजार सशर्त अनुदानतर्फ चालु तथा पूँजीगत रु.४ करोड ७३ लाख ८० हजारमा क्रमशः रु.९ करोड ३३ लाख ९१ हजार तथा रु.३ करोड २५ लाख ६५ हजार खर्च भएको छ । प्रदेश सरकार राजस्व बाँडफाँडबाट प्राप्त रु.३९ करोड ८४ लाख ३७ हजार खर्च नभई सोही रकम बाँकी देखिन्छ।

(ग) **नेपाल सरकार सशर्त अनुदान** : नेपाल सरकार अन्तर्गत शिक्षा, स्वास्थ्य, वन वातावरण, सामाजिक क्षेत्र लगायतमा चालुतर्फ रु.१ अर्ब ५५ करोड ३५ लाख ८७ हजार व्यवस्था भएकोमा रु.१ अर्ब ४४ करोड २९ लाख ८० हजार खर्च भई ९२.८८ प्रतिशत खर्च भएको छ। पूँजीगततर्फ रु.१ करोड ५६ लाख ६० हजारमा १५ प्रतिशत खर्च भएको छ।

(घ) **राजस्व बाँडफाँड प्रदेश तथा स्थानीय** : राजस्व बाँडफाँड प्रदेशतर्फ प्रदेश तर्फ रु.३९ करोड ८४ लाख ३७ हजार र स्थानीयतर्फ रु.१० करोड ५० लाखमा खर्च नभई सोही बराबरको रकम आगामी वर्षलाई जिम्मेवारी सारेको अवस्था छ।

(ङ) राजस्व बाँडफाँड संघीयतर्फ रु.१ अर्ब ९९ करोड ९२ लाख २५ हजार बजेट व्यवस्था भएकोमा रु.१ अर्ब ६४ करोड़ ४१ लाख ४५ हजार खर्च भई ८२.२३ प्रतिशत खर्च भएको अवस्था छ।

९.२ **आन्तरिक स्रोत** :- यस सम्बन्ध निम्नानुसार देखिएको छ :

(रु.हजारमा)

| खर्च शीर्षक | विवरण | बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| 21111-21219 | उपभोग खर्च | 2,755,966 | 1,818,291 | 69.60 |
| 22111-22721 | कार्यसञ्चालन सेवा/कार्यक्रम खर्च | 3,552,703 | 1,897,427 | 52.76 |
| 25211-25315 | चालु सहायता संघ/संस्था | 806,413 | 360,571 | 44.71 |
| 26332-26423 | सशर्त अनुदान चाल/पूँजी | 232,998 | 120,482 | 51.71 |
| 27111-27394 | सामाजिक सुरक्षा | 403,550 | 301,077 | 74.61 |
| 28142-28219 | भाडा/बहाल/फिर्ता | 309,113 | 158,015 | 51.12 |
| 31111-31511 | खरिद/निर्माण/विकास/परामर्श | 11,966,047 | 4,835,836 | 40.41 |
| 32159 | लगानी | 1,000 | - | - |
| जनसहभागिता | जनसहभागिता | 8,000 | - | - |
| | जम्माः | **20,035,790** | **9,491,699** | **47.37** |

- रु.३६ करोड ३० लाखको सवारी साधनको खरिद बजेटमा रु.४ करोड ५५ लाख २६ हजार खर्च गरेको छ।
- रु.८७ करोड १० लाख ९४ हजारको मेशिनरी औजार खरिद बजेटमा रु.२४ करोड ५१ लाख २१ हजार खर्च गरेको छ।

९.३ **शून्य खर्चको बजेट** : कार्यक्रमहरुमा व्यवस्था भएको बजेथट खर्च हुन नसकी शून्य प्रगति देखिएको व्यहोरा निम्न छन् :

(रु.हजारमा)

| विवरण | बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| गैर आवासिय भवन निर्माण खरिद | 11,500 | - | - |
| निर्मित भवनको संरचनात्मक सुधार | 9,000 | - | - |
| राजस्व बाँडफाँड प्रदेशस्थानीय | 503,437 | - | - |
| गैर वित्तीय संस्था चालु सहायता | 80,000 | - | - |
| अन्य सार्वजनिक निर्माण | 25,000 | - | - |
| सरसफाई संरचना निर्माण | 4,375 | - | - |
| पूँजीगत सुधार सार्वजनिक निर्माण | 4,375 | - | - |
| अन्य संस्थालाई सशर्त पूँजीगत अनुदान | 12,500 | - | - |
| अनसन्धान तथा विकास खर्च | 3,500 | - | - |

| | | | |
|---|---|---|---|
| तटबन्ध तथा बाँध निर्माण | 100,000 | - | - |
| जग्गा प्राप्ती खर्च | 500 | - | - |
| अन्य संस्थामा शेयर लगानी | 1,000 | - | - |
| जनसहभागिता | 8,000 | - | - |
| जम्मा: | **763,187** | **-** | **-** |

कुल बजेट रु.२५ अर्ब ८६ लाख ५२ हजारमा १३ शीर्षकको रु.७६ करोड ३१ लाख ८७ हजार बजेट खर्च नभई सून्य प्रगति देखिएको छ । कुल बजेटमा यस्तो स्थिति ३.०५ प्रतिशत देखिएको छ । कार्यक्रममा बजेटको व्यवस्था गदै जाने तर निकासा तथा खार्च नहुने स्थितिले बजेट माथिको उपादेयता नरहेको अवस्था छ। कार्यक्रम सून्य हुनु उपयुक्त समेत देखिएन। बजेट कार्यान्वयनयोग्य, यथार्थ र नतिजामा आधारित हुनुपर्दछ ।

९.४ **संघ/संस्था सहायता** : आन्तरिक स्रोततर्फ महानगरपालिकाबाट संघसंस्था सहायता अन्तर्गत देहाय बमोजिमको बजेट व्यवस्था भएकोमा निम्नानुसार खर्च भएको देखिन्छ :

(रु.हजारमा)

| सहायता विवरण | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| गैर वित्तीय व्यवसाय चालु सहायता | 2,000 | 990 | 49.50 |
| शैक्षिक संस्थाहरुलाई सहायता | 248,515 | 54,154 | 21.79 |
| स्वास्थ्य संस्थाहरुलाई सहायता | 250,300 | 150,421 | 60.10 |
| धार्मिक संघसंस्थाहरुलाई सहायता | 130,468 | 88,291 | 67.67 |
| अन्य संस्था सहायता | 175,130 | 66,714 | 38.09 |
| जम्मा: | **806,413** | **360,570** | **44.71** |

९.५ **अनुदान** : आन्तरिक स्रोततर्फ महानगरपालिकाले चालु तथा पूँजीगत, सशर्त तथा निःशर्त अनुदान अन्तर्गत देहाय बमोजिम बजेट व्यवस्था गरेकोमा निम्नानुसार खर्च भएको देखिन्छ :

(रु.हजारमा)

| अनुदान | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| सर्शत अनुदान (चालु) | 60,000 | 60,000 | 100.00 |
| निकाय निःशर्त अनुदान (चालु) | 72,000 | 8,533 | 11.85 |
| अन्य संस्था सशर्त चालु अनुदान | 64,498 | 35,950 | 55.74 |
| निकाय पूँजीगत अनुदान निःशर्त | 9,000 | 1,000 | 11.11 |
| निकाय पूँजीगत अनुदान सशर्त | 15,000 | 15,000 | 100.00 |
| अन्य संस्था पूँजीगत सशर्त अनुदान | 12,500 | - | - |
| जम्मा: | **232,998** | **120,483** | **51.71** |

९.६ **काठमाडौं महानगरपालिकाको वडागत बजेट तथा खर्च प्रगति स्थिति २०८१।८२** : काठमाडौं महानगरपालिका अन्तर्गत ३२ वटा वडा रहेकोमा जनसंख्या तथा भूगोल हेरी सभाबाट उक्त वडाहरुमा चालु तथा पूँजीगत तथा वित्तीय वापत व्यवस्था गरेको बजेटमा वडाले गरेको खर्च प्रगति स्थिति निम्न रहेको छ :

(रु.हजारमा)

| वडा नं. | बजेट रकम | खर्च रकम | खर्च प्रगति |
|---|---|---|---|
| 1 | 180368 | 63734 | 35.34 |
| 2 | 134125 | 83663 | 62.38 |

| वडा नं. | बजेट रकम | खर्च रकम | खर्च प्रगति |
|---|---|---|---|
| 3 | 182617 | 116618 | 63.86 |
| 4 | 180661 | 120695 | 66.81 |
| 5 | 134625 | 83355 | 61.92 |
| 6 | 186272 | 136342 | 73.2 |
| 7 | 184531 | 100454 | 54.44 |
| 8 | 135020 | 57976 | 42.94 |
| 9 | 181392 | 136415 | 75.2 |
| 10 | 192066 | 159115 | 82.84 |
| 11 | 179889 | 26558 | 14.76 |
| 12 | 88274 | 74790 | 84.72 |
| 13 | 182071 | 80081 | 43.98 |
| 14 | 190672 | 152781 | 80.13 |
| 15 | 183374 | 117280 | 63.96 |
| 16 | 185204 | 68058 | 36.75 |
| 17 | 134982 | 75663 | 56.05 |
| 18 | 87155 | 52461 | 60.19 |
| 19 | 92742 | 78177 | 84.3 |
| 20 | 87419 | 56234 | 64.33 |
| 21 | 88366 | 57022 | 64.53 |
| 22 | 135298 | 75034 | 55.46 |
| 23 | 89956 | 62264 | 69.22 |
| 24 | 134381 | 85750 | 63.81 |
| 25 | 135258 | 78398 | 57.96 |
| 26 | 183781 | 127296 | 69.27 |
| 27 | 89771 | 75352 | 83.94 |
| 28 | 133934 | 88019 | 65.72 |
| 29 | 135521 | 80599 | 59.47 |
| 30 | 136335 | 70396 | 51.63 |
| 31 | 181556 | 82766 | 45.59 |
| 32 | 185211 | 134282 | 72.5 |
| जम्मा: | **4732827** | **2857628** | **60.38** |

समग्रमा वडाहरुमा भएको कुल बजेट रु.४ अर्व ७३ करोड २८ लाख २७ हजारमा रु.२ अर्व ८५ करोड ७६ लाख २८ हजार खर्च भई समष्टिमा रु.६०.३८ प्रतिशत खर्च भएको स्थिति छ। बढी वित्तीय प्रगति गर्ने ३ र कम प्रगति गर्ने ३ वटा वडाको स्थिति निम्न छ :

| बढी प्रगति गरेका | | कम प्रगति गरेका | |
|---|---|---|---|
| वडा नं. | प्रगति | वडा नं. | प्रगति |

| | | | |
|---|---|---|---|
| 12 | 84.71 | 11 | 14.76 |
| 19 | 84.29 | 1 | 35.34 |
| 27 | 83.94 | 16 | 36.75 |

३२ वडाहरुमध्ये ५० प्रतिशतभन्दा कम वित्तीय प्रगति गर्ने वडा ११, १, १६, १३,, ८, ३१ रहेका छन् । ७५ प्रतिशतभन्दा बढी वित्तीय प्रगति गर्ने वडाहरु क्रमशः २७, १९, १४, १०, ९ रहेका छन् ।

९.७ **महानगरपालिकाको राजस्व तथा आम्दानी स्थिति २०८१।८२** : आन्तरिक राजस्वआम्दानी स्थिति निम्न अनुसार रहेको छ :

(रु.हजारमा)

| विवरण | प्रक्षेपण | सङ्कलित रकम | प्रतिशत |
|---|---|---|---|
| सम्पत्ति कर | 1700000 | 1133988 | 66.71 |
| भूमीकर मालपोत | 25000 | 11569 | 46.28 |
| घर बहाल कर | 3718690 | 3156379 | 84.88 |
| सवारी साधन कर साना | 500 | 17 | 3.40 |
| अन्य निकायबाट लाभांश | 200 | 171 | 85.50 |
| पर्यटन शुल्क | 180500 | 194661 | 107.85 |
| अन्य बिक्रीबाट प्राप्त रकम | 5200 | 7717 | 148.40 |
| अन्यसेवा शुल्क | 200000 | 223641 | 111.82 |
| न्यायिक दस्तुर | 300 | 442 | 147.33 |
| शिक्षा क्षेत्रको आय | 600 | 5839 | 973.17 |
| परीक्षा शुल्क | 300 | 1411 | 470.33 |
| अन्य प्रशासनिक सेवा शुल्क | 12000 | 8801 | 73.34 |
| पार्किग शुल्क | 20000 | 0 | - |
| नक्सा पास दस्तुर | 1050000 | 430878 | 41.04 |
| सिफारिस दस्तुर | 110000 | 96196 | 87.45 |
| व्यक्तिगत घटना दर्ता दस्तुर | 1000 | 1179 | 117.90 |
| नाता प्रमाणित दस्तुर | 6000 | 5067 | 84.45 |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | 950000 | 611246 | 64.34 |
| प्रशासनिक दण्ड जरिवाना तथा जफत | 25000 | 38455 | 153.82 |
| धरौटी सदरस्याहा | 500 | 787 | 157.40 |
| बेरुजू | 30000 | 30654 | 102.18 |
| **जम्मा:** | **8035790** | **5959098** | **74.16** |

महानगरको आन्तरिक राजस्व अनुमान रु.८ अर्ब ३ करोड ५७ लाख ९० हजार प्रक्षेपण गरेकोमा रु.५ अर्ब ९५ करोड ९० लाख ९८ हजार अर्थात ७४.१६ मात्र प्राप्त भएको अवस्था छ। गत वर्ष रु.६ अर्ब ५ करोड ८ लाख ५९ हजार असुली गरेकोमा यो वर्ष १.५२ प्रतिशतले ह्रास आएको छ। विगतको भन्दानक्सापास दस्तुर यो वर्ष ३६ प्रतिशतले घटेको छ।

९.८ **बाँडफाँडबाट प्राप्त राजस्व २०८१।८२**

(रु.हजारमा)

| विवरण | प्रक्षेपण | प्राप्ती | प्राप्ती प्रतिशत |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर | 278166 | 236890 | 85.16 |
| अन्तःशुल्क | 101034 | 102268 | 101.22 |
| सवारी साधन कर | 398437 | 332223 | 83.38 |
| मनोरञ्जन कर | 25000 | 26929 | 107.72 |
| विज्ञापन कर | 80000 | 8189 | 10.24 |
| रोयल्टी | 25 | 53 | 212.00 |
| घरजग्गा रजिष्टेशन | 1620000 | 1644944 | 101.54 |
| **जम्मा:** | **2502662** | **2351496** | **93.96** |

बाँडफाँडबाट प्राप्त राजस्व गत वर्षभन्दा ४.८९ प्रतिशतले यो वर्ष बढेको छ।

### ९.९ आन्तरिक अनुदान २०८१।८२

(रु.हजारमा)

| विवरण | अनुमान | प्राप्ती | प्राप्ती प्रतिशत |
|---|---|---|---|
| नेपाल सरकार समानीकरण | 674800 | 619196 | 91.76 |
| प्रदेश सरकार समानीकरण | 95232 | 95232 | 100.00 |
| नेपाल सरकार सर्शत | 1451260 | 1553676 | 107.06 |
| प्रदेश सरकार सर्शत | 31720 | 31720 | 100.00 |
| नेपाल सरकार सर्शत पूँजीगत | 91200 | 91200 | 100.00 |
| प्रदेश सरकार सर्शत पूँजीगत | 15660 | 15660 | 100.00 |
| अन्य व्यक्तिगत अनुदान | 8000 | 27176 | 339.70 |
| **जम्मा:** | **2367872** | **2433860** | **102.79** |

### ९.१० पूँजीगत खर्च / वित्तीय प्रगति कम हुनुको अवस्था उपर देहाय बमोजिम सुझाव प्रस्तुत गरिएको छः

| खेलिरहेको भूमिका | खेल्नुपर्ने भूमिका |
|---|---|
| • साना कार्यक्रममा चासो<br>• कार्यान्वयनमा सामान्य दृष्टिकोण<br>• नीति, योजना र प्रस्तावको आवद्धता नहेर्नु<br>• कमजोर तथ्याकका साथ प्रस्तुत हुनु<br>• आफ्नै कार्यसम्पादन क्षमता प्रति आंकलन नगर्नु<br>• अन्तरसम्बन्धित सवाल आंकलन नगर्नु<br>• तथ्य र क्षमता विनानै आयोजना प्रस्तावमा हौसिनु | • प्राथमिकता र उपलब्धि निर्धारण<br>• कार्यान्वयन क्षमताको विश्लेषण<br>• मध्यकालीन खर्च संरचनाको कठोर अवलम्बन<br>• खर्चको प्रवृति विश्लेषण<br>• बजेट सूचना प्रणाली निर्माण<br>• कार्यक्रम प्रतिको अपनत्व ग्रहण<br>• आन्तरिक नियन्त्रण<br>• कार्य योजना र उपलब्धी सूचक निर्माण<br>• अनुगमन तथा कार्यसम्पादन समीक्षा<br>• सवल तथ्याकीय आधार निर्माण<br>• वित्तीय अनुशासन र खर्च सामर्थ्यको विश्लेषण<br>• अर्लि बजेटको महत्वबोध<br>• पैसाको मूल्य प्रतिको संवेदनशिलता विश्लेषण<br>• बजेट कार्यक्रमको अर्थपूर्ण छलफल |

### ९.११ बेरुजू फछ्र्यौटको स्थिति (२०८१।८२ सम्मको)

(रु.हजारमा)

| आर्थिक वर्ष | बेरुजू रकम | फछ्र्यौट रकम | फछ्र्यौट प्रतिशत | बाँकी बेरुजू स्थिति | कैफियत |
|---|---|---|---|---|---|
| 2073/74 | 1102558 | 955908 | 86.70 | 146650 | फछ्र्यौटमा प्रभावकारिता देखिएको । थप प्रगतिको लागि निरन्तरतालाई अघि बढाउनु पर्ने । |
| 2074/75 | 342730 | 207563 | 60.56 | 135167 | |
| 2075/76 | 1439357 | 590066 | 41.00 | 849291 | |
| 2076/77 | 1941154 | 1295504 | 66.74 | 645650 | |
| 2077/78 | 1067444 | 675213 | 63.26 | 392231 | |
| 2078/79 | 661947 | 298231 | 45.05 | 363716 | |
| 2079/80 | 257035 | 154883 | 60.26 | 102152 | |
| 2080/81 | 680235 | 21050 | 3.09 | 659185 | |
| जम्माः | **7492460** | **4198418** | **56.04** | **3294042** | |

९.१२ सार्वजनिक निर्माणका चुनौतीहरु (बजेटको भारित प्रगति विश्लेषणमा)

- वृहत आयोजना छनौट हुनु,
- प्राविधिक जनशक्तिको अपर्याप्तता,
- योजना छनौट र प्राथमिकीकरणमा ढिलाई,
- कार्यगत समन्वयको अभाव,
- निर्णय प्रक्रियामा ढिलाई,
- वर्षान्तमा खर्च गर्ने प्रवृत्ति,
- बजेट, कार्यतालिका र समय बिच तादाम्याता नरहनु ।

यी चुनौतीलाई समाधान गर्न प्रतिवद्ध नेतृत्व, क्षमतादायी प्रशासनिक जनशक्ति र कार्यगत समन्वयलाई सुढृद गर्न सकिदाँ मात्र बजेट सरेण्डरको स्थिति नियन्त्रण हुन पुगी खर्च गर्ने क्षमता अभिवृद्धि हुने देखिएको छ ।

९.१३ **समपुरक अनुदान** : अनुमान गरेको बजेटको तुलनामा वित्तीय प्रगति कम भएको कारण तथा व्यवस्था भएको सबै तहको स्रोतगत बजेट अभाव नभएको अवस्थाले महानगरले प्रदेश तथा संघीय सरकारले व्यवस्था गरेको समपुरक अनुदान नलिएको अवस्था छ ।

९.१४ **विभागगत कार्यक्रम स्थितिको परीक्षण**

(क) **अर्न्तराष्ट्रिय सम्वन्ध सचिवालय** : महानगर अन्तर्गत रहेको अन्तराष्ट्रिय सम्बन्ध सचिवालयको आर्थिक वर्ष २०८१।८२ को लागि अध्ययन भ्रमण, कूटनीतिक शिष्टाचार, भगिनी सम्बन्धमा एवं राष्ट्रीय/अर्न्तराष्ट्रिय सम्बन्ध विकास सम्बन्धमा आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी विभिन्न कार्यक्रम तय गरेकोमा कार्यक्रमको भारित प्रगति औषत रहेको देखिन्छ । अध्ययन भ्रमण, कार्यक्रम भगिनी शहर, कूटनैतिक शिष्टाचार र अन्तर्राष्ट्रिय सम्बन्धलाई अगाडी बढाई अन्तर्राष्टिय सम्बन्धलाई मजबुत बनाउन आवश्यक देखिएको छ ।

(ख) **आन्तरिक लेखापरीक्षण** : चार्टर्ड एकाउण्टेण्ट सेवा, कर लेखा परीक्षण सेवा, विद्यालयसंग सम्बन्धित बेरुजू फछ्र्यौट, अभिमुखीकरण, बेरुजू फछ्यौटमा जनशक्ति सेवा, लेखापरीक्षण सम्बन्धी छलफल तथा अर्न्तक्रिया, बेरुजू अभिलेखन, लेखा समिति सञ्चालन लगायतका कार्यक्रममध्ये धेरै कार्यक्रम सञ्चालनमा आएको देखिएन । औषतीय प्रगतिलाई कार्यक्रमसंग जोडी खर्च क्षमता विकास गर्न तथा अभिमुखी क्रियाकलाप तथा लेखाङ्कनमा सुधार गर्ने स्थितिलाई जोड दिनुपर्ने देखिएको छ ।

(ग) **कानून तथा मानव अधिकार** : यस आर्थिक वर्षमा कानूनसंग सम्बन्धित विभिन्न कार्यक्रममध्ये ती कार्यक्रममा व्यवस्था भएको बजेट पूर्ण रुपमा खर्च हुन सकेको देखिएन । खर्च गर्ने वित्तीय क्षमता कमजोर देखिएको र कार्यक्रम अनुरुपको भारीत प्रगति औषतभन्दा माथी उठ्न सकेको देखिएन । कार्यक्रम, कानून, राजपत्र प्रकाशन लगायतका कार्यक्रमलाई सुदृढ तुल्याउन आवस्यक देखिएको छ ।

(घ) **खरिद एकाई विभाग** : खरिद प्रक्रियालाई सफ्टवेयरमा व्यवस्थापन गर्न नसकेको, निर्णय प्रक्रियामा ढिलाई भएको, खरिद कार्यविधिलाई समय र लागतसंग तुलना गर्ने स्थितिमा सुधार नल्याएको अवस्था छ । बजेट अनुरुपको खरिद स्थितिमा सुधार नहुदाँ भौतिक प्रगति मापनयोग्य देखिदैन । निर्णय प्रक्रियामा सवलीकरण गरी खरिद विभागलाई उत्तरदायीपूर्ण बनाउनुपर्ने देखिएको छ ।

(ङ) **प्रशासन विभाग** : प्रशासन विभागसंग सम्बन्धित यो वर्ष छनौटमा रहेका विभिन्न कार्यक्रमको लागि बजेट प्रबन्ध गरेकोमा रकम खर्च हुन नसकी कर्मचारी, जनप्रतिनिधिको लागि प्रर्याप्त तालिम हुन नसकेको, स्वास्थ्य तथा सामूहिक दुर्घटना विमा, सार्वजनिक जग्गा पहिचान र संरक्षण लगायतका कार्यक्रमहरुमा सुदृढपन ल्याउन आवश्यक देखिएको छ ।

(च) **मनोहरा जग्गा एकिकरण आयोजना** : मनोहरा जग्गा एकिकरण आयोजनाको लागि अन्तर सरकारी ऋण लगानी अन्तर्गत यो वर्ष गत विगतदेखि ऋण अनुदान उपलब्ध गराएकोमा यो वर्षसम्मको ऋण लगानी हिसाव र उपलब्धी विवरण महानगरले लिनुपर्ने देखिएको छ ।

(छ) **महानगरिय प्रहरी वल** : ट्राफिक प्रहरीसँग सहकार्य, उपकरण खरिद, शहरी सुब्यवस्थापन, सौन्दर्यकरण, सुरक्षा उपकरण खरिद, सुरक्षा सामग्री खरिद, प्रदुषण परीक्षण, संचार सेट, हतियार; मोवाइल भ्यान, लगायतका कार्यक्रममा न्यून वित्तीय प्रगति देखिन्छ । मोवाइल भ्यान खरिद, हतियार, संचार सेट र. प्रदुषण उपकरण खरिद गरी प्रहरी वल तथा सुरक्षात्मक व्यवस्थामा सुदृदीकरण गर्नुपर्ने देखिएको छ ।

(ज) **योजना अनुगमन तथा मूल्याङ्कन** : महानगरबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रमको अनुगमनलाई प्रभावकारी बनाउन सो सम्बन्धी मापदण्ड तयार गरी कार्य सम्पादन सूचक एवं उपलब्धीको आधारमा प्रगति मापन गर्ने व्यवस्थामा सुधार ल्याउन आवश्यक देखिएको छ । मूल्याङ्कनको नतिजालाई कार्यसम्पादन अंकसंग जोडिनुपर्दछ ।

(झ) **राजस्व विभाग** : विभाग अन्तर्गत यो वर्ष राजस्वलाई बढी प्रभावकारी र संकलन प्रणालीको दायरामा विस्तार गरी दीर्घकालीन योजना, करदाता शिक्षा, कर निर्धारण मापदण्ड, सूचना करदाता अभिलेखीकरण लगायतका विषयमा जोड दिनुपर्ने, साथै संकलनमा सेवा खरिद गर्ने तथा कर परीक्षणमा वाह्य सेवा लिने कार्यमा थप सुधार गर्नुपर्ने देखिएको छ ।

(ञ) **वातावरण तथा कृषि विभाग** : महानगरको प्रमुख चुनौतिको विषय सर्वत्र सरसफाई, दिगो वातावरणीय शहर, हराभरा, काठमाण्डौ, पार्क तथा उद्यान विकास तथा संरक्षण, प्रदुषण नियन्त्रण, फोहोर विर्सजन, नियन्त्रण, उत्तरदायित्व, मेशिन औजार, ल्याण्डफिल्ड साईट, प्रभावित क्षेत्र नगरपालीका समन्वय, वातावरणीय - भौतिक पूर्वाधार, गुनासो संवोधन, कृषि उत्पादन, वजारीकरण, मलविउ, कौशी खेती, खाद्य गुणस्तर, बजार अनुगमन, खोला नाला सफाई तथा संरक्षणमा व्यवस्था प्रबन्धमा अधिकांश बजेट कार्यान्वयनमा आएको देखिएन । बजेट तथा कार्यक्रम बनाउने र कार्यान्वयनमा नल्याई प्रत्यक्ष रुपमा समाजमा पर्ने वातावरणीय असरलाई स्थिरिकरण गरिनुले बजेटको उपादेयता देखिएन । सामाजिक उत्थानको लागि तय गरेका कार्यक्रमको उपलब्धी सुनिश्चित गरी कार्यान्वयनमा ल्याईनुपर्दछ ।

(ट) **वित्त विभाग** : सफ्टवेयर प्रणालीमा सदृढीकरणल्याई लेखा र लेखाङ्कनको कार्यविधिमा सुधार गर्न, विषयगत तालिमलाई प्रवन्ध गर्न तथा वित्तीय प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १ महिनाभित्र तयार गरी लेखापरीक्षण गराउने व्यवस्थामा सुधार ल्याउनुपर्दछ ।

(ठ) **विपद् व्यवस्थापन विभाग** : अग्नि नियन्त्रण, सवलीकरण र प्रवलीकरण, स्टक पिलिङ्ग, असल अभ्यास, जोखिम तथा विमा, विपद् यन्त्र उपकरण, लगायतका कार्यक्रमको लागि व्यवस्था गरेको बजेट पूर्ण रुपले खर्च नभएको देखिन्छ । महानगर विपद् व्यवस्थापन कोष खडा गरेको, दमकल खरिद भएको, अग्नि

नियन्त्रणमा पार्टेवल पम्प खरिद भएको देखिन्छ । विपद् व्यवस्थापन कोषको खर्च गर्ने मापदण्ड तयार गर्नुपर्ने साथै विपद् समाधान गर्न यन्त्रउपकरण तथा तालिमलाई मजवुत बनाउन आवश्यक देखिन्छ ।

(द) **संघ प्रदेश पूर्वाधार** : संघ प्रदेश पूर्वाधार विकासको लागि बजेट खर्चको क्षमता बढाई अपेक्षित नतिजा प्राप्त गर्न निर्णय प्रक्रियामा छरितोपन ल्याउनुपर्ने देखिन्छ ।

(ढ) **सम्पदा तथा पर्यटन विभाग -** विभिन्न मठ, मन्दिरको मर्मत, स्तरोन्नती, प्रवलीकरण, सवलीकरण, पुनः निर्माणको लागि व्यवस्था भएको बजेट न्यून खर्च भएको देखिन्छ । कार्यक्रममा व्यवस्था भएको बजेट कार्यान्वयनमा ल्याइनुपर्दछ ।

(ण) **सहकारी विभाग** : विभिन्न कार्यक्रम अन्तर्गत व्यवस्था भएको रकम खर्च नभएको, सहकारी संस्थाको नियमन हुन नसकेको, मापदण्ड, सूचना, COPOMIS प्रणाली, निक्षेप जोखिम, सम्पत्ति शुद्धीकरण लगायतका पक्षमा थप सुधार ल्याई सहकारी व्यवस्थापनमा प्रवर्द्धन गर्नुपर्ने देखिएको छ ।

(त) **शहरी योजना आयोग** : खर्च क्षमता तथा उपलब्धीमूलक हुने शहरी योजनाको छनौट, समन्वय, स्रोत सुनिश्चितता, क्षतिपूर्ति, मोडेल, सर्भेक्षण, डिपिआर, विज्ञ सेवा लगायतका मूलभूत रूपमा ध्यान दिई जनप्रतिनिधीको क्षमता र कुशलतालाई विभागले अगाडी बढाउनु पर्ने देखिन्छ। साथै ठूला तथा आधुनिक पूर्वाधार योजना छनौटमा विश्वास दिलाउने वातावरण तयार गर्नुपर्ने देखिन्छ ।

(थ) **शिक्षा विभाग** : शिक्षा, शिक्षक, भाषा, परीक्षा, सिकाई उपलब्धी, अनुदान, छात्रवृति, दिवा खाजा, बुक कर्नर, विशेष शिक्षा, प्रयोगशाला, शैक्षिक तथ्याङ्क, शिक्षा कोष, अन्वेषण, अन्तक्रिया, STEAM कार्यक्रम, नमूना विद्यालय, अतिरिक्त क्रियाकलाप, विद्यालय भवन निर्माण तथा स्तरोन्नती, सञ्चालन तथा व्यवस्थापन, वाल विकास, प्रोत्सहान अनुदान, स्यानेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक लगायतका आन्तरिक स्रोत तथा प्रदेश एवं संघीय सरकारका सशर्त अनुदान जस्ता कार्यक्रम सञ्चालन गरेकोमा विद्यालयले Accounting Mannual पूर्ण रुपले कार्यान्वयनमा ल्याउनुपर्ने, सिकाई उपलब्धीलाई सवल बनाउनु पर्ने, इलेक्ट्रोनिक उपकरणको व्यवस्था गर्नुपर्ने, सिकाई उपलब्धीको अनुगमन प्रभावकारी बनाउनुपर्ने, विषयगत तालिमलाई प्राथमिकतामा राख्नुपर्ने, शिक्षा योजना बनाउनु पर्ने, STEM लाई बढवा दिनुपर्ने, प्राविधिक धारको सुधार गर्नुपर्ने लगायतका पक्षमा सुधार ल्याई बजेट कार्यान्वयन क्षमतामा वढोत्तरी गर्नुपर्ने देखिएको छ ।

(द) **सामाजिक विकास विभाग** : मूलभूत रूपमा समाजमा प्रत्यक्ष रुपमा प्रभाव पार्ने कार्यक्रम सामाजिक विकाससंग सम्बन्धित कार्यक्रमहरु हुन । लक्षित वर्ग, महिला, सम्मान, जेष्ठ नागरिक, जेसी, खेल, बालबालिका, लैङ्गिक हिंसा, रोजगारी, घरेलु उद्योग, सूचना, मानव रक्षा, सामाजिक अनुदान, मनोरन्जन, युवा, कार्यक्रम सहयोग, क्लब, गुठी, समारोह, सशक्तिकरण, आमा समूह, संस्था विकास, प्रतिष्ठान लगायतका कार्यक्रमको लागि व्यवस्था भएको बजेटमा अपेक्षापूर्ण खर्च नभएको स्थिति छ । महानगरबाट जेष्ठ नागरिक तथा पूर्ण अपाङ्ग विशेष भत्ता प्रदान गरेको, खेलकूद अनुदान, संघसंस्थालाई कार्यक्रम सहयोग, गुरुकूल पुनःस्थापना, फाउण्डेसन सहयोग, संघसंस्थालाई अनुदान, लगायतका महत्वपूर्ण कार्य यस वर्ष सम्पादन गरेको अवस्था छ । केही कार्यक्रममा ब्यवस्था भएको बजेट पूर्ण रुपले खर्च भएको देखिएन । कार्यक्रम सहयोगको लागि छुट्टयाएको बजेट मुलतः खर्च नभएको स्थिति छ। समाजमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रममा व्यवस्था भएको बजेट खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

(ध) **सार्वजनिक निर्माण विभाग** : सडक, ढल, कालोपत्रे, स्तरोन्नती, पार्क, विद्युतीकरण, सौर्य ऊर्जा, टेवा पर्खाल, भवन निर्माण, सार्वजनिक शौचालय, खोला नियन्त्रण, सडक पेटी, ड्रेन जस्ता निरन्तर हुने कार्यक्रम संचालन भएको र राष्ट्रिय रुपमा महत्व राख्ने योजना संचालनमा देखिएन । कामपा भवन निर्माण, पार्किङ्ग, भवन निर्माण जस्ता बहुवर्षे योजनाको खर्च बजेट व्यवस्था अनुसार प्रगति नदेखिएको अवस्था छ । खर्च गर्ने क्षमतामा अभिवृद्धि गर्न प्राविधिक पर्याप्तता, समयमै ठेक्का ब्यवस्थापन, न्यून लागत र समय, सम्झौता र कार्यान्वयन तालिका लगायतका पक्षमा सुधार गर्नुपर्ने देखिएको छ ।

(न) **सूचना प्रविधि** : विद्युतिय शहरी सुरक्षा प्रणालीको खर्च प्रगति न्यून देखिएको, साफ्टवेयर र नेटवर्किङ्ग प्रणालीलाई थप सुदृढीकरण गर्नुपर्ने देखिएको छ ।

(प) **फोहोर व्यवस्थापन** : काठमाडौंको फोहोर व्यवस्थापनको समस्या प्रत्येक वर्ष देखिदै आएको र फोहोर उत्पादन गर्ने र उत्पादकदेखि व्यवस्थापन गर्न बनेका कानून र यसको पालनामा स्थिरता देखिदैंन । समाजलाई सभ्य र स्तरीय बनाउन फोहोर उत्पादन गर्ने र व्यवस्थापन गर्ने बिचत अनुकूल वातावरण सिर्जना गरी आ-आफ्नो दायित्व पूरा गर्नुपर्ने देखिन्छ ।

| सि.नं. | सूचक | सुझाव |
|---|---|---|
| १. | फोहोरमा स्रोत वर्गीकरण हुन नसकेको | स्रोतमा वर्गीकरण गरी प्रकृति अनुसार व्यवस्थापन गर्नुपर्ने |
| २. | फोहोर प्रतिको दायित्व उत्पादकसंग नरहेको | हानिकारक फोहोर सामान्य फोहोरमा मिसाई बढी दुर्घन्धित र जोखिम पूर्ण स्थितिलाई समाधान गर्न प्रयास गर्नुपर्ने |
| ३. | पूर्वाधार व्यवस्थापन | बन्चरे डाँडा ल्याण्डफिल्ड साइडको पूर्वाधार निर्माण व्यवस्थापनको गतिमा क्षमता अभिवृद्धि गर्नुपर्ने । सडक मर्मत तथा स्तरोन्नतीमा सडक विभागबाट दायित्व पूरा गर्नुपर्ने । |
| ४. | प्रदुषण | प्रदुषणलाई न्यूनीकरण गर्न संकलन, विसर्जन तथा निगरानीलाई बढावा दिनुपर्ने । |

## ९.१५ आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणाली

| सि.नं. | वर्तमान अवस्था | कार्यान्वयनमा रहेको | | कार्यान्वयनमा नरहेको | | सुझाव |
|---|---|---|---|---|---|---|
| | | अवस्था | मूल्याङ्कन | मूल्याङ्कन | अवस्था | |
| १. | आन्तरिक लेखापरीक्षण विभाग, जनशक्ति व्यवस्थापन र प्रतिवेदन | ✓ | ९०% | -- | | जनशक्तिको क्षमता विकास गर्नुपर्ने । |
| २. | आन्तरिक लेखापरीक्षण निर्देशिका | - | - | १००% | संघीय सरकारको सामान्य प्रयोग | कामपाको प्रकृति अनुसार आ.ले.प. निर्देशिका बनाउनु पर्ने । |
| ३. | लेखापरीक्षण ढाँचा योजना, कार्यक्रम प्रतिवेदन | ३३% | प्रतिवेदन दिएको | ६७% | ठोस ढाँचा नरहेको | ढाँचा, योजना, कार्यक्रम बनाई लेखापरीक्षण गर्नुपर्ने । |
| ४. | लेखापरीक्षणमा समयको पालना | ✓ | ६७% | ३३% | - | मासिक वा त्रैमासिक प्रतिवेदन गर्नुपर्ने । |
| ५. | Skill and Competence Area/Personnel Selection | - | २०% | ८०% | - | काम बाँडफाँडमा सुधार ल्याउनु पर्ने । |
| ६. | अन्तिम लेखापरीक्षण अगावै आ.ले.प. बेरुजू फछ्र्यौट भएको | आंशिक | ६३% | ३७% | बेरुजू बाँकी रहेको | व्यवस्थापन कमजोर रहेको । |
| ७. | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका तयार | प्रारुप तयार गरेको | - | १००% | निर्माण गर्नुपर्ने | वित्तीय विज्ञ लिई निर्देशिका बनाउनु पर्ने । |

## ९.१६ बेरुजू फछ्र्यौट

| सि.नं. | वर्तमान अवस्था | रहेको | नरहेको | मूल्याङ्कन | सुझाव |
|---|---|---|---|---|---|
| १. | बेरुजुको लगत तयार गरेको | ✓ | - | ९५% | - |
| २. | प्रतिवेदनको ३५ दिनभित्र जवाफ दिएको । | आंशिक | सबै विषयको जवाफ नदिएको | ६०% | सुधार गर्नुपर्ने |
| ३. | बेरुजू फछ्र्यौटमा सक्रियता (स्वतन्त्र मूल्याङ्कन) | आंशिक | - | ४४% | सक्रियता बढाउनु पर्ने । |
| ४. | बेरुजू सम्बन्धी लगत र फछ्र्यौटको मासिक तथा वार्षिक विवरण तयार गरेको | गरेको | - | ९०% | प्रगति विवरण तयार गरी पेश गर्ने व्यवस्था हुनुपर्ने |
| ५. | प्रत्येक वर्ष समान बेरुजू दोहोरिएको । | ५०% | - | ५०% | नियन्त्रणको अवस्थामा प्रभावकारिता नअपनाएको अपनाउनु पर्ने । |

.९.१७ **वारुणयन्त्र**

| सि.नं. | अवस्था | रहेको | नरहेको | मूल्याङ्कन | सुझाव |
|---|---|---|---|---|---|
| 1. | वारुणयन्त्र २४ सै घण्टा उपलब्ध | ✓ | - | १००% | |
| 2. | २ मिनेटभित्र प्रस्थानको अवस्था | ✓ | - | १००% | |
| 3. | नियमित मर्मत सम्भार | ✓ | - | १००% | |
| 4. | जनशक्तिको पूर्णता पोशाक | आंशिक पोशाक रहेको | - | ७७% | |
| 5. | निर्देशक समितिको गठन | ✓ | - | १००% | |
| 6. | रु.१० लाखको दुर्घटना वीमा (कर्मचारीको) | ✓ | - | १००% | |
| 7. | निर्देशक समितिको कम्तिमा ३ बैठक वर्षमा | ✓ | - | ६६% | |
| 8. | समीक्षा र प्रगति प्रतिवेदन | - | कार्यपालिकामा पेश नगरेको | ३०% | प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्थामा सुधार ल्याउनु पर्ने |
| 9. | कोष व्यवस्थापन | - | ✓ | - | गर्नुपर्ने |

९.१८ बजेट तथा खर्चमा देखिएका चुनौतीगत पक्षहरु देहायमा औंल्याइएको छ :

- बजेट कार्यान्वयन योग्य, यथार्थपरक र नतिजामूलक बन्न नसकेको, संरचनात्मक अवरोधहरु सम्बोधन हुन सकेका छैनन्,
- रुपान्तरणकारी रणनीतिहरु तर्जुमा हुन सकेका छैनन्, कार्यात्मक क्षमता मजबुत नबनेका् अवस्था छ,
- विकासका सबै आयाममा लैङ्गिक मूल प्रवाहीकरण हुन सकेको छैन, खण्डीकृत तथ्याङ्कको अभाव छ,
- तथ्य र प्रमाणमा आधारित नीति निर्माणमा जोड, सीपयुक्त मानव पूँजीको विकासमा स्रोतको परिचालन गर्न प्राथमिकता दिनुपर्ने अवस्था छ । उत्पादन प्रणालीसंग नजोडिएको शिक्षा प्रणालीलाई सुधार गर्नुपर्नेछ,

- आयोजनाको छनौट गर्दा तयारीको अवस्था, स्रोतको सुनिश्चितता, खर्च क्षमता र प्रतिफलको आधारमा प्राथमिकीकरण गरी पूँजीगत खर्च क्षमता अभिवृद्धि हुन नसकेको अवस्था र अन्तर निकाय आन्तकि समन्वयमा कमजोरी देखिएकोमा सुधार गर्नुपर्ने अवस्थामा छ,
- निर्णय प्रक्रियामा सहजता ल्याउन आवश्यक छ। कार्यसम्पादन करार नतिजामुखी हुन नसकेको स्थिति छ,
- अनुगमन र मूल्याङ्कनलाई यथार्थपरक बनाउनु पर्ने देखिन्छ।

# खण्ड १०

## महानगरको समष्टिगत कार्य सम्पादन स्थिति

## २०८१।८२

१०.१ **समष्टिगत वित्तीय स्थिति** : जीवन्त शहर, सुरक्षित बसोवास, सुसंस्कृत समाज र दीगो विकासको मुख्य नीतिगत उद्देश्य लिई समृद्ध महानगर बनाउन क्षेत्रगत तथा क्रमागत प्राथमिकताको आधारमा पूर्वाधार विकास, फोहोरमैला व्यवस्थापनमा सून्य उत्सर्जनको लक्ष्य, साँस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन, शहरी हरियाली र विपद ब्यवस्थापनमा लगानी, महानगरीय मुख्य कार्यक्रमहरु हुन । आर्थिक वृद्धिदरबाट महानगरका नागरिकको जीवनस्तर उकास्नु, कर सहभागितामा वृद्धि ल्याई अपनत्वको बोध गराउनु र सडक मर्मत सुधार तथा पूर्वाधारहरुको विकासबाट शहरी जीवनयापनमा सवलीकरण गरिनु प्रमुख लक्ष्य लिएको महानगरले आर्थिक वर्ष २०८१।८२ को लागी कूल रु.२५ अर्ब ८६ लाख ५२ हजारको कूल बजेट विनियोजन गरेकोमा रु.१३ अर्ब ३ करोड ६९ लाख १३ हजार क ुल खर्च अर्थात ५२.१२ प्रतिशत वित्तीय प्रगति गरेको अवस्था छ। उक्त खर्चमध्ये यो वर्ष महानगरले चालुतर्फ रु.६ अर्ब २२ करोड ९० लाख १६ हजार र पूँजीगततर्फ रु ६ अर्ब ७३ करोड ७८ लाख ९६ हजार एवं वित्तीय खर्च रु.६ करोड गरेको छ। कार्यक्रमको लागी आन्तरिक विनियोजन रु.२३ अर्ब ३१ करोडमा ४९.४८ प्रतिशत र सशर्त अनुदान रु.१ अर्ब ६९ करोडमा ८८.७० प्रतिशत निकासा तथा खर्च भएको छ। वडा तहको लागी विनियोजन गरी पठाएको रु.४ अर्ब ७३ करोडमध्ये ६०.३८ प्रतिशत खर्च भएको अवस्था छ। महानगर अन्तर्गत छुट्याएको विभाग अन्तर्गतको औषत खर्च ४६.७० प्रतिशत रहेको छ। समग्र कार्यक्रम र लक्ष्यको तुलनामा वित्तीय प्रगति औषत देखिँदा कार्य सम्पादनमा खर्चको मात्रा बढाई समष्टिगत वित्तीय स्थितिमा सुधार ल्याउन आवश्यक देखिएको छ।

१०.२ **राजस्व लक्ष्य तथा असूली** : सम्पत्तिकर, धरबहाल कर, पर्यटन शुल्क, अन्य सेवा शुल्क, नक्सापास दस्तुर, व्यवसाय राजिष्ट्रेशन दस्तुर एवं प्रशासनिक दस्तुर लगायतको आन्तरिक राजस्व लक्ष्य रु.८ अर्ब ३ करोड ५७ लाख ९० हजार रहेकोमा रु.५ अर्ब ९५ करोड ९० लाख ९८ हजार अर्थात लक्ष्यको तुलनामा ७४.१६ प्रतिशत र आर्थिक वर्ष २०८०।८१ को तुलनामा १.५ प्रतिशत गिरावट आएको छ । गत वर्षको असुलीको तुलनामा व्यवसाय रजिष्ट्रेशन र नक्सापास दस्तरमा यो वर्ष उल्लेख्य रुपमा रु.२४ करोड ६० लाखले घटेको अवस्था छ।

घरजग्गा राजिष्ट्रेशन, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, सवारी साधन कर, मनोरन्जन कर विज्ञापन र रोयल्टीको बाँडफाँडबाट प्राप्त हुने राजस्व लक्ष्य रु.२ अर्ब २४ करोड १८ लाख ८८ हजारमा रु.२ अर्ब ३५ करोड १४ लाख ९६ हजार असली सङ्कलन भएको छ। सवारी साधन करमा लक्ष्यभन्दा रु.१० करोडले सङ्कलनमा कमी आएको छ। आन्तरिक अनुदान (संघीय तथा प्रदेश) तर्फ रु.२ अर्ब ४३ करोड ३८ लाख ६० हजार निकासा तथा खर्च भएको छ।

समग्रमा राजस्व लक्ष्य अनुसार असूली घटेको छ। सम्पत्ति करतर्फ लक्ष्यको तुलनामा ६६.७१ प्रतिशत, बहाल करतर्फ ८४.८८ प्रतिशत, नक्सापासतर्फ ४१ प्रतिशत र सिफारिस दस्तुरतर्फ ८७.४५ प्रतिशत मात्र असुल भएको छ।

१०.३ **प्रगति तथा कार्यसम्पादन स्थिति** : महानगरपालिकाबाट आ.व. २०८१।८२ को लागी तय गरेका परिमाणात्मक लक्ष्यहरुको कार्यसम्पादन तथा प्रगति स्थिति निम्न देखिएको छ :

(क) **सार्वजनिक निर्माण** : यस वर्ष सार्वजनिक निर्माणतर्फ रु.५ अर्व ४९ करोड बजेट व्यवस्था भएकोमा रु.२ अर्व ८६ करोड ५२.१२ प्रतिशत खर्च भएको छ । सार्वजनिक निर्माणतर्फ कूल २४३ योजना तथा कार्यक्रम संख्यामध्ये १४८ समान्न गरेको स्थिति छ । समग्रमा भौतिक प्रगति ५७.५० र वित्तीय प्रगति ५२.१२ देखाएकोमा बजेट अनुरूप कार्यक्रमको सम्पादन स्थिति कमजोर देखिएको छ ।

(ख) **सहकारी व्यवस्थापन** : लगतमा रहेका १९१४ सहकारीमध्ये ७६४ ले विवरण बुझाएका, ११५० ले विवरण नबुझाएका, विनियमावली पुर्नलेखन भएका २१, विनियमावली संशोधन भएका २९ रहेका छन् । सी.आई.बी. बाट ४ वटा विशेष अनुसन्धानमा रहेका छन् भने १५० सामान्य अनुसन्धानमा छन् । सहकारीको नियमन तथा अनुगमन र आगामी सुधारको मार्ग ओजिलो देखिएको छ । सहकारी नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याएता पनि सहकारीको तत्कालको समस्या समाधान नहुने स्थितिमा छ । नियमन र अनुगमन प्रणाली प्रभावकारी बनाई चालु अवस्थाका सहकारीको स्थितिमा थप निगरानी बढाउन आवश्यक देखिएको छ ।

(ग) **सम्पदा संरक्षण तथा पर्यटन प्रवर्द्धन** : सम्पदा संरक्षण तथा पर्यटन प्रवर्द्धन अन्तर्गत रु.२ अर्व ४१ करोड ४४ लाख ५ हजार बजेट व्यवस्था भएकोमा विनियोजनमध्ये ३९ प्रतिशत खर्च भएको छ । कुल ४०१ आयोजना संख्यामा २७६ मूर्त आयोजना र १२५ अमूर्त आयोजना रहेकामा ४८ मूर्त आयोजना सम्पन्न भएका, ६१ आयोजना उपभोक्ता समितिबाट सञ्चालन भएका, ३२ वटा निर्माण व्यवसायीबाट कार्य गरिरहेको र १५ वटा खरिद प्रक्रियामा रहेको देखिन्छ । १३१ वटा आयोजनाको डिटेल प्रोजेक्ट रिपोर्ट तथा ड्इङ्ग तयार भइरहेको उल्लेख छ । निर्माण व्यवसायीबाट कार्य भएका ठेक्काको कार्यसम्पादनलाई समयमै समपन्न गराउनेतर्फ ध्यान दिइनुपर्ने र विवादीत ४ योजनाहरू समाधान गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ ।

(घ) **विपद व्यवस्थापन :** जल उत्पन्न, आगलागी, जोखिमयुक्त रुख कटान एवं अन्य विपद व्यवस्थापन कार्यको लागी रु.१९ करोड ५६ लाख बजेट ब्यवस्थामा रु.४ करोड ९१ लाख १६ हजार खर्च गरी २५.१ प्रतिशत वित्तीय प्रगति र ४८.०६ प्रतिशत भौतिक प्रगति देखिएको छ । यो वर्ष १४३ रुख कटान, १३० जल घटना न्यूनिकरण, ३१ जनालाई विपद तालिम र १९ जनालाई बाढी तालिम, ६५०९ श्रमशक्ति दिने अनुसार ६९५८ मेनहोल, ६८०५ क्याचफिट, २१२९ ऱ्याम्प, ३९८० टन फोहोरमैला विस्थापन गरेको छ । २९४ फायर एक्सिङ्गर, ३३० रिफिलिङ्ग, बाटरपम्प १ थान, पिकअप भ्यान १, रेस्क्यू बोट थान १ खरिद गरेको छ । खर्च गर्ने क्षमता वृद्धिगरी निर्धारित कार्यक्रम सम्पादनमा थप जोड दिइनुपर्ने देखिएको छ ।

(ङ) **शहरी योजना** : नियमित र स्वर्णीय योजना गरी २ भागमा विभक्त शहरी कार्यक्रमको लागी रु.१४ करोड १८ लाख बजेट व्यवस्था गरेकोमा रु.५ करोड ४६ लाख अर्थात ३८.५२ प्रतिशत व्यय गरेको छ । नियमित योजनातर्फ रु.९ करोड ५६ लाख र स्वर्णीय योजना तर्फ रु.४ करोड ६२ लाखमा खर्च क्रमशः रु.५ करोड ३७ लाख र रु.९ लाख देखिएको छ । आयोगबाट विभाग तथा वडाहरुका १६४ योजना को DPR वमोजिक कार्यक्रम कार्यान्वयन गरिनुपर्ने देखिन्छ ।

(च) **वातावरण व्यवस्थापन** : फोहोरमैला सङ्कलन तथा ढुवानी र वातावरणीय व्यवस्थापन स्वर्णीम योजना, वातावरणीय अध्ययन, वातावरणीय प्रदुषण रोकथाम तथा नियन्त्रण, यन्त्र उपकरण व्यवस्थापन लगायतको लागी यो वर्ष रु.१ अर्व ८ करोड ५६ लाख बजेट व्यवस्था भएकोमा रु.४८ करोड ७५ लाख २९ हजार खर्च गरी ४७.५७ प्रतिशत वित्तीय र ५३.४२ प्रतिशत भौतिक प्रगति भएको उल्लेख छ । यस क्षेत्र तथा कार्यक्रमबाट रु.३ करोड ८६ लाख ६८ हजार राजस्व समेत प्राप्त भएको छ । नदी किनारा सफाई, आकस्मिक नदी सरसफाई, विसर्जनस्थल ब्यवस्थापन, पोखरी सरसफाई आदि कार्यहरु सम्पन्न गरेको र ८ टि्पर, ५ थान जेटमेशिन, ३५ थान एम्बुलेन्स, १ थान डोजर, ४ थान, विद्युतीय सवारी, एसटिपी जडान, १ एक्साभेटर खरिद भएको छ । फोहोरमैला सङ्कलन र दुवानी सम्बन्धी कार्यविधि, २०८१ र प्रदुषण नियन्त्रण मापदण्ड, २०८१ तयार गरी कार्यान्वयनमा ल्याएको छ । प्रदुषण नियन्त्रण अर्न्तगत सवारी परीक्षण, यन्त्र जडान, अभिमुखीकरण कार्यक्रम सञ्चालनमा आएको छ ।

(छ) **सूचना प्रविधि र सञ्चार** : मेट्रोन्यूज, मेट्रो एफ.एम., नेपाल टेलीभिजन र कामपाको आधिकारिक सामाजिक सञ्जालबाट सूचनाहरु प्रवाह भएको छ । कुल बजेट रु.५४ करोड़ २० लाखमा रु.७ करोड

५४ लाख खर्च गरी १३.९१ प्रतिशत वित्तीय र ६२ प्रतिशत भौतिक प्रगति उल्लेख छ। २०८१।८२ मा २० हजारभन्दा बढी सिफारिस अनलाईनबाट प्रदान गरेको, नागरिकता सिफारिस समेत अनलाईन प्रणालीबाट गर्ने प्रक्रिया सञ्चालनका ल्याएको छ । डिजिटल दस्तखतबाट ई-कार्यालय प्रणाली व्यवस्थापन भएको, सफ्टवेयर विकास केन्द्र स्थापनाको थालनी गरेको, म्यापिङ्ग र तथ्याङ्क एकीकरण प्रणाली कार्यान्वयन लगायतका कार्य पुरा गरेको छ। तथापी डिजीटल लिटरेसीको समस्या रहेको र सूचना प्रविधि कार्यान्वयनमा पर्याप्त जनशक्ति नरहेको देखिन्छ। जनशक्तीको प्रर्याप्त व्यवस्था गरी वित्तीय क्षमता बढाउनुपर्ने अवस्था छ।

(ज) **शहरी व्यवस्थापन नक्सापास** : अस्थाई भवन निर्माण अनुमती पत्र १२७२ संख्यालाई उपलब्ध गराएको, स्थायी भवन निर्माण अनुमती पत्र ४७०, तलाथप इजाजतपत्र - ५१ वटा, भवन निर्माण सम्पन्न प्रमाणपत्र २२८२ र नक्सा नामसारी ९६१ वटाको कार्य सम्पनन गरी रु.४१ करोड ६१ लाख ८२ हजार राजस्व सङ्कलन गरेको छ। २०८०।८१ भन्दा २०८१।८२ मा नक्सापास राजस्वमा गिरावट आएको छ।

(झ) **यातायात तथा सड़क सुरक्षा स्वर्णीम योजना** : सड़क सुरक्षा तथा स्वर्गीय योजना अर्न्तगत १८ कार्यक्रम संख्या अन्तर्गत रु.४ करोड १५ लाख बजेट ब्यवस्था भएकोमा रु. १ करोड ८६ लाख ९८ हजार खर्च भई २२.९४ प्रतिशत वित्तीय प्रगति भएको छ। यस योजना अन्तर्गत २०८२।८३ या क्रमागत भएका कार्यक्रम संख्या ७, सम्पन्न कार्यक्रम ७, ५० प्रतिशत प्रगति भएका २ र खरिद प्रक्रियामा रहेका ४ योजना रहेका छन्।

१०.४ **दरवन्दी तथा पदपूर्ति -** स्वीकृत दरवन्दी संख्यामा विभिन्न सेवा/समूहका स्थायीतर्फ २१४८ र अस्थाईतर्फ ४९२ समेत कूल २६४० दरवन्दीमा स्थायीतर्फ १६९६ र अस्थायीतर्फ ५३४ ज्यालादारी समेत २२३० जना पदपूर्ति भएको देखिन्छ। प्राविधिक कर्मचारीको रिटेन्सन चुनौतीपूर्ण देखिँदा पदपूर्तिको चापमा सुधार गर्न आवश्यक देखिएको छ।

१०.५ **खरिद योजना** : खरिद इकाईबाट आ.व. २०८१।८२ मा कूल रु.६ अर्व ३३ करोड ५८ लाख ५९ हजारको रु.१० करोड़ माथिका ११ वटा, रु.१० करोडभन्दा मुनिका ७४ वटा, सामान खरीदको ८८ वटा, वडा तहका ७८ गरी कुल २५१ इकाइको लागतमा रु.५ अर्व ४ करोड ९४ लाख ४३ हजारको ठेक्का सम्झौता हुन गई कुल लागत अनुमानमा २०.३०% बजेट बचत भएको छ। लागत अनुमान वस्तुपरक बनाईनुपर्दछ।

१०.६ **स्वास्थ्य सेवा** : स्वास्थ्य सेवातर्फ आन्तरिकतर्फ रु.७८ करोड २१ लाख ९ हजार, संघीय सरकारतर्फ रु.९ करोड ३८ लाख ६८ हजार र प्रदेश सरकारतर्फ रु.२ करोड ९१ लाख ८० हजार समेत रु.९० करोड ५१ लाख ५७ हजारमा रु.५५ करोड ९ लाख २२ हजार खर्च भई ६५.८६ प्रतिशत खर्च भएको छ। आन्तरिक स्रोततर्फ विनियोजित बजेटबाट ५५.६४ प्रतिशत मात्र खर्च भएको छ। स्वास्थ्य वीमा कार्यक्रम १० संस्थाबाट, खोप कार्यक्रम पोषण, सुरक्षित मातृत्व, फिजियोथेरापी ३२ केन्द्रबाट, सुरक्षित गर्भपन ६, क्षयरोग नियन्त्रण २२ केन्द्र, ल्याव सेवा ३१, भिडियो एक्सरे ६, एक्सरे २ र आयुर्वेद वैकल्पिक उपचार सेवा १ केन्द्रबाट प्रवाह भएको अवस्था छ।

१०.७ **सामाजिक विकास कार्यक्रम** : आन्तरिक स्रोत अन्तर्गत सामाजिक सुरक्षातर्फ रु.२ करोड १० लाख विनियोजन गरेकोमा रु.१ करोड ४५ लाख १५ हजार खर्च भएको छ। अन्य सामाजिक सरक्षातर्फ रु.१५ करोड बजेटमा रु.१४ करोड १४ लाख २० हजार खर्च भएको छ। छात्रवृतितर्फ रु.३५ लाख बजेटमा रु.२ लाख ३४ हजार र उद्दार राहत एवं पूर्णस्थापना कार्यक्रम अन्तर्गत रु.१ करोड ८१ लाखमा रु.१ करोड १३ लाख ५१ हमार खर्च भएको अवस्था छ। औषधी खरिदतर्फ रु.६ करोड ७३ लाख ५० हजारमा रु.४ करोड ९२ लाख ८ हजार र अन्य सामाजिक सहायतामा रु.३६ लाख विनियोजनमा रु.२५ लाख ६८ हजार खर्च गरेको छ।

१०.८ **गुनासो सुनुवाई र फछ्यौंट** : महानगरभित्र समग्रमा फोहोरमैला, सडक मर्मत, ढल निकास र कर सम्बन्धी गुनासाहरु आउने गरेका छन्। यी गुनासाहरूलाई महानगरले कल सेन्टर हटलाईन, वडा कार्यालय, अनलाईन पोर्टल र प्रवक्ता मार्फत सुनुवाई हुने व्यवस्था मिलाएको छ। २०८१।८२ मा गुनासोको कुल संख्या ८२०६ का ७६९७ (९३.८०%) फछ्यौंट भएको, हेलो सरकारबाट प्राप्त ११०५ गुनासोमा ७२० सम्बोधन भएको देखिन्छ। सुनुवाई प्रणालीमा शिघ्रता ल्याउन र सम्बोधनको व्यवस्था मिलाउन आवश्यक देखिएको छ।

१०.९ **विवाद फछ्र्यौट स्थिति** : न्यायीक समिति समक्ष पेश भएका विवाद ३०८ मध्ये १६० वटा निर्णय भएको, ८० वटा मिलापत्र भई ८०.५१ प्रतिशत फछ्र्यौट भएको, प्रमुख समक्ष पेश भएको विवाद १४३ मध्ये ५५ वटा निर्णय भएका, प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश भएको विवाद १४ मध्ये ४ वटा निर्णय भई फछ्र्यौट भएको अवस्था छ । बाँकी विवाद समाधान गरिनुपर्दछ । त्यस्तै कामपा विपक्ष भएको सर्वोच्चमा १४८, उच्चमा १६९ र जिल्लामा १०६, मुद्दा दर्ता भएकोमा क्रमशः २७, ११ र २९ फैसला भई क्रमशः १२१, ३८ र ७७ मुद्दा संख्या फैसला हुन बाँकी देखिन्छ ।

१०.१० **कानून तर्जुमा र कार्यान्वयनको अवस्था** : वि.सं. २०७४ देखी २०८१ श्रावणसम्म महानगरबाट निर्माण भएका कानूनहरुमध्ये ऐनको संख्या ५२, नियमावली - १२, निर्देशिका ११, कार्यविधि संख्या ५० र मापदण्ड ६ तर्जुमा भई कार्यान्वयनमा आएका छन् । महानगरपालिकाको नीति कार्यान्वयनका लागी आवश्यकतानुसार तर्जुमा गरिएका कार्यविधि कानूनहरू नीति कार्यान्वयनका क्रममा प्रयोगमा आउने भएकोले तीनको कार्यान्वयन अवस्थाको उपयोग निरन्तर रहेता पनि यस सम्बन्धमा वस्तुगत अध्ययन/अनुसन्धानको आवश्यकता देखिएको छ ।

१०.११ **संरचनात्मक रूपान्तरण** : १६ औं योजनाको प्रमुख प्राथमिकता सबै क्षेत्रको संरचनात्मक रुपान्तरण हो । संरचनात्मक रुपान्तरणबाट महानगर क्षेत्रभित्रका आमनागरिकको समष्टिगत आर्थिक वृद्धिमा अनुकूलतम स्थितिको सिर्जना गर्नु, आर्थिक आधारहरुको सवलीकरण, उत्पादन र उत्पादकत्वमा क्षमता अभिवृद्धि गर्नुका साथै मर्यादित, श्रम र दीगो सामाजिक सुरक्षालाई बल पुऱ्याउनु रहेको छ । सीपयुक्त मानव पूँजीको विकासबाट महानगरीय हरेक क्रियाकलापमा संरचनात्मक सुधार ल्याउन आवश्यक पनि छ । गुणस्तरिय भौतिक विकास योजनावद्ध दीगो र उत्थानशिल शहरीकरणमा जोड दिनुपर्ने अवस्था छ । प्रभावकारी वित्त व्यवस्थापन र पूँजीगत खर्चको क्षमता, अभिवृद्धिबाट संरचनात्मक रूपान्तरण हुने भएकोले यसतर्फ महानगरपालिकाले आफ्ना नीति तथा कार्यक्रमलाई केन्द्रीत गर्न आवश्यक रहेको छ । सोबाट शासकिय सुधार र सुशासन प्रवर्द्धन हुने गर्छ, दिगो विकासको लक्ष्य सहजै प्राप्त गर्न सकिने हुँदा महानगरले लिएका परिमाणात्मक लक्ष्यहरुलाई आधार विन्दुभन्दा ओझपूर्ण रूपले फरकपन ल्याउन आम सवालको विषय रहेको छ । २०८५।८६ सम्म विनियोजनको खर्च क्षमता ९० प्रतिशत पुऱ्याउनु छ । लैङ्गिक विकास सूचकाङ्कलाई ०.९६७ मा पुऱ्याउन आधाभूत सामाजिक सुरक्षालाई विशेष प्राथमिकता दिन जरुरी देखिएको छ । संरचनात्मक रूपान्तरणको माध्यमबाट वेरोजगारी दर ५ प्रतिशतमा झार्ने, निरपेक्ष गरिबी २०.३ बाट १२ प्रतिशतमा खुम्च्याउने तथा लैङ्गिक असमानता ०.४९५ बाट ०.२२५ मा झार्ने र महिला र पुरुषको रोजगारीमा सहभागीता अनुपात १:१.२ मा ल्याउन श्रोतको क्षमतायुक्त र न्यायोचित परिचालन आवश्यक छ ।

१०.१२ **क्षेत्रगत आन्तरिक क्रियाकलाप खर्च स्थिति**

| सि.नं. | क्षेत्र | कुल क्रियाकलाप संख्या | खर्च भएको क्रियाकलाप संख्या | क्रियाकलाप सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| 1 | शहरी योजना आयोग | 58 | 12 | 20.69 |
| 2 | हनुमानढोका दरवार क्षेत्र | 33 | 29 | 87.88 |
| 3 | अन्तराष्ट्रिय सम्बन्ध सचिवालय | 8 | 6 | 75.00 |
| 4 | कानून तथा मानव अधिकार | 17 | 14 | 82.35 |
| 5 | खरिद व्यवस्थापन | 3 | 0 | - |
| 6 | प्रशासन विभाग | 85 | 62 | 72.94 |
| 7 | महानगर प्रहरी बल | 18 | 10 | 55.56 |
| 8 | अनुगमन तथा मूल्याकन | 6 | 4 | 66.67 |
| 9 | राजस्व विभाग | 16 | 4 | 25.00 |
| 10 | वातावरण विभाग | 109 | 54 | 49.54 |
| 11 | वित्त विभाग | 9 | 8 | 88.89 |
| 12 | विपद व्यवस्थापन | 37 | 17 | 45.95 |

| सि.नं. | क्षेत्र | कुल क्रियाकलाप संख्या | खर्च भएको क्रियाकलाप संख्या | क्रियाकलाप सम्पन्न प्रतिशत |
|---|---|---|---|---|
| 13 | शिक्षा विभाग | 114 | 45 | 39.47 |
| 14 | सम्पदा | 182 | 108 | 59.34 |
| 15 | सहकारी | 16 | 7 | 43.75 |
| 16 | शहरी व्यवस्थापन | 26 | 7 | 26.92 |
| 17 | सामाजिक विकास | 124 | 46 | 37.10 |
| 18 | सार्वजनिक निजी साझेदारी | 13 | 5 | 38.46 |
| 19 | सार्वजनिक निर्माण | 76 | 29 | 38.16 |
| 20 | सूचना प्रविधि | 54 | 27 | 50.00 |
| 21 | स्वास्थ्य | 99 | 74 | 74.75 |
| 22 | हरियाली प्रवर्द्धन | 63 | 34 | 53.97 |
| 23 | कृषिपशुपंक्षि | 28 | 10 | 35.71 |
| | **जम्मा:** | **1194** | **612** | **51.26** |

# खण्ड ११

# महानगरको कार्यसम्पादन लेखाजोखा/प्राथमिकता मूल्याङ्कन

# २०८१।८२

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| आन्तरिकतर्फ रु.२३ अर्ब ३१ करोडको बजेट तयारी कुल बजेट २५ अर्ब ८६ लाख ५२ करोड | • क्षेत्रगत, प्राथमिकता, नीति, विभागगत कार्यक्रम तथा बजेट बाँडफाँड, अख्तियारी, खरिद, सेवा, वित्त, बजेट स्वीकृति र कार्यान्वयन, समीक्षा। | • आन्तरिकतर्फ रु.२३ अर्ब ३१ करोडमा ४९.४८ प्रतिशत र सर्शत अनुदान रु.१ अर्ब ६९ करोडमा ८८.७० प्रतिशत खर्च भएको। रु.२५ अर्बको बजेटमा कुल रु.१३ अर्ब ३ करोड खर्च भई ५२.१२ प्रतिशत वित्तीय प्रगति देखिएको। ४८ प्रतिशत बजेट भार कार्यान्वयनमा नआएको | • बजेट, कार्यक्रम, समय, लक्ष्य बीच समन्वयन गरी पूर्ण रुपले बजेट कार्यान्वयन गर्ने पद्धति/प्रणालीमा सुधार ल्याउनु पर्ने। खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्ने |
| चालु तथा पूँजीगत खर्च | • चालु खर्च र पूँजी निर्माण खर्च | • चालुतर्फ रु.६ अर्ब २२ करोड ९० लाख तथा पूँजीगततर्फ रु.६ अर्ब ७३ करोड ७८ लाख खर्च भएको। | • पूँजीगत खर्चको वित्तीय क्षमतामा सुधार गर्नुपर्ने |
| वडा तह खर्च | • चालु तथा पूँजीगत कुल बजेट रु.४ अर्ब ७३ करोड व्यवस्था | • ६०.३८ प्रतिशत मात्र खर्च भई ३९ प्रतिशत बजेट कार्यान्वयनमा नआएको। | • वडा तहको पूँजीगत खरिद खर्चमा वृद्धि गर्नुपर्ने। |
| वडा खर्च प्रगति स्थिति | • बजेट कार्यान्वयन क्षमता | • सबैभन्दा बढी खर्च गर्ने १२, १९ र २७ वडामा औसतमा ८४ प्रतिशत र कम खर्च गर्ने ११, १, १६ वडा औसत ३५ प्रतिशत खर्च देखिएको। समग्रमा ६० प्रतिशत खर्च भएको | • न्यून खर्च गर्ने वडाको क्षमता अभिवृद्धि गर्नुपर्ने, समन्वयमा ध्यान दिनुपर्ने, स्रोत परिचालनमा जोड दिनुपर्ने। |
| वित्त व्यवस्थापन | • लेखाङ्कन प्रणाली, आर्थिक विवरणको तयारी, रकम भुक्तानी प्राप्ति, निकासा, खर्च, समीक्षा, बजेट तयारी अनुमान, रकमान्तर, स्रोतान्तर, साँवा व्याज भुक्तानी, कोष व्यवस्थापन अख्तियारी। | • आर्थिक विवरणको तयारीमा समय लाग्ने गरेको, भुक्तानी प्रक्रियामा ढिलाई हुने गरेको, भुक्तानी बाँकी हिसाव जिम्मेवारी सरेको, ऋण साँवाको समायोजन हिसाव तयार नगरेको, सफ्टवेयर सञ्चालन शुत्रको प्रयोग, | • लेखाङ्कन प्रणालीमा थप सुधार गरी समयभित्र आर्थिक विवरणको तयारी र बजेट/खर्च समीक्षा गर्ने स्थितिमा सुधार गर्नुपर्ने, भुक्तानी प्रक्रिया समयमै गर्नुपर्ने |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| | | लेखाङ्कन प्रणालीमा सुधार हुदैं आएको । | |
| आन्तरिक लेखापरीक्षण | ● लेखापरीक्षणको प्रभावकारिता, तरिका, विधि, जोखिमको छनौट, प्रतिवेदन प्रणाली, अन्तक्रिया, छलफल, गोष्ठी, ले.प.सुधार तथा व्यवस्थापन । | ● आलेप गरी प्रतिवेदन तयार गरेको, लेखा समिति बैठक संचालन गरेको, विद्यालय अभिमुखीकरण तालिम सञ्चालन गरेको, लेखापरीक्षणमा सुधारका क्षेत्र पहिचान गर्दै गएको, क्षमता अभिवृद्धि तालिम सञ्चालन गरेको । | ● बाह्य सेवा र विज्ञको पहुंच लिई लेखापरीक्षणको विधि र तरिकामा थप सुधार ल्याउनुपर्ने, राजस्व परीक्षणमा थप ध्यान दिइनुपर्ने । |
| राजस्व लक्ष्य तथा असूली | ● शुल्क, कर, दस्तुर राजस्व बाँडफाँड, प्राप्ती, अनुमान र वास्तविकता | ● आन्तरिक राजस्व लक्ष्य रु.८ अर्व ३ करोडमा रु.५ अर्व ९५ करोड अर्थात ७४.१६ प्रतिशत प्राप्त गरेको, गत वर्षको असुलीमा रु.२४ करोड ६० लाख राजस्व घटेको, राजस्व बाँडफाँडतर्फ रु.२ अर्व ३५ करोड प्राप्त गरेको । समग्रमा राजस्व लक्ष्यको तुलनामा प्राप्ती घटेको छ । सम्पत्ति करतर्फ अनुमानमा ६६.७१ प्रतिशत, बहाल करतर्फ ८४.८८ प्रतिशत, नक्सापासतर्फ ४१ प्रतिशत र सिफारिस दस्तुरतर्फ ८७.४५ प्रतिशत मात्र असुल भएको अवस्था छ । आ.ब. २०८०।८१ को असुलीमा २०८१।८२ को असूली १.५ प्रतिशतले घटेको छ । | ● आन्तरिक राजस्व असुलीको दायरा बढाउनु पर्ने,<br>● अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने,<br>● कर सम्बन्भधी सचेतना बढाउनु पर्ने,<br>● कर तिर्ने क्षमतामा वृद्धि गर्न सहजीकरणको वातावरण निर्माण गर्नुपर्ने । |
| शहरी योजना | ● नक्सापास प्रक्रिया, संरचना आचारसंहिता, आवधिक योजना, अध्ययन अनुसन्धान, परियोजना छनौट, जनशक्ति व्यवस्थापन, सौन्दर्यकरण, सेटेलाइट डिपिआर । | ● विज्ञ व्यवस्थापन गरेको, इन्टर्नसिप कार्यक्रम सञ्चालन भएको, श्रम बैक मार्फत जनशक्ति व्यवस्थापन गरेको, नीति सम्बन्धी कार्यक्रम र मटोपोलिटन रिसर्च फेलोसिप कार्यक्रम गरेको, योजना तर्जुमा र गोष्ठी सम्पन्न गरेको, स्थलगत नापजाँच तथा सर्भे | ● वार्षिक लक्ष्य अनुसारको प्रगति प्राप्त गर्न शहरी योजनासंग सम्बन्धित सबै पक्षको क्षेत्रगत अधययन र अनुसन्धानलाई बढावा दिनुपर्ने,<br>● विज्ञ सेवा तथा बाह्य स्रोत व्यक्तिसंग अर्न्तक्रिया गरी योजना |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलव्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| | | र आकस्मिक कार्य पूरा गरेको । | तर्जुमा कार्यान्वयन प्रणालीमा थप सुधार ल्याउनु पर्ने । |
| अन्तर्राष्ट्रिय सम्बन्ध | ● सदस्यता शुल्क, भगिनी सम्बन्ध, राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, मेय उपमेयर फोरम सञ्चालन, बाह्य भ्रमण, इन्द्रजात्रा, स्वागत, उपहार । | ● इन्द्रजात्रा अतिथी सत्कार अवलोकन कार्यक्रम सञ्चालन गरेको, स्वागत उपहार सम्पन्न गरेको, बाह्य भ्रमण सम्पन्न गरेको, भगिनी सम्बन्ध स्थापना तथा अनुभव आदान प्रदान सम्पन्न गरेको, सदस्यता शुल्क भुक्तानी गरेको । | ● मेयर/उपमेयर फोरम सञ्चालन गर्नुपर्ने,<br>● अध्ययन भ्रमण बढाउनु पर्ने,<br>● भगिनी सम्बन्ध र सहकार्यमा जोड दिनुपर्ने,<br>● राष्ट्रिय/अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारलाई थप प्रवलीकरण गर्नुपर्ने । |
| कानून तथा मानव अधिकार | ● अडा अदालत प्रतिनिधित्व, कानूनी पुस्तक खरिद, स्थानीय कानून, तर्जुमा, संशोधन, पुनरावलोकन, कानूनी राय, सल्लाह, परामर्श, कानूनी सहायता, न्याय, विवाद व्यवस्थापन, मानव अधिकारी आदि । | ● विवाद व्यवस्थापन तथा क्षतिपूर्ति कोष तयार गरेको, कानूनसंग सम्बन्धित समिति/उपसमिति गठन गरेको, न्याय चौतारी कार्यक्रम कार्यान्वयनमा ल्याएको, निर्णय कार्यान्वयन सहजीकरण गरेको, मेलमिलापलाई प्राथमिकतामा राखेको, निःशुल्क कानूनी सेवा दिएको, कानूनहरुको तर्जुमा तथा पुनरावलोकन भएको, स्थानीय राजपत्र प्रकाशन, प्रतिनिधित्व, कानून संग्रह तयार गरेको । | ● विवाद व्यवस्थापन, मेलमिलाप, कानूनी सहायतालाई थप वृद्धि गर्नुपर्ने,<br>● स्थानीय न्याय संवादलाई प्राथमिकतामा राख्नुपर्ने,<br>● सूचनाको हक प्रवर्द्धनलाई सरल तुल्याउनु पर्ने । |
| खरिद व्यवस्थापन | ● खरिद योजना, खरिद व्यवस्थापन, खरिद व्यवस्थापन क्षमता, खरिद समय र तालिका, प्रतिस्पर्धा र मितव्ययिता । | ● २०८१।८२ मा कुल २५१ खरिद योजना तयारी गरेको,<br>● कुल सम्झौता रु.५ अर्व ४ करोड रहेको,<br>● रु.१० करोड माथिको ११ खरिद व्यवस्थापन र रु.१० करोडमुनी ४ खरिद योजना तयार गरेको, क्षमता अभिवृद्धि तालिम गरेको । | ● खरिद योजना, सम्झौता, समय र सम्पन्नता बीच समनवय गरी खरिद व्यवस्थापनलाई प्रभावकारी तुल्याउनु पर्ने । |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलव्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| प्रशासन विभाग | • उपभोग खर्च व्यवस्थापन, कार्यसञ्चालन र सेवा खर्च, प्रोत्साहन, पुरस्कार, विभिनन प्रशासकिय कार्य, प्रतिनिधित्व, अर्न्तक्रिया, गोष्ठी, छलफल, बैठक, छपाई, खरिद, मर्मत, करार, परामर्श, सूचना प्रणाली, लैङ्गिक/सामाजिक परीक्षण, पुरस्कार, सम्मान, पूजा, सेवा प्रवाह, जिन्सी, मुआव्जा, क्षतिपूर्ति आदि । | • फर्निचर/ल्यापटप लगायतका उपकरण खरिद गरेको,<br>• ३२ वडाको लागि जग्गा खरिद गरेको,<br>• सेवा निवृत्तको संचित विदा र औषधि उपचार निकासा गरेको,<br>• मालपोत कार्यालय, डिल्लीबजारलाई सेवा प्रवाह सयोग, पदपूर्ति, संगठन व्यवस्थापन तथा सर्भेक्षण, जिन्सी कोडिङ्ग, आन्तरिक पर्यटन प्रवर्द्धन, एकल सेवा केन्द्रको कार्य गरेको । | • प्रशासनिक खर्चमा मितव्ययीता अपनाउनुपर्ने,<br>• लैगिक तथा सामाजिक र सुनुवाई लगायतका कार्यक्रमलाई निरन्तरता दिनुपर्ने,<br>• खरिदलाई थप प्रतिस्पर्धात्मक बनाउनु पर्ने,<br>• पटके खरिद नियन्त्रण गर्नुपर्ने,<br>• जग्गा अधिग्रहणको कार्य सम्पन्न गर्नुपर्ने,<br>• मिनि प्रेस स्थापना गर्नुपर्ने,<br>• काम नलाग्ने जिन्सी लिलाम गर्नुपर्ने । |
| महानगर प्रहरी तथा सुरक्षा एवं संरक्षण | • रुख कटान, पार्किङ्ग नियन्त्रण,<br>• सवारी तथा सुरक्षा उपकरण खरिद,<br>• सुरक्षा सामग्री QRT परिचालन Road Marking सहकार्य र समन्वय आदि । | • आधारभूत तालिम सम्पन्न गरेको,<br>• सहकार्यलाई अगाडी बढाएको,<br>• सुरक्षा सामग्री खरिद गरेको,<br>• पोलिकन क्रसिङ्ग गरेको,<br>• रोड मार्किङ्गको कार्य गरेको,<br>• शान्ती सुरक्षा, संरक्षण र आवागमनमा जोड दिएको | • सडक सुरक्षालाई प्राथमिकतामा राख्नुपर्ने,<br>• रोड मार्किङ्ग र पोलिकन क्रसिङ्ग कार्यलाई प्रभावकारी तुल्याउनुपर्ने,<br>• जोखिमयुक्त रुख कटान गर्नुपर्ने,<br>• QRT परिचालनमा आवश्यक सुरक्षा सामग्रीको बन्दोवस्त हुनुपर्ने । |
| योजना अनुगमन तथा मूल्याङ्कन | • क्षमता विकास, अनुगमन प्रतिवेदन, अनुगमन प्रणाली, प्रयोगशाला, समीक्षा, मूल्याङ्कन | • अर्न्तक्रिया कार्यक्रम, कार्यक्रम मूल्याङ्कन र समीक्षा, अनुगमन प्रतिवेदन संग्रह, सावजनिकीकरण, कमैचारी जनप्रतिनिधि क्षमता विकास लगायतका कार्य सम्पन्न गरेको । | • अनुगमन तथा मूल्याङ्कनको एकीकृत प्रणाली विकास गर्नुपर्ने,<br>• मूल्याङ्कन गर्ने पद्दति र क्षमता विकासमा जोड दिनुपर्ने । |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलव्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| राजस्व व्यवस्थापन | • राजव असूली, कर सङ्कलन, सफ्टवेयर, अर्न्तक्रिया, कर छुट, परामर्श वा, सुत्र, कर/गैरकर, अनुगमन, करदाता शिक्षा, इरेन्टल एप, परीक्षण, सूचना/तथ्याङ्क सङ्कलन, बहाल करदाता सङ्कलन | • करको दायरा पुनरावलोकन समितिको बैठक बसेको, करदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन भएको, परामर्श सेवा खरिद भएको, अनुगमन गरेको, सूचना तथ्याङ्क सङ्कलन गरेको । | • इरेन्टल प्रणाली र सोको अभिमुखीकरणमा जोड दिनुपर्ने, करदाता शिक्षामा जोड दिई असूलीमा वृद्धि गर्नुपर्ने, कर तथा गैरकर परीक्षणलाई नतिजामूलक बनाइनुपर्ने, बहाल करको तथ्याङ्क सङ्कलनमा जोड दिनुपर्ने । |
| वातावरणीय क्षेत्र | • फोहरमैला सेग्रिगेशन, स्वास्थ्य सुरक्षा सामग्री, नदी सरसफाई, वातावरणीय अध्ययन, फोहोर सकलन र विस्थापन, सफाई, बायु र जल प्रदुषण रोकथाम, क्षतिपूर्ति, मर्मत, खरिद, पूर्वाधार निर्माण, सवारी खरिद, धुलो नियन्त्रण, क्रमागत योजना । | • क्रमागत योजनाको ८२.४४ प्रतिशत वित्तीय प्रगति गरेको, सवारी र उपकरण र खरिद अपेक्षा अनुसार हुन नसकेको, सडक स्तरोन्नती र मर्मत गरेको, प्रभावीत क्षेत्रमा क्षतिपूर्ति दिएको, फोहर व्यवस्थापनमा सुधार ल्याएको । | • औजार, सवारी, उपकरण खरिद गरी फोहर व्यवस्थालाई सहजीकरण गर्नुपर्ने, वातावरणीय असरलाई रोकथाम गर्न पूर्व अनुसन्धान प्रणालीको विकास गर्नुपर्ने, वार्षिक कार्य लक्ष्यको सम्पादन स्थितिमा सुधार ल्याउनु पर्ने । |
| विपद व्यवस्थापन | • सचेतना, उद्दार, अभ्यास, QRT, तालिम जोखिम, नक्साङ्कन म्यापिङ्ग, राहत, क्षतिपूर्ति, रणनीतिक योजना, परामर्श खरिद, अग्नि नियन्त्रण, सिमुलेशन ड्रिल, डुवान, बाढीपहिरो, दमकल, ड्रेन, Main hole cover, बोरिङ्ग पानी आदि | • डुवान उत्पन्न गर्ने ढल, कभर, नाली सरसफाई गरेको,<br>• रामहिटी दमकल भवनमा बोरिङ्ग गरेको,<br>• फायर हाइड्रान्ट खरिद मर्मत गरेको,<br>• सेफ्टी उपकरण खरिद,<br>• फायर एकसीङ्गगुइसर खरिद गरेको,<br>• इलेक्ट्रिक सेफ्टी अडिट गरेको,<br>• विपद स्वयमसेवक वडा गठन,<br>• विपद व्यवस्थापन कोष खडा, | • खुला क्षेत्र मार्ग सङ्केत गर्नुपर्ने,<br>• विपद अनुदान कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने,<br>• दमकल र पानीलाई कामयावी बनाउनु पर्ने,<br>• वडामा आकाशेपानी व्यवस्थापन गर्नुपर्ने,<br>• पुराना बारुणयन्त्र मर्मत तथा नयाँ खरिद गर्नुपर्ने,<br>• नाली सरसफाईमा उचित ध्यान पुऱ्याउनुपर्ने, |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| | | ● तालिम र सिमुलेशन ड्रिल खरिद गरेको । | ● अग्नि नियन्त्रण पोशाक खरिद गर्नुपर्ने । |
| ऋण तथा साँवा भुक्तानी | ● साँवा/व्याज भुक्तानी, ऋण रिकन्सीलेशन | ● रु.१२ करोड बजेट व्यवस्था भएकोमा रु.७ करोडको ऋण तथा साँवा व्याज भुक्तानी गरेको । | ● विनियोजन बमोजिम साँवा रकम घटाउनुपर्ने, ऋण दायित्व कम गर्दै लग्नुपर्ने, ऋण तथा साँवा व्याज हिसावको रिकन्सीलेशन विवरण तयार गर्नुपर्ने । |
| कानून निर्माण | ● ऐन/नियम/विनियम/ कार्यविधि/निर्देशिका/ परिपत्र/आदेश/सूचना /मापदण्ड | ● २०७४ देखि महानगरबाट ५२ ऐन, १२ नियमावली, ११ निर्देशिका, ५० कार्यविधि, ६ मापदण्ड तर्जुमा भई कार्यान्वयनमा ल्याएको । | ● वस्तुगत अध्ययन गरी कानूनहरुको निर्माण गरिनुपर्ने । |
| गुनासो सुनुवाई तथा फछ्र्यौट | ● फोहरमैला, सडक, ढल, कर, सिफारिस, नवीकरण, नक्सापास, जरिवाना, मुआव्जा, संरक्षण, सरसफाई, निर्माण, पूर्वाधार, स्रोत व्यवस्थापन सेवा प्रवाह आदि । | ● २०८१।८२ मा ८२०६ गुनासो आएकोमा ७६९७ अर्थात ९४ प्रतिशत फछ्र्यौट गरेको, हेलो सरकारमा ११०५ गुनासोमध्ये ७२० सम्बोधन भएको । | ● सुनुवाई प्रणालीमा शिघ्रता ल्याउनुपर्ने, समयमै सम्बोधनको व्यवस्था मिलाउनु पर्ने । |
| विवाद | ● न्यायिक/ समिति/विवाद/मिलापत्र/ पुनरावेदन | ● न्यायिक समितिमा पेश भएका ३०८ मध्ये १६० वटा निर्णय भएको, ८० वटा मिलापत्र भई ८०.५१ प्रतिशत फछ्र्यौट भएको । | ● विवादको सकेसम्म मिलापत्रको माध्यमबाट फछ्र्यौट गर्ने स्थिति उत्तम देखिने हुन्छ । |
| वार्षिक प्रगति | ● कार्य सम्पादन, समीक्षा, वित्तीय क्षमता, भारित प्रगति । | ● गत वर्षभन्दा वित्तीय क्षमता बढेको, आन्तरिक तर्फको कार्यक्रमको सम्पादन कमजोर देखिएको । | ● वित्तीय क्षमता बढाई कार्य सम्पादन स्थितिमा सुधार ल्याउनु पर्ने । |
| सशर्त अनुदान | ● नेपाल सरकार र प्रदेश सरकार | ● सामाजिक क्षेत्रको उन्नययनमा विनियोजित बजेट पूर्ण रुपले उपयोगमा ल्याउन बजेट र कार्यक्रम बीच समन्वय हुनुपर्ने । | ● सशर्त चालु तथा पूँजीगत अनुदानको उपलव्धीलाई प्रभावकारी तुल्याउनु पर्ने । |
| समपुरक अनुदान | ● निश्चित प्रतिशतको लागत बहन | ● समपुरक अनुदान नलिएको | ● ठूला आयोजना छनौट गरी यस्तो अनुदान |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| | | | उपयोगमा ल्याउनु पर्ने । |
| समानीकरण अनुदान | • नेपाल सरकार र प्रदेश सरकार | • क्षेत्रगत रुपमा बजेट बाँडफाँड गरेको, अनुदान खर्चको क्षमता बढाएको । | • खर्च गर्ने क्षमता थप बढाउनु पर्ने । |
| राजस्व बाँडफाँड | • नेपाल सरकार र प्रदेश सरकार | • खर्चको क्षमता बढाएको | • पूर्ण रुपमा उपयोग हुने गरी कार्यक्रम निश्चित गर्नुपर्ने । |
| Right of Way | • सडक व्यवसाय, हिडडुल, आवागमन | • सुधार हुदैं गएको । | • सडक क्षेत्राधिकार अतिक्रमण रोकिनुपर्ने । |
| शिक्षाका क्रमागत योजनाहरु | • शिक्षा सम्बन्धी आपूर्ति र पूर्वाधार | • कुल बजेट रु.२१ करोड ५२ लाख मा रु.२ करोड ८ लाख खर्च गरी ९.६४ प्रतिशत प्रगति गरेको । | • क्रमागत योजनाको खर्च बढाउन कार्यक्रमलाई प्रभावकारी तुल्याउनु पर्ने |
| विद्यालय पूर्वाधार डिजिटल शिक्षा र विद्यालय व्यवस्थापन प्रणाली | • शिक्षाभवन/कक्षाकोठा निर्माण, डिजिटल शिक्षा शिक्षण र विद्यालय व्यवस्थापन सफ्टवेयर | • यसका लागि रु.४३ करोड बजेट छुट्याइएको | • खर्च हुन नसकी वित्तीय क्षमता कमजोर देखिएको । |
| शिक्षा | • अनुदान, पूर्वाधार, सीप, दिवाखाजा, उपकरण, शैक्षिक सामग्री, भाषा, अतिरिक्त क्रियाकलाप, फर्निचर | • कार्यक्रमहरुलाई निरन्तरता दिई सञ्चालनमा ल्याएको, शैक्षिक क्रियाकलापमा विगतभन्दा सुधार हुदैं आएको । | • महानगर शिक्षा योजना बनाई सामुदायिक विद्यालयलाई आकर्षणको केन्द्र बनाउन कार्य अगाडइी बढाउनु पर्ने, विनियोजित बजेटको खर्च क्षमतालाई वृद्धि गर्नुपर्ने । |
| सम्पदा | • सम्पदा QR Code जडान, विज्ञ, पर्यटन एप, सम्पादन जनशक्ति, साँस्कृतिक कार्यक्रम, कला, धर्म, बाजा, मूर्त अमूर्त सम्पदा, सम्पदा निर्माणमर्मत सुधार, फल्चा निर्माण । | • निर्माण/मर्मत/सुधार संरक्षणको कार्य गरेको, धार्मिक/साँस्कृतिक पदको जगेर्नामा ध्यान दिएको, मूर्त अमूर्त सम्पदानको संरक्षण र पहिचानमा बजेट बाँडफाँड गरेको, क्रमागत योजनाहरु कार्यान्वयन गरेको, विभिन्न स्थानमा फल्चा निर्माण | • मूर्त सम्पदाको DPR बमोजिमको योजनाहरु पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनुपर्ने, सम्पदान क्षेत्रको सौन्दर्य बढाउनु पर्ने, रचनात्मक शहर, सुन्दर शहर निर्माणमा विनियोजित बजेट |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| | | गरेको, ढुङ्गेधाराहरुको मर्मनत र संरक्षण गरेको । | उपयोगको क्षमता सुधार गर्नुपर्ने । |
| सहकारी | • मेट्रोमार्ट, मेट्रोपोष्ट, समस्याग्रस्त सहकारी व्यवस्थापन, सूचना अभिलेख, अनुगमन | • डकुमेन्टी तथा सहकारी स्मारिका प्रशासन गरेको, उजरी र विवादमा छलफल चलाएको, कागजात डिजिटाइज गरेको, तालिम र क्षमता विकासका कार्य गरेको । | • मेटोमार्ट तथा मेटोपोष्ट कार्यान्वयनमा ल्याउनु पर्ने, नियमन प्रणालीलाई प्रभावकारी तुल्याउनुपर्ने, निष्क्रिय सहकारीको व्यवस्थापन गर्नुपर्ने, समन्वयको भूमिकालाई प्रभावकारी तुल्याउनुपर्ने । |
| तीनकुने मुआव्जा स्वामित्व | • २/३ नेपाल सरकार र १/३ मनपाले मूआव्जा उपलव्ध गराउने । | • तीनकुने क्षेत्रको स्वामित्व लिने प्रक्रिया नभएको । | • कार्यान्वयनमा ल्याई जग्गा व्यवस्थापन गर्नुपर्ने । |
| मापदण्ड शौचालय | • निजी र सार्वजनिक | • मापदण्ड तयार हुन नसकेको | • मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने |
| खुला मञ्च | • खुला मञ्च | • खुला गरेको | • खुला मञ्चको चौर स्थिति राम्रो र खुला गरेकै दिनको अवस्थामा राखी रहनुपर्ने । |
| गुणस्तर | • खाद्य पदार्थ | • गुणस्तर, सुनिश्चित गर्न मेट्रोमार्ट, एग्रो पुलिङ्ग, तरकारी होमडेलिभरी गर्ने कार्यक्रम रहेकोमा सुनिश्चित हुन नसकेको । | • गुणस्तर सुनिश्चित गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्ने । |
| मुद्रण | • सुरक्षण मुद्रण सेक्यूरिटी सिलिङ्ग | • कार्यान्वयनमा नआएको | • प्रयोगमा ल्याउनुपर्ने |
| अनुगमन | • एकीकृत प्रणाली | • शुरु नगरेको | • नतिजामा आधारित एकीकृत अनुगमनमा विद्युतीय प्रणालीलाई कार्यान्वयनमा ल्याउनुपर्ने |
| डिजिटल अभिलेख | • सम्पदा (मूर्त/अमूर्त) | • अभिलेख राख्ने कार्य शुरु नगरेको । | • अभिलेख पद्दतिको विकास गर्नुपर्ने । |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| शहरी व्यवस्थापन | • सवारी सप्टवेयर, शहरी पूर्वाधार सूचक, भूकम्प प्रतिरोधात्मक भवन, सुरक्षित भवन कार्यक्रम कार्यान्वयन, अभिमुखीकरण, रोड मार्किङ्ग, पार्किङ्ग, रात्री यातायात, मिरर, रोड फर्निचर, स्मार्ट सिटी | • प्रतिरोधात्मक भवन निर्माणमा व्यवसायीलाई तालिम दिएको, सडकको मौलिक नामाकरण गरेको, रोडमार्किङ्ग उपकरण खरिद गरेको नियमित अनुगमन गरेको | • स्मार्ट सिटीको विकासमा संलग्न सबै शहरी व्यवस्थापन क्रियाकलापलाई प्रभावकारी तुल्याउनु पर्ने । |
| सामाजिक विकास | • सामाजिक, लक्षित धार्मिक, तालिम, सीप, रोजगारी, उद्यम, समूह, समाज लक्षित वर्ग उत्थान, बालबालिका, खेल, पोषण । | • गरिव घरपरिवार पहिचान परिचयपत्र वितरण गरेको, सीप तालिम सञ्चालन गरेको, तालिम सामग्री खरिद गरेको, बालउद्दार कोष खडा गरेको, वाल संरक्षण प्रणाली स्थापना, लोक सेवा तयारी कक्षा, खेलकुद प्रतियोगिता, सहकार्य, अनुदान भुक्तानी गरेको, विभिन्न संघसंस्थालाई सहयोग दिएको, मानव सेवा अनुदान, खेलाडी प्रोत्साहन अनुदान उपलब्ध । | • सामाजिक उन्नयन र सामाजिक प्रभाव पार्ने क्षेत्रमा खर्च क्षमता बढाई सामाजिक कार्य सम्पादनस्तरलाई वृद्धि गर्नुपर्ने । |
| भूउपयोग योजना | • सार्वजनिक जग्गाको संरक्षण | • भूउपयोग योजना बनाई कार्यान्वयनमा नआएको | • भूउपयोग योजना तयार गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने । |
| लैससास कार्यक्रम | • लक्षित वर्ग, अपाङ्ग, जेष्ठ नागरिक, महिला, बालबालिका, असहाय, असक्त | • लैससास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याएको । | • लैङ्गिक बजेट कार्यान्वयनमा ल्याउनु पर्ने, खण्डीकृत तथ्याङ्क सङ्कलनमा जोड दिनुपर्ने । |
| सार्वजनिक निजी तथा साझेदारी | • सार्वजनिक र निजी शौचालय कार्यविधि, जी.टु.जी. मोडेल, खानेपानी | • सार्वजनिक तथा निजी कार्यक्रम सञ्चालन गरेको, खानेपानी व्यवस्थापन बोर्डसंग जी.टु.जी. मोडेलमा कार्यक्रम गरेको, पिउनेपानी उपकरण मेशिन प्रयोगमा ल्याएको । | • निजी तथा सार्वजनिक उपयोग कार्यविधि तथा मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने । |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| आन्तरिक नियन्त्रण प्रणाली | • वित्तीय शुसासन, नियन्त्रण, असल अभ्यास । | • निर्देशिका नबनेको प्रारुप तयार गरेको । | • निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनु पर्ने । |
| सार्वजनिक शौचालय र खानेपानीको व्यवस्था | • निजी/सार्वजनिक व्यवस्थापन | • सञ्चालनमा रहेका थप कार्यक्रमको लागि बजेट व्यवस्था भएकोमा कार्यक्रम सञ्चालन नभएको | • कार्यविधि तथा मापदण्ड बनाउनु पर्ने साथै निजी तथा सार्वजनिक कार्यक्रमलाई बढावा दिनुपर्ने । |
| अस्फाल्ट प्रिमिक्स प्लाण्टको जडान | • पूर्वाधार, सडक मर्मत सुधार, व्यवस्थापन | • नीति बमोजिम कार्यक्रममा बजेट व्यवस्था भएता पनि खर्च नभएको । | • प्लाण्ट जडान गरी सडक मर्मत सम्भारको व्यवस्थापन गर्नुपर्ने । |
| महानगर उज्यालो कार्यक्रम | • स्ट्रिट लाइट जडान | बजेट तथा कार्यक्रम स्वीकृत भई पूर्वाधारतर्फ रु.१६ कोड ४९ लाख बजेट व्यवस्था खर्च नभएको । | • कार्यक्रम बमोजिम स्ट्रिट लाइट जडान गरी उज्यालो नगरको स्थितिलाई थपप्रवल बनाउनु पर्दछ । |
| सिसिटिभि क्यामेरा जडान, सुरक्षा सञ्चार | • सुरक्षा, समन्वय | • पूर्वी, उत्तरी मध्य र पश्चिम क्षेत्रका सडकमा रु.१० करोडको सिसिटिभि तथा क्यामेरा जडानको लागि बजेट व्यवस्थामा खर्च नभएको । | • सुरक्षा व्यवस्थालाई बलियो बनाउनु पर्ने । |
| ई-गर्भनेन्स | • डाटा बैक, सञ्चार ऐन, E-KMC Master Plan | • बजेट व्यवस्था भएतापनि कार्यक्रमको वित्तीय प्रगति नदेखिएको । | • महानगर सञ्चार ऐन, महानगर डाटा बैङ्क तथा E-KMC Master Plan सम्पादन गरी कार्यान्वयनमा ल्याउनु पर्ने |
| मासु व्यवसाय मापदण्ड | • उत्पादन, वितरण, सुरसफाई, गुणस्तर, मापदण्ड लगायतको सन्दर्भमा नीतिगत व्यवस्था | • मासजन्य पदार्थको गुणस्तर, पूर्वाधार, बिक्री मापदण्ड बनाउने रहेकोमा सम्पन्न नभएको | • मापदण्ड बनाई सोको कार्यान्व्ययनलाई प्रभावकारी तुल्याउनु पर्ने |
| प्रोफाइल/Software | • घर नम्बर प्रणाली, पाकिग एप, जी.पी.एस. प्रणाली जडान, योजना तर्जुमा अनलाइन पोर्टल, नतिजामा आधारित | • कार्यक्रम तथा बजेट स्वीकृत भएको तर यी कार्यक्रमलाई पूर्णतः कार्यान्वयनमा ल्याउन नसकेको । | • प्रोफाइल तथा Software कार्यनीतिलाई कार्यान्वयनमा ल्याउनु पर्दछ । |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलव्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| | अनुगमन विद्युतीय प्रणाली, पूर्वाधार डिजिटल प्रोफाइल, काठमाडौं साँस्कृतिक प्रोफाइल, महानगर डाटा बैङ्क । | | |
| GPS Tracking System | • सवारी साधनमा प्रयोग, मार्ग छनौट, नयून लागत, विद्युतीय भाडा भुक्तानी । | • कार्यको शुरुवात गरेको तर कार्य सम्पादन पूर्ण रुपले हुन नसकेको । | • प्रणालीलाई कार्यान्वयनमा ल्याइनुपर्दछ । |
| आय प्रक्षेपण | • राजस्व दर, अद्यावधिक करदाता, तुलना, अग्रिम कर दायरा । | • सचेतना लगायत प्रक्षेपित आय सङ्कलनको लागि विभिन्न उपलव्धी हासिल गरेको । | • अग्रिम कर तिर्न वातावरणको सिर्जना, दायरा अध्ययन, तथ्याङ्क र असुली प्रक्षेपणलाई नतिजामुखी बनाउनु पर्ने देखिएको । |
| सार्वजनिक निर्माण | • निर्माण, मर्मत, संरक्षण, सौन्दर्य क्रमागत योजना | • निर्माण तथा मर्मत एवं क्रमागत योजना गत खर्च अपेक्षा अनुरुप हुन नसकेको । | • वार्षिक कार्यक्रममा निर्धारण( गरेका क्रियाकलापहरु सञ्चालन गरी अपेक्षित उपलव्धी हासिल गर्नुपर्ने देखिन्छ । |
| स्वास्थ्य | • सर्जिकल, मेडिकल, सेवा प्रवाह, औषधि उपकरण | • औषधि खरिद अनुदान, तालिम खोप, उपकरण खरिद लगायतका कार्यहरु गरेको । | • कार्यक्रम कार्यान्वयनमा सुधार तथा व्यवस्थापन गर्नुपर्ने । |
| खाद्य व्यवसाय | • वर्गीकरण सूचीकरण तथा प्रमाणिकरण | • नीति तथा कार्यक्रम ल्याएको तर कार्यान्वयन प्रक्रिया शुरु नगरेको । | • व्यवसायको वगीकरण, सूचीकरण तथा प्रमाणिकरण गरिनुपर्दछ । |
| Harard Maping | • आवत, जावत, नक्सा, रुप, स्थिति | • मादण्ड बनाउने कार्य नभएको | • मापदण्ड बनाई जोखिम न्यूनीकरणमा ध्यान दिइनुपर्ने । |
| हरियाली | • हराभरा, रोपण पुर्नभरण, गोडमेल, एक घर एक रुख | • पूर्ण रुपमा कार्यान्वयनमा आउन नसकेको | • एक घर एक रुख कडाईका साथ कार्यान्वयनमा ल्याउनु पर्ने |
| भेइकल क्लिनिङ्ग सेन्टर | • प्रदुषण नियन्त्रण धुलो | • कार्यक्रम कार्यान्वयन हुन नसकेको | • नाका स्थानमा यस्ता केन्द्र तयार गर्नुपर्ने |

| सामाजिक जिम्मेवारी क्षेत्र | लेखाजोखा | कार्यसम्पादन तथा उपलब्धी | सुधार वा सुझावगत पक्ष |
|---|---|---|---|
| पेटोल पम्प ग्याँस डिपो | • सुरक्षण, विस्थापन | • विस्थापनको कार्य अगाडी नबढेको | • घनावस्ती बाहिर विस्थापन गर्नुपर्ने |
| Queue प्रबन्ध प्रणाली | • Application, Timing Rolling | • धर्म, पर्व, पुजा तथा अफिसियल कार्यमा यस्तो अग्रिमाोको व्यवस्था नरहेको। | • Queue Management System को लागि एप तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने। |
| कार्यक्रम | • एउटै प्रकृति र विभागमा चलेका कार्यक्रम | • विभागसंग सम्बन्धित एउटै कार्यक्रम सञ्चालन र एकत्रित गर्नुपर्ने। | • कार्यक्रम सञ्चालनमा समन्वय गर्नुपर्ने। |
| रोजगारी | • आय, आर्जन, जीवनस्तर, काम | • रोजगारी सिर्जना हुने कार्यहरु अपेक्षा गरे अनुरुप उपलब्धी पूर्ण नदेखिएको। | • रोजगारीको सिर्जना गरी आय आर्जनलाई उपलब्धीमूलक बनाउनु पर्ने। |

## खण्ड १२

## महानगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को न्यूनतम शर्त मापनको नतिजा

| क्र.सं. | सूचक | न्यूनतम शर्त पूरा | कैफियत |
|---|---|---|---|
| १. | वार्षिक कार्यक्रम बजेट स्वीकृति | भएको | आषाढ अगावै स्वीकृत |
| २. | वार्षिक प्रगति समीक्षा | भएको | प्रतिवेदन अर्धवार्षिक |
| ३. | चौमासिक तथा वार्षिक प्रतिवेदन | भएको | |
| ४. | खाता सञ्चालन/आर्थिक विवरण तयारी | भएको | |
| ५. | कर तथा आय श्रोतको अभिलेख | भएको | |
| ६. | लेखापरीक्षण तथा बेरुजू फछ्र्यौट | भएको | |
| ७. | सम्पत्तिको सुरक्षण/व्यवस्थापन | भएको | |
| ८. | सूचना सम्प्रेषण, प्रकाशन वितरण | भएको | |
| ९. | आय व्यय/बजेट, नीति, कार्यक्रमको सार्वजनिकीकरण | भएको | वेभसाइटमा राखेको |
| १०. | भवन निर्माण/ नक्सापास | भएको | |
| ११. | कर्मचारी व्यवस्थापन र कार्य विभाजन तथा उत्तरदायित्व र जवाफदेहिता किटान/कार्य सम्पादन सम्झौता | भएको | प्रमुख प्रशासकिय अधिकृत र विभागीय प्रमुख बीच भएको । |
| १२. | पञ्जीकरण सम्बन्धी कार्य | भएको | |
| १३. | सामाजिक सुरक्षा नियमितता | रहेको | |
| १४. | सार्वजनिक सुनुवाई | भएको | चौमासिक रुपमा हुने गरेको |
| १५. | राजस्व परामर्श समिति | भएको | |
| १६. | विषयगत समिति | रहेको | |
| १७. | बजेट तर्जुमा अनुमान समिति | रहेको | |
| १८. | लैङ्गिक बजेट निर्माण | नभएको | सामाजिक विभाग अन्तर्गत रकम व्यवस्था गरेको वर्ग १, २, ३ को कार्यक्षेत्र र रकम नछुट्याएको । |
| १९. | लैससास कार्यक्रमहरु | भएको | गैरसरकारी संस्था मार्फत प्रतिस्पर्धा गराई कार्यान्वयनमा ल्याएको । |
| २०. | प्राथमिकता तथा लक्ष्यहरु किटान गरेको/भएको<br>• लक्षित समुदायको हित प्रवर्द्धन<br>• विकासमा जनसहभागिता<br>• संघसंस्था समन्वय परिचालन<br>• शहरी पूर्वाधार निर्माण | <br>भएको<br>भएको<br>भएको<br>भएको | सबै विषयहरुको क्षेत्रगत नीति, प्राथमिकता किटान, बजेट व्यवस्थापन विभाग अनुसार कार्यान्वयन गरेको । |

| क.सं. | सूचक | न्यूनतम शर्त पूरा | कैफियत |
|---|---|---|---|
| | • क्षमता अभिवृद्धि कार्यक्रम<br>• सामाजिक परिचालन कार्यक्रम<br>• वातावरण संरक्षण र प्रवर्द्धन<br>• सरसफाई फोहोर व्यवस्थापन<br>• गरिवी न्यूनीकरण कार्यक्रम<br>• विपद व्यवस्थापन<br>• जनस्वास्थ्य प्रवर्द्धन<br>• वैकल्पिक उर्जा, रोजगारी<br>• शैक्षिक वातावरणरबालमैत्री<br>• स्थानीय शासन | भएको<br>भएको<br>भएको<br>भएको<br>भएको<br>भएको<br>भएको<br>भएको<br>भएको<br>भएको | |

## काठमाडौंको चित्र मूल्याङ्कन नतिजा

| | |
|---|---|
| • विद्यालय भौतिक पूर्वाधार सुधार | • आंशिक भएको/निरन्तर हुने |
| • व्यवहारिक शिक्षा पद्दति | • शुरु भएको |
| • ३२ वटै स्वास्थ्य प्रवर्द्धन केन्द्र | • बनेको, थप सुधारमा ध्यान दिनुपर्ने |
| • पदार्थ अनुगमन र गुणस्तर | • थप जोड दिनुपर्ने देखिएको |
| • प्रदुषणको दीर्घकालीन योजना | • बन्ने क्रममा रहेको |
| • फोहोरको दीर्घकालीन व्यवस्थापन | • निरन्तर व्यवस्थापन हुदैं आएको |
| • वस्ती सुधार (अव्यवस्थित) | • क्रमशः हुदैं आएको |
| • हरियाली प्रवर्द्धन | • सबै क्षेत्रमा पुऱ्याउनुपर्ने |
| • प्रदुषण नियन्त्रण | • थप सचेतना बढाउनु पर्ने |
| • ढल निकास | • क्रमशः भइरहेको |
| • खोला संरक्षण | • क्रमशः भइरहेको |
| • सडक व्यापार रोक | • नियन्त्रणमा आएको । अनुगमनलाई जोड दिनुपर्ने |
| • सडक आइल्याण्ड | • आकर्षक बढदै गएको र सुरक्षा योजना |
| • सम्पदा गुरुयोजना | • बनाउनु पर्ने देखिएको |
| • सम्पदा मापदण्ड | • बनाउनु पर्ने देखिएको |
| • ट्राफिक व्यवस्थापन गुरुयोजना | • बनाई कार्यान्वयनमा ल्याउनु पर्ने |
| • सेवा सुविधाको अनलाईन प्रणाली | • क्रमशः सुधार भइरहेको |
| • महङ्गी नियन्त्रण | • कार्यविधि लागू गर्नुपर्ने |
| • पूर्वाधार एम्बुलेन्स | • सुधार भएको |
| • उद्यमी विकास | • अपेक्षा गरे अनुरुप हुन नसकेको |

# खण्ड १३

# सामाजिक सेवा प्रवाह उपलव्धी र मूल्याङ्कन

(क) **स्वास्थ्य क्षेत्र सेवा प्रवाह**

| क्षेत्र/प्राथमिकता | कार्यक्रम/लक्ष्य | उपलव्धी | सुझाव |
|---|---|---|---|
| BOPV Campaign | • २३६१७२ जनाको लक्ष्य | • २१४१६५ जनाको BOPV Campain भएको | • कार्यक्रमलाई निरन्तरता दिनुपर्ने । |
| खोप खेर दर | • न्यून गर्ने | • PCV – 13%<br>• FIPV – 28%<br>• Mises – 41%<br>• TD – 69%<br>• BCG – 90.27%<br>• OPV – 35% | • न्यून गर्ने र एकीकृत समय प्रणालीको विकास गर्नुपर्ने । |
| खोप | • १२ महिनादेखि २३ महिना बालबालिका १३५१४ जना | • $MR_2$ – ३१०७ जना<br>• Fully Immnunized – २९६१<br>• TCV – ३११४<br>• $TD_2$ – ३८३ | • लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्ने । |
| | • 0 – 11 Month | • $PCV_3$ – २७७८<br>• $FIPV_2$ – २७६१<br>• $MR_1$ – २७६९ | • |
| खोप | • | • BCG – ५६८<br>• $ROTA_1$ – २७६१<br>• $OPV_1$ – १९२९<br>• $PCV_1$ – १९२४<br>• $DPT_1$ – १९२७ | • |
| सेवाग्राही | • Served by HFs Served by NIP Served by PHC/ORC<br>• Served by FCHV | • HFs – १९४१९३ जना<br>• NIP – १६१८८ जना<br>• PHC/ORC – १२८७ जना<br>• FCHV – ५९६२० जना | • लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्ने । |
| DPT सेवा स्वास्थ्य संस्था अनुसार | • $DPT_1$ र $DPT_3$ Covrage | • $DPT_1$ – १९२७ जना<br>• $DPT_3$ – २३६४ जना | • लक्ष्य अनुसार Coverage मा वृद्धि गर्नुपर्ने । |

| क्षेत्र/प्राथमिकता | कार्यक्रम/लक्ष्य | उपलव्धी | सुझाव |
|---|---|---|---|
| वृद्धि अनुगमन | • ० - ११ महिनाको १४१२७ जना<br>• १२ - २३ महिनाको १३५१४ जना | • ०-११ Month को २०% र १२-२३ महिनाको ०.५%<br>०-११ - ७५ जना - मझौला<br>०-११ - १८ जना - नयाँ कम तौल<br>१२-२३ - १७ जना - मझौला<br>१२-२३ - १ जना - नयाँ कम तौल | • संख्या घटेबाट पोषणमा सुधार आएको ।<br>• अनुगमनलाई थप प्रभावकारी तुल्याउनु पर्ने । |
| पूर्ण स्तनपान र मानार्थ भोजन | • ०-६ - महिना - २६१४ जना<br>६-११ महिना - २५७० जना | • ०-६ - महिना - ३३.१२%<br>६-११ महिना - ४०.६७% | • पूर्ण स्तनपान स्थितिमा अनुगमन बढाउनु पर्ने । |
| किशोर किशोरी पोषण | • १०-१९ वर्षका ७३८९२ जना | • IFA - Supplemrnt - ५६.२% १३ हप्ता<br>• IRON + Foire Acid - २९.२७% २६ हप्ता | • पोषण स्थितिमा सधार गर्नुपर्ने |
| गर्भवती महिला | • अनुमानित १३६६० जना | • १८० ट्याव आइरन चक्की ३.३७%<br>• 8 ANC or per protocol - 1.7% | • संख्या समेटनुपर्ने । |
| निमोनिया | • अनुमानित ५ वर्ष भन्दा मुनिका बालबालिका ६६५१९ | • १.३% एमोक्सिसिलिगबाट उपचार ११४ जना | • गत वर्षभन्दा घटेको । |
| पखाला | • ५ वर्ष मुनिका ६६५१९ मध्ये | • पखाला केस १९९१ जना<br>• जिङ्क र ओआरएस केस १९५६ जना ९८.२४% | • |
| आमाहरुलाई सुत्केरी पश्चात भिटामिन ए र आइरन वितरण तथा प.नि. साधन | • अनुमानित स१३६६० जना | • १.७ प्रतिशत<br>• प.नि.साधन ११३ जना | • |
| सुरक्षित गर्भपतन सेवा | • संख्या | • ४७ जना | • |
| सुरक्षित गर्भपतन पश्चात परिवार नियोजन सेवा लिएको | • अनुमानित ४७ जना | • ४०.४२% | • |

| क्षेत्र/प्राथमिकता | कार्यक्रम/लक्ष्य | उपलब्धी | सुझाव |
|---|---|---|---|
| परिवार नियोजन | • डिपो<br>• इम्प्लाण्ट<br>• आइयूसिडी | • डिपो - १५७४ जना<br>• इम्प्लाण्ट - ५३१ जना<br>• आइयूसिडी - ५४ जना | • |
| टि.वि. | • अनुमानित संख्या ८२४०७९ जना | • कुल टि.वि. केसेज ८२२ जना<br>• PBC - ३६६ जना<br>• PC - ७८ जना<br>• EP - ३७८ जना | • निगरानी बढाउनु पर्ने, मास परीक्षणलाई निरन्तरता दिनुपर्ने । |
| ओ.पी.डी. | • कुल ८२४०७९ जना | • ५९०५९ जना - ७.१६% | • |
| कुल जनसंख्यामा स्वास्थ्य संख्या भिजिट | • संख्या। ८२४०७९ जना | • १९४१९३ जना | • |
| लागुपदार्थ सेवन | • १९२७७ जना सर्भे | • Somoking - ८.४%<br>• Alcohol - २३.१% (Occasional) | • नियन्त्रण र रोकथामको लागि चेतना अभिवृद्धि गर्नुपर्ने । |
| स्तन, पाठेघर स्क्रिनिङ्ग | • राष्टिेशन संख्या ३१०६ | • मामोग्राम - ६७० जना<br>• ब्रेष्ट परीक्षण - ३७० जना<br>• ब्रेष्ट बायोप्सी - ५ जना<br>• ब्रेष्ट क्यान्सर - १ जना | • स्वास्थ्य परीक्षणमा निरन्तरता दिनुपर्ने । |
| सामुदायिक विद्यालय आँखा परीक्षण | • स्थान ३२ | • पुरुष - ६१७५<br>• महिला - ५४६२<br>• कुल ११६३७ जना | • नियमित स्वास्थ्य जाँच गर्नुपर्ने । |
| दर्ता/नविकरण | • संख्या | • दर्ता/नविकरण संख्या - ३० | • |
| अनुगमन | • संख्या | • १२० पटक | • प्रभावकारी बनाउनु पर्ने |
| लक्षित वर्ग | • सिफारिस | • ८५ जना | • परिमाणमा वृद्धि गर्नुपर्ने |
| नसर्ने रोग/स्क्रिनिङ्ग | • ३२ वटा ८ पटक | • २६०१९ जना | • |
| एम्बुलेन्स सेवा कलसेन्टर | • सेवा/संख्या | • २४ सै घण्टा उपलब्ध - ११८० जना | • निरन्तरता दिनुपर्ने । |
| पालियो खोप | • संख्या | • ७६९६२ बालबालिका | • निरन्तरता दिनुपर्ने । |
| स्वास्थ्य शिविर | • २५ शिविर | • १५००० ले सेवा लिएको | • निरन्तरता दिनुपर्ने । |
| किशोरी रक्त अल्पता | • संख्या | • २३०० किशोरीको स्क्रिनिङ्ग गरेको | • निरन्तरता दिनुपर्ने । |
| ल्याव सेवा/फिजियोथरापी | • संख्या | • ३१ स्वास्थ्य प्रवर्द्धन केन्द र रामघाट प्राथमिक | • निरन्तरता दिनुपर्ने । |

| क्षेत्र/प्राथमिकता | कार्यक्रम/लक्ष्य | उपलब्धी | सुझाव |
|---|---|---|---|
| | | स्वास्थ्य केन्द्रबाट फिजियोथेरापी तथा ल्याव सेवा संचालन भएको | |
| स्वास्थ्य संस्था | • संख्या | • ३१ स्वास्थ्य प्रवर्द्धन केन्द्र<br>• १ रामघाट स्वास्थ्य केन्द्र<br>• ६ गर्भपतन संस्था<br>• १ अकुपञ्चर सेवा<br>• १ बैकल्पिक चिकित्सा | • सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्ने । |

(ख) **शिक्षा क्षेत्र सेवा प्रवाह**

| कार्य क्षेत्र | कार्य क्षेत्र विषय | उपलब्धी | सुधार गर्नुपर्ने विषय |
|---|---|---|---|
| ई.सी.डी. लेखा र सहयोगी कार्मचारी थप पारिश्रमिक | • पारिश्रमिक उत्प्रेरण | • सरकारी पारिश्रमिकमा थप गरी रकम उपलब्ध गराएको | • निरन्तरतामा जोड दिनुपर्ने । |
| बैठक | • शिक्षा समिति स्वास्थ्य समिति | • बैठक बसेको | • बैठकमा निर्णयहरु कार्यान्वयन गर्नुपर्ने । |
| प्र.अ. थप भत्ता | • प्र.अ.को लागि | • थप भत्ता उपलब्ध, आाधारभूत १५०० र मा.वि. २०००। | • निरन्तरता दिनुपर्ने । |
| डायरी | • शिक्षक, क्यालेण्डर | • विद्यालयहरुले प्रयोगमा ल्याएको | • उपयोग गरी गतिविधि उपलब्धी हासिल गर्नुपर्ने |
| नैतिक शिक्षा | • पाठ्यक्रम/विषय | • पाठ्यवस्तु विस्तार गरेको | • नैतिक शिक्षालाई जोड दिनुपर्ने |
| भाषा | • नेपाल भाषा | • पाठ्यपुस्तक छपाई तथा वितरण गरेको | • भाषागत समृद्धिमा जोड दिनुपर्ने |
| पाठ्यक्रम तथा निर्देशक | • शिक्षक निर्देशिका | • छपाई गरी कार्यान्वयनमा नल्याएको | • कार्यान्वयनमा ल्याउनु पर्ने |
| परीक्षा | • कक्षा ८ बाहेक कक्षा ४ देखि १० सम्म | • परीक्षाको प्रश्पपत्र छपाई तथा वितरण गरेको | • परीक्षा र उपलब्धमा जोड दिनुपर्ने |
| क्यालेण्डर | • शैक्षिक गतिविधि, बिदा, परीक्षा | • छपाई गरी प्रयोगमा ल्याएको | • शैक्षिक क्यालेण्डर बमोजिम कार्य गर्नुपर्ने |
| परीक्षण | • विद्यालयको शैक्षिक, वित्तीय, प्रशासनिक र भौतिक संरचना | • समष्टिगत परीक्षणको मूल्याङ्कन गर्ने स्थिति कार्यालयनमा नआएको तर बजेट तथा | • कार्यक्रमलाई जोड दिई विज्ञबाट परीक्षण मूल्याकन गर्ने पद्दतिको विकासमा जोड दिनुपर्ने |

| | | | |
|---|---|---|---|
| | | कार्यक्रममा रकम व्यवस्था गरेको | |
| गुरुयोजना | • विद्यालय निर्माण, खरिद | • कार्यक्रममा रकमको व्यवस्था गरेको तर कार्यान्वयनमा नल्याएको । | • गुरुयोजना बनाई भौतिक संरचना निर्माण गर्नुपर्ने । |
| नर्स व्यवस्थापन | • स्वास्थ्य जाँच, बालबालिका पोषण, बाल स्वास्थ्य | • कार्यक्रम १ विद्यालय, १ नर्स तथा स्रोतकेन्द्र, नर्स व्यवस्थापनमा बजेट व्यवस्था गरेको | • पूर्ण रुपमा कार्यान्वयनमा ल्याई बाल स्वास्थ्यमा जोड दिनुपर्ने । |
| सुन्दर विद्यालय | • मर्मत सुधार, वातावरण व्यवस्थापन | • रु.४ करोड १ लाख २६ हजार अनुदान वितरण गरेको | • अनुगमन तथा मूल्याङ्कनमा जोड दिनुपर्ने । |
| तालिम | • प्रवोधिकरण EMIS सञ्चालन, नेपाल भाषा प्रशिक्षण, प्रश्नपत्र निर्माण, पुर्नताजगी | • बजेट व्यवस्था भएकोमा समग्र तालिमहरु सञ्चालन नभएको । | • तालिमबाट क्षमताको विकास गर्नुपर्ने । |
| नतिजा सुधार | • विद्यार्थी नतिजा सुधारमा अतिरिक्त पारिश्रमिक, समय अनुदान, विज्ञ व्यवस्थापन, Book Free Friday | • नतिजा सुधारको लागि शिक्षामा सीप, बुक फ्रि फ्राइडे, अतिरिक्त अनुदान, विज्ञ व्यवस्थापनको कार्य गर्दै आएको । | • कार्यक्रमलाई सवलीकरण गरी अनुदानलाई वस्तुपरक बनाउनु पर्ने । |
| दिवाखाजा | • ECD, १-५ कक्षा, ६-१० कक्षा | • सामुदायिक विद्यालयमा सरकारी अनुदानमा थप अनुदान रु.१३ करोड उपलव्ध गराएको । | • अनुगमन र उपयोग प्रणालीको मूल्याङ्कन गरी नतिजाको समीक्षा गर्नुपर्ने । |
| अतिरिक्त क्रियाकलाप | • खेलकुद, निवन्ध, कविता, सीप, Application आदि | • विद्यालयबाट सञ्चालन भएतापनि जिल्लागत प्रतियोगिता सञ्चालन नभएको | • अतिरिक्त क्रियाकलापमा जोड दिइनुपर्ने । |

(ग) **सरोकारित विषयसंग सम्बन्धित क्षेत्रगत मूल्याङ्कन**

| विषयवस्तु | कानूनी व्यवस्था | उपलव्ध/अवस्था | सुझाव |
|---|---|---|---|
| १. सार्वजनिक सुनुवाई | • आफ्ना कामकारवाही सम्बन्धमा आम समुदायसंग पृष्ठपोषण र सुझाव लिनुपर्ने शैद्धान्तिक व्यवस्था । | • प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गर्ने व्यवस्था अवलम्बन गरेको । सुझावलाई कार्यान्वयनमा ल्याउने कार्य रहेको । | • निरन्तरता दिनुपर्ने |
| २. ट्राफिक जाम | • शहरी क्षेत्र सार्वजनिक यातायात व्यवस्थापन प्राधिकरण ऐन, २०७९ कामपा र ललितपुरका | • १ वर्षभित्र सवारी गतिलाई ५ मिनेट छिटो बनाउन सहज र पहुँच योग्य | • छिटो छरितो र पहुँच योग्य बनाउन कार्यलाई |

| | | | |
|---|---|---|---|
| | मेयर प्राधिकरणको उपाध्यक्ष रहने | बनाउन कार्य अगाडी बढेको | अगाडी बढाउनु पर्ने |
| ३. स्वच्छ/ सुपथ र पहुँचयुक्त बजार | • उपभोक्ता हित संरक्षण ऐन रहेको, स्थानीय तहले अनुगमन गर्ने व्यवस्था रहेको । | • नियमित अनुगमन र विशेष अनुगमन गरेको | • अनुगमनलाई नतिजामुखी बनाउनु पर्ने । |
| ४. पैदल यात्रा | • पैदल बाटोमा व्यापारिक अतिक्रमण नभई खुला रुपमा यात्रुमैत्री हुनुपर्ने | • धेरै सुधार आएको व्यापारबाट भएको यात्रु सडक अतिक्रमण हटेको | • स्थायीत्व कायम भईरहनु पर्ने । |

(घ) **सामाजिक विकास**

| विषयवस्तु | कानूनी व्यवस्था | उपलब्ध/अवस्था | सुझाव |
|---|---|---|---|
| उद्यमशिलता | • एक वडा एक कार्यक्रम | • एक वडा एक कार्यक्रम अन्तर्गत रु.९० लाख बजेटमा ७५ प्रतिशत प्रगति भएको । | • नमूना कार्यक्रमको बजेट वृद्धि गरी समाजमा उद्यमशिलताको विकास गर्नुपर्ने । |
| समता | • समता अभियाना चेतना | • समता कायम गर्न कार्यक्रम सम्पन्न गरेको | • हरेक कार्यक्रममा समता भावको विकासमा जोड दिनुपर्ने । |
| सशक्तिकरण | • दलित तथा महिला सशक्तिकरण आयमूलक तालिम | • तालिमको लागि रु.१० लाखमा रु.९ लाख ५७ हजार खर्च गरेको | • सशक्तिकरणका आयमूलक कार्यक्रमबाट सामाजिक विकासलाई थप जोड दिनुपर्ने । |
| बाल संरक्षण | • बाल संगठन, बालउद्दार कोष, बाल संरक्षण प्रणाली, बालापनको सुरक्षा कार्यक्रम, अटिजम | • रु.२ करोड ५० लाख बजेटमा रु.१ करोड ९९ लाख खर्च गरेको | • व्यवस्था भएको बजेटबाट पूर्ण रुपमा वित्तीय प्रगति लिने व्यवस्थामा सुधार ल्याउनु पर्ने । |
| लैससास कार्यक्रम | • महिला, अपाङ्ग, जेष्ठ नागरिक, दलित आदि | • लक्षित कार्यक्रमबाट करिव ७० प्रतिशत वार्षिक प्रगति देखिएको (लैससास मूल्याङ्कन) | • प्रगतिमा थप सुधार गर्नुपर्ने । |
| गरिवी | • सहरी अति गरिवीहरुको लागि एक घर एक रोजगारी/उद्यमशिलता सम्बन्धी कार्यक्रम | • कार्यक्रम सञ्चालनार्थ रु.५० लाखको बजेट विनियोजन गरेकोमा वित्तीय प्रगति नदेखिएको । | • कार्यक्रम सञ्चालनमा जोड दिइनुपर्ने । |

| विषयवस्तु | कानूनी व्यवस्था | उपलब्ध/अवस्था | सुझाव |
|---|---|---|---|
| सामाजिक विकास कार्यक्रम | • आकस्मिक सामाजिक विकासका कार्यहरु (स्वास्थ्य, शिक्षा, सामाजिक विकास अन्तर्गतका कार्यहरु) | • रु.२ करोड बजेट व्यवस्था भएकोमा रु.३४ लाख मात्र खर्च भई १७ प्रतिशत मात्र प्रगति देखिएको । | • बजेट व्यवस्था अनुसार खर्चको क्षमता बढाउनु पर्ने । |
| सहयोग | • संघसंस्था अनुदान सहयोग | • रु.५० लाखमा रु.४३ लाख ४८ हजार अनुदान वितरण गरेको | • अनुदान रकमको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी तुल्याउनु पर्ने । |
| सामाजिक सेवा | • मानव सेवा आश्रम व्यवस्थापन तथा स्क्रिनिङ्ग अनुदान | • रु.१ करोड बजेट अनुदान वितरण | • अनुदानको अनुगमन निरन्तर गरिनुपर्ने । |
| स्वास्थ्य | • स्वास्थ्य प्रवर्द्धन केन्द्र, अस्पताल जीवनस्तर | • औसत आयु बढेको, जीवस्तर सुधार हुदैं आएको, स्वास्थ्य संस्थाहरुको परिमाण वृद्धि हुदैं गएको, ५ वर्ष मुनिका बालबालिकाको भरण दर घटेको, फ्रि उपचार प्राप्त गरेको । | • जीवनस्तर सुधारमा तथ्याङ्क सङ्कलन र मापन गरी समस्यामा केन्द्रीत रही कार्यक्रम शुरुवात गर्नुपर्ने । |
| शिक्षा तथा ज्ञान | • सामुदायिक विद्यालय, कामपालाई शिक्षामा अन्तर्राष्ट्रिय हवमा परिणत गर्ने, कलेज विश्वविद्यालय शैक्षिक गुणस्तर, साक्षरता दर, भर्ना दर, शैक्षिक उपलव्धी | • सामुदायिक विद्यालयमा सीपमूलक र व्यवहारिक शिक्षालाई जोड दिएको, शैक्षिक गुणस्तर वृद्धि गर्न क्षमता विकासका तालिम सञ्चालन गरेको, साक्षरता दर बढदै गएको, विद्यालयमा भर्ना हुने दर बढेको | • शिक्षा तथा ज्ञानमा आधारित सामाजिक विकासका कार्यक्रममा व्यवस्था भएको बजेट खर्चको क्षमता बढाउनु पर्ने र कामपालाई शैक्षिक हवको रुपमा विकास गर्न थालनी गर्नुपर्ने । |
| गुणस्तरीय जीवन र आधारभूत आवश्यकता | • आधारभूत वस्तु, आपूर्ति, उपभोग, आयस्तर गुणस्तरीय जीवन | • गुणस्तरीय जीवनको लागि आपूर्ति हुने वस्तुको गुणस्तरीयतामा सुधार हुदैं आएको, सुरक्षित पानी, सरसफाई, विद्युत सबै क्षेत्रमा र घरघरमा पुगेको | • पानीको आपूर्तिलाई सहज बनाउनु पर्ने, सरसफाईमा बढी जोड दिई प्रदुषणमा कमी ल्याउन कार्यक्रम सञ्चालनमा जोड दिनुपर्ने । |

| विषयवस्तु | कानूनी व्यवस्था | उपलब्ध/अवस्था | सुझाव |
|---|---|---|---|
| सामाजिक सुरक्षा र विश्वास | • सुर९क्षा र विश्वास, चोरी, डकैती | • सामाजिक सुरक्षाको स्थितिमा सुधार हुदैं आएको, चोरी डकैतीमा घटेको, रु.१७ करोड बजेट व्यवस्थामा रु.१५ कराड ६० लाख खर्च गरेको । | • सुरक्षामा थप सुधार ल्याउन चोरी, डकैती, हिंसाजन्य क्रियाकलाप नियन्त्रण तथारोकथाममा थप प्रवलता अपनाउनु पर्ने । |
| रोजगारी | • १५००० जनतालाई ३ वर्षभित्र रोजगारीको लागि ५००० जव सिर्जना गर्ने, श्रम बैङ्क सम्बन्धी कार्य | • श्रम बैकबाट जनशक्ति व्यवस्थापन गरेको, लक्ष्य अनुसार जवको पिसर्जना र अपेक्षित परिमाण नपुगेको । | • रोजगारी तथा कामको सिर्जना गरी आयस्तरमा सुधार ल्याउन थप जोड दिनुपर्ने । |
| महिला सशक्तिकरण | • महिला विकास, महिला उद्यमशिलता, बचत सिर्जना, समूह परिचालन | • ३५ महिला विकास समिति गठन, महिला उद्यम सम्बन्धी सीप तथा तालिम सम्पन्न गरेको, ६०० समूहलाई सानो बचतबाट सीप तालिम दिई स्वरोजगार प्रक्रियामा वृद्धि गरेको | • कार्यक्रमको प्राथमिकतामा जोड दिई महिला उद्यमीको स्थितिमा सुधार ल्याउनु पर्ने । |
| अन्य सामाजिक सहायता | • संघ सस्था | • रु.३६ लाखमध्ये २५ लाख ६७ हजार सहायता प्रदान गरेको | • खर्च क्षमता बढाउनु पर्ने |
| उद्दार राहत पुर्नस्थापना | • उद्दार, राहत | • रु.१ करोड ८१ लाख मध्ये १ करोड १३ लाख खर्च गरेको | • खर्च क्षमता बढाउनु पर्ने |
| सामाजिक सहायता | • संस्थागत | • रु.८१ करोड बजेटमा ३६ करोड खर्च गरेको | • खर्च क्षमता बढाउनु पर्ने |

# खण्ड १४

## सामाजिक परीक्षणको विधि र तरिका एवं कार्यादेश र नतिजा

(क) **परीक्षण** : कार्यविधि, २०६७ अनुसार सामाजिक परीक्षण महानगरले प्रत्येक वर्ष गर्ने र सोही अनुसार महानगरको नीति, योजना तया बजेट तर्जुमाको तहबाट सामाजिक विकास तथा समग्र समाज वा समुदायको रुपान्तरणको लागी खर्च गर्ने गरेको छ। उक्त खर्चबाट सामाजिक रुपमा के कस्तो उपलब्धी प्राप्त भयो र प्राप्त उपलब्धीलाई थप सुधार कसरी गर्न सकिन्छ भन्ने सन्दर्भ का सामाजिक परीक्षण गर्ने व्यवस्था एउटा महत्वपूर्ण विधा रहेको छ। यस विधा कार्यान्वयनको लागि हामीलाई महानगरपालिकाबाट देहायको कार्यादेश प्राप्त भएको थियो :

- नीति, कार्यक्रम तथा कार्यहरुको सामाजिक उपलब्धीको लेखाजोखा,
- सामाजिक विकास तथा संस्थागत क्षमताका सूचक निर्माण तथा विश्लेषण,
- सामाजिक जिम्मेवारी वहनको मूल्याङ्कन,
- विस्तृत सामाजिक परीक्षण प्रतिवेदन तयारी तथा पेश

(ख) **सूचक** : सामाजिक परीक्षणमा मूलतः ५ वटा मूल विषय स्थानीय शासन, वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन, योजना तथा कार्यक्रम व्यवस्थापन, मानव संसाधन/जनशक्ति तथा संस्थागत सुशासन र सेवा प्रवाहलाई २०/२० अंकमा विभाजन गरी प्रत्येक मुख्य विषयमा २० वटा उपसूचकलाई २० नम्बर तोकी कूल १०० उपसूचकको पूर्णाङ्क १०० प्रदान गरिएको र प्रशासन विभागको TOR तथा विभिन्न समयको छलफल पश्चात सामाजिक परीक्षण कार्यविधि, २०६७ को अनुसूची २ लाई अन्तिम रुप दिइएको थियो।

(ग) **दस्तावेज अध्ययन** : सामाजिक परीक्षणमा मूलतः महानगर नीति, उपलब्धी समीक्षा, आय-व्यय, निर्देशक, प्राथमिकता, लक्ष्य, आवधिक योजना, वार्षिक प्रतिवेदन, प्रकाशन, आर्थिक प्रतिवेदन, समीक्षा प्रतिवेदन, प्रगति प्रतिवेदन, वुलेटिन, निर्णयहरु, वेभसाईट, सूचना संकलन तथा विश्लेषणको लागी उल्लेखित विषयहरु परीक्षणमा अध्ययन गरिएको थियो।

(घ) **सवल, कमजोर, अवसर र चुनौति विश्लेषण** : विभागगत विभिन्न दिनको अनौपचारिक छलफलको क्रममा विषय क्षेत्रमध्ये बढी अंक प्राप्त गर्ने क्षेत्रमा सवल अवस्था देखिन्छ र त्यस क्षेत्रमा बढी सूचकमा काम भएको प्रष्ट देखिन्छ भने कम अंक प्राप्त गर्ने क्षेत्रहरुमा कमजोर पक्ष वा सुधार गर्नुपर्ने क्षेत्र पहिचान हुन्छ। सूचक र उपसूचक क्षेत्रहरूको अध्ययन एवं मुल्याङ्कनको आधारमा चुनौतिको पहिचान र भविष्यमा गर्नुपर्ने सुझावहरु प्रस्तुत गर्ने प्रयास गरिएको छ।

(ङ) **छलफल** : प्रशासन विभाग/वित्त/स्वास्थ्य/सामाजिक विभागसंग कार्यक्रम तथा प्रगतिको सन्दर्भमा, बजेट र खर्चको सन्दर्भमा वित्तीय प्रगतिको सन्दर्भमा र मस्यौदा प्रतिवेदन उपर प्रशासन विभाग प्रमुखसंग बसी विभिन्न समयमा छलफल गरिएको र प्राप्त सुझाव अनुकूल प्रतिवेदनलाई थप आकर्षित गर्ने प्रयास गरिएको थियो।

(च) **सामाजिक परीक्षण कार्यविधि र अंकभार** : स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, २०६७ बमोजिम कुल परीक्षण अंकभार १०० तोकिएको र ५ मुख्य विषय २० पूर्णाङ्कको १०० सूचकको अंक १ को आधारमा मूल्याङ्कन गरिएको छ। सोको प्राप्ताङ्कको नतिजा समेत देहाय बमोजिम प्रस्तुत गरिएको छ :

| विषय संकेत | मुख्य विषय | सहायक विषय | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|
| (क) | स्थानीय शासन | २० वटा | २० | १५ |
| (ख) | वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन | २० वटा | २० | १४ |
| (ग) | योजना तथा कार्यक्रम व्यवस्थापन | २० वटा | २० | ११ |
| (घ) | मान संशाधनजनशक्ति विकास तथा संस्थागत सुशासन | २० वटा | २० | १३ |
| (ङ) | सेवा प्रवाह | २० वटा | २० | १३ |
| | **जम्मा:** | **१०० वटा** | **१००** | **६६** |

*द्रष्टव्यः ०-४५ अंक सुधार गर्नुपर्ने, ४५ देखि ७५ सम्म राम्रो र ७५ माथि उत्कृष्ट। (०-४५% तेस्रो, ४५-५९.९% दोस्रो र ६०% भन्दा माथि प्रथम श्रेणी)*

महानगरको समग्र रूपमा गरिएको लेखाजोखामा कार्य सम्पादन मूल्याङ्कन ६६ प्रतिशत देखिएको छ। प्रमुख कार्यको Activities अनुसार प्रगतिलाई मापन गर्दा भने उल्लेख भएको भारित प्रगति घटने देखिन्छ। तसर्थ महानगरको लेखाजोखा मूल्याङ्कनको आँखामा सामान्यतः औषत प्रगति देखिदां कार्यसम्पादन सूचकहरुलाई स्रोत, समय, कार्यक्रम, बजेट, भार तथा कार्यान्वयन स्थितिमा सुधार गरी थप प्रतिफल लिनुपर्ने देखिएको छ। अनुदान दिने जस्ता कार्यमा बढी प्रगति र आफै सञ्चालन गरी प्राप्त हुने परिणामको नतिजा घटी देखिएको छ। वित्तीय क्षमता, प्राविधिक क्षमता, सहभागीता र समन्वयको क्षमता, कार्यप्रतिको लगावलाई थप बढाउनुपर्ने रहेको छ। स्रोतको पर्याप्तता अन्तर्गत प्राविधिक कार्यान्वयन पक्षलाई थप बलियो बनाउनु पर्ने, खर्चको क्षमता बढाउन प्राविधिक क्षमता आवश्यक हुने हुदाँ शासकिय क्रियाकलापमा सबै स्रोतको समानुपातीक विभाजन गर्नुपर्ने अवस्था छ। तब मात्र महानगरले प्राथमिकताका साथ किटान गरेको समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक शहरको विकासमा टेवा पुग्ने देखिन्छ।

माथी उल्लेखित नतिजामा मूलतः कतिपय कार्यनीतिहरू कार्यान्वयनमा नआएको अवस्था रहेको हे भने कतिपय कार्यान्वयनको चरणमा प्रवेश गरेको अवस्था छ। स्वतन्त्र मूल्याङ्कन तथा न्यायको आँखामा उल्लेखित प्राप्ताङ्क राम्रो देखिएको तर प्रथम श्रेणी प्राप्त नभएको मूल्याङ्कनकर्ताबाट महसूस भएको छ। महानगरपालीकाले विशेषत वित्तीय स्रोत परिचालन, योजना तथा कार्यक्रम र सेवा प्रवाहका सहायक क्षेत्रहरूमा सवलीकरण गरी उत्कृष्टता हासिल गर्नेतर्फ विशेष रूपले ध्यान पुऱ्याउन आवश्यक देखिएको छ।

समग्र विश्लेषणमा पूँजीगत खर्च अर्थात पूर्वाधार खर्च कम भई कार्यसम्पादन नतिजा अपेक्षा अनुरूप नदेखिएको, शासकिय प्रवन्ध अर्थात स्थानीय शासन ७५ प्रतिशतभन्दा माथी देखिएको, संगठन तथा प्रशासन/जनशक्ति मानव संसाधन र संस्थागत सुशासन ६५ प्रतिशत देखिएकोमा सोलाई बढाउनुपर्ने, वार्षिक वजेट तथा योजना व्यवस्थापन पक्ष र कार्यान्वयन अवस्था कमजार रहेको, सेवा प्रवाहको स्तरलाई थप वृद्धि गर्नुपर्ने, न्यायीक कार्यसम्पादन, अनुगमन मूल्याङ्कन, राजस्व व्यवस्थापन तथा लेखाङ्कन एवं प्रतिवेदन कार्य पनि औसत अंककै हाराहारीमा देखिदाँ सामाजिक परीक्षणका सूचकमा सुधार गरी उत्कृष्ट अंक हासिल गर्न मेहनतलाई थप क्रियाशिल तुल्याउन आवश्यक समेत देखिएको छ।

दिगो विकास लक्ष्यका स्थानीयकरण, आवधिक योजना तर्जुमा, महानगर शिक्षा योजना, वित्तीय अनुशासन (वेरुजु १%) सेवा प्रवाहको मापदण्ड, स्थानीय उत्पादन र बजारीकरण, गुरुयोजना र पूर्वाधार प्रक्रिया, पूर्वाधारको उपयोग र दीगो व्यवस्थापन, अन्तर सरकारी समन्वय र सहजीकरण, राजस्व सम्भाव्यता अध्ययन, भू-उपयोग योजना, शहरी सुरक्षा र आधुनिक प्रविधिको उपयोग लगायतका विषयमा समयसापेक्ष सुधार गरी नतिजा अंकं वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने समेत देखिन्छ। यसको लागि महानगरपालिकाले संरचनात्मक सुधारमा विशेष रुपले प्राथमिकता दिनुपर्ने भएको छ।

# खण्ड १५

# काठमाडौं महामहानगरपालिकाको चुनौति तथा समस्याहरु

महानगरलाई विगतको ऐतिहासिक, साँस्कृतिक, समून्नत विरासनलाई इतिहास, वर्तमान र भविष्यसँग जोड्दै समृद्धितर्फ लैजाने, नागरिकको सापेक्ष विकासका चाहाना पूरा गर्ने, स्थानीयवासी र स्थानीय सरकार बी सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको समिश्रणबाट काठमाडौंलाई सफा, सुन्दर, स्वास्थ्य, सुरक्षित एवं जीवन्त शहर बनाउने कल्पना स्थानीय सरकारको रहेको कार्यक्रममा उल्लेख भएको छ। तथापी जनप्रतिनिधिको आगमन पश्चात थुप्रै सुधारका कार्यक्रमको कार्यान्वयन भएको छ। तथापी निरन्तर प्रयासका थुप्रै चुनौति तथा समस्याहरु पनि महानगरभित्र रहेका छन्। यी चुनौति तथा समस्याहरुलाई बुँदागत रुपमा यहाँ उल्लेख गर्ने प्रयास गरिएको छ :

(क) **समस्याहरु**

(१ रोजगारमूलक उद्योगधन्दा
(२) फोहोरमैला व्यवस्थापन
(३) जग्गाको खण्डीकरण र अनियन्त्रित वसाई सराई, जनघनत्वमा वृद्धि
(४) प्रविधिमैत्री र व्यवसायिक खेती विकास
(५) नदी नियन्त्रण, रोकथाम र बाढीगत समस्या
(६) सडक क्षेत्राधिकारमा बसोबास गर्ने सुकुम्वासी व्यवस्थापन
(७) फराकिला सडकको अभाव र ट्राफिक जाम
(८) प्रविधिमैत्री लाइटिङ्ग व्यवस्थापन
(९) असीमित नागरिक आंकक्षा र स्रोत परिचालन
(१०) आन्तरिक स्रोतको दिगो र पूर्वानुमानको समस्या
(११) एकै प्रकारका कार्यक्रम सञ्चालन गर्ने विभिन्न निकाय बीचको समन्वयको समस्या
(१२) मध्यम तथा उच्च वर्गका छोराछोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गराउन नसक्नु
(१३) चक्रपथ वरिपरि निर्माण सामग्री, पेट्रालपम्प तथा डिपोबाट प्रदुषण वृद्धि हुनु
(१४) बहालकरको अभिलेख र अस्थायी बसोबासको लगत र सम्झौताको कार्यान्वयन पक्ष फितलो हुनु
(१५) सम्पत्ति उपयोगको मापदण्ड नरहनु
(१६) कर दाखिला, किस्तावन्दीमा प्रभावकारीता नरहनु
(१७) अनुदान रकमको परिचालन पूर्ण रुपले हुन नसक्नु
(१८) आयोजना अधुरो, ढिला सम्फन्न एवं Time Overrun तथा Cost Overrun समेत हुनु
(१९) लागत अनुमान र खरिद सम्झौता बीच समन्वय नहुनु
(२०) टुक्रे योजनाको संख्या अधिक हुनु
(२१) बजेट तथा कार्यक्रम बीच समन्वय नहुनु
(२२) बजेट कार्यान्वयन पक्ष कमजोर रहनु
(२३) भौतिग प्रगतिको ग्राफमा सुधार समस्या
(२४) वातावरणमैत्री पूर्वाधार
(२५) सडक सुरक्षा र क्षेत्राधिकार।

(ख) **काठमाण्डौ महानगरपालीकाको प्रमुख चुनौतिहरू**

- वित्तीय प्रगतिको कमजोरपना र औषत खर्च क्षमता
- भौतिक प्रगतिको क्षमता बलियो बन्न नसक्नु
- रातको समयमा यातायात तथा मानविय आवागमन
- सडक पेटी एवं पैदल यात्रा मैत्री सडक
- पार्किङ्ग व्यवस्थापन र शहरी गतिशिलता
- फोहोरको दीगो संकलन, व्यवस्थापन, विसर्जन र निर्मलीकरण
- सरकारी कार्यालय विच समन्वय र सहकार्य
- लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण
- महामारी तथा स्वास्थ्य प्रवर्द्धन
- सामुदायिक कुकुर ब्यवस्थापन
- सरल र पहुँचयुक्त सार्वजनिक यातायात
- होर्डिङ्ग बोर्ड, डिजिटल बोर्ड व्यवस्थापन
- मिसावट र अनुचित व्यापारीक लाभ
- उपभोक्ता मैत्री बजार व्यवस्थापन
- सेवा प्रवाहमा जनशक्तिको उच्च क्षमता परिचालन
- जलवायु परिवर्तन, अनुकुलन र न्यूनिकरण
- करको दायरामा विस्तार क्षेत्रको संलग्नता पहिचान
- वानस्पतिक तथा जैविक विविधता संरक्षण
- महानगरपालीकाको क्षेत्राधिकार तथा अन्र्तसम्बन्ध
- औषत कार्यशैली र कार्यप्रवृति तथा यान्त्रीक प्रणाली परिवर्तन
- सम्पत्तिको नक्साङ्कन र रचनात्मक शहर
- जोखिमयुक्त स्वच्छ शहर - वातावरणमैत्री पूर्वाधार
- धुवाँ, धुलो सहितको सडक असुरक्षा
- वायु प्रदुषण तथा औषत आयु र शिशु मृत्यु
- प्रगति, नीति, योजना र कार्यक्रमलाई तथ्यमा आधारित बनाउनुपर्ने
- अतिक्रमण र सुकुम्बासी तथा Right of River मापदण्ड
- उत्तम संस्कार र परिपक्वता, नागरिकको मानसिकता ।

(ग) **स्वास्थ्य क्षेत्रका चुनौतीहरु**

- ८ सय २२ क्षयरोगी काठमाण्डौका छन् ।
- डेंगु रोगको संक्रमण प्रत्येक वर्ष बढ्दै गएको छ ।
- बेलावखत हैजाको संक्रमण देखिएको छ ।
- पछिल्लो समय मधुमेह, क्यान्सर, मृगौला, अल्जाईमर जस्ता रोगहरुको समस्या बढ्दै गएको छ ।

- खाद्य पदार्थमा गुणस्तर नियन्त्रण हुन सकेको छैन
- बजेट अनुमानको १०% बजेट स्वास्थ्य क्षेत्रमा अनुमान गर्न सकिएको छैन्
- खोप र बच्चा संख्याको अनुपातिक स्थिति नमिलेको अवस्था छ।
- उमेर समूह अनुसार विरामीपनको स्थिति बढेको छ।
- बालबालिकामा श्वासप्रश्वास/निमोनिया देखिने गरेको छ।
- उमेर समूह अनुसार एच.आई.भी. पोजिटिभ संख्या घट्न सकेको छैन।
- लैङ्गिक हिंसाबाट पिडितको संख्या बढेको छ।
- लागु पदार्थ सेवन गर्ने किशोर किशोरीको स्थितिमा नियन्त्रण हुन नसकेको अवस्था छ।

(घ) **सामाजिक क्षेत्रका चूनौतीहरु**

- सामुदायिक सेवा र स्रोत व्यवस्थापन,
- सामुदायिक सेवा र जनशक्ति व्यवस्थापन,
- सामाजिक सद्भाव र नैतिक शिक्षा,
- सामाजिक आवश्यकता र जीवनस्तर
- सामाजिक उत्तरदायित्व र किटान
- रोजगारी, सीप, श्रमबजार, सहरी गरिवीको स्थिति।

(ङ) **शिक्षा क्षेत्रका चूनौतीहरु**

- शैक्षिक उपलव्धी र लागत बीच समन्वय नरहेको,
- शिक्षा सम्बन्धी पूर्वाधार तथा विगतका कार्यक्रमहरु सम्पन्न गर्न ढिलाई हुनु,
- विद्यालय र विद्यार्थी भर्नादर आकर्षण नहुनु,
- शैक्षिक एवं शिक्षा व्यवस्थापन सफ्टवेयर कार्यान्वयनमा नआउनु,
- उपलव्धी, मूल्याङ्कन, समीक्ष र लेखा एवं लेखाङ्कन सन्तोषजनक नरहनु,
- विषयगत शिक्षकहरुको क्षमता विकास नहुनु,
- कमजोर जवाफदेहिता,
- वित्तीय क्षमतालाई वृद्धि गर्न नसक्नु,
- प्रयोगशाला समस्या र
- नतिजा सुधार।

# खण्ड १६
## सुझावहरु

१६.१ **क्रियाकलाप** : बार्षिक रुपमा सम्पादन गर्न तथा नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न तयार गरिएका क्षेत्रगत क्रियाकलापहरुको परिमाणात्मक कार्य लक्ष्यको प्रगति औषत मात्र देखिएको छ । तसर्थ वार्षिक रुपमा सम्पादन गर्न तयार गरिएका बजेटीय क्रियाकलापमा क्षमताको विकास गरी तथा कार्यक्रमलाई सम्पादन गरी अधिकत्तम प्रगति लिने व्यवस्थामा सुधार गरिनुपर्दछ।

१६.२ **नागरिकको क्रयशक्ति** : बजेटद्वारा काठमाडौं महानगरपालिकाभित्रका नागरिकको आर्थिक विकास तथा उत्पादकत्वमा वृद्धि ल्याउनसीप, उद्यमशिलता, पर्यटन एवं सेवा व्यवसायमा थप जोड दिई आयआर्जनमा बल पुऱ्याई नागरिकको क्रयशक्ति (Purchasing Power of Citizens) मा वृद्धि गर्नुपर्ने देखिन्छ ।

१६.३ **सीप तथा रोजगारी** : श्रम बजार र उत्पादित जनशक्तिको सीप बीच समन्वय हुन नसक्दा रोजगारी बढन नसकेको अवस्था छ । पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा दक्ष तथा अर्धदक्ष जनशक्ति विदेश पलायन हुने प्रवृति देखिएको छ । सहरी गरिबी तुलनात्मक रुपमा घटन नसकेको अवस्था छ । अनुकूल नतिजा प्राप्त गर्ने गरी सीप तथा रोजगारीलाई बढावा दिइनुपर्दछ ।

१६.४ **अभ्यास व्यवस्थापन** : सामूदायिक विद्यालयहरुको दूरी, यातायात आदिलाई ध्यान दिई नक्साङ्कन गरिनुपर्ने, संस्थागत सामाजिक उत्तरदायित्वलाई विद्यालय शिक्षाको नतिजा र गुणस्तर सुधारमा प्रयोग गर्ने र सामुदायिक र संस्थागत विद्यालयका सफल अभ्यासलाई अन्य विद्यालयमा गुणस्तर सुधारमा उपयोग गर्ने स्थितिमा सुधार ल्याइनुपर्दछ ।

१६.५ **निरोगी महानगर** : स्वच्छ आहार, योग, ध्यान, व्यायाम सकरात्मक सोच सहितको जीवनशैलीको विकास गर्न निरोगी महानगर - स्वस्थ्य काठमाडौंवासी कार्यक्रम सञ्चालन गरिनुपर्दछ । स्वास्थ्य सेवाको दायरा वृद्धिमा स्वास्थ्य उपकरणमा थप वृद्धि गर्नुपर्ने अवस्था छ। डेङ्गु लगायत किटजन्य रोगको प्रकोपलाई नियन्त्रण गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ । विकास उकालो चढ्ने रोगको कारण नागरिक ओरालो झर्ने स्थितिमा सुधार गरिनुपर्दछ ।

१६.६ **सामाग्री उत्पादन** : महानगरपालिका र निजी क्षेत्रको साझेदारीमा आधुनिक प्रविधियुक्त फोहोर प्रशोधन केन्द्र स्थापना गरी उर्जा, मल, बिक्रेट लगायतका सामग्री उत्पादन गर्न आवश्यक देखिएको छ ।

१६.७ **कार्यतालिकाको अनुशरण** : पूर्वाधार लगायत सार्वजनिक निर्माणको लागी सम्झौता भएका योजनामा व्यवसायीले पेश गरेको निर्माण कार्यतालिकामा परिवर्तन नहुने गरी निर्माण कार्यान्वयन पक्षलाई बलियो र सवल तुल्याइनुपर्दछ ।

१६.८ **विपद चेतना र अभ्यास** : महानगरको विपद जोखिम नक्साङ्कनलाई प्रभावकारी तुल्याउनुपर्ने, आगोबाट हुने जोखिम न्यूनिकरण गर्न विपद् चेतना र अभ्यासलाई प्रभावकारी तुल्याउनुपर्ने र महानगर आपतकालीन सञ्चालन केन्द्रलाई थप प्रभावकारी तुल्याउनुपर्ने देखिन्छ ।

१६.९ तथ्य र तथ्याङ्क खुल्ने गरी वार्षिक प्रगति विवरण तयार गर्नुपर्ने ।

१६.१० खाद्य वस्तुको किफायती मूल्यमा उपभोग गर्ने हक सुनिश्चित गर्नुपर्ने ।

१६.११ महानगर शिक्षा योजना बनाई सामुदायिक विद्यालयलाई आर्कषणको केन्द्र बनाउन अघी बढनुपर्ने ।

१६.१२ शहरी व्यवस्थापन, सुरक्षा, संरक्षण र दिगो परिचालनमा प्रहरी बल मैत्रीपूर्ण बनाउन बार्षिक कार्ययोजनाको विकास गर्नुपर्ने ।

१६.१३ अग्रिम कर तिर्ने वातावरणको सिर्जना, दायरा अध्ययन, तथ्याङ्क र असुली प्रक्षेपणलाई नतिजामुखी बनाउनुपर्ने ।

१६.१४ भू-उपयोग योजना तयारी गरी सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने ।

१६.१५ महानगर सञ्चार ऐन, महानगर डाटाबैङ्क तथा P–KMC गुरुयोजना सम्पादन गरी कार्यान्वयनको ल्याउनुपर्ने ।

१६.१६ बजेट अनुमान यथार्थमा आधारित रहेर गर्नुपर्ने र खर्चको क्षमता बढाई वित्तीय सुधार गर्नुपर्ने ।

१६.१७ लेखाङ्कन प्रणालीमा थप सुधार गरी समयभित्र आर्थिक विवरणको तयारी र बजेट खर्च समीक्षा गर्ने स्थितिका सुधार गर्नुपर्ने ।

१६.१८ **कार्यसम्पादन सम्झौता** : प्रमुख प्रशासकिय अधिकृतसंग महानगर विभागीय प्रमुखले आर्थिक वर्ष २०८१।८२ मा गर्ने रु.२५ अर्वको बजेट तथा कार्यक्रम अन्तर्गत १ हजार १ सय ९४ योजना तथा कार्यक्रममा न्यूनतम ८० प्रतिशतभन्दा बढी उपलब्ध लिने गरी कार्यसम्पादन सम्झौता भएकोमा औषत प्रगति प्रतिशतको हाराहारीमा मात्र उवलब्धी देखिएको छ । कार्ययोजना र उपलब्धी बीच समन्वय कायम गर्न क्षमताको विकास, स्रोत परिचालन र साझा समाधानको उपाय निकाली सम्झौतागत प्रगति हासिल गर्नुपर्ने देखिन्छ ।

१६.१९ **मेशिन तथा सवारी साधन** : सिसडोल फोहोर लैजाने ट्रिपर तथा कन्टेनर, एम्बुलेन्स, जेट मेशिन, पानी ट्याङ्कर, बकेट गाडी, ट्रिपर, कन्टेनर बोक्ने, डिसिएम, पुराना कम्प्याक्टर र नयाँ कम्प्याक्टर आदि रहेका छन् । केही उपकरणहरु मर्मत गरी प्रयोगमा ल्याउनु पर्ने देखिएको छ ।

१६.२० **ट्राफिक व्यवस्थापन** : सवारी चालकमा नियम उलंघनको मात्रा बढेको, सार्वजनिक सवारी साधन रोक्ने स्थान व्यवस्थित नरहेको, यात्रु झार्ने र चढाउने आचरणमा लार्पवाही रहेको, सवारी साधनको अवस्था कमजोर भएर पनि सञ्चालन गर्न पाइरहने अवस्था रहेको, सडकको वर्गीकरण नभएको, चाप र मापदण्डको स्थिति नतोकिएको, टाफिक वत्ति र संकेतको पालनामा कमी, सामुदायिक कुकुर, जथाभावी ग्यारेज, वर्कशप, प्यूल पम्प, पेटी अतिक्रमण, सवारी गति र सडक लगायतको कारण दुर्घटना बढेको छ । यसको लागि मूलतः सडक सुरक्षा कार्ययोजनाबाट ट्राफिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

१६.२१ **सामाजिक उत्तरदायित्व** : काठमाण्डौं महामहानगरपालिका आफैमा देशको राजधानी क्षेत्र हो । अन्तर्राष्ट्रिय रुपमा परिचित तथा सम्पदाले धनि समेत रहेको छ । केन्द्रीय राजधानीमा ठुल्ठुला बाणिज्य बैङ्कहरु, ब्यवसायिक संस्थाहरुको केन्द्रीय कार्यालयहरु, ब्यवसायीक आयात तथा निर्यात संस्थाहरू, सहकारी, ब्यापार संघ, युनियन, ब्यापारीहरु अवस्थित छन् । उल्लेखित ब्यवसायले प्रदान गरेको सेवाबाट प्राप्त हुने आयको केही अंश काठमाण्डौं महानगरको सामाजिक विकास, लक्षित वर्ग कार्यक्रम, सौन्दर्यकरण, सम्पदा संरक्षण, शिक्षा, सडकापेक्षी सुरक्षा तथा सहयोग जस्ता कार्यक्रममा खर्च गर्ने वातावरणलाई कार्यान्वयनमा ल्याउन सकियो भने ब्यवसायिक संस्था प्रतिको सामाजिक उत्तरदायित्वको मापदण्ड पनि पुरा हुने र महानगरको अवस्थामा समेत सौन्दर्य थपिने हुदाँ यस सम्बन्धमा समन्वय, सहकार्य र सहअस्तित्वको भावना अगाडी बढाउन नीति कार्यान्वयनमा ल्याएको देखिन्छ । संस्थागत सामाजिक उत्तरदायित्व आफैमा पनि समाज प्रति ब्यवसायीक संस्थाको पनि दायित्व पुरा हुने र समाज प्रति ती संस्थाको भूमिका बढ्ने र केन्द्रीय राजधानी को सौन्दर्यता/सुरक्षा/ सामाजिक विकास हुने हुदाँ यसतर्फ कार्यक्रम प्रभावकारी बनाई अगाडी बढाउन आवश्यक रहेको छ ।

१६.२२. **महानगर गौरबका योजना** : संघीय संरचना अनुसार संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह राज्य सञ्चालनका शासकिय संरचना हुन् । संरचनाले गर्ने कार्य र उपलब्धीलाई संस्थागत गर्न र आवधिक निर्वाचनको नेतृत्वले आफ्नो कार्यकालमा दिन सक्ने बृहत उपलब्धी/ठुला योजना जुन भूमिका योग्य र गौरब गर्न लायक हुन्छ सोलाई कार्यान्वयनमा ल्याई नेतृत्वको क्षमता समेत विकास गर्नु हो । महानगर आफैमा अन्य स्थानीय तहभन्दा फरक र स्रोतको सुनिश्चितता भएको स्थानीय तह हो । २५ अर्वभन्दा बढीको याय-ब्यय प्रस्तुत हुने र आन्तरिक तथा राजस्व बाँडफाँडबाट प्राप्त हुने रोयल्टी तथा राजस्व रकम समेतको परिमाण कूल बजेटको ५० प्रतिशतभन्दा बढी भएको अवस्थामा रकमको परिचालन महत्वपूर्ण हुन आउँछ । सिङ्गै राष्ट्रले महशुस गर्ने, नेतृत्वको आवधिक सम्झना महानगरवासीको मानसपटलमा रही रहने महानगर गौरबको योजना (वहुवर्षिय) छनौट गरी कार्यान्वयनमा ल्याइएको छ । समयले नेतृत्व चिन्ने र नेतृत्वले समय चिन्ने अवसर निरन्तर रूपमा चलिरहने कार्यक्रमको संगसँगै गौरब गर्न लायकको दीर्घकालीन प्रकृतिका योजना छनौट गरी स्रोतको परिचालन गर्नुपर्ने देखिन्छ ।

१६.२३ **नीति कार्यान्वयनको अनुपालना (Policy Compliance)** : महानगरले निर्माण गरेका नीति र कार्यक्रम तथा रणनीति/कार्यनीतिले मुलतः महानगर क्षेत्रमा कसरी समृद्धिपन ल्याउन सकिन्छ भन्ने हो । विगत वर्षमा महानगरले लिएको नीति तथा कार्यनीति र बजेट कार्यक्रम एक आपसमा समन्वय हुन नसकेकोमा यसमा

पछिल्ला वर्षमा आंशिक सुधार देखिएतापनि पूर्णरूपले नीतिको अनुपालना र स्रोतको परिचालन बिच दूरी रहेको अवस्था छ । २०८१।८२ मा महानगरले विभिन्न कार्यनीति ल्याएको छ । ती कार्यनीतिको कार्यान्वयन कुनै हुन नसकेको, कुनै बजेटबाट सबोधन नभएको, दोहोरिएको, एउटै प्रकृतिको कार्य धेरै विभागमा रहेको देखिन्छ । नीतिको अनुपालना हुने गरी बजेट, क्षमता, परिचालन र कार्यान्वयन दक्षतालाई अगाडी बढाई सम्पन्न गर्न सक्ने कार्यनीति मात्र कार्यान्वयनमा ल्याउनु पर्ने देखिएको छ ।

१६.२४ **कार्यसम्पादन दक्षता** : स्रोतको उत्तम परिचालनबाट उपलब्धी हुने परिणाममा क्षति, नोक्सानी, अपव्यय नहुने गरी प्राप्त हुने प्रतिफल नै दक्षता हो । दक्षता देखिन स्रोत, जनशक्ति, साधन, क्षमता, नेतृत्व, माग र परिचालन आवश्यक हुन्छ । महानगरको कार्यान्वयन दक्षता औषतीय अवस्थामा छ । यसलाई बढाई पर्याप्त प्रतिफल प्राप्त गर्न खर्चको क्षमता समेत वृद्धि गर्नुपर्ने देखिएको छ

१६.२५ **नागरिकको कोड अफ कन्डक्ट निर्धारण** : संविधानले नागरिकले पालना गर्नुपर्ने कर्तव्य निर्धारण गरेको छ । यी कर्तव्यमा बसी महानगरवासीले पालना गर्नुपर्ने कर्तव्य समेत निर्धारण गरी प्रयोगमा ल्याउनु पर्ने समेत देखिन्छ । फोहोर उत्पादन, संकलन, वर्गिकरण, विसर्जन, सडक सुरक्षा, पर्यटन व्यापारीकरण, यातायात, भाषा, शैली, सँस्कृति, परम्परा, गर्न नहुने कार्यहरु, सार्वजनिक सम्पत्तिको सुरक्षा, सहयोग, सहभागीता, सूचना प्रवाह लगायतका विषयमा आचरणगत मापदण्ड तयार पारी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

१६.२६ **उपत्यका समन्वयकारी योजना** : उपत्यकामा रहेका सबै स्थानीय तह बिच सामुदारीको विकास हुने गरी समन्वयकारी योजना निर्धारण र अपनत्व रहने गरी कार्यान्वयनलाई अगाडी बढाउँदा महानगरको प्रभावकारीतामा वृद्धि हुन पुग्दछ । तसर्थ समन्वयकारी भूमिकालाई अगाडी बढाउन आवश्यक छ ।

१६.२७ **जिन्सी निरीक्षण प्रतिवेदनको कार्यान्वयन** : खरिद भएका र अभिलेखमा रहेका सम्पत्तिको पर्याप्त तवरले संरक्षण गर्नुपर्ने र निरीक्षणबाट निस्केका कैफियतहरुलाई समयमै संवोधन हुन नसकेको अवस्था छ । मर्मत, लिलाम, नष्ट, जे गर्नुपर्ने हो गरी सम्पत्ति व्यवस्थापन उचित र पर्याप्त तवरले गर्नुपर्ने देखिएको छ ।

१६.२८ **शिक्षा/स्वास्थ्यमा सवलीकरण सोच** : विद्यार्थी भर्ना दरमा वृद्धि गर्न, व्यवसायिक विद्यालयभन्दा सामुदायिक विद्यालय उत्तम हुन भन्ने दिशामा आमूल परिवर्तन ल्याउन शिक्षण सिकाई उपलब्धी र शिक्षकीय क्षमता महत्वपूर्ण रहेको छ। त्यस्तै स्वास्थ्यतर्फ उपचारात्मक विधिमा सरलीकरण गरी उपचार विधि मात्र कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ ।

१६.२९ **थप अन्य विशेष सुझावहरु**

(क) सडक सुरक्षा कार्य प्रणालीको कार्यान्वयन (GPS) गर्ने,

(ख) मर्मत गर्नुपर्ने पैदलयात्री फुटपाथमा निरन्तरता दिने,

(ग) फोहोरको Re–use, Re–processing, Reducing गर्ने

(घ) वडा मेलमिलाप केन्द्रको प्रभावकारीता वृद्धि गर्नुपर्ने

(ङ) कार्यक्रम अनुसार सामाजिक समावेशिताको बजेट निर्माणर गर्ने,

(च) आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गर्ने,

(छ) विद्यालयमा Accounting Manual (शिक्षा मन्त्रालय) लाई पूर्णरूपले कार्यान्वयनमा ल्याउने,

(ज) शहरी योजना विभागलाई सकृय तुल्याउने,

(झ) तालीम, गोष्ठी, सेमिनार, सभा खर्च सञ्चालनको मापदण्ड एकिकृत गर्ने।

१६.३० **सम्पत्ति उपयोगको मापदण्ड** : कार्यालयमा आवश्यक पर्ने जिन्सी मालसामान, मेसिन तथा उपकरण र सवारी साधनहरु उपयोग सम्बन्धमा स्पष्ट मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

१६.३१ **स्थीर सम्पत्तिको खुलासा** : नेपाल सर्वजनिक क्षेत्र लेखामान बमोजिम महामहानगरपालिकाले तयार गर्ने वित्तीय प्रतिवेदनमा सबै प्रकारका भवन, मेशिन र अन्य स्थीर सम्पत्तिको रकम तथा विवरण सहितको खुलासा गर्ने व्यवस्थामा सुधार ल्याउनु पर्ने अवस्था छ ।

१६.३२ **लिलाम बिक्री** : बेकम्मा भएका र पुन: मर्मत नहुने भनी किटान भएका मालसामान जिन्सी निरीक्षण प्रतिवेदन वा भौतिक परीक्षण प्रतिवेदन प्रापत गरेको ६ महिनाभित्र लिलाम बिक्रीको कारवाही गरी सम्पत्तिको व्यवस्थापनमा सुधार ल्याउनुपर्ने देखिन्छ ।

१६.३३ **कर दाखिला** : कर दाखिला, किस्तावन्दी कर दाखिला गर्ने व्यवस्थाको कार्यान्वयनमा प्रभावकारीता ल्याउन आवश्यक देखिएको छ । महाशाखाबाट प्रभावकारी बजार अनुगमन र राजस्व सूचना मार्फत करदाताले नियतवस दाखिला नगर्ने परिपाटीलाई निरुत्साहित गरी राजस्वमा बढोत्तरी गराउन तथा कर दाखिला हुने प्रणालीको कार्यान्वयनमा सुधार ल्याउनुपर्दछ । अनुगमन संख्या र गुणस्तर सुधारको कार्यमा वृद्धि गरी आन्तरिक राजस्वको लक्ष्यमा वृद्धि गर्नुपर्दछ । बजार अनुगमन संख्या वृद्धि गरी करदाताको संख्या बढाउने र अनुगमनको गुणस्तरमा सुधार गरी करको दायरामा सुधार ल्याउनुपर्ने रहेको छ ।

१६.३४ **अनुदान** : महामहानगरपालिकाबाट स्वीकृत सामाजिक लगायत विभिन्न संस्थालाई दिएको अनुदानबाट सम्झौता अनुसार अनुदान रकम खर्च गरेको विवरण, लेखापरीक्षण प्रतिवेदन, कार्यसम्पादन प्रगति प्रतिवेदन, खर्च हुन बाँकी रकम, अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गर्ने कार्य प्रक्रियामा सुधार ल्याउनुपर्ने रहेको छ ।

१६.३५ **दिगो विकास लक्ष्य** : दिगो विकास लक्ष्य, २०३० अनुसार भौतिक, कृषि, शहरी, आवास, खानेपानी, संचार, उर्जा, लैङ्गिक असमानता, लैङ्गिक सशक्तिकरण, सामाजिक विकास, पर्यटन क्षेत्र लगायतलाई ध्यान दिई दिगो विकास लक्ष्य हासिलमा योगदान पुर्‍याउन कार्ययोजना सहितको कार्यक्रम तर्जुमा गवरी कार्यान्वयनको प्रभावकारीतामा सुधार ल्याउनुपर्ने देखिन्छ ।

१६.३६ **खेलकूद** : लगानीको सुरक्षा र प्रतिफलको सुनश्चितता गर्ने कार्यविधि र कार्यक्रम तर्जुमा गरी खेलकूद पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी र साझेदारी आकर्षित गर्ने व्यवस्थामा प्रभावकारीता ल्याईनुपर्दछ । संरचना सञ्चालन, शुल्क निर्धारण, पूर्वाधारबाट हुने मुनाफाको विरण र जग्गा उपलब्धता, मर्मत संभार व्यवस्था, कर छुट लगायतका सुविधाका विषयहरु समेटी लगानी आकर्षित गर्ने कार्यक्रममा सुधार ल्याउनु पर्दछ ।

१६.३७ **प्रदेश र महामहानगरपालिका बीचको आवद्धता** : दिगो विकास लक्ष्यहरुको कार्यान्वयनको लागि प्रदेश र महामहानगरपालिका बीचको भूमिका महत्वपूर्ण छ । महामहानगरपालिकासँग आमनागरिक अत्यन्त नजिक छन् । स्थानीय सामुदायिक सहभागिता रहने र आरोग्य, कल्याण, गुणस्तरीय सेवा प्रवाह एवं असमानताको न्यूनीकरण गर्न प्रदेश र स्थानीय तहको भुमिका अथक छ । विकासका लक्ष्यहरुलाई प्रदेशसँग समन्वय गरी आवद्धता हुनुपर्दछ । नीति, कार्यक्रम र बजेटमा विकासका लक्ष्य आवद्ध र समन्वय नगरेसम्म विकासको सूचक पूरा नहुने हुँदा दुवै पक्ष बीचको आवद्धतामा थप सुधार ल्याउनुपर्दछ ।

१६.३८ **जिम्मेवारीपन** : सेवा प्रवाह चुस्त र दुरुस्त एवं समन्वयपूर्ण हुनुपर्ने हुन्छ । पालिकाबाट वित्त, नीति, कार्यक्रम, सेवाको पहुँच स्वास्थ्य, सँस्कृति, पूर्वाधार निर्माण लगायतका क्षेत्रमा सुधारका कार्यक्रम लागू भएतापनि थप आर्थिक अनुशासन, योजना र बजेट कार्यान्वयन प्रणालीमा अपेक्षा गरे अनुरुप सुधार नभएको अवस्था छ । सेवा प्रवाह सम्बनधी नीति, कानून तथा मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने र बजेट कार्यान्वयन प्रति जिम्मेवार बढाउनुपर्ने स्थितिमा सुधार ल्याउनुपर्ने देखिन्छ ।

१६.३९ **अधुरा आयोजना** : निर्माण कार्यमा पर्याप्त अनुगमन नहुनु र जिम्मेवारी पूरा नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौताका शर्त बमोजिम कारवाही नगरेका कारण केही योजनाहरु अधुरा अवस्थामा छन् । निर्माण कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई जिम्मेवार बनाई अधुरा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१६.४० **लागत अनुमान** : लागत अनुमानको तुलनामा ४० भन्दा बढी प्रतिशतसम्म घटीमा खरिद सम्झौता भएको अवस्था छ । लागत अनुमान यथार्थपरक नभएका कारण लागत अनुमान र कबोल अंकमा ठूलो अन्तर समेत देखिएको छ । यसमा सुधार ल्याउनुपर्दछ ।

१६.४१ **सेवा प्रवाह** : महामहानगरपालिकाले सेवाग्राहीका माग र उपलब्ध सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई दक्षतापूर्वक रुपमा सञ्चालन गर्न देहायका विषयमा सुधार ल्याउनुपर्दछ :

(क) सेवा प्रवाह र उक्त सेवा प्रवाह गर्न सक्ने क्षमताको स्थिति विश्लेषण गरी दोहोरोपन नहुने गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणका माध्यमबाट आवश्यक जनशक्ति र साधनको व्यवस्थापन गर्नुपर्दछ ।

(ख) महानगरको सेवालाई विद्युतीय र मोवाइल गर्भनेन्ससँग आवद्ध गरी सेवा प्रवाह, समय, दूरी र लागत घटाउने व्यवस्था मिलाउनुपर्दछ ।

(ग) बढी सेवाग्राही उपस्थिति हुने महाशाखामा चक्रिय टोकन समय प्रणाली प्रयोगमा ल्याउनुपर्दछ ।

(घ) युटीलिटि सम्बन्धी सेवाहरु अन्य सेवा प्रदायकलाई जिम्मा दिई उक्त सेवा प्रवाहको अनुगमनमा थप व्यवस्था मिलाउनुपर्दछ ।

(ङ) सेवाग्राहीले संलग्न गर्नुपर्ने कागजात संख्या घटाउनु पर्दछ ।

(च) स्वास्थ्य सेवा प्रदान गर्ने अस्पताल, क्लिनिक तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको सेवा सञ्चालन मापदण्ड र शुल्कको निर्धारण गरी अधिकार क्षेत्र अनुसार नियमित अनुगमन तथा नियमनको लागि संयन्त्रलाई प्रभावकारी बनाउनु पर्दछ ।

(छ) कार्य क्षेत्र निर्धारण गरी अनुदान दिने व्यवस्था प्रभावकारी बनाउनुपर्दछ ।

(ज) अत्यावश्यक वस्तुको अभाव हुन नदिन बजार अनुगमन प्रणाली चुस्त राख्नुपर्दछ ।

(झ) सडक पेटीमा नागरिकलाई आवागमन गर्न सघाउ पुग्ने व्यवस्थामा प्रवलीकरण गर्नुपर्दछ ।

(ञ) सार्वजनिक सुनुवाई र सेवाग्राही सेवा सन्तुष्टि सर्भेक्षणलाई प्रभावकारी बनाई सुझावहरु कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्दछ ।

(ट) सहायता तथा अनुदान वितरणलाई सार्वजनिक गर्नुपर्दछ ।

१६.४२ **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम आय व्ययको आन्तरिक लेखापरीक्षण र दफा ७८ बमोजिम सम्पादन गर्ने कार्यको आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने व्यवस्था छ। कामको प्रकृति अनुसार महामहानगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रारुप तयार गरेतापनि अन्तिम निर्देशिका तयार गर्न बाँकी छ। ऐनमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

१६.४३ **मध्यमकालिन खर्च संरचना** : मध्यमकालिन खर्च संचरनाको दृष्टिकोणबाट वार्षिक बजेट बनाई आवधिक योजना, बजेट र कार्यक्रम बीच तालमेल कायम गर्न आधारभूत खर्च एवं लाइन आइटमको लेखाजोखा, कार्यसम्पादनको आधारित बजेट प्रणाली अवलम्बन गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा सुधार ल्याइनुपर्दछ।

१६.४४ **आयोजना सूचना प्रणाली** : संघ तथा प्रदेशबाट सञ्चालित विकास आयोजनासँग सम्बन्धित सूचनाहरुलाई व्यवस्थित गर्न एवं प्रगतिको अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने व्यवस्था हुनुपर्दछ।

१६.४५ **समय लागत** : आयोजनाहरु तोकिएको समय र लागतमा सम्पन्न गरी सोको प्रभावकारीता बढाउनुपर्दछ। कार्यान्वयन गर्न सकिने संख्यामा आयोजनाको प्राथमिकता निर्धारण गर्ने, छनौट गर्ने, तयारी चरणका कार्य पूरा गर्ने, कार्यान्वयन तालिका तयार गर्ने र सो अनुरुप आयोजना कार्यान्वयन समय र लागतमा वृद्धि नहुने गरी समयमै सम्पन्न गर्ने व्यवस्थामा सुधार ल्याइनुपर्दछ।

१६.४६ **अध्ययन/अनुसन्धान** : महामहानगरपालिकाको नीति, योजना तथा कार्यक्रम तर्जुमा विषयमा अनुसन्धान गर्ने कार्यले प्राथमिकता पाएको देखिएन । महानगरेको विद्यमान जनशक्तिको उपयोग गर्दै अध्ययन अनुसन्धानको कार्यमा जोड दिनुपर्ने देखिन्छ।

१६.४७ **खरिद सम्झौता तथा मोडिलिटि** : वार्षिक रुपमा सञ्चालित योजनाको अध्ययन गर्दा टुक्रे आयोजनाको संख्या उच्च रहेको देखिन्छ। आयोजनाको लागि आवश्यक पर्ने पूर्वतयारी बेगर स-साना योजना छनौट गरी कार्यान्वयन गर्दा स्रोतको समूचित उपयोग नभएको, पर्याप्त अनुगमन तथा मूल्याङ्कन नहुँदा गुणस्तर पक्ष कमजोर रहेको र योजनाबाट आशातित लाभ लिन बाधा पुगेको देखिँदा खरिद सम्झौता तथा मोडिालिटिमा परिवर्तन गरी सुधार ल्याइनुपर्दछ।

१६.४८ **सामाजिक कार्यहरूको प्रवाहीकरण** : गैरसरकारी संस्था बिच प्रतिस्पर्धा गराई महानगरले सम्पादन गर्ने सामाजिक विकासका कार्यक्रमलाई उनीहरुबाट सञ्चालन गरी संस्थागत उपलब्धीको लागी प्रतिस्पर्धात्मक प्रवाहीकरणलाई जोड दिनुपर्ने औंल्याएकोमा सोको पालना भएकोमा नियमित हुनुपर्दछ ।

१६.४९ **वडालाई केन्द्रविन्दू बनाउने** : महिला, जागरण, महिला सम्बन्धी सशक्तिकरणका कार्यक्रम, बाबुआमा बिहिन बालबालिका संरक्षण कार्यक्रम, विपन्न, दलित, आदिवासी कार्यक्रम, पारिवारीक पुर्नमिलन, बिउँ पूँजी व्यवस्थापन, तालीम, आय आर्जन सम्बन्धी कार्यक्रम, स्याहार सीप, सामग्री वितरण लगायतका साना तथा नियमित प्रकृतिका कार्यक्रमको केन्द्रविन्दू वडालाई बनाई अगाडी बढ्नुपर्ने, बजेट थप र कार्यान्वयन प्रणालीमा थप सुधार ल्याइनुपर्दछ ।

१६.५० **संस्थागत सामाजिक उत्तरदायित्व** : महानगरभित्र रहेका विभिन्न वित्तीय तथा उत्पादनमूलक संस्थाले निर्वाह गर्ने सामाजिक उत्तरदायित्वलाई सामाजिक विकासका कार्यक्रममा आबद्ध गराउनुपर्ने ।

१६.५१ **स्थानीय कोषमा आय संकलन** : महानगर क्षेत्रमा अवस्थित सार्वजनिक तथा सामुदायिक जग्गामा भवन निर्माण भएका वा विभिन्न तरिकाले आय आर्जन गरेका व्यक्ति, कम्पनी, संघसंस्थाले आयको केही अंश (मापदण्ड बनाई) स्थानीय कोषमा जम्मा गर्ने स्थितिमा सुधार ल्याउनुपर्ने ।

१६.५२ **मासु/अन्य व्यवसायको मापदण्ड** : मासुजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्ने व्यवसायको मापदण्ड तयार गरी व्यवसायलाई गुणस्तर बनाउन कारवाही अगाडी बढाउनुपर्ने ।

१६.५३ **उपलब्धता** : कान्जी हाउसमा रहेको तथा मृत्युको पर्खाईमा रहेका जीवजन्तुहरूलाई एकत्रित गरी गिद्ध रेष्टुरेन्टलाई उपलव्ध गराउनु पर्ने ।

१६.५४ **मेलमिलाप केन्द्र** : वडा तहमा रहेका प्रत्येक मेलमिलाप केन्द्रलाई सशक्तिकरण गरी विवाद दर्ता, विपक्षी झिकाउने, स्थलगत निरीक्षण, कार्य सम्पादन लगायतका कार्यमा प्रभावकारीता अपनाई सेवाग्राहीलाई सहजीकरण गर्नुपर्ने ।

१६.५५ **शहरी यातायात** : यातायातलाई सरल, सहज बनाउन रुट निर्धारण, नम्बर, समय, GPS, आधुनिक प्रणालीको कार्यान्वयन, नियमन, मापदण्ड, सुरक्षण, जिम्मेवारी, जवाफदेहीपन लगायतका पक्षमा सार्वजनिक यातायातलाई थप व्यवस्थित गर्नुपर्ने ।

१६.५६ **प्रोत्साहन प्रणाली** : हरेक विभागीय क्रियाकलापलाई उपलब्धीमुलक बनाउन कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणालीलाई कडाईका साथ कार्यान्वयनमा ल्याउनुपर्ने ।

१६.५७ **वित्तीय सुशासन तथा जोखिम मुल्याङ्कन** : यस सम्बन्धमका निम्न विषयमा सुधार गर्दै जाने :

(क) कार्यक्रम कार्यान्वयनमा समन्वयात्मक प्रयत्न कायम गरिरहनु पर्ने, (ख) सेवा प्रवाहलाई व्यवहारमा रुपान्तरण गर्न कार्यक्रम मैत्री प्रणालीलाई अगाडी बढाउने, (ग) सामाजिक समुदाय सबैसँग समन्वय र सहकार्यको अपेक्षा अगाडी बढाउने, (घ) सुचना प्रविधिको अधिकतम प्रयोग गर्दै जाने,

(ङ) उच्च जोखिम क्षेत्रमा निगरानी बढाउने,

(च) जोखिममा आधारित कार्यान्वयन पद्धतिको विकास गर्ने,

(छ) ऐक्यवद्धतालाई ध्यानमा राखी सार्वजनिक सेवालाई पहुँचयोग्य बनाउने

(ज) सबै संयन्त्रलाई सवल बनाई जिम्मेवारी बढाउने,

(झ) विकास निर्माण कार्यलाई निर्धारित लागत र समयमै सम्पन्न गर्नेमा जोड दिने,

(ञ) स्वार्थको द्धन्दलाई नियन्त्रणमा ल्याउनुपर्ने र सजगता बढाउने ।

१६.५८ **फोहर विसर्जन** : फोहोरको ढुवानी, संकलन र विसर्जन केन्द्रको परिमाण थप गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।

१६.५९ **सार्वजनिक जग्गाको लगत** : महानगर अन्तर्गत पर्ने सार्वजनिक जग्गाको क्षेत्रफल, सोको लगत बनाउनुपर्ने, अतिक्रमणलाई हटाउनुपर्ने,

१६.६० **प्लाष्टिक, गुट्खा, खैनी, सुर्तिका खोल** : न्यून माइक्रोनका प्लाष्टिक, गुट्खा, खैनी, चुरोट तथा सुर्ति, चकलेटका पदार्थ उपयोग गरी सडकमा फ्याल्ने स्थितिमा सुधार ल्याउन बिक्री वितरणमा नियन्त्रण, पसलहरुको जिम्मेवारीलाई कार्यान्वयन तहमा अगाडी बढाउने, सडक तथा ढललाई विरुप तथा जाम गर्ने यस्ता चिजलाई सकेसम्म नियन्त्रणमा ल्याउन कोशिश गर्नुपर्ने ।

१६.६१ **संस्थागत क्षमता स्वमूल्याङ्कन** : महानगरले गर्ने सबैप्रकारका कियाकलापको मूल्याङ्कन अंक औषतिय अवस्थामा रहेको छ। भौतिक पूर्वाधारतर्फको खर्च व्यवस्था प्रभावकारी बन्न सकेको देखिदैन । सामाजिक समावेशीकरणका कार्यक्रम पनि सशक्त रुपले प्रवाहित नभएको अवस्था छ। वार्षिक बजेट र योजनागत व्यवस्थापनको पक्ष सवल भएतापनि कार्यान्वयन तथा उपलब्धी फितलो छ । सेवा प्रवाहलाई पूर्णरूपले विद्युतियकरणमा समन्वय गर्न नसकेको र सहकार्य तथा समन्वय समेत प्रभावकारी बन्न नसक्दा मूल्याङ्कन नतिजा आशातित बन्न सकेको देखिदैन । संस्थागत क्षमता मूल्याङ्कन स्कोर बढाउन सबै पक्षमा थप सुधार तय गर्नुपर्ने देखिएको छ ।

१६.६२ **प्रोफाईल** : मूर्त सम्पदा, अमूर्त सम्पदा, जात्रा, पर्व, मेला, पूजा, परम्परा, परिकार, गुठी, बाजा, पहिरन, लगायतको प्रोफाईल तयार गरिनुपर्ने देखिन्छ ।

१६.६३ **वृहत आयोजना** : संभाव्यता अध्ययन गरी उपत्यकाभित्रका सबै स्थानीय तह, प्रदेश, संघीय सरकार तथा निजी क्षेत्र समेतको समन्वयमा वृहत आयोजना पहिचान गरी कार्यान्वयनमा ल्याउनुपर्ने (विद्युतिय ट्राम, बागमति जलयात्रा, आकाशे सडक आदि) ।

१६.६४ **Accounting Manual को तालीम** : विद्यालयका शिक्षकहरुलाई मंत्रालयबाट तयार गरेको Accounting Manual को तालीम उपलब्ध गराई लेखा र लेखाङ्कन व्यवस्थामा सुधार ल्याउनुपर्ने ।

१६.६५ **प्रतिवेदन** : स्वास्थ्यतर्फ प्रत्येक महिनाको HMIS Report र शिक्षातर्फ प्रत्येक महिना EMIS Report तयार गर्न लगाई सम्बन्धित विभागमा पठाउने व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्ने । शिक्षासंग सम्बन्धित सम्पूर्ण गतिविधि समेटी EMIS बनाउनु पर्ने ।

१६.६६ **गुरुयोजना** : महानगर पर्यटन गुरुयोजना तयार गरी पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु कार्यान्वयनमा ल्याउनु पर्ने,

१६.६७ **माटो विनाको खेती प्रणाली** : महानगरभित्र माटो विनाको खेती प्रणाली तथा छत प्रणालीलाई प्राथमिकतामा राखी तरकारीमा आत्मनिर्भर हुने स्थितिमा प्राथमिकता दिनुपर्ने,

१६.६८ खण्डीकृत तथ्याङ्क : खण्डीकृत तथ्याङ्कहरु सङ्कलन गरी लैङ्गिक बजेट निर्माण तथा कार्यान्वयनमा जोड दिनुपर्ने,

१६.६९ सशक्तिकरणका आयमूलक कार्यक्रमबाट सामाजिक विकासलाई प्रभावकारी बनाउनु पर्ने,

१६.७० नमूना कार्यक्रममा बजेट वृद्धि गरी समाजमा उद्यमशिलताको विकास गर्नुपर्ने,

१६.७१ मर्यादित श्रम र दीगो सामाजिक सुरक्षालाई सुढृद गर्नुपर्ने देखिन्छ,

१६.७२ योजनाबद्ध, दीगो र उत्थानशिल सहरको शहरीकरणमा प्राथमिकता दिई कार्यक्रमलाई सो क्षेत्रमा केन्द्रीयत गर्नुपर्ने अवस्था छ,

१६.७३ पूँजीगत खर्चको क्षमता अभिवृद्धिबाट संरचनात्मक रुपान्तरण हुने भएकोले खर्च क्षमता ९० प्रतिशत माथि पुऱ्याउन नीति तथा कार्यक्रमलाई केन्द्रीत गर्न आवश्यक छ,

१६.७४ संरचनात्मक रुपान्तरणबाट शासकिय सुधार एवं सुशासन प्रवर्द्धन हुने हुँदा महानगरले अपेक्षा गरेका परिमाणात्मक लक्ष्यहरुलाई आधार विन्दूभन्दा ओझपूर्ण रुपमा फरकपन ल्याउन आर्थिक आधारहरुमा सवलीकरण गरिनुपर्ने देखिएको छ,

१६.७५ महानगरमा देखिएको वेराजगारी दर घटाउन, निरपेक्ष गरिवीलाई कम गर्न, लैङ्गिक असमानतामा सुधार ल्याउने सामाजिक सुरक्षा र प्रवन्धलाई दीगो बनाउन, रोजगारी सहभागितामा वृद्धि गर्न र लैगिक विकास सूचकाकलाई वृद्धि गर्न खर्च क्षमता बढाई आर्थिक आधार वृद्धिबाट समष्टिगत समवृद्धिमा सुधार ल्याउने स्रोतको संरचनात्मक एवं न्यायोचित परिचालन आवश्यक देखिएको छ ।

# खण्ड १७
# निष्कर्ष

## १७.१ निष्कर्ष

सामाजिक परीक्षण एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति भएकाले महामहानगरपालिकाले यो कार्यक्रम सञ्चालन गरेको हो। यसको लागि विभिन्न कार्यक्रम छनौट गरी विश्लेषण गरिएको थियो। विश्लेषणबाट कार्यालयको समग्र सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो। केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस परीक्षणको क्रममा देखिए। पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि बढाउन प्रयासरत देखिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, नियमावली, स्थानीय शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा महामहानगरपालिकाले उल्लेखनीय कार्यहरू गर्दै आएको छ। सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ। यसका लागि यस महामहानगरपालिकाले वडाहरुको टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगर सभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइएको छ। त्यस्ता कार्यक्रमहरू नियम संगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै सञ्चालन गरिएको देखिन्छन्। विकासको क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको बीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ।

यस अध्ययनबाट महानगरपालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त र प्रभावकारी पार्नुपर्ने देखिएको छ। महानगरपालिकाले प्राथमिकतामा राखेको अपांगमैत्री, सुशासन मैत्री, बालमैत्री र बाल विवाह रोक नगर घोषणा गर्ने कार्य लाई केन्द्र भागमा राखेर अगाडि बढाउनु पर्ने देखिन्छ। यहाँका बाल समुह, बाल समुह संजाल, बाल विकास केन्द, विद्यालयहरु र मदरसाहरुको अवस्था पनि महानगरपालिका को सानो सहयोगबाट उन्नत बन्न सक्ने अवस्था देखिन्छ । विधुतिय सुशासन कार्यक्रम प्रभावकारी बनाउने प्रयास गरेको तर पूर्ण रुपमा बन्न सकेको पाइएको छैन।

विभिन्न कार्यक्रमका लागि समयमा बजेट निकासा हुने परिपाटीको विकास भएको छ र त्यसको पूर्ण कार्यान्वयन आवश्यक छ। केही कामहरु समयमा बजेट आएपनि हतारमा सम्पन्न गरेको देखिन्छन्। यसबाट आयोजना र परियोजनाहरु स्तरीय रुपमा सम्पन्न गर्न भन्दा पनि काम सक्ने र बजेटलाई सक्ने कार्यले प्राथमिकता पाउने हुन सक्छ। त्यस्तै महानगरपालिकाका विषयगत विभागहरुले तथ्यांक र सूचना अभिलेखिकरणमा एकरुपता ल्याउन सके मात्र विकासको सुचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ। यसकालागि स्थानीय तह लगायत सबै विषयगत विभागहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफारिस गरिन्छ।

सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमी कमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, वालवालिका तथा पिछडिएकाको वर्ग, अपाङ्ग, जेष्ठ नागरिकको उत्थानमा गम्भीर प्रयास गर्नु आवश्यक रहेको छ। कार्यनीतिको कार्यान्वयन, राजस्व प्राप्ति, वित्तीय दक्षता, भौतिक उपलब्धी, प्रदान गरी सामाजिक क्षेत्रको प्रवर्द्धनमा योगदान पुऱ्याउन महानगरले आफ्नो शासकिय क्षेत्रलाई बलियो बनाउन आवश्यक रहेको छ।

महानगरपालिकाबाट खर्च क्षमतामा अभिवृद्धि गर्नुपर्ने, संरचनात्मक सुधारलाई प्राथमिकतामा राख्नुपर्ने, उत्थानशिल सहरीकरणमा जोड दिनुपर्ने, पर्यटन प्रवर्द्धन, सीप तथा रोजगारीबाट नागरिकको आयमा सुधार ल्याउन नीति तथा कार्यक्रमलाई थप प्रवलीकरण गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने र सेवालाई सवलीकरण गरी विद्युतीय सुशासनमा प्राथमिकता दिनुपर्ने देखिएको छ।

**सन्दर्भ सामग्री तथा पुस्तकहरु :**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सामाजिक परीक्षण कार्यविधि, २०६७
- स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)
- विगतका नगर सभाले गरेका निर्णयहरु ।
- बार्षिक समिक्षा प्रतिवेदन,
- महानगरपालिकामा लागु गरिएका विनियमावली, विभिन्न कार्यविधि, निर्देशिकाहरु, मापदण्डहरु
- आर्थिक बर्ष २०८१।८२ को यथार्थ आय व्यय योजना तथा कार्यक्रम र बजेटगत संक्षिप्त  विवरण,
- महामहानगरपालिकाले गरेको सार्बजनिक सुनुवाईको प्रतिवेदन ।
- महामहानगरपालिकाको आवधिक योजना ।
- अवलोकन र समूह छलफलबाट प्राप्त विबरण ।
- महामहानगरपालिकाको नागरिक बडापत्र ।
- महामहानगरपालिका कार्यालयको वेबसाईट ।
- विषयगत शाखा कार्यालयहरुको अनुगमन, अन्तरकृया वेबसाईट तथा प्रकाशनहरु,
- HMIS (महानगर)
- महानगर बुलेटिनहरु ।

# सामाजिक क्षेत्र

## (कार्यविधि, २०६८ बमोजिम)

### १. सामाजिक परीक्षण अन्तिम प्रतिवेदन २०८१।८२

सामाजिक जिम्मेबारी र कार्य सम्पादनको लेखाजोखा, सामाजिक जिम्मेबारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत शाखाको अन्तरकृया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको प्रतिवेदन विश्लेषण गरिएको छ :

| सामाजिक जिम्मेबारीको क्षेत्र | आर्थिक वर्ष २०८१।८२ को स्थिति | प्रयासहरु | उपलब्धीहरु |
|---|---|---|---|
| *स्वास्थ्य* | | | |
| स्वास्थ्य चौकी, शहरी स्वास्थ्य र स्वास्थ्य केन्द्र एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | शतप्रतिशत | महानगरपालिका क्षेत्रमा सबै खोप केन्द्र, स्वास्थ्य चौकी भएको, स्वास्थ्य क्लिनिक सहित सबै शहरी स्वास्थ्य केन्द्र वा चौकीसम्म जानका लागि सहजता ल्याउने प्रयास र पहुचमार्गमा स्तोरोन्नती भएको तथा प्रत्येक वडाहरुमा स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना भएको | सबै नागरीकको स्वास्थ्य चौकी र शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको पहुँच स्थापीत भएको |
| पाँच वर्ष मुनीका बालबालिकाहरुको प्रतिशत | १५ प्रतिशत (औषत) | पाँच वर्ष मुनीका बालबालिकाहरुको लागि विभिन्न खोप अभियान संचालन भएको | वडाहरुलाई पूर्ण खोप युक्त वडा घोषणा गरेको । |
| खोपमा पहुच भएको जनसंख्या( एक वर्षमुनीका बालबालिकाको आधारमा) | सत प्रतिशत | महानगरपालिकाका विभिन्न वडाले पूर्ण खोप वडा र घोषणा गर्ने अभियानका रुपमा प्रयासहरु भएको र सफलता हासिल गरेको | पूर्ण खोप अभियान सफल भएको |
| चार पटक गर्भवती जाचँ गरिएको महिलाको संख्या प्रतिशतमा) | शतप्रतिशत (औषत) | महिला स्वास्थ्य स्वयमसेविका परिचालन भएको , आमा समूह मार्फत कार्यक्रमको बारेमा प्रचारप्रसार गरिएको र विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिएको, महिलाहरु सचेत भएको | मातृ तथा शिशु र बाल मृत्यु दर घटेको |
| दक्ष प्रसुतीकर्मी वा चिकित्सकबाट प्रसुती गरीएका महिलाहरुको संख्या ( प्रतिशतमा) | ९६ प्रतिशत | अस्पताल र अन्य मान्यता प्राप्त स्वास्थ्य संस्थामा समेत प्रसुति सेवा लिने गरेको | दक्ष प्रसुतीकर्मी वा चिकित्सकबाट प्रसुती लिने महिलाहरुको संख्यामा उल्लेख्य वृद्धि हुदै गएको |
| कडा खालका निमोनिया भएका बालबालिका संख्या | ११४ जना | स्वास्थ्यका बारेमा सचेतना बढ्दै गएको, शिक्षामा पहुच भएकाले स्वास्थ्य प्रति सजक भएको | सचेतना मुलक कार्यक्रम र ती कृयाकलाप |

| सामाजिक जिम्मेबारीको क्षेत्र | आर्थिक वर्ष २०८१।८२ को स्थिति | प्रयासहरु | उपलब्धीहरु |
|---|---|---|---|
| | | | गरीएबाट सेचतनाको सन्देश प्रवाह भएको । उपचार दिएको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | नपाइएको | स्वास्थ्य सम्बन्धी सचेतना, पिउने पानीको प्रयोग, बढ्दो सरसफाई, पखाला प्रतिको धारणामा परिर्वतन र खुल्ला दिशा मुक्त क्षेत्र घोषणा तथा निशुल्क औषधी वितरण भएको | स्वास्थ्य तथा सरसफाई प्रतिको सचेतना बढेको |
| पाँच वर्ष मुनीका बालबालिकाहरुको शिशु मृत्युदर, बाल मृत्यु दर ( प्रतिहजार जीवित जन्ममा) | तथ्याङ्कमा घटेको | चार पटक गर्भवती जाँच कार्यक्रम, स्वास्थ्य स्वयम सेविका मार्फत गर्भवती महिलाहरुकोस्वास्थ्य सुधार कार्यक्रम संचालन गरिएको, बाल खोप, बाल पोषण लागयतका कार्यक्रम संचालन गरिएको,आमा समूह क्रियाशिल रहेको | बाल तथा शिशु मृत्युदरमा न्युनिकरणसगैं चेतनाको विस्तार भएको |
| *शिक्षा* | | | |
| आधा घण्टाभित्र आधारभुत विद्यालय पुग्न सक्ने र नसक्ने बालबालिकाको संख्या | शतप्रतिशत | शैक्षिक संजाल विस्तार भएको, विद्यालयको अभाव नभएको । | शिक्षा प्रति सचेतना बढेको |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ९५ प्रतिशत औसत | जिल्ला र स्थानीय तहको सहयोग तथा गैरसरकारी संस्थाहरुको पहल भएको, बाल विकास केन्द्रहरु रहेको र त्यसबाट पूर्व प्राथमिक शिक्षाको काम भईरहेको | आफ्नो पायक पर्ने टोलको बाल विकास केन्द्रमा भर्ना हुने क्रम बढेको |
| (प्रा.वि.) आधारभुत विद्यालयमा पहुच नभएको सो उमेर समूहका बालबालिकाका संख्या | एकिन विवरण नभएको | प्रत्येक विद्यालयमा प्रत्येक वर्ष वैशाखमा भर्ना अभियान चलाएको, निशुल्क शिक्षा, छात्रवृति, दिवा खाजा कार्यक्रम र पोसाकको पनि व्यवस्था गरेको | आधारभुत तहमा पुगेकाहरु कक्षा नछोडेको संख्या बढ्दै गएको । |
| कक्षा १ मा खुद भर्ना दर छात्र । छात्रा | ९५ प्रतिशत रहेको | प्रत्येक टोलमा बाल विकास केन्द्र रहेकाले भर्ना दर बढेको । | प्रत्येक विद्यालयमा प्रत्येक वर्ष भर्ना अभियान चलाएको बेला भर्ना दर बढेको, शिक्षा लिन आउनेको छाड्ने क्रम कम भएको । |
| प्राथमिक तहमा कक्ष छोड्ने कक्षा दोहरयाउने र कक्षा उतिर्ण हुने दर | औसतमा वृद्धि हुद्रै गएको । | प्रत्येक विद्यालयमा प्रत्येक वर्ष भर्ना अभियान चलाएको, निशुल्क शिक्षा र पोसाकको पनि व्यवस्था गरेको | पोसाकको व्यवस्थाले दलित बालिकाहरुको कक्षामा संख्या बढेको |

| सामाजिक जिम्मेबारीको क्षेत्र | आर्थिक वर्ष २०८१।८२ को स्थिति | प्रयासहरु | उपलव्धीहरु |
|---|---|---|---|
| आधारभुत तहमा तालिम प्राप्त शिक्षक संख्या । प्रतिशत | १०० प्रतिशत | तालिम प्राप्तहरु शिक्षक भएको र वार्षिक रुपमा पनि तालिम दिदै आएको | सामुदायिक विद्यालयका शतप्रतिशत शिक्षक तालिम प्राप्त भएको |
| प्रति कक्षा कोठा विधार्थी संख्या | सबैको अनुपातमा २० देखी ४० जना रहेका छन् | केही ठाउँमा प्रयाप्त भौतिक संरचना भएको र केही ठाउँमा निर्माणको क्रम जारी भएको । | विद्यालय छाड्ने दरमा कमी आएको |
| वाह्य सहयोगमा निर्मित विद्यालय कक्षा कोठा | तथ्याङ्क नरहेको | विद्यालय भवन प्रयाप्त निर्माण भएकाले विधार्थी खोचिएर राख्नुपर्ने बाध्यता हटेको | विद्यार्थीलाई घाम,पानी र गर्मी जाडो तनाव नभएको |
| विद्यालयको कक्षा कोठा | राम्रो | भवन निर्माण, लैगिंक मैत्री सौचालय, खेलकुद मैदान, खेलकुद सामग्री, अतिरिक्त कार्यक्रम र प्रतियोगिता सहित उत्कृष्ठ विधार्थीलाई पुरस्कार व्यवस्था रहेको । | विधालय प्रतिको सकारात्मक मोह बढेको । |
| दलित बालबालिकाहरुको शिक्षामा पहुच | शतप्रतिशत | विद्यालय भर्ना अभियान चलाएको र आउनेहरु आएर पनि केही बाहिर जाने अवस्था भएकाले टिकाउन खाजा कार्यक्रम दिएको | तुलनात्मक रुपमा दलितको शिक्षामा पहुच बढेको । |
| छात्रवृत्ति/पुस्तक | छात्र/छात्रा/दलित निःशुल्क पाठ्यपुस्तक वितरण | छात्रवृति र पुस्तक तथा पोशाकका कार्यक्रम ल्याएको र प्रत्येक वर्ष वितरण गर्दै आएको । | शैक्षिक उपलव्धी बढेको । |
| *खानेपानी तथा सरसफाई* | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या (प्रतिशतमा) | शत प्रतिशत | समय अनुसार वितरण हुदैं आएकोर मेलम्ची आयोजनाबाट पानी वितरण भएको । | शुद्ध खानेपानीमा पहुच बढेको र पानीकै कारणबाट लाग्ने रोगमा कमी आएको |
| शौचालय भएको परिवार संख्या प्रतिशतमा) | शत प्रतिशत | लामो समयसम्म खुल्ला दिशामुक्त अभियानका कार्यक्रम भएको र घोषणा समेत सम्पन्न भएको | एक घर एक सौचालय प्रभावकारी भएको |
| खानेपानी सुविधा भएको | फिल्टरको पानी/जार | फिल्टर/जार दातृ निकायको सहयोगमा पाएको र केही वडा तथा नगरको सहयोगमा पाएको, खरिद गरेको | खानेपानी पहुच बढेको |
| सौचालय नभएको परिवार संख्या । परिवार | नरहेको | बनाएको अवस्था रहेको | सरसफाईमा ध्यान दिएको र रोगको प्रकोप नदेखिएको / घटेको । |

| सामाजिक जिम्मेबारीको क्षेत्र | आर्थिक वर्ष २०८१।८२ को स्थिति | प्रयासहरु | उपलव्धीहरु |
|---|---|---|---|
| सुधारिएको चुलो भएको परिवार संख्या प्रतिशतमा) | ग्याँस सिलिण्डर प्रयोग | ग्याँस र आगलागी सम्बन्धी जानकारी दिएको । | महिलाहरुलाई भान्सामा सुधार गर्ने सचेतना बढेको । |
| श्रोतमा फोहर छुट्याउने घरधुरी संख्या । प्रतिशत | नछुट्याएको/सुधार हुदैं आएको । | फोहोरमा कुहिने र नकिहिने छुट्याएर फोहोर व्यवस्थापनमा महानगरपालिले सचेतना कार्यक्रम गर्दै यस बारेमा प्रशिक्षण जानकारी दिएको । | घरआगन र भान्साको फोहोर व्यवस्थापन गर्ने सचेतना वृद्धि भएको । |
| पूर्ण सरसफाई वतावरणमैत्री भएको घर | ९० प्रतिशतभन्दा बढी | वन र वतावरणसगैं उत्पादन हुने फोहोरमा कुहिने र नकुहिने छुट्याएर फोहोर व्यवस्थापनको कार्यक्रम र जानकारी दिएको | नयाँ प्रविधिमा आधारित घरको सचेतना केही मात्रामा वृद्धि भएको |
| फोहोर प्रशोधन केन्द्रको व्यवस्थापन अवस्था | सडक छेउमा फोहोर थुपार्ने | समुदायका लागि छुट्टै प्रशोधन केन्द्रको व्यवस्था नभएकाले पूर्ण व्यवस्थापनमा समस्या | प्रयास जारी रहेको |
| *बालबालिका, महिला तथा समाबेसी क्षेत्र* | | | |
| बाल विवाहको संख्या | प्रहरीसंम्म नपुगेकाले कानुनी दायरामा नआएको | विगतको तुलनामा घटेपनि नगरका विभिन्न वडामा बालविवाह विरुद्धका अभियान र कार्यक्रम संचालन भएको | विगतको तुलनामा बालविवाह निरुत्साहित भएको अवस्था । |
| सामाजिक विकृति र विसंगतीको अवस्था | वडा तथा नगरको सकृयताले सामाजिक विकृति र विसंगतीमा न्युनिकरणको कार्यक्रम भएको | महानगरका विभिन्न वडामा सामाजिक कुरितिहरु, कुप्रथाहरु, विकृति, दुरव्यसन र विसंगतीको विरुद्धमा सचेतना मुलक कार्यक्रम र अभियान चलाएको | सामाजिक विकृति र विसंगतीको घटनामा तुनात्मक रुपमा कमी आएको अवस्था छ । |
| सामाजिक सुरक्षा जेष्ठ नागरीक, एकल महिला, अपांग, पिछडिएका क्षेत्र र सीमान्तकृत जाती) | यहाँका सबै सतप्रतिशत प्रकृयामा आएका एकल महिला, जेष्ठ नागरीक, अपांग र सीमान्तकृत जातीले सामाजिक सुरक्षा भक्ता पाएको र बैकं मार्फत वितरण भएको | सामाजिक सुरक्षा खाने एकल महिला, जेष्ठ नागरीक, अपांग र सीमान्तकृत जातीको कार्यक्रमलाई अनलाईन सेवा र व्यवस्थित गरिएको | सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शि रुपमा भएको |
| *जनचेतना तथा गरीबी निवारणको प्रयास* | | | |
| जनचेतना तथा गरीबी निवारणका प्रयासहरु | गरीबी निवारणका प्रयासका लागि सरोकारबालाहरुसंग सहकार्य र समन्वयहरु भएको | महानगरपालिकाले संचालन गर्ने विभिन्न कार्यक्रम र लक्षीत वर्गका कार्यक्रम मार्फत गरीबी निवारणका उपायहरु खोजेको । | गरीबहरुको संख्यामा कमी ल्याउने प्रयास भएको । |

| सामाजिक जिम्मेबारीको क्षेत्र | आर्थिक वर्ष २०८१।८२ को स्थिति | प्रयासहरु | उपलब्धीहरु |
|---|---|---|---|
| बाल श्रमको अवस्था | बल श्रमिक भएपनि त्यसको विवरण एकिन नभएको | बाल श्रम मुक्त गर्ने अभियान र बालमैत्री वडा तथा नगरको अभियान चलाएको । | बाल श्रम न्युनिकरण हुदै गएको । |
| बाल क्लवहरुको अवस्था | नगर बाल सञ्जाल, वडा बाल सञ्जाल गठन भएको | बालबालिकाको क्षमता अभिवृद्धि भईरहेको, वडा र पालिकाले तालिम दिएको । | बाल कल्वहरु विस्तार र प्रभावकारी बन्दै गएको । |
| महिला हिंसाको अवस्था | पालिकामा एकिन तथ्यांक नभएको | नगरका विभिन्न वडामा महिला हिसाँ विरुद्धका अभियान र कार्यक्रम संचालन भएको | नगरका विभिन्न वडामा अभियान र कार्यक्रमले हिंसामा कमी आएको । |
| बहुविवाह र अनेमल विवाहको स्थिती | सामाजिक विकृति र विसंगतीको विरुद्धमा कार्यक्रम भएकाले बहुविवाह र अनमेल विवाह शुन्यमा झरेको अवस्था | बहुविवाह र अनेमल विवाहको असर बारेमा सचेतना दिएको | बहुविवाह र अनेमल विवाह शुन्य भएको, यो नगरपालिकाको यसबारेमा एक वर्षमा कुनै पनि मुद्धा आएको छैन् |
| रोजगारीको अवस्था | उद्यम व्यवसाय, व्यापार सेवामा रोजगारी बढ्दै गएको | पालिकाले व्यवसायीक तथा सीपमूलक तालिम दिदै आएको | वडाहरुमा रोजगारीको सृजना भएको |
| स्वरोजगारीको प्रयास र अवसरहरु | एकिन तथ्यांक उपल्वध नभएको | महानगरपालिकाले महिला तथा लक्षित वर्गको क्षमता र शिप मुलक तालिम दिदै आएको | वडाहरुमा व्यवसायीक, शिप र रोजगारीको सृजना भएको |
| *गरीबी निवारणका प्रयासहरु* | | | |
| सामाजिक परिचालन | विकास कार्यमा नागरीकको सहभागीता वृद्धि भएको | सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरीक सन्तुष्टि सर्वेक्षणको माध्यमबाट नागरीकको सहभागीता वृद्धि भएको | सहभागिता वृद्धि हुदैं आएको |
| वतावरण सुधारका प्रयासहरु | आ.व.२०८१।८२ | वनजंगल, बन्यजन्तु, चराचुरुगीं, जलउपयोग, वतावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय निती, कानुन, मापदण्ड निर्धारणका साथै योजना, कार्यान्वय र नियमन गर्ने काम भएको | व्यवस्थापनमा सफलता हात पारेको, नदी किनार, नदि उकास र खाली जमिनमा वृक्षारोपण भएको, हरित शहर, स्वच्छ हराभरा काठमाडौंको नारामा थप वृद्धि भएको । |
| विकासमा समान सहभागीता सवालहरुमा पहुच | नेतृत्व, क्षमता संजाल, अर्न्तक्रिया कार्यक्रमहरु सञ्चालन भएको । | नागरीक मन्च, संघसंस्थाहरु, क्लवहरुमा महिला र बालबालिकाको सहभागिता बढेको, बाल संजाल गठन परीचालन बाल अधिकार सम्बन्धि | सरकात्मक सोचको विकास सहित समान सहभागिता बढेको |

| सामाजिक जिम्मेबारीको क्षेत्र | आर्थिक वर्ष २०८१।८२ को स्थिति | प्रयासहरु | उपलव्धीहरु |
|---|---|---|---|
| | | तालिमहरु संचालन, नेतृत्व विकास तालिम संचालन भएको । | |
| स्थानीय बजारको अवस्था र पुग्न लाग्ने समय | प्रत्येक वडामा नियमित लाग्ने साना ठूलो बजार रहेको र नागरीकहरु आधा घण्टा भित्र पुग्ने दुरीमा छ । | बजारहरुको स्तोरनोती गरेको र मासु बजार व्यस्थीत हुदैं गएको | सहज रुपमा उपभोग्य सामग्री खरिद विक्रि गर्न पाएको |
| *संस्थागत क्षमता* | | | |
| जनशक्ती | १९०० हाराहारी | जनताको काम छिटो छरितो गर्ने गरेको | भएको जनशक्तीले सकेको काम गरेको |
| नीति तथा कार्यक्रम | योजनाबद्ध रुपमा आफ्नो टोलबस्तीदेखी नगर सभासम्म गरी ल्याएको | तल्लो तहदेखी नगरसम्मका योजनाहरु समावेश गर्ने प्रयास भएको | कार्यक्रम कार्यान्वियनमा जोड दिदैं आएको । |
| भौतिक व्यवस्था | महानगरपालिकाको कार्यालय र ३२ वटै वडा कार्यालयहरु संचालनमा रहेको | भवनहरु मर्मत, निर्माण हुदैं गएको | वडालाई आफ्नै कार्यालयमा राखेको र निरन्तरता दिएको । पूँजीगत खर्च बजेट व्यवस्था गरेको । |
| समन्वय र सहकार्यका प्रयासहरु | निजी साझेदारी र सरकारी निकायका वीचमा सहकार्य भएको | खुल्ला र पारदर्शिताको अभ्यासमा हातोमालो हुदैं आएको । | एक अर्का प्रतिको सहकार्यको भावना बढेको |

२. **समस्याहरू**

- स्थानीय तहमा जनप्रतिनिधिले सिकाईमा एकरुपता कायम गर्न चुनौतीपूर्ण रहेको,
- निक्षेपित कार्यक्रमहरुको अनुगमन प्रभावकारीरुपमा हुन नसकेको,
- शिक्षकले तालिममा सिकेका सीपहरु कक्षा कोठामा कम प्रयोग गर्नु र विद्यालयको सिकाइ वातावरण पूर्णरुपले बालमैत्री हुन नसकेको,
- टुक्रे योजना धेरै भएको,
- बढ्दो सवारीको आधारमा बाटो निर्माण र विस्तार गर्न समस्या परेको,
- निर्माण व्यवसायी तथा उपभोक्ता समूहले काम सम्पन्न गर्न थप समय लागेको,

३. **सुधारका लागि चाल्नुपर्ने कदम तथा सुझावहरु**

- पालिकाले आफ्नै विभिन्न कानुनहरु निर्माण गरी कार्यान्वयमा ल्याएकोले अनुगमन र सुपरिवेक्षणलाई नियमित, गतिशिल र सुधारका लागि पृष्ठपोषकको रुपमा ग्रहण गर्नुपर्ने,
- सामाजिक विकासका सूचकहरु समेटने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने,
- मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने,
- पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिने ।

- महानगरपालिकाको आन्तरिक आयमा सुधार गर्नको लागि राजश्व संकलन क्षेत्रमा जिम्मेवारी लिएका कर्मचारीहरुलाई विशेष प्रोत्सहानको व्यवस्था गर्नुपर्ने,
- महानगरपालिकाको आवश्यकता अनुसारको कर्मचारी यथाशिघ्र छनौट गरी पदपूर्ति गर्नुपर्ने,
- दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना तयार गर्नुपर्ने,
- सीप विकास, आयआर्जन कार्यक्रमबाट कति स्वरोजगार भए भन्ने तथ्यांक अभिलेख राख्नु पर्ने,
- प्रत्येक टोलबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौटलाई निरन्तरता दिनुपर्ने,
- महानगरपालिकाले पालिकाको गतिविधिको बारेमा सर्वसाधरणलाई जानकारी दिनको लागि शहरी गतिविधि पालिकाको वेबसाईटसगैं स्थानीयस्तरका पत्रपत्रिका तथा रेडियो मार्फत सार्वजनिक गर्ने,
- एकीकृत सम्पती करलाई प्रभावकारी बनाउन फिल्ड निरीक्षणको व्यवस्था मिलाउने,
- खुल्ला दिशामुक्त क्षेत्रलाई निरन्तरता दिनको लागि समय समयमा अनुगमन तथा सुपरिवेक्षण गर्ने एवम् सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरुको सार्वजनिक/निजि साझेदारीको अवधारणा अर्न्तगत निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने, संख्यात्मक परिमाण बढाउने र मापदण्ड तोक्ने,
- महानगरपालिकाको कार्यालय र वडा कार्यालयहरुको अगाडि नागरीक वडापत्र ( निरक्षरको लागि अडियो/भिडियो डिस्प्ले) अनिवार्य रुपमा राख्नुपर्ने,
- सर्वसाधरणको काममा थप सहज र छरितो बनाउनको लागि विभिन्न कोठाहरुको नम्बर र फाटँको बारेमा जानकारी दिन महानगरपालिका को प्रवेशद्धारमा नै डिस्प्ले राख्नुपर्ने,
- वातावरण मैत्री स्थानीय शासन प्रारुप लागु गर्नका लागि रणनीति बनाई कार्यान्वयन गर्नुपर्ने,
- बालमैत्री रणनीति बमोजिम कार्यनीति निर्माण भएकोले कार्यान्वयन प्रभावकारी रुपमा गर्नुपर्ने,
- स्रोतमानै फोहोर छुट्टयाउने कार्यलाई प्रथमिकतामा राख्नु पर्ने,
- नगरसँगको सयुक्त साझेदारीमा सेनेटरी ल्याण्डफिल्ड साईटको प्रबन्ध गर्ने,
- फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा अगाढि बढाउने ।

४. **कार्यविधिको अनुसूची ३ अनुसारको विवरण**

आर्थिक वर्ष २०८१।८२ विषयगत कार्यालयले सम्पादन गरेको कार्यको लेखाजोखा विवरण :

४.१ **स्वास्थ्य क्षेत्रको विवरण** : वडा स्वास्थ्य प्रबर्द्धन केन्द्रहरु

४.२ **स्वास्थ्य क्षेत्रको लक्ष्य** :

- मृत्यूदर घटाउने र स्वस्थ जनशक्ति तयार गर्ने,
- जनस्वास्थ्य सेवाको विस्तारबाट जनसमुदायको स्वास्थ्य अवस्थामा सुधार गर्ने,
- आम नेपाली नागरीकहरुलाई उनिहरुको समग्र स्वास्थ्यमा सुधार ल्याई स्वास्थ्य जीवन यापन गर्न मद्धत गर्ने,
- सेवाको पहुँच नपुगेका वर्ग, लिंग, क्षेत्र, जातजातिको पहिचान गरी उनिहरुलाई आधारभूत स्वास्थ्य सेवाहरु प्रदान गर्ने ।

४.३ **स्वास्थ्य क्षेत्रको मूख्य उद्देश्य** :

- बाल तथा मातृ मूत्युदर घटाउने,
- राष्ट्रिय कार्यक्रमहरुलाई सफल तुल्याउने,
- संविधान प्रद्धत्त स्वास्थ्य सम्बन्धि हकको कार्यान्वयमा सहयोग गर्ने,

- महानगरपालिकाका नागरीकहरुमा औषधि आपूर्ती बढाउनको लागि बिभिन्न सर्ने तथा नसर्ने रोगबाट बचाउन तथा अन्य सेवाहरु प्रदान गरी स्वास्थ्य रहन चेतना अबिबृद्धि गर्ने,
- स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउने,
- रोगीको संख्यामा कमि ल्याउने ।

**४.४ स्वास्थ्य क्षेत्रमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :**

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | • सुरक्षित मातृत्वकार्यक्रम<br>• परिवार नियोजन कार्यक्रम<br>• महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम संचालन गुर्न । | सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको छ ।<br>स्थानीय तहमा जनसंख्याको व्यवस्थापन सम्बन्धी कार्यक्रम, स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गर्न स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिम प्रदान गरिएको छ । | |
| खोप कार्यक्रम | • स्वास्थ्य केन्द्र र खोप केन्द्र मार्फत खोप सेवा प्रदान गर्ने | नियमित खोप सेवा सञ्चालन गरेको र अभियानमा समेत काम गरेको | |
| परिवार नियोजन | • स्वास्थ्य केन्द्रमा परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा सेवाग्राहीलाई जानकारी दिने | परिवार नियोजनको स्थायी र अस्थायी साधनको प्रयोगमा वृद्धि भई चाहना विपरित गर्भ रहने दरमा कमी आएको,<br>डिपो ( १५७४ जना,<br>इम्प्लाण्ट ( ३१ जना,<br>आइयूसिडी ( ५४ जना । | |
| ओपीडि सेवा | • स्वास्थ्य केन्द्रमा नियमित आएका विरामीलाई स्वास्थ्य परीक्षण र औषधी वितरण गर्ने | सेवाग्राहीको संख्यामा वृद्धि भएको | |
| निशुल्क औषधी वितरण | • स्वास्थ्य चौकीबाट सरकारले घोषणा गरेको ९८ प्रकारको औषधी निशुल्क प्रदान गर्ने | स्वास्थ्य केन्द्रबाट औषधीहरु निशुल्क प्रदान गर्ने भएकाले विपन्न परिवारको पनि पहुँच बढेको, | |

**४.५ स्वास्थ्य क्षेबमा सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरीएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

- महिला स्वास्थ्य स्वयमसेवीकाहरुलाई थप ज्ञान सीप र क्षमताको लागि विभिन्न प्रकारको तालिम दिई समुदायस्तरमा काम गर्ने जनशक्तिको विकास गरेको ।
- जनचेतनामुलक कार्यक्रमलाई थप प्रभावकारी बनाउन विभिन्न संचार माध्यमको प्रयोग गरिएको ।
- स्वास्थ्य प्रवर्द्धन केन्द्रहरुलाई सुदृढिकरण गर्न विभिन्न सहयोगात्मक एवं व्यवस्थापीकय क्षेत्रमा विशेष कार्यक्रम संचालन गरिएको ।
- साविक जिल्ला स्वास्थ्य कार्यालय मार्फत संचालन गरीने विभिन्न उपचारात्मक तथा सचेतनामुलक कार्यक्रमलाई अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुको माध्यमबाट संचालन गर्ने प्रकृयालाई प्रभावकारी बनाईएको ।

४.६ **स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

- **सामाजिक जिम्मेवारीको क्षेत्र**

| सामाजिक जिम्मेवारीको क्षेत्र सूचक सहितको कामको विवरण | सामाजिक जिम्मेवारीको क्षेत्र | २०८२ असार मसान्त सम्मको प्रयासहरु | कैफियत |
|---|---|---|---|
| एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य | एकिकृत प्रजनन् तथा महिला स्वास्थ्य सबै | एकिकृत प्रजनन् तथा महिला स्वास्थ्यका लागि स्वास्थ्यकर्मी थपिएको र स्वयंम सेविकाको माध्यमबाट प्रचार भएको | |
| खोप कार्यक्रम | खोप कार्यक्रम सबै वडामा | खोप कार्यक्रमका लागि गाउँघर क्लिनक र अभियान तथा स्वयंम सेविकाको माध्यमबाट प्रचार | |
| परिवार नियोजन | परिवार नियोजन सबै | परिवार नियोजनका साधन वितरण र प्रयोग बढाएको | |
| ओपीडि सेवा | ओपीडि सेवा नियमित | ओपीडि सेवा अन्तर्गत नियमित सेवा प्रवाह भएको | |
| निशुल्क औषधी वितरण | निशुल्क औषधी वितरण नियमित | सरकारले तोकेको निशुल्क औषधी वितरण भएको | |

४.७ **स्वास्थ्य क्षेत्रमा आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्दा भोगेका समस्याहरु :**

- कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको पर्याप्त व्यवस्था नहुनु,
- नेपाल सरकारले निर्धारण गरे अनुसारको आधारभुत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा जनचेतनामुलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको,
- एकीकृत रुपमा निजी तथा अन्य स्वास्थ्य संस्थाहरुबाट गरिएको कामको प्रगति अद्यावधिक हुन नसकेको,
- नीजीस्तरबाट संचालित स्वास्थ्य संस्थाहरुको अनुगमन प्रभावकारी नहुनु,
- औषधी पसलबाट अनाधिकृत ढंगले विशेषज्ञ चिकित्सकको नाम राखी औषधी व्यापार गर्ने व्यवसायीलाई अनुगमन एवं करको दायरामा ल्याउन नसकिएको ।

४.८ **स्वास्थ्य क्षेत्रको भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :**

- समयमै औषधी, उपकरण तथा आवश्यक जनशक्तिको व्यवस्थापन गरीनुपर्ने,
- प्रगतिका आधारमा लक्ष्यलाई प्राप्त गर्न रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्ने,
- शल्यक्रियाद्वारा प्रसुती गराउनका लागि थप दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने,
- सरकारी तथा निजी सवै स्वास्थ्य संस्थाहरुको तर्फबाट उपलब्ध गराईएका स्वास्थ्य सेवाहरुलाई समयमै एकीकृत गरी विवरण अद्यावधिक गरी राख्नु पर्ने ।
- कार्यक्रम र सेवाको विस्तार भए वमोजिम जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने, बजेटको व्यवस्था अनुसार खरिद कार्य अगाडी बढाउनुपर्ने,
- स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभुत सेवा लिनको लागि स्थानीयस्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथामिकता दिनुपर्ने,
- कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध गर्न सक्ने कानूनी व्यवस्था हुनुपर्ने,
- स्थायी, अस्थायी र करारको बीचमा जिम्मेवारी र कामका बारेमा एकले अर्कालाई देखाउने परिपार्टी रहेकाले त्यसमा सुधार हुनुपर्ने ।

## ५. शिक्षा क्षेत्रको विवरण

*विषयगत कार्यालयको नाम* : शिक्षातर्फ, सबै सामुदायिक विद्यालय

### ५.१ शिक्षा क्षेत्रको लक्ष्य

- शिक्षाको गुणस्तरमा सुधार गर्नु,
- समावेशीकरण र सभागितामा वृद्धि गर्नु,
- सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु,
- शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँच वृद्धि गर्नु ।

### ५.२ शिक्षा क्षेत्रको मूख्य उद्देश्य

- गुणस्तर सुधारका लागि शैक्षिक सामाग्री, शिक्षक तालिम र निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नु,
- समावेशी तथा सभागिताका लागि अंपागता भएका विधार्थीलाई छात्रवृत्ति, खाना र महिला शिक्षकको नियुक्तिमा जोड दिनु,
- पहुँचका लागि छात्रवृत्तिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु,
- क्षमता अभिवृद्धिका लागि विभिन्न शैक्षिक सामाग्री तथा शिक्षकहरुलाई तालिम दिई निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नु ।

### ५.३ गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी |
|---|---|---|
| विद्यालय क्षेत्र सुधार कार्यक्रम | • लैङ्गिक अनुपात अनुकुल हुनेछ । विद्यालय छोड्ने दर अत्यन्त न्यून वा सुन्य हुनेछ । सिकाई पद्धतीलाई समायानुकुल सुधार गरीनेछ । आवश्यक पूर्वाधारहरुको व्यवस्था गरीनेछ । शिक्षकहरुलाई तालिमको व्यवस्था गरीने छ । अनुसाशित जनशक्ति तयार गरीनेछ । | • शिक्षण प्रकृयामा सुधार भएको । व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको । पूर्वाधार निर्माणमा प्रदेश, संघ सरकार र महानगरपालिकाले लगानी गरेको,<br>• विभिन्न विद्यालयमा गई जानकारी लिदाँ विद्यालय सुधार योजना, छात्राहरुको लागि स्यानेटरी |

| आयोजनाको नाम | लक्ष्य | उपलब्धी |
|---|---|---|
| | • पूर्वाधार निर्माण गर्ने । छात्रबृत्ति प्रदान गर्ने । शिक्षण सिकाई प्रकृयालाई व्यवहारिक बनाउने । | प्याड व्यवस्थापन, क्यान्टिन, मैत्रीपूर्ण शौचालय, वुककर्नर, पुस्तकालय, पोशाक, सूचना प्रविधि, खानेपानी लगायतमा थप सुधार हुदैं आएको |
| बार्षिक छात्रबृत्ति प्रदान गर्ने | • दलित, छात्रा लगायतका समूहलाई छात्रवृति प्रदान गर्ने | • बालबालिकाहरुको शिक्षा प्रति आकर्षण बढेको । |
| निशुल्क पाठ्यपुस्तक वितरण गर्ने | • सबै विधार्थीलाई निशुल्क पाठ्यपुस्तक वितरण गर्ने | • निशुल्क पाठ्यपुस्तक पाउने भएकाले सबै बालबालिकाले पढ्न पाउने देखिएको । |
| ५ वर्ष मुनीका बालबालिकालाई शिशुमा भर्ना गर्ने | • ५ वर्ष मुनीकालाई बाल विकास केन्द्रमा ल्याउने | • प्रावि तहको शिक्षामा प्रवेश र जग बलियो पार्ने काम भएको |
| विद्यालय भर्ना अभियान | • विद्यालय बाहिर रहेकालाई शिक्षामा पहुच बढाउने | • शिक्षाको प्रचारप्रसार भएको र भर्ना अभियानमा वृद्धि भएको । |
| मूल्याङ्कन (परीक्षा) | • विद्यालयमा पढाएको विषय र शिक्षाको स्तर मापन गर्ने | • कक्षा टेष्ट, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा दिदै आएको र शिक्षकले विधार्थीलाई पृष्ठपोषण दिदै आएको । |
| शिक्षामा समासेवीकरण | • सवैलाई समान अवसर प्रदान गर्ने | • कोही कसैले भेदभावको महसुस विद्यालयमा नगरेको । |

## ५.४ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरीएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

- साक्षर र नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको लागि काम गरिएको । सीपको लागि फ्रि फुड फ्राइडे, शैक्षिक उपकरण व्यवस्था भएको । शिक्षामा सीप विकास कार्यक्रम शुरु गरेको ।
- संचालन भएका भौतिक पूर्वाधार निर्माण, विद्यालय सुधार, बाल विकास कार्यक्रमहरुको नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिएको साथै बाल विकास तथा क्षमता विकासका लागि काम गरिएको ।

## ५.५ सामाजिक जिम्मेबार बहन गर्न क्षमता :

| सामाजिक जिम्मेबारीको क्षेत्र | सुचक सहितका कामका विवरण |
|---|---|
| बार्षिक छात्रबृत्ति प्रदान गर्ने | • दलित, छात्रा, द्वन्द्व पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको । |
| निशुल्क पाठ्यपुस्तक वितरण गर्ने | • प्रा.वि, नि.मा.वि र मा.वि मा पाठ्यपुस्तक वितरण गरिएको । |
| ५ वर्ष मुनीका बालबालिकालाई शिशुमा भर्ना गर्ने | • बाल विकास केन्द्र मार्फत बाल शिक्षा संचालन भएको |
| शिक्षामा पहुच बढाउने र भर्ना अभियान चलाउने | • आधारभुत (प्रावि, निमावी), मावि (उच्च मावी) मा शिक्षाको पहुँच बढ्दो रहेको । |

| सामाजिक जिम्मेबारीको क्षेत्र | सुचक सहितका कामका विवरण |
|---|---|
| शिक्षामा समावेशीकरण | • सकारात्मक विभेद र आरक्षणका कारणले शिक्षकहरुको संख्यामा विविधता व्यवस्थापन हुँदै गएको । |
| अनिवार्य र निशुल्क शिक्षा | • अनिवार्य तथा निशुल्क शिक्षा, छात्रबृत्ति सरकार तथा स्थानीय निकाय एवम गैससको विभिन्न पहलहरुका कारण सबै जाती भाषा धर्म र संस्कृतिका विद्यालय उमेरका बालबालिका विद्यालय जान थालेका । |
| गुणस्तरीय सुधार | • सामुदायिक विद्यालयका सत प्रतिशत शिक्षकहरुले तालिम प्राप्त गरेको । तर लगानीको अनुपातमा नतिजा उल्लेख्य नभएको ।<br>• संस्थागत विद्यालय तर्फ सतप्रतिशत शिक्षकले तालिम प्राप्त गरेको रेकर्ड नपाईएको । तर लगानीका अनुपातमा प्रतिफल उल्लेख गर्न लायक भएको ।<br>• सरकारी तथा नीजि श्रोतबाट समेत व्यवस्था गरी शिक्षक विद्यार्थि अनुपात राम्रो रहेको । कतिपय विद्यालयहरुलाई मर्ज गर्नु पर्ने अबस्था देखिएको । |

## ५.६ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- साविकको शिक्षक दरवन्दी मिलान र नियमित पठनपाठनमा प्रभाव,
- आधुनिक सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु,
- विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीस्वार्थ पूरा गर्ने साधनको रुपमा प्रयोग गर्नु,
- अभिभावकहरु चनाखो नहुनु,
- केही विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु,
- व्यवस्थापन समितिमा अत्यन्त धेरै राजनैतीककरण हुनु,
- नतिजामा आधारीत दण्ड र पुरस्कार प्रणाली लागू नहुँदा शिक्षा क्षेत्रमा स्वच्छन्दता मौलाउनु । शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अबस्था बीच तालमेल नहुँदा कतिपय विद्यालयमा विद्यार्थी अत्यन्त न्यून हुन । कतिपय विद्यालयमा अत्यन्त धेरै हुनु ।
- मध्यम तथा उच्च बर्गका छोरा छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न नसक्नु ।

## ५.७ भावी कार्यकम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- माथिल्लो निकायबाट ठीक समयमा कार्यक्रम तथा बजेट उपलब्ध हुनुपर्ने,
- एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच समन्वय गर्नुपर्ने,

- विद्यालयहरुले स्रोत केन्द्रमा विश्वसनीय रुपमा तथ्याङ्कहरु उपलब्ध गराउनु पर्ने,
- व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त राख्ने,
- कार्य सम्पादनलाई बृत्ति विकास प्रणालीसँग जोड्ने,
- शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कनमा ३६० डिग्री मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
- विद्यालयहरुलाई आपसमा आवश्यकता, औचित्यता र विद्यार्थी शिक्षक अनुपातका आधारमा मर्ज गर्दै जाने ।

६. **सामाजिक विकासको क्षेत्र**

**विषयगत कार्यालयको नाम** : काठमाडौं महानगरपालिका

६.१ **लक्ष्य** : सामाजिक पुँजीको निर्माण गर्ने , सामाजिक सुशासनमा सुधार ल्याउने, सामाजिक विकासका कार्यक्रमहरु गर्ने र लक्षित वर्गका लागि काम गर्ने ।

६.२ **मुख्य उद्देश्यः**

- सबै लक्षित वर्गको उत्थान गर्ने,
- शिक्षा, सचेतना, वृद्धि र विकासको प्रवर्द्धन गर्ने,
- रोजगारीका अवसरमा बृद्धिबाट गरीबी न्यूनीकरणमा टेवा पुऱ्याउने,
- शिक्षा, स्वास्थ्य र सरसफाईको काम र कार्यक्रमलाई प्रवर्द्धन गर्ने,
- स्थानीयहरुलाई तालिम र क्षमता विकासको लागि काम गर्ने ।

६.३ **गत आ.व.मा संचालित विकास आयोजना तथा कार्यक्रमहरुको विवरणः**

| आयोजना/कार्यक्रम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| आधारभुत तथा मावि शिक्षा | शिक्षामा गुणस्तर कायम गर्ने | शिक्षा, सचेतना र परामर्शको काम भएको | |
| खेलकुद तथा अतिरिक्त क्रियाकलाप | विद्यालय, वडा तथा पालिकास्तरीय कार्यक्रम गर्ने | विभिन्न चरणमा विधार्थीहरुलाई सहभागि गराई कार्यक्रम भएको । | |
| सरसफाई | महानगरपालिकाको सबै क्षेत्रलाई सरसफाई गर्ने । | नियमित सरसफाईको काम र अभियान भएको । | |
| समन्वय र परिचालन | सरकारी तथा गैरसरकारी संस्थाहरुको बीचमा समन्वय गर्ने । | साझेदारी तथा समन्वयको कार्य भएको | |
| सामाजिक सुरक्षा कार्यक्रम | सरकारको नियमित कार्यक्रमलाई प्रवाह गर्ने | नियमित भएको र मनपाबाट थप विशेष भत्ता प्रदान । | |
| कला, संस्कृति, सम्पदा तथा पर्यटन पर्वद्धन | यहाँका कला, संस्कृति, सम्पदा तथा पर्यटन पर्वद्धन गर्ने | यहाँ विभिन्न सृकय संघसंस्थाहरु र जातीय समूहहरुले लाभ पाएको | सरोकारबाला संग सहकार्य गर्ने गरी काम गरेको अवस्था |

६.४ **सरोकारपक्षको चाहना तथा लक्षित बर्गलाई सुविधा दिन विगत एक वर्षमा गरीएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु :**

- महानगरपालिकामा आवश्यकतामा आधारित लक्ष्तिवर्गहरुलाई तालिम प्रदान गर्ने ।
- बालबालिकाहरुको समूहहरुको भ्रमण गराईएको ।
- शिक्षा, स्वास्थ्य र बालमैत्रीको विषयलाई अभियानका रुपमा लान प्रचार प्रसार गरिएको ।
- महानगरपालिका सँगको साझेदारीमा अनुदान वितरण गरिएको ।
- बालबालिका, महिला र युवा लक्षीत कार्यक्रम संचालन गरिएको ।
- आवश्यकतामा आधारित सचेतना र तालिमहरु संचालन गरिएको ।

६.५ **सामाजिक जिम्मेबार बहन गर्ने क्षमता :**

| सामाजिक जिम्मेबारीको क्षेत्र | सुचक सहितका कामका विवरण |
|---|---|
| शिक्षामा गुणस्तर कायम गर्ने | नियमित कक्षा सञ्चालन भएकाले नतिजामा सुधार भएको |
| विद्यालय, वडा तथा पालिकास्तरीय सचेतनाका कार्यक्रम गर्ने | चेतनास्तरमा विगतको भन्दा वृद्धि भएको, विधालय पठाउने दरमा वृद्धि भएको |
| महानगरपालिकाको सबै क्षेत्रलाई सरसफाई गर्ने । | घरघरमा चर्पी निर्माण भएको, सडकमा हुने फोहोर कम भएको र सरसफाईम चासो बढेको |
| सरकारी तथा गैरसरकारी संस्थाहरुको बीचमा समन्वय गर्ने | पालिकामा सरकारी र गैरसरकारी संस्थाहरुको बीचमा समन्वय गरी निर्माण र सचेतनाका काम भएको |
| सरकारको नियमित कार्यक्रमलाई प्रवाह गर्ने | सरकारी सेवा जनताले वडाबाटै पाएको |
| यहाँका कला, सँस्कृति, सम्पदा तथा पर्यटन प्रवर्द्ध गर्ने | यहाँको पोखरी, नदी, पार्क संरक्षण सहित विभिन्न जातीको कला, संस्कृति, सम्पदाहरुको प्रचारप्रसार सहित पर्यटन पर्वद्धन गर्ने काम भएको |

६.६ **आयोजना तथा कार्यक्रम संचालन गर्दा भोगेका समस्याहरुः**

- सबै वडाका लक्ष्ति समूहलाई समावेस गर्न समस्या भएको,
- सामाजिक सेवा टोलबस्तीसम्मका नागरीकसम्म पुऱ्याउन अझै नसक्नु,
- प्राथमिकतामा परेको विषयहरुमा समेत जारुकताको कमी रहनु,
- सेवा प्रवाह गर्दा सबैलाई सूचना पुरयाउन समस्या हुनु ।

६.७ **भावि कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरु र सुझावहरुः**

- एकद्धार प्रणालीको माध्यमबाट कार्यक्रमहरु संचालन गर्नुपर्ने र पूर्ण नेतृत्व लिई कार्यक्रम कार्यान्वयनमा जोड दिने,
- विकासका कार्यक्रमसगैं मानविय विकासको कार्यक्रमको दायरा फराकिलो बनाउनुपर्ने, थप सचेतना बढाउनु पर्ने,
- अपांगता,महिला तथा बालबालिकाहरुका लागि विषेश कार्यक्रमको व्यवस्था अनुरुप बजेट खर्चको क्षमता बढाउनु पर्ने,
- गैसस र सरकारी संयन्त्रबाट सहयोगहरुको पारदर्शिता र एकद्धारमा काम हुनुपर्ने,
- सुकुम्बासी समस्या र विद्यालय छाड्ने कुरालाई कम गर्न अभियानको रुपमा काम गर्नुपर्ने,
- दरबन्दी रहेको भएपनि जनशक्ति अभाव रहेकाले पदपूर्ति गर्नुपर्ने र सृजना समेत गर्नुपर्ने,

- महानगरपालिकाको सामाजिक शाखाको सबै कामलाई प्रभाकारी बनाई प्रगति प्रतिवेदन र मूल्याङ्कन प्रणालीको विकास गर्नुपर्ने ।

## ६.८ सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण प्रकृयाले सामाजिक दायित्व निर्वाह गर्ने काम कामपाले कति गरीरहेको छ भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

- महानगरपालिकाको काममा जनसहभागिता बढेको,
- बेरुजु रकम फछ्र्यौटमा प्रभावकारिता देखिएको,
- सामाजिक परीक्षणका विषयगत क्षेत्रमा उल्लेख्य तथा उत्साहजनक छलफल भएको,
- खानेपानी तथा सरसफाई, महिला हिंसा विरुद्धका अभियानहरु र विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएको,
- नगरपालिकाले गरेका कामको वार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्वजनिक हुने गरेको,
- महानगरपालिकामा जनप्रतिनिधि, कर्मचारी, क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरीक संगठनहरु बीच सहकार्य र समन्वय भएको देखिएको,
- महानगरपालिकाले विकास आयोजनाहरु सञ्चालन गर्दा स्थानीय ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अघी बढेको,
- पालिकाको परिषद, वडा भेला, सामाजिक परिक्षण, सार्बजनिक सुनुवाई जस्ता सार्बजनिक काममा उत्साहजनक जनसहभागिता हुने गरेको,
- कार्यक्रम बजेट निर्माण गरी कार्यन्वयन गरिएको,
- सीमान्तकृत वर्गका लागि महानगरपालिका बाट विशेष कार्यक्रम सञ्चालन गरेको,
- महानगरपालिकाका संरचना लैङ्गीक तथा अपांगमैत्री हुदैं गएको,
- सेवा प्रवाहलाई जवाफदेही बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजूरी पेटीका आदिको प्रबन्ध गरेको,
- बाल भेला मार्फत बालअधिकार संरक्षणका लागि काम गरेको,
- विपद व्यवस्थापनका लागि महानगरपालिकाले पूर्व तयारी गरेको,
- महानगरपालिकाले सेवाग्राहीको सुविधाको लागि नागरीक बडापत्र, पत्रपत्रिका, पानी, विश्रामस्थल, शौचालय व्यवस्था गरेको ।

## ६.९ सामाजिक जिम्मेवारी पुरा गर्न महानगरपालिकाले चाल्नुपर्ने कदम वा सुझावहरु

- महानगरपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेको जग्गाहरु व्यबस्थित गर्नुपर्ने तथा भौतिक पूर्वाधारका सम्पत्तिहरुलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने,
- पर्यटनमूलक व्यवसाय गर्न सहयोग पुग्ने उद्यमशीलता सम्बन्धी सीपमुलक तालिममा जोड दिईनुपर्ने,
- दरवन्दी अनुसारको कर्मचारीको व्यवस्था र उनिहरुलाई समय सापेक्ष क्षमता अभिवृद्धि गराउनु पर्ने,
- बालश्रम तथा बाल विवाहमा न्यूनिकरण गर्न सवै विद्यालयहरु, वडाहरुमा बाल क्लब गठन गरी नगरस्तरीय संजाल बनाई समुदाय स्तरमा सचेतना अभियान संचालनमा थप जोड दिनुपर्ने,
- विद्यालयहरुमा विभिन्न सिर्जनात्मक क्रियाकलाप संचालन, अनुगमन र सहजिकरणको माध्यमबाट शैक्षिक वातावरणमा सुधार गरी कक्षा छोडने, दोहोऱ्याउने दर न्यूनीकरण गरी उत्तिर्ण दर बढाउनु पर्ने,
- महानगरपालिकामा यथेष्ट जनशक्तिको माध्यमबाट थप नविनतम प्रविधिको प्रयोग बढाउनु पर्ने,

- महिला, दलित जनजाति एवं बिपन्न पिछडिएका वर्गका लागि सामाजिक, आर्थिक र शैक्षिक विकासका लागि आधुनिक सेवा, उद्यम र सीपमूलक व्यवसायलाई बढवा दिदै स्वरोजगारमुलक कार्यक्रमहरुको पहिचान गरी कार्यन्वयनमा ल्याउन खर्च क्षमता वृद्धि गर्नुपर्ने,
- फोहरमैलालाई घरघरबाटै स्रोतमानै वर्गिकरणको माध्यमबाट न्यूनिकरण गरी फोहरबाट मोहरको अवधारणलाई विकास गरी फोहर विर्सजन कार्यमा न्यूनीकरण गर्नुपर्ने,
- यातायताको साधनको अधिक मात्रामा वृद्धि भएकाले उचित ठाँउमा पार्किङ तथा बसपार्कको व्यवस्था मिलाउनु पर्ने, पार्किङ्ग एपको प्रयोग कार्यान्वयनमा ल्याउने र भर्टिकल पार्किङ्गमा जोड दिनुपर्ने,
- महानगर क्षेत्रको दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना निर्माण, विभिन्न बिनियमावली, कार्यविधि, निर्देशिका तयार गरी शहरी सुशासनमा सुधार ल्याउनु पर्ने,
- पर्यटनको अधिक सम्भावना रहेकोले नगर पर्यटकीय क्षेत्रको पहिचान सहित महानगर पर्यटन गुरुयोजना निर्माण गरी कार्यान्वियन गर्नुपर्ने,
- नयाँ सडकहरुको लगत कायम गरी अभिलेखीकरणमा जोड दिनुपर्ने,
- राष्ट्रिय भवन निर्माण सहिंता कडाईका साथ लागु गर्नुपर्ने,
- संरक्षण र विकास गर्दै पर्यटकिय पूर्वाधार निर्माणमा जोड दिने,
- खेल मैदानहरुको पहिचान र विकास गर्ने,
- सडकको क्षेत्राधिकारलाई बचाउन जैविक घेराबेरा वा जीविकोपार्जनसँग जोड्ने,
- उद्यमलाई आधुनिकिकरण विविधिकरण गरी गरिवी निवारणको आधारको रुपमा विकास गर्ने ।

**६.१० सेवाग्राही जनतासंग गरिएको सवाल जवाफको राम्रो पक्षः**

१. विगतको तुलनामा काम कार्वाही र सेवा प्रवाहमा छिटो छरितोपन देखिएको,

२. जनप्रतिनिधि र कर्मचारीहरुवाट सरल र मिठासपुर्ण व्यवहार भएको,

३. कार्यालय नियमित सञ्चालन भएको,

४. विकास निर्माणको काम टोलसम्म भएकों,

५. सूचना प्रावह नियमित भएको,

६. सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम राखेको ।

अनुसूची २

## सामाजिक परीक्षणबाट प्राप्त प्राप्ताङ्कहरुको प्रस्तुतिकरण

महानगरपालिकाको माथि उल्लेखित विधि र प्रक्रिया अनुसार परीक्षण गर्दा देहाय अनुसार नतिजा प्राप्त भएको छ । यो नतिजा स्वमूल्याङ्कनमा आधारित रहेको छ :

| क्र.सं | मुख्य विषय | सूचक नं. | सहायक विषय सूचक | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १. | स्थानीय शासन | 1.1 | वार्षिक वजेट कार्यक्रम, योजना तर्जुमा | 1 | 1 |
| | | 1.2 | लक्षित समूह विकास कार्यक्रम | 1 | 1 |
| | | 1.3 | वाल विकास तथा संरक्षण | 1 | 0.5 |
| | | 1.4 | सूचना व्यवस्थापन | 1 | 1 |
| | | 1.5 | सामाजिक विकास, सुरक्षा, कार्यक्रम कार्यान्वयन | 1 | 0.5 |
| | | 1.6 | मासिक तथा वार्षिक भौतिक एवं प्रगति विवरण | 1 | 1 |
| | | 1.7 | सार्वजनिक सुनुवाई, लिसा, जेसी, क्षमता, आन्तरिक नियन्त्रण परीक्षण | 1 | 0.5 |
| | | 1.8 | वार्षिक प्रगति समीक्षा | 1 | 1 |
| | | 1.9 | कर तथा आय स्रोतको अभिलेख | 1 | 1 |
| | | 1.10 | सम्पत्ति सुरक्षण/व्यवस्थापन | 1 | 0.5 |
| | | 1.11 | सूचना सम्प्रेषण प्रकाशन | 1 | 1 |
| | | 1.12 | कार्यक्रमको सार्वजनिकीकरण | 1 | 1 |
| | | 1.13 | भवन निर्माण/नक्सापास | 1 | 1 |
| | | 1.14 | कर्मचारी व्यवस्थापन र कार्य विभाजन | 1 | 0.5 |
| | | 1.15 | पंजीकरण व्यवस्थापन | 1 | 1 |
| | | 1.16 | राजस्व परामर्श समिति | 1 | 0.5 |
| | | 1.17 | विषयगत समिति | 1 | 0.5 |
| | | 1.18 | बजेट तर्जुमाअनुमान समिति र यथार्थता | 1 | 0.5 |
| | | 1.19 | प्राथमिकता तथा लक्ष्यको किटान र उपलब्धी | 1 | 0.5 |
| | | 1.20 | सहकार्य, सहअस्तित्व समन्वय | 1 | 0.5 |
| | | | **जम्मा:** | **20** | **15** |

| क.सं | मुख्य विषय | सूचक नं. | सहायक विषय सूचक | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| २. | योजना तथा कार्यक्रम व्यवस्थापन | 2.1 | राजस्व संभाब्यता अध्ययन/प्रक्षेपण | 1 | 1 |
| | | 2.2 | आय-व्ययको यथार्थता | 1 | 0.5 |
| | | 2.3 | एकिकृत सम्पत्ति कर | 1 | 0.5 |
| | | 2.4 | सार्वजनिक निजी क्षेत्र साझेदारी | 1 | 0.5 |
| | | 2.5 | खर्चको सिमा पालना | 1 | 1 |
| | | 2.6 | सूत्रको प्रयोग | 1 | 1 |
| | | 2.7 | जनसहभागीता योगदान | 1 | 0.5 |
| | | 2.8 | वार्षिक कारोवारको गुणस्तर | 1 | 1 |
| | | 2.9 | आन्तरिक स्रोत परिचालन | 1 | 1 |
| | | 2.10 | खर्चको क्षमता | 1 | 0.5 |
| | | 2.11 | प्राथमिकता र उपलब्धी निर्धारण | 1 | 1 |
| | | 2.12 | स्रोतको खर्च प्रवृति विश्लेषण | 1 | 0.5 |
| | | 2.13 | आन्तरिक नियन्त्रण | 1 | 0.5 |
| | | 2.14 | स्रोतको अर्थपूर्ण छलफल | 1 | 0.5 |
| | | 2.15 | तथ्य र क्षमतामा आधारित योजना | 1 | 0.5 |
| | | 2.16 | धरौटी खाताको अवस्था | 1 | 0.5 |
| | | 2.17 | कोषहरुको परिचालन | 1 | 0.5 |
| | | 2.18 | आर्थिक सहायताको सिमा पालना | 1 | 1 |
| | | 2.19 | आर्थिक कारोवारको गुणस्ता | 1 | 0.5 |
| | | 2.20 | कर शुल्क, दस्तुर सम्बन्धी दररेट | 1 | 1 |
| | | | **जम्मा:** | **20** | **14** |
| २. | वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन | 3.1 | आवधिक योजना | 1 | 0.5 |
| | | 3.2 | सम्भाव्यता अध्ययन | 1 | 0.5 |
| | | 3.3 | योजना बैंक | 1 | 0.5 |
| | | 3.4 | खरिद व्यवस्थापन | 1 | 0.5 |
| | | 3.5 | जाँचपास तथा फरफारक | 1 | 0.5 |

| क्र.सं | मुख्य विषय | सूचक नं. | सहायक विषय सूचक | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | 3.6 | मर्मत संभार व्यवस्था | 1 | 0.5 |
| | | 3.7 | आयोजना संचालनमा पारदर्शिता | 1 | 0.5 |
| | | 3.8 | अनुगमन तथा मुल्याङ्कन | 1 | 0.5 |
| | | 3.9 | सामाजिक परीक्षण | 1 | 1 |
| | | 3.10 | कार्यक्रम/समय/ भौतिक प्रगति | 1 | 0.5 |
| | | 3.11 | लैससास सम्बन्धित कार्यक्रम | 1 | 0.5 |
| | | 3.12 | रोजगारमूलक तथा सीपमूलक कार्यक्रम | 1 | 0.5 |
| | | 3.13 | भू-उपयोग योजना | 1 | 0.5 |
| | | 3.14 | सार्वजनिक-निजी साझेदारी संयन्त्र | 1 | 0.5 |
| | | 3.15 | गैर सरकारी संस्थाबाट गरिने कार्यक्रमको अनुगमन | 1 | 0.5 |
| | | 3.16 | वार्षिक कार्ययोजना तर्जुमा | 1 | 1 |
| | | 3.17 | योजना सूचीमा सरोकारवालाको सहभागीता | 1 | 0.5 |
| | | 3.18 | आवश्यकता पहिचान र कार्यक्रम स्वीकृत | 1 | 0.5 |
| | | 3.19 | दीगो विकास लक्ष्य सम्बोधन | 1 | 0.5 |
| | | 3.20 | योजना छनौट र लागत लाभ विश्लेषण | 1 | 0.5 |
| | | | **जम्मा:** | **20** | **11** |
| ४. | **संशाधनजनशक्ति विकास तथा संस्थागत शुसासन** | 4.1 | कर्मचारीको कार्य विवरण तोकेको | 1 | 1 |
| | | 4.2 | उत्तरदायित्व र जवाफदेहिता किटान | 1 | 0.5 |
| | | 4.3 | कर्मचारी कल्याण कोष व्यवस्था | 1 | 1 |
| | | 4.4 | सेवा करार व्यवस्था | 1 | 1 |
| | | 4.5 | आचारसंहिता/सम्पत्ति विवरण | 1 | 1 |
| | | 4.6 | कार्य सम्पादन सम्झौता गरेको | 1 | 1 |
| | | 4.7 | मानव संसाधन नीति तर्जुमा कार्यान्वयन | 1 | 0.5 |
| | | 4.8 | सि.सि.टि.भि तथा निगरानी व्यवस्था | 1 | 0.5 |
| | | 4.9 | सार्वजनिक सुनवाई वडा/पालीका तह | 1 | 0.5 |
| | | 4.10 | क्षमता स्वमूल्याकन प्रणालीको स्थिति | 1 | 0.5 |

| क्र.सं | मुख्य विषय | सूचक नं. | सहायक विषय सूचक | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | 4.11 | सेवाको होम डेलीभरी रुपान्तरण | 1 | 0.5 |
| | | 4.12 | आवधिक योजनाको तयारी | 1 | 1 |
| | | 4.13 | नागरिक आचारसंहिता तयारी | 1 | 0.5 |
| | | 4.14 | तालिमहरुको व्यवस्थापन | 1 | 0.5 |
| | | 4.15 | एक्ष प्रणालीको व्यवस्थापन | 1 | 1 |
| | | 4.16 | बैठक तथा निर्णय प्रणाली | 1 | 1 |
| | | 4.17 | ई. गर्भनेन्स माष्टर प्लान | 1 | 0 |
| | | 4.18 | विद्युतिय सुशासन स्थिति | 1 | 0.5 |
| | | 4.19 | साईवर सेल स्थापना | 1 | 0 |
| | | 4.20 | सम्मान/पुरस्कार/प्रोत्साहन/कारवाही | 1 | 0.5 |
| | | | जम्मा: | **20** | **13** |
| ५. | सेवा प्रवाह पूर्वाधार/स्वास्थ्य /शिक्षा/सरसफाई आयआर्जन तथा बजर व्यवस्थापन, विपद | 5.1 | महानगर शिक्षा सुधार योजना रहेको | 1 | 0 |
| | | 5.2 | विद्यालय १ सिप १ रोजगार व्यवस्था | 1 | 1 |
| | | 5.3 | शैक्षिक गुणस्तर तथा उपलब्धी | 1 | 0.5 |
| | | 5.4 | शिक्षक तालीम | 1 | 0.5 |
| | | 5.5 | भर्ना र आकर्षण | 1 | 0.5 |
| | | 5.6 | दिवाखाजा, पा.पु. पोशाक, छात्रवृत्ति, शैक्षिक सामग्री, शैक्षिक योजना, वाल शिक्षा, सामुदायिक केन्द्र, शौचालय, सरसफाई, पठनपाठन तथा शिक्षा सम्बन्धी कार्यक्रमको उपलब्धी मूल्याङ्कन | 1 | 0.5 |
| | | 5.7 | रोजगारमूलक तथा सीपमुलक कार्यक्रम | 1 | 0.5 |
| | | 5.8 | स्रोतमानै फोहोरको वर्गिकरण कार्यान्वयन | 1 | 0.5 |
| | | 5.9 | सामाजिक विकास कार्यक्रमपञ्जीकरण | 1 | 0.5 |
| | | 5.10 | विपद व्यवस्थापन कार्यक्रम | 1 | 0.5 |
| | | 5.11 | पशु तथा कृषि सम्बन्धी कार्यक्रम | 1 | 0.5 |

| क्र.सं | मुख्य विषय | सूचक नं. | सहायक विषय सूचक | अंकभार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | | 5.12 | नियमित स्वास्थ्य जाँच स्थिति | 1 | 1 |
| | | 5.13 | नि:शुल्क औषधी व्यवस्थापन | 1 | 1 |
| | | 5.14 | नि:शुल्क बेड सुविधा कार्यान्वयन | 1 | 1 |
| | | 5.15 | पूर्वाधारको निर्माण तथा कार्यान्वयन अवस्था | 1 | 0.5 |
| | | 5.16 | वडा भवन निर्माण/राष्ट्रिय भवन संहिता कार्यान्वयन | 1 | 1 |
| | | 5.17 | आवागमन बढी भएको क्षेत्रमा शौचालय सुविधा | 1 | 0.5 |
| | | 5.18 | पार्क निर्माण/वातावरण व्यवस्थापन | 1 | 1 |
| | | 5.19 | उज्यालो, हरियाली, सड़क सुरक्षा | 1 | 0.5 |
| | | 5.20 | सम्पदा र पर्यटन प्रवर्द्धन | 1 | 1 |
| | | | **जम्मा:** | **20** | **13** |
| | | | **कुल जम्मा:** | **100** | **66** |